# बन्दी कानुनी सहायता निर्देशिका


# बन्दी कानुनी सहायता निर्देशिका


**(Prisoners Legal Aid Manual)**


**कानुनअन्वेषण तथा स्रोतविकास केन्द्र (सेलर्ड)**

काठमाडौं, नेपाल

## सेलर्ड कार्यसमिति

| | |
|---|---|
| प्रकाश के.सी. | अध्यक्ष |
| गीता पाठक संग्रौला | उपाध्यक्ष |
| अन्जनकुमार दाहाल | सचिव |
| राममणि गौतम | कोषाध्यक्ष |
| कुमार आचार्य | सदस्य |
| हेमराज पन्त | सदस्य |
| बलदेव चौधरी | सदस्य |
| रीता मैनाली | सदस्य |
| फुलमाया रानाभाट | सदस्य |

## निर्देशिका निर्माण समिति

| | |
|---|---|
| युवराज संग्रौला | निर्देशक, काठमाडौं स्कुल अफ ल |
| किशोर सिलवाल | निर्देशक, सेलर्ड |
| गीता पाठक संग्रौला | कार्यक्रम संयोजक |
| राजकुमार अर्याल | कार्यक्रम सचिव |
| राम प्रसाद अर्याल | प्रमुख, बन्दी कानुनी सहायता क्लिनिक, (काठमाडौं स्कुल अफ ल) |

## स्रोत व्यक्ति

युवराज संग्रौला

## लेखन तथा सम्पादन

अधिवक्ता सोम लुईंटेल
अधिवक्ता शुभनराज आचार्य

## भाषा-सम्पादन

रवीन्द्र भट्टराई — सहायक-प्राध्यापक, के.एस.एल

## लेखा तथा व्यवस्थापन

| | |
|---|---|
| राजनकुमार के.सी. | लेखा तथा व्यवस्थापन अधिकृत, सेलर्ड |
| जयविक्रम विष्ट | लेखा अधिकृत, सेलर्ड |

## लेआउट-डिजाइन

महेश्वर फुयाल
प्रकाश कार्की

---


**प्रकाशक** : **कानुनअन्वेषण तथा स्रोतविकास केन्द्र (सेलर्ड)**
पो.व.नं. ६६१८, काठमाडौँ, फोन नं २०४२२६८, ६६३४४५५, इमेल: celrrd@wlink.com.np

**सहयोगी संस्था** : **शाही डेनिस राजदूतावास, काठमाडौं**
मार्फत : **डेनिडा/ह्युगो**, बालुवाटार, काठमाडौँ, नेपाल



**सर्वाधिकार©** : सेलर्ड



**संस्करण** : दोस्रो २०६४ (प्रथम प्रकाशन २०६२)

**प्रति** : १००० प्रति

**मुद्रण** : नेबुला प्रिन्टर्स, काठमाडौँ

# भूमिका

कानुनव्यवसायीद्वारा गरिने प्रतिरक्षा र प्रतिनिधित्व आधुनिक न्यायप्रणालीको महत्त्वपूर्ण पाटो हो। त्यसमा पनि फौजदारी न्यायप्रणालीमा त शङ्कित, अभियुक्त वा कसुरदारको कानुनी प्रतिरक्षा र प्रतिनिधित्वलाई अनिवार्य अङ्ग मानिन्छ। स्वच्छ पुर्पक्षको मान्यताअनुसार त कसुरदारका कानुनव्यवसायीको उपस्थितिबेगर मुद्दामा पुर्पक्षको कारबाई चलाउनु नै अपूर्ण कार्य हुन्छ। फौजदारी न्यायप्रणालीमा भएको अध्ययन तथा अनुसन्धानले थुप्रै अभियुक्त वा प्रतिवादीहरूले आफ्नै खर्चमा कानुन व्यवसायीहरू राख्न नसकी मुद्दा प्रतिनिधित्व विना नै फैसला हुने गरेको तथ्य दर्शाएका छन्। सोही तथ्यलाई मध्यनजर गरी केही संस्थाहरूले निःशुल्क कानुनी सहायता उपलब्ध गराइआएका छन्।

बन्दीका लागि उपलब्ध गराइने कानुनी सहायता पक्षले आफ्नो खर्चमा नियुक्त गरेको कानुनव्यवसायीले दिने कानुनी सहयोगभन्दा केही भिन्न प्रकृतिको हुन्छ। यसैले यसलाई सार्वजनिक प्रकृतिको प्रतिरक्षाका रूपमा बुझिने गरेको छ। केही समययता यसको प्रचलन नेपालमा झाँगिदै गएको र यसका लागि केही सहयोगी सामग्रीहरू प्रकाशमा आए पनि बन्दी कानुनी सहायताका लागि आवश्यक पर्ने सबै आधारभूत कुरा समेटिएको सामग्रीको अभाव थियो।

कानुनअन्वेषण तथा स्रोतविकास केन्द्रले विगत ७ वर्षदेखि फौजदारी अभियोगमा थुनामा रहेका बन्दीहरूलाई निःशुल्क कानुनी सहायता उपलब्ध गराउँदै आएको छ। हाल यसले कानुनी सहायतालाई सहकार्य गर्ने सञ्जालका माध्यमबाट अगाडि बढाउनका लागि बन्दीहरूको लागि राष्ट्रिय कानुनी सहायता सञ्जाल अन्तर्गत कानुनी सहायतालाई एकरुपतापूर्ण र प्रभावकारी बनाउने प्रयत्न गरिरहेको छ। बन्दीलाई दिइने कानुनी सहायताको क्षेत्रमा सेवाको एकरूपता र समेटिनुपर्ने सेवाको समग्रता यस्तो सेवा दिने कानुनव्यवसायीका लागि अत्यावश्यक हुन्छ। यही आवश्यकतालाई पूरा गर्नका लागि यस केन्द्रले बन्दी कानुनी सहायतासम्बन्धी यो निर्देशिका तयार गर्ने र प्रकाशमा ल्याउने जमर्को गरेको हो।

यस पुस्तकमा बन्दी कानुनी सहायता उपलब्ध गराउनुपर्ने कानुनव्यवसायीमा आवश्यक हुने मूलभूत व्यावसायिक सीप र बन्दी कानुनी सहायतासम्बन्धी सैद्धान्तिक मान्यताहरूको आधारभूत जानकारीमूलक सामग्री समेट्ने प्रयास गरिएको छ। स्वच्छ पुर्पक्षका सिद्धान्त एवं अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजहरूले प्रत्याभुत गरेका प्रावधानहरूको व्यवस्था समेतलाई समेटिएको यो निर्देशिका कानुन सहायता प्रदान गर्ने कानुन व्यवसायीहरूका लागि उपयोगी सिद्ध हुनेछ।

यो निर्देशिका तयार गर्ने क्रममा काठमाडौं, विराटनगर, नेपालगञ्ज लगायतका स्थानमा कानुनी सहायतासम्बन्धी व्यवहारिक कठिनाई तथा प्रचलित कानुनी प्रावधानको विस्तृत छलफल गरी समायोजन गरिएको र विशेषज्ञ कानुनविद्हरुबाट परामर्श तथा सुझावलाई समेटिएकोले यो निर्देशिका फलदायी हुने विश्वास लिइएको छ।

निर्देशिका तयार पार्ने क्रममा महत्वपूर्ण सुझाव दिनुहुने काठमाडौं स्कुल अफ ल का प्राध्यापक श्री माधव प्रसाद आचार्य, निर्देशिका निर्माणमा प्रत्यक्ष निर्देशन एवं स्रोत व्यक्तिको रुपमा कार्य गर्नुहुने

काठमाडौं स्कुल अफ ल का निर्देशक युवराज संग्रौला, मस्यौदाउपर टिप्पणी गर्नुहुने सेलर्डका निर्देशक किशोर सिलवाललाई विशेष धन्यवाद दिन चाहान्छु ।

लेखन तथा सम्पादन कार्यमा प्रमुख भूमिका निर्वाह गर्ने अधिवक्ताद्वय सोम लुइँटेल र सुभनराज आचार्यलाई विशेष धन्यवाद दिंदै उहाँले तयार पार्नुभएको मस्यौदामा गर्नुभएको परिमार्जनका लागि अधिवक्ता राजकुमार अर्याल (कार्यक्रम सचिव), अधिवक्ता रामप्रसाद अर्याल का साथै बालकृष्ण ढकाल, यमुना भट्टराई, आशिष अधिकारी, प्रकाश के.सी., सुदीप गौतम, राममणी गौतम, अञ्जनकुमार दाहाललगायत वन्दी कानुनी सहायतता कार्यक्रममा संलग्न काठमाडौं स्कुल अफ ल केन्द्र, नेपालगञ्ज केन्द्र र विराटनगर केन्द्रका सम्पूर्ण कानुन व्यवसायी मित्रहरुको योगदान सह्रानीय छ । साथै निर्देशिका तयार पार्न योगदान पुऱ्याउनुहुने माननीय न्यायाधीशहरु खासगरी मा.न्या. श्री ईश्वर खतिवडा, सरकारी वकिल श्री पूर्णप्रसाद वास्तोला, कानुनी सहायतता प्रदान गर्ने विभिन्न संस्था तथा अदालतहरुका कानुन व्यवसायी मित्रहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । भाषा शुद्धाशुद्धि हेरिदिनुभएकोमा अधिवक्ता रवीन्द्र भट्टराई, कम्प्युटर डिजाइन गरी पुस्तकाकारमा परिणत गर्ने कार्यमा महत्वपूर्ण योगदान गर्ने महेश्वर फुयाल र प्रकाश कार्की तथा यस निर्देशिकालाई सरल किसिमबाट बुझिने गरी चित्र तयार गरी सहयोग गर्नुहुने राजेश मानन्धरसमेतलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

यो निर्देशिका तयार पार्नका लागि अनुगमन गरी योगदान पुऱ्याउनुहुने डानिडा/ह्युगोका वरिष्ठ सल्लाहकार श्री सन्दीप विष्ट एवं कार्यक्रम संयोजक इभान नेल्सनप्रति आभार व्यक्त गर्दछु । निर्देशिका तयार पार्ने क्रममा आर्थिक व्यवस्थापन कार्यलाई कुशलतापूर्वक निर्वाह गर्ने सेलर्डका लेखा तथा प्रशासन अधिकृत राजन कुमार के.सी.र जयविक्रम विष्टलाई धन्यवाद दिन चाहान्छु ।

निर्देशिकाको अन्तिम रुप दिने क्रममा DIHR बाट उपस्थित Maria Loekke Rosmussen, तथा Legal Aid Philosophy in Philippines (FLAG) बाट आउनुभएका विशेषज्ञ Mr. Gregoria Tanaka Viterbo Jr. ले दिनुभएको योगदानका साथै स्वच्छ पूर्पक्षको सम्बन्धमा विशेष चाखका साथ डेनमार्कबाट इमेलसमेत पठाई निर्देशिकालाई परिष्कृत गर्न सहयोग पुऱ्याउने Mr. Fergus Kerrigan र Thomas समेतलाई धन्यवाद दिन चाहान्छु । अन्तमा यो निर्देशिका निर्माणमा स्रोत सामाग्रीको अभाव खट्किन नदिने काठमाडौं स्कुल अफ लको पुस्तकालय र त्यस पुस्तकालयका कर्मचारीहरूका साथै इमेल लगायतका पत्राचारमा सहयोग पुऱ्याउने विद्या पोखरेललाई समेत धन्यवाद दिन चाहान्छु ।

अन्तमा, कानुनी सहायतता प्रदान गर्ने कानुन व्यवसायी मित्रहरूले न्यायका सहजकर्ताको रूपमा आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गर्दै न्यायका उपभोक्ता बन्दीहरूको कानुनी प्रतिनिधित्वको हकलाई यथार्थमा बदल्नका लागि यस प्रकारका निर्देशिकाहरूको प्रयोग गरी आफ्नो पेशागत दक्षता वृद्धि गर्दै लानुहुनेछ भन्ने विश्वासका साथ भविष्यमा पनि कानुनअन्वेषण तथा स्रोतविकास केन्द्र (सेलर्ड)ले यस प्रकारका सिर्जनात्मक कृतिहरू पस्कनेछ भन्ने विश्वास दिन चाहान्छु ।

**गीता पाठक संग्रौला**
कार्यक्रम संयोजक
**बन्दी कानुनी सहायतता कार्यक्रम**

# शब्दार्थ

| | | |
|---|---|---|
| **अनुसन्धान** | : | अन्वेषण, खोज, प्रयत्न राम्रोसँग देखी, सुनीकन वा जाँच पडतालद्वारा वस्तुस्थितिको पत्ता लगाउने कार्य । कुनै पनि घटनाको वास्तविकता पत्ता लगाउन गरिने अध्ययन |
| **अभियुक्त** | : | अभियोग लागेको, अपराध गरेको आरोप लागेको, सजाय दिन सकिने व्यक्ति । |
| **कब्जा** | : | काबु, वश, अधिकार, भोग |
| **कसुर** | : | अपराध, फौजदारी कानुनको उल्लङ्घन |
| **वारेन्ट** | : | प्रहरीले गिरफ्तार गर्नको लागि बनाएको पुर्जी |
| **अधिकारी** | : | अधिकारप्राप्त व्यक्ति |
| **लागू पदार्थ** | : | नशासेवन गर्दा नशा दिने पदार्थ |
| **खानतलासी** | : | खोजबिन गर्ने प्रक्रिया |
| **घटनास्थल** | : | घटना भएको ठाउँ |
| **प्रमाण** | : | घटनालाई पुष्टि गर्ने सरसामान |
| **शव** | : | मृत शरीर/लास |
| **सनाखत** | : | नमुना, कुनै चिजको पहिचान |
| **विशेषज्ञ** | : | सम्बन्धित विषयमा जानकारी भएको मान्छे |
| **जाहेरी** | : | सूचना |
| **जायदात** | : | बिगो भरिभराउसम्बन्धमा सम्पत्ति लिलामी गर्ने प्रक्रिया |
| **सर्वस्व** | : | सम्पूर्ण सम्पत्ति |
| **रीत** | : | रीतपूर्वक |
| **म्याद** | : | कुनै मुद्दामा पुनरावेदन गर्न, उपस्थित हुन वा उजुरी गर्न कानुनबमोजिम दिइएको समय वा अवधि |
| **हदम्याद** | : | कुनै कुरा गर्न वा नगर्न कानुनले तोकेको समयको सीमा; समयावधिको हदबन्दी |
| **रिट** | : | संविधान वा कानुनबमोजिम कुनै विषयमा पुनरावेदन अदालत वा सर्वोच्च अदालतमा दिइएको निवेदन |
| **अभियोग** | : | कुनै अपराध गरेको भनेर लगाइएको आरोप |
| **अभियोगकर्ता** | : | अभियोजन गर्ने व्यक्ति वा सरकारी वकिल |

| | | |
|---|---|---|
| **इजलास** | : | मुद्दा हेर्नको लागि बसेका न्यायाधीशसहितको कार्यालय कोठा |
| **रोहवर** | : | सामुन्नेमा उपस्थित भई गरेको कार्य |
| **मुचुल्का** | : | कुनै कुराको सम्पूर्ण विवरण खुलाइएको कागज |
| **बरामद** | : | कुनै सामान अधीनमा लिने काम वा जफत गर्ने काम |
| **पेसी** | : | मुद्दाको सुनुवाइ हुने दिन, मुद्दा इजलाससमक्ष पेस गर्ने कार्य |
| **वैतनिक वकिल** | : | अदालतबाट तलब खाएर बहसपैरवी गर्ने वकिल |
| **हिरासत** | : | प्रहरीले मुद्दाको अनुसन्धानको लागि भनेर थुनामा राख्ने कार्य |
| **साक्षीपरीक्षण** | : | साक्षीलाई बुझ्ने कार्य |
| **अ.बं.** | : | मुलुकी ऐन अदालती बन्दोबस्तको महल |
| **फरार** | : | भगुवा |
| **धारा** | : | संविधानको सिलसिलेबार क्रम; नम्बर |
| **दफा** | : | ऐनको सिलसिलेबार क्रम |
| **संविधान** | : | देशको मूल कानुन |
| **बन्दीप्रत्यक्षीकरण** | : | बन्दीलाई अदालत समक्ष उपस्थित गराउने कार्य |
| **मुल्तबी** | : | कुनै निश्चित समयसम्म मुद्दाको कारवाई स्थगित राख्ने काम |
| **वादी** | : | मुद्दामा अभियोग लगाउने वा उजुरी गर्ने पक्ष |
| **प्रतिवादी** | : | मुद्दामा जसको विरुद्ध अभियोग लगाइएको छ वा उजुरीको प्रतिवाद गर्ने पक्ष |
| **बन्दी** | : | थुनामा परेको कैदी वा थुनुवा |
| **सदर** | : | सहमति जनाउने कार्य |
| **बदर** | : | असहमति जनाउने कार्य |
| **जिरह** | : | मुद्दामा एक पक्षको साक्षीलाई अर्को पक्षले वा उसको कानुनव्यवसायीले प्रश्न सोध्ने कार्य |

# विषयसूची

## खण्ड क

## कानुनी सहायता - विधिशास्त्र


१. **कानुनी सहायता** ...... ३

१.१. कानुनी सहायताको अवधारणा ...... ३

१.२. फौजदारी न्याय र कानुनी सहायता ...... ४

१.३. फौजदारी न्याय र स्वच्छ पुर्पक्ष ...... ५

२ **कानुनी सहायतासम्बन्धी कानुनी व्यवस्था** ...... ९

२.१. नेपाल कानुन ...... ९

२.२. अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूले के भन्दछन् ? ...... १३

२.३. कानुनी सहायता प्राप्तिका लागि मापदण्ड ...... १५

३. **कानुनी सहायतामा कानुनव्यवसायीको भूमिका** ...... १६

३.१. कानुनव्यवसायीको भूमिका ...... १६

३.२. अर्धदक्ष कानुनी सेवा ...... १९

४. **कानुनी सहायताका उपलब्धि र समस्या** ...... २२

४.१. उपलब्धि ...... २२

४.२. समस्याहरू ...... २२

४.३. समस्या कसरी समाधान गर्ने ...... २८

४.४. वकिलको भूमिका ...... २९


## खण्ड ख

## कानुनी सहायता प्रक्रिया


१. **फौजदारी मुद्दाका चरण** ...... ३५

१.१. मुद्दा दायर हुनुपूर्वको प्रक्रिया ...... ३५

१.२. मुद्दा पुर्पक्षको प्रक्रिया ...... ३७

१.३. फैसलापश्चात् ...... ३७

२ **पक्राउ र थुना** ...... ३८

२.१. पक्राउ र थुनासम्बन्धी व्यवस्था ...... ३८

२.२. थुनवापुर्जी ...... ४३

२.३. गैरकानुनी थुना ...... ४५

२.४. वकिलको भूमिका ...... ५०

३ **वकिलसागको सम्पर्क** ...... ५०

३.१. संवैधानिक व्यवस्था ...... ५०

३.२. कानुनी व्यवस्था ...... ५१

३.३. वकिलको भूमिका ...... ५५

४ **मुचुल्का** ...... ५५

४.१. रोहवरसम्बन्धी कार्यविधि ..................... ५५
४.२. अभियुक्तको अधिकार ..................... ५७
४.३. वकिलको भूमिका ..................... ५७
**५ म्याद थप ..................... ५८**
५.१. म्यादथपको कार्यविधि ..................... ५९
५.२. वकिलको भूमिका ..................... ६०
**६ बयान ..................... ६१**
६.१. अधिकार प्राप्त अधिकारी समक्षको बयान ..................... ६३
६.२. अदालतमा बयान ..................... ६३
६.३. अभियुक्तको अधिकार ..................... ६५
६.४. वकिलको भूमिका ..................... ६८
**७ यातना तथा दुर्व्यवहारबाट सुरक्षा ..................... ६८**
७.१ यातनाको परिभाषा ..................... ६९
७.२. स्वास्थ्य जाँच ..................... ७०
७.३. क्षतिपूर्तिसम्बन्धी व्यवस्था ..................... ७०
**८ थुनछेक ..................... ७४**
८.१. परिचय ..................... ७४
८.२. कार्यविधि ..................... ७४
८.३. अभियुक्तको अधिकार ..................... ७७
८.४. वकिलको भूमिका ..................... ८०
**९ प्रमाणपरीक्षण ..................... ८०**
९.१. साक्षी ..................... ८१
९.२. विशेषज्ञ वा भौतिक प्रमाण ..................... ८२
९.३. अन्य प्रमाणको परीक्षण ..................... ८४
**१० बहसपैरवी ..................... ८६**
१०.१. कार्यविधि ..................... ८७
१०.२. अभियुक्तको अधिकार ..................... ८९
१०.३. वकिलको भूमिका ..................... ८९
**११ फैसला ..................... ९१**
११.१. कार्यविधि ..................... ९१
११.२ पुनरावेदनको म्याद ..................... १०६
११.३. वकिलको भूमिका ..................... १०८
**१२ पुनरावेदन ..................... १०९**
१२.१. कार्यविधि ..................... ११२
१२.२. पक्ष/विपक्ष झिकाउने (झ.झी.) ..................... ११४
१२.३. बहस ..................... ११४
१२.४. फैसला ..................... ११५
१२.५. पुनरावेदन अदालतमा लाग्ने रिटहरू ..................... ११५
**१३ सर्वोच्च अदालतको अधिकारक्षेत्र ..................... ११६**

१३.१. पुनरावेदन ........ ११६
१३.२. साधक जाहेरी ........ ११६
१३.३. पुनरावलोकन ........ ११८
१३.४. वकिलको भूमिका ........ ११९
१३.५. मुद्दा दोहोर्‍याई हेर्ने ........ ११९
१३.६. रिट ........ १२१
१४ **फैसला कार्यान्वयन** ........ १२२
१४.१. सामान्य कार्यविधि ........ १२२
१४.२. दण्डका मान्य सिद्धान्त ........ १२२
१४.३. केही मुख्य कानुनी व्यवस्था ........ १२३
१४.४. सजाय व्यवस्थापनका असल अभ्यास ........ १२४
१४.५. वकिलको भूमिका ........ १२८

## खण्ड ग

## कानुनी सहायताका लागि आवश्यक सीप

१. **वकालत सम्बन्धी व्यावसायिक सीप** ........ १३१
१.१. कानुनी अनुसन्धान ........ १३१
१.२. पक्षसँगको अन्तरवार्ता ........ १३२
१.३. मस्यौदा कला ........ १३३
१.४. बहस कला ........ १३४
१.५. साक्षीप्रमाणको विन्यास परीक्षण ........ १३९
१.६. व्यवस्थापन ........ १४०
२ **कानुनी सहायताकर्मी वकिलका लागि आवश्यक सीप र क्षमता** ........ १४२
२.१. विषयगत विषेश ज्ञाता ........ १४२
२.२. अधिकारवादी दृष्टिकोण ........ १४३
२.३. अन्तर्राष्ट्रिय मापदण्डको ज्ञान ........ १४३
२.४. कानुनी सहायताको विधिशास्त्रबारे स्पष्टता ........ १४३
२.५. समन्वयको क्षमता ........ १४३
२.६. पीडितप्रतिको दृष्टिकोणमा स्पष्टता ........ १४४
२.७. आधुनिक प्रविधि र सीपहरू ........ १४४
३. **कानुनव्यवसायीको आचारसंहिता** ........ १४४
४. **असल अभ्यासहरू** ........ १४८

## खण्ड घ

## बन्दीका अधिकारहरू

१. **बन्दीहरूको वर्गीकरण १५६**
२. **यातना विरुद्धको अधिकार** ........ १५९
३. **स्वास्थ्य सेवाको अधिकार** ........ १६०

४. खाना र लुगाकपडाको अधिकार ........ १६४
५. धर्मको हक ........ १६७
६. सम्पर्कको अधिकार ........ १७०
७. कानुनी प्रतिनिधित्वको अधिकार ........ १७५
८. श्रमसम्बन्धी व्यवस्था ........ १७५
९. शिक्षाको अधिकार ........ १७९
१०. भेदभाव विरुद्धको अधिकार ........ १८२
११. थप अधिकार तथा सुविधाहरू ........ १८४
१२. वकिलको भूमिका ........ १८६

## खण्ड ङ
## कानुनी सहायताका दृष्टीले विशेष वर्गहरू

१. जोखिममा पर्न सक्ने थुनुवा ........ १९०
२. बालबालिका ........ १९६
३. महिला ........ २०८
४ विदेशी ........ २१३
५. वकिलको भूमिका ........ २१५

## खण्ड च
## विविध

१. फौजदारी न्याय प्रशासनका केही चुनौतीहरू ........ २१९
२. कानुनी सहायता सहयोगी कार्यनीतिहरू ........ २२१

## खण्ड छ
## अनुसूची

१. कानुनव्यवसायी आचारसंहिता, २०५१ ........ २२४
२. कानुनव्यवसायीको भूमिका सम्बन्धी आधारभूत सिद्धान्त, १९९० ........ २२५
३. नेपालले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी दस्तावेजहरूको सूची ........ २३१
४. संविधान तथा अन्तर्राष्ट्रिय अनुबन्धका फौजदारी न्यायसम्बन्धी सान्दर्भिक प्रावधानहरू २३३
५. पक्षसँग अन्तरवार्ताको नमुना ........ २३६
६. कानुनी सहायताकर्मी वकिलका लागि प्रस्तावित आचार संहिता, २०६२ ........ २३८
७. बहसनोटको रूपरेखा ........ २४०
८. नगरकोट घोषणापत्र ........ २४६
९. अन्य उपयोगी पुस्तकहरू ........ २४७
१०. मुद्दासम्बन्धी संक्षिप्त टिपोट ........ २४८
११. कानुनी सहायतामा सेलर्डको भूमिका ........ २५३
१२. सन्दर्भ सामग्रीहरू ........ २५५

# निर्देशिकाको प्रयोग कसरी गर्ने

१. **परिचय**

यो निर्देशिका जम्मा सात खण्डहरूमा विभाजित छ । खण्ड "क" ले कानुनी सहायताको विधिशास्त्रबारेमा चर्चा गरेको छ । यस अन्तरगत कानुनी सहायताका विविध आयामहरू जस्तैः कानुनी सहायताको परिचय, कानुनी व्यवस्था र अन्तर्राष्ट्रिय मापदण्डहरू समेटिएका छन् । खण्ड "ख" पक्राउ देखि मुद्दा फैसला भएर कार्यान्वयनको तहसम्म वकिल संलग्न हुन सक्ने विविध चरणको चर्चा गरिएको छ । जस अन्तर्गत वर्णन गरिएका उपशीर्षकहरूमा सम्वैधानिक व्यवस्था, कानुनी व्यवस्था, नजिर र अन्तर्राष्ट्रिय मापदण्डको चर्चा गरिएको छ । जसले पाठकहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनको तुलना गर्न सहज बनाउँदछ । खण्ड "ग" वकालतसम्बन्धी सीपहरूबारे छ भने खण्ड "घ" ले बन्दीका अधिकारबारे चर्चा गर्नेछ । खण्ड "ङ" कानुनी सहायताका लागि विशेष वर्गहरू जस्तैः महिला, बालबालिका, विदेशी र थुनुवाहरूको बारेमा छ । खण्ड "च" विविध शीर्षकमा हुनेछ जसमा फौजदारी न्याय प्रशासनका चुनौतिहरू र कानुनी सहायताका सहायक कार्यनीतिहरू समेटिएको छ । अन्तिम खण्ड अनुसूचिहरूको हुनेछ, जसले कानुनव्यवसायी आचारसंहिता र कानुनी सहायताकर्मी वकिलका लागि तयार गरिएको आचारसंहिता आदि समेटेको छ ।

२. **कहाँ प्रयोग गर्ने ?**

तपाईले यो निर्देशिका फौजदारी न्याय प्रशासनका विविध निकायहरूसँग पक्षको हितको लागि प्रयोग गर्नु हुनेछ । यसका लागि अदालत, अर्धन्यायिक निकाय, प्रहरी र कारागार प्रशासन प्रमुख क्षेत्र हुन् । यस अतिरिक्तः

- तपाईले आफ्नो पक्षको मानवअधिकारको रक्षार्थ उजुरीहरू मानवअधिकार आयोग र मानवअधिकार उच्चायुक्तको कार्यालयमा पेस गर्नुपर्ने हुन सक्दछ ।
- कतिपय अवस्थाहरू जस्तै अपहरण वा गैरन्यायिक थुना वा हत्याको सन्दर्भमा तपाइले पत्रकार सम्मेलन वा हस्ताक्षर अभियानमार्फत पक्षको मद्दत गर्नुपर्ने हुन सक्दछ ।
- नेपाल नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको इच्छाधीन आलेखको अनुमोदनकर्ता भएका नाताले तपाइले राष्ट्रिय न्यायिक प्रक्रिया पूरा गर्दा पनि उपचार नपाए "मानवअधिकार समितिमा" व्यक्तिगत उजुरी दर्ता गरी आफ्नो पक्षलाई न्याय दिलाउन सक्नुहुनेछ ।
- नेपालले भोलि अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान अनुमोदन गरेमा मानवताविरुद्धका अपराधमा तपाईको पहुँच सो अदालतसम्म हुनेछ ।

३. **कसरी प्रयोग गर्ने ?**

निर्देशिकाको उद्देश्य कानुनी सहायताको मार्गमा तपाईलाई मजबुत बनाउने हो । तपाई कानुनव्यवसायी भएको नाताले संविधान र ऐन कानुनले समेटेका विषयमा के गर्ने भन्ने बारेमा जानकार हुनुहुन्छ । तपाईलाई अन्तर्राष्ट्रिय मापदण्डहरू कसरी

प्रयोग गर्ने भन्ने बारेमा समस्या हुन सक्दछ । यी दुई खालका छन् (क) अनुनायत्मक (ख) बाध्यात्मक ।

क. अन्तर्राष्ट्रिय निकायहरूले अङ्गीकार गरेका घोषणापत्रहरू, सिद्धान्तहरू, मार्गदर्शनहरू आदिमा नैतिक शक्ति हुन्छ ।

ख. महासभाले जारी गरेका तथा पछि राज्य पक्षहरूले अनुमोदन गरेका सन्धि र अनुबन्धहरू अनुमोदन गर्ने राज्यपक्षहरूका लागि कानुनी हिसावले बन्धनकारी हुन्छन् ।

(संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुनेछ ।)- *सन्धि ऐन २०४७ को दफा ८*

नेपालको सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम नेपालले अनुमोदन गरेका सन्धिहरूको हैसियत कानुनसरह हुन्छ । ती सन्धिका व्यवस्थाहरू र नेपाल कानुनका व्यवस्थाहरू बाझिएको खण्डमा सन्धिका व्यवस्थाहरूले मान्यता पाउँछन् ।

*नेपालले अनुमोदन गरेका मानवअधिकारसम्बन्धी महासन्धिहरू अनुसूचीमा हेर्नुहोस् ।*

# खण्ड क

# कानुनी सहायता विधिशास्त्र


१. **कानुनी सहायता** ........ ३

१.१. कानुनी सहायताको अवधारणा ........ ३

१.२. फौजदारी न्याय र कानुनी सहायता ........ ४

१.३. फौजदारी न्याय र स्वच्छ पुर्पक्ष ........ ५

२ **कानुनी सहायतासम्बन्धी कानुनी व्यवस्था** ........ ९

२.१. नेपाल कानुन ........ ९

२.२. अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूले के भन्दछन् ? ........ १३

२.३. कानुनी सहायता प्राप्तिका लागि मापदण्ड ........ १५

३. **कानुनी सहायतामा कानुनव्यवसायीको भूमिका** ........ १६

३.१. कानुनव्यवसायीको भूमिका ........ १६

३.२. अर्धदक्ष कानुनी सेवा ........ १९

४. **कानुनी सहायताका उपलब्धि र समस्या** ........ २२

४.१. उपलब्धि ........ २२

४.२. समस्याहरू ........ २२

४.३. समस्या कसरी समाधान गर्ने ........ २८

४.४. वकिलको भूमिका ........ २९

खण्ड 'क' ले कानुनी सहायताको विधिशास्त्रबारेमा चर्चा गरेको छ । यसअन्तरगत कानुनी सहायताका विविध आयाम जस्तैः कानुनी सहायताको परिचय, कानुनी व्यवस्था र अन्तर्राष्ट्रिय मापदण्ड, उपलब्धि र समस्या समेटिएका छन् ।

# १. कानुनी सहायता

## १.१. कानुनी सहायताको अवधारणा

निर्धन, असहाय र गरिब एवं मानवअधिकार उल्लंघनका सिकार बनेका व्यक्तिहरूलाई न्याय दिलाउनका लागि प्रदान गरिने कानुनसम्बन्धी सेवालाई कानुनी सहायता भन्न सकिन्छ । आर्थिक स्रोतका अभावले मात्र अन्याय सहेर बस्नु नपरोस् भन्ने मूल मर्मका साथ कानुनी सहायताको विकास भएको पाइन्छ । सामान्यतया कानुनी सहायताअन्तर्गत निःशुल्क कानुनी सेवा प्रदान गर्ने गरिन्छ । अतः कानुनी सहायता विपन्न वर्गका, पिछडिएका व्यक्ति एवं मानवअधिकारको उल्लङ्घनबाट पीडित भएका व्यक्तिहरूप्रति लक्षित रहेको हुन्छ । कानुनी सहायता वास्तवमा कानुनी शासनको प्रवर्द्धन र अभिवृद्धि पनि हो । कानुनी सहायता असहाय व्यक्तिको अधिकार पनि हो । आफूले रोजेको कानुनव्यवसायी राख्न पाउने, आफ्नै क्षमताले वकिल राख्न नसके राज्यबाट कानुनी सहायता दिलाउनु राज्यको दायित्व हो र अभियुक्तको अधिकार हो भने आफ्नो पक्षको प्रतिनिधित्व गर्न पाउने वकिलको पनि अधिकारको विषय हो ।

आर्थिक रूपमा असक्षम व्यक्तिहरूलाई वा न्यायमा पहुँच नभएका वर्गहरूलाई न्याय प्राप्त गर्न सक्ने अवस्थासम्म पुऱ्याउने उद्देश्यले कानुनी सहायताको अवधारणा विकास भएको पाइन्छ । अधिकार र न्यायबाट कसैलाई पनि वञ्चित गरिनु हुन्न भन्ने मान्यता स्वरूप कानुनी सहायताको विकास भएको पाइन्छ । निर्धन व्यक्ति तथा असहाय वर्गलाई उपलब्ध गराइने कानुनी सल्लाह, वहसपैरवी, लेखापढी एवं कानुनी काम कारबाहीका सिलसिलामा आवश्यक पर्ने अन्य सेवा समेतलाई कानुनी सहायताको परिभाषाभित्र राख्न सकिन्छ । समग्रमा कानुनी सहायता न्यायमा पहुँच नभएको र गरिब मानिसको लागि हुनुपर्दछ ।

नेपालमा कानुनी सहायताको अवधारणाको सुरुआत वैतनिक वकिलको नियुक्तिसँगै सुरु भएको पाइन्छ । अमेरिकाको संविधानमा भएको छैठौं संशोधनले फौजदारी अभियोग लागेको व्यक्तिले आफ्नो कानुनव्यवसायी संग परामर्श लिन सक्ने र वकिल नियुक्त गर्न नसक्ने अवस्थामा व्यक्तिको तर्फबाट राज्यले नै कानुनव्यवसायी उपलब्ध गराइदिने व्यवस्था रहेको छ । बेलायतमा सन् १९४९ मा कानुनी सहायता एवं परामर्श ऐन जारी भए पश्चात ४२० पाउण्ड (प्रतिवर्ष) भन्दा कम आम्दानी हुने व्यक्तिले जुनसुकै फौजदारी तथा देवानी मुद्दामा कानुनी सहायता पाउन सक्ने व्यवस्था गरियो । यस्तो व्यवस्था सन् १९५६ अगाडिसम्म उच्च अदालतमा मात्र सीमित थियो भने तत्पश्चात् काउन्टी अदालतहरूमा पनि विस्तार गरियो । हाल कानुनी सहायता ऐन, १९८८ बनाई लागू गरिएको छ भने पुरानो ऐन खारेज भईसकेको अवस्था छ । हङकङ्गमा वार्षिक आयस्रोत १,६९,७०० हङकङ्ग डलरभन्दा कम हुने व्यक्तिले कानुनी सहायताका लागि आवेदन गर्न सक्दछ । हङकङमा आर्थिक स्रोतका अतिरिक्त मुद्दाको गुणात्मक पक्ष (Merit) पनि जाँच गरेर कानुनी सहायता प्रदान गरिन्छ । नेदरल्यान्डको संविधान, १९६३, दक्षिण अफ्रिकाको संविधान, १९९६ र स्वीटजरल्यान्डको संविधान, १९९९ ले कानुनी सहायतालाई मौलिक हकको रूपमा व्यवस्था गरेका छन् । *(हेर्नुहोस् क्रमशः धारा १८, धारा ३५ (२) (सी), धारा २९ पृ, ४९८, ६५६, ७४२,* ***Constitution of the World*** *Vol. 1,* Khanal and Chudal, *1st Edition (2004), Ekta Books Distributors Pvt. Ltd, Kathmandu, Nepal)* । नेपालमा कानुनी सहायतालाई राज्यका नीति निर्देशक सिद्धान्तअन्तर्गत राखिएको छ ।


नेपाल लगायत विश्वका प्रायः अन्य मुलुकहरूमा असमर्थ व्यक्तिलाई कानुनी सहायता प्रदान गर्ने

सम्बन्धमा कानुन बनाई लागू गरेको पाइन्छ। आफ्नो देशमा कानुनको अलावा विभिन्न क्षेत्रीय तथा अन्तर्राष्ट्रिय घोषणा तथा महासन्धिहरूमा पनि कानुनी सहायताको अवधारणालाई अवलम्बन गरिएको पाइन्छ। नेपालमा कानुनी सहायता ऐन, २०५४ र कानुनी सहायतासम्बन्धी नियमावली, २०५५ ले कानुनी सहायताको बारेमा व्यवस्था गरेका छन्।


## १.२. फौजदारी न्याय र कानुनी सहायता

फौजदारी न्याय भन्नाले फौजदारी मुद्दामा अड्डा वा अदालती कारबाहीमा अपनाइने न्यायिक प्रक्रियाहरूलाई बुझ्नुपर्छ। तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै कार्य गरेकोमा सो व्यक्ति सजायको भागी नहुने, अपराध गर्दाको अवस्थामा कानुनले तोकेको भन्दा बढी सजाय दिन नमिल्ने, पक्राउ गर्दा कारणसहितको सूचनाविना थुनामा राख्न नमिल्ने, एउटै अपराधमा एक पटकभन्दा बढी सजाय दिन नहुने, आफू विरुद्ध साक्षी हुन कर नलाग्ने, पुर्पक्षको सिलसिलामा यातना दिन नहुने, आफूले रोजेको कानुनव्यवसायीसँग परामर्श लिन सक्ने, पक्राउ परेको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष पेस गर्नुपर्ने इत्यादि महत्वपूर्ण सिद्धान्तहरू फौजदारी न्यायअन्तर्गत पर्दछन्। [*हेर्नुहोस्, नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४*]।

फौजदारी न्यायसम्पादन गर्ने क्रममा स्वच्छ पुर्पक्षका कुरा अझ धेरै महत्वपूर्ण रहेको हुन्छ। कुनै पनि अपराधको पुर्पक्षको क्रममा अनुसन्धानकर्ता, सरकारी वकिल, प्रतिरक्षा गर्ने कानुनव्यवसायी, न्यायालय, न्यायप्रशासन इत्यादिको महत्वपूर्ण भूमिका रहेको हुन्छ। संविधान र कानुनमा भएका व्यवस्था तथा अन्तर्राष्ट्रिय मापदण्डको सही प्रयोगबाट मात्र न्यायसम्पादन निष्पक्ष हुन सक्दछ भन्ने मान्यता स्थापित भएको पाइन्छ।



## १.३. फौजदारी न्याय र स्वच्छ पुर्पक्ष




### (क) वैधताको सिद्धान्तः

स्वच्छ पुर्पक्षको सन्दर्भमा बैधताको सिद्धान्तले केवल कानुन निर्माण गर्ने र त्यसको परिपालना गर्ने कुरालाई मात्र बुझाउँदैन । यो सिद्धान्तभित्र सिघ्र, सरल, उचित, पर्याप्त र पारदर्शी कानुनी प्रावधान एवं सोको प्रभावकारी कार्यान्वयन पर्दछ । यो सिद्धान्त प्राकृतिक न्यायको सिद्धान्त र कानुनको उचित प्रक्रियागत (Due Process) मान्यतामा आधारित छ ।

**प्रतिपादित सिद्धान्त**

- वैधताको सिद्धान्तको सम्बन्धमा संयुक्त राष्ट्रसंघ मानवअधिकार आयोग (Human Rights Committee)ले थुप्रै सिद्धान्त प्रतिपादित गरेको छ । जसअनुसार, पक्राउ गर्ने, थुनामा राख्ने अधिकार पृष्टतः कानुनले तोकेको हुनुपर्दछ । सोको अभावमा गरिएको पक्राउ, पक्राउका वा थुनाका आधारहरूलगायतका कारवाई ‘वैधताको सिद्धान्त’ प्रतिकुल हुन्छ । *उदाहरणको लागि हेर्नुहोस् Communication No. 702/1996, C. McLawrence v. Jamaica (Views adopted on 18th July 1997), in UN doc. GAOR, A/52/40 (vol. II), pp. 230-231, para 5.5.*

## (ख) समानताको सिद्धान्त

यो सिद्धान्तले मुद्दाका दुवै पक्षकारहरु (अभियोजनपक्ष र प्रतिपक्ष) लाई समान रुपमा व्यवहार गर्नुपर्ने र दुवै पक्षकारहरुलाई समान सुविधा प्रदान गर्नुपर्ने कुरालाई बुझाउँछ। साथै फौजदारी न्यायिक कार्यविधिको सम्बन्धमा अनुसन्धान अभियोजन लगायत अदालती कार्यविधिमा दुवै पक्षको समान पहुँच हुनुपर्दछ। पक्षलाई राज्यको गतिमा शक्तिमा निर्भर रहेको हुन्छ भने अभियुक्त हिरासतमा रहेर आफ्नो प्रतिरक्षा गर्नुपर्ने हुन्छ। यस्तो अवस्थामा कानुनी सहायताको माध्यमबाट कानुन व्यवसायीले यो सिद्धान्तको प्रयोग गर्नुपर्दछ।

**प्रतिपादित सिद्धान्तः**

युरोपियन मानवअधिकार अदालतले निम्नलिखित विषयमा यो सिद्धान्तलाई अंगिकार गरेको पाइन्छः जस्तै,

- अनुसन्धान तथा अभियोजनसम्बन्धी कागजातहरु एवं आवश्यक सूचनाहरु दुवै पक्षको लागि उपलब्ध हुनुपर्दछ।)
- प्रतिवादीको साक्षीलाई उपस्थित गराउने प्रक्रिया पनि वादीको साक्षीलाई उपस्थित गराउने प्रक्रिया सरहको अधिकार हुन्छ।
- अभियुक्त/प्रतिवादीलाई पक्राउदेखि पुनरावेदनको अन्तिम तहको प्रक्रियासम्मका कुनै पनि प्रक्रियामा असमानता भएमा अर्थात् अभियोजनसरहको प्रक्रियागत समानता भएन भने यो सिद्धान्तको उल्लंघन हुन जान्छ। जस्तैः अभियुक्तको कानुन व्यवसायीले मुद्दाको तयारीको लागि तत्सम्बन्धी सूचनाहरु एवं कागजातहरु प्राप्त गर्नमा अवरोध सिर्जना भयो भने वा सोमाथि पहुँच भएन भने पनि यो सिद्धान्तको आधारमा उक्त प्रक्रिया स्वच्छ र निष्पक्ष नभएको भनी उपचारको दावी र माग गर्न सकिन्छ।

(*European Court Judgements in the cases of Ofrer, and Hopfinger, Nos. 524/59, Dec. 19.12.60, Yearbook 6, P. 680 and 696)*

## (ग) निर्दोषिताको सिद्धान्त

जवसम्म कसुर प्रमाणित हुँदैन तबसम्म कुनै पनि आरोपित व्यक्ति निर्दोष रहेको अनुमान गर्नुपर्दछ भन्ने यो सिद्धान्त फौजदारी न्यायको सबैभन्दा भरपर्दो सिद्धान्त हो। त्यसैकारण मुद्दाको अन्तिम किनारा नभएसम्म अभियुक्त वा प्रतिवादी भनी सम्बोधन गरिन्छ। सोही अनुसार स्वच्छ पुर्पक्षका मापदण्डहरू प्रत्याभूत समेत गरिन्छ।

सुरक्षासम्बन्धी मादण्डलाई आधार बनाएर गरिने कतिपय व्यवहारले समेत निर्दोषितको सिद्धान्तको उल्लंघन हुन जान्छ। जस्तैः अदालतको परिसारमा अभियुक्तलाई हत्कडी लगाउनु। प्रमाणको भार वादीले पुऱ्याउनुपर्छ भन्ने सिद्धान्त पनि निर्दोषिताको सिद्धान्तपुरकको रुपमा आएको सिद्धान्त हो।

**प्रतिपादित सिद्धान्तः**

- Estille Vs. Williams को मुद्दामा संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले कसुर प्रमाणित नभइसकेको बन्दीलाई कारागारको पोशाक (Uniform) लगाएर अदालतमा उपस्थित हुन बाध्य तुल्याउनुबाट निर्दोषिताको सिद्धान्तको उल्लंघन हुन्छ भनि प्रतिपादन गरिएको सिद्धान्त अनुकरणीय छ। *(425 U.S. 501 (1979)*

## (घ) स्वतन्त्र न्यायपालिकाको सिद्धान्त

स्वतन्त्र न्यायपालिकाको सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्डहरु ग्रहण गरिएका छन्। सन् १९८५ मा संयुक्त राष्ट्रसंघद्वारा ग्रहण गरिएको स्वतन्त्र न्यायपालिकाको सिद्धान्तलाई समयानुकुल परिमार्जन गर्दै विभिन्न देशका सर्वोच्च अदालतका न्यायाधीशहरुको छलफल, सभासम्मेलनबाट अन्य केही मार्गदर्शन समेत पारित गरेको पाइन्छ। बेंङलोर सिद्धान्त (Banglore Principles of Judicial Conduct, 2002) लाई उदाहरणको रुपमा लिन सकिन्छ। यो सिद्धान्तले न्यायपालिकाको स्वतन्त्रतार्ला मूलतः तीन प्रकारको स्वतन्त्रतामा विभक्त गरेको पाइन्छ।

अ) संगठनात्मक स्वतन्त्रता (Organizational Independance)

आ) कार्यमूलक स्वतन्त्रता (Functional Independance)

इ) परिस्थितिजन्य स्वतन्त्रता (Circumstantial Independance)

संगठनात्मक स्वतन्त्रताभित्र प्रशासनिक स्वतन्त्रता पर्दछ। जसअनुसार न्यायाधीशको नियुक्ति, सरुवा, बढुवा, सेवा, सुविधालगायतका प्रक्रियाहरु लगायत निकायगत स्वतन्त्रता अन्तर्गत पर्दछ। कार्यमुलक स्वतन्त्रताभित्र सदाचार, निष्ठा, समानता, स्वच्छता, निर्णायक स्वतन्त्रता, सक्षमता लगायतका स्वच्छ पुर्पक्षका लागि अति आवश्यक तत्वहरु विद्यमान हुन्छन्। यसअन्तर्गत अदालतको सांगठनिक श्रेणीवद्धताले कुनै प्रमाव पार्दैन अर्थात् मुद्दासम्बन्धी न्यायिक प्रक्रियाको क्रममा जिल्लादेखि सर्वोच्छ अदालतसम्मका न्यायाधीशहरुका बीचमा एक अर्को स्वतन्त्र रहेका हुन्छन्।

परिस्थितिजन्य स्वतन्त्रताभित्र अदालतका लागि आवश्यक स्रोत, साधन र पक्षकारहरुको भौतिक सुविधासमेत पर्दछन्। साधन र स्रोत पर्याप्त नभएको अवस्थामा विश्वव्यापी मान्यताहरुको परिपालना गर्नमा समेत अवरोध सिर्जना हुने परिस्थिति यो स्वतन्त्रतासँग सम्बन्धित रहेको हुन्छ।

**प्रतिपादित सिद्धान्तः**

- नागरिक तथा राजनीतिक अनुबन्ध (ICCPR) को धारा १४(१) अनुसार निर्णय गर्दा अदालतभित्र प्रतिकुल वातावरण (Hostile Atmosphere) र जन दवाव (Public Pressure) भएको अवस्थामा प्रतिवादीको कानुन व्यवसायीले साक्षी उपस्थित गराउन र परीक्षण गराउन नसक्नुबाट अदालतको परिस्थितिजन्य स्वतन्त्रता कायम रहँदैन र यसबाट स्वच्छ पुर्पक्षमासमेत आँच आउँदछ। तसर्थ यसका लागि राज्यले आवश्यक मापदण्डको व्यवस्था गर्नुपर्दछ, जसबाट न्यायपालिकाको स्वतन्त्रता रहन सक्दछ। *(Communication No. 770/1997, GRIDIN v. Russian Federation (Views adopted on 20th July 2000), in UN doc. GAOR, A/55/40 (Vol. II), p. 176, para 82)*

*(विस्तृत जानकारीको लागि हेर्नुहोस् जिल्ला अदालत सन्दर्भ पुस्तिका, कानुन अन्वेषण तथा स्रोतविकास केन्द्र, २०६०, पेज. २-३७)*

१० अपराधी छुटून् तर एक जना निर्दोष व्यक्तिले सजाय नपाओस् भन्ने विश्वव्यापी मान्यताले त्यति बेला मात्र मूर्तरूप पाउँदछ, जति बेला फौजदारी न्यायका सर्वमान्य सिद्धान्त र प्रचलित कानुनलाई आत्मसात् गरिन्छ।

फौजदारी अभियोग लागेको कुनै पनि व्यक्तिलाई आफूले राजेको कानुनव्यवसायीसँग परामर्श लिने अधिकार हुन्छ। कानुनव्यवसायी राख्न असमर्थ भएमा कानुनव्यवसायीको सहयोग निःशुल्क उपलब्ध गराउने कर्तव्य राज्यमा रहन्छ।

> पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयमा नै आफूले रोजेको कानुनी व्यवसायीसँग सल्लाह लिन पाउने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ र त्यस्तो व्यक्तिलाई आफ्नो कानुन व्यवसायीद्वारा पूर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन।
>
> *नेपालको अन्तरिम संविधान २०६३ को धारा २४(२)*

> असमर्थ पक्षलाई कानुनमा व्यवस्था भए वमोजिम निःशुल्क कानुनी सेवा पाउने हक हुनेछ।
>
> *धारा २४ (१०)*

यो संवैधानिक व्यवस्थाबाट पनि के प्रष्ट हुन्छ भने कुनै पनि फौजदारी अभियोग लागेको व्यक्तिलाई आफूले रोजेको कानुनव्यवसायीद्वारा प्रतिरक्षा गराउने पूर्ण हक छ। साथै उक्त हक सो व्यक्तिको फौजदारी न्याय सम्बन्धी हकसँग सम्बन्धित छ।

गम्भीर प्रकृतिका फौजदारी मुद्दाहरू सरकार वादी भई चलाउने विश्वव्यापी मान्यता रहँदै आएको छ। सरकारले जिम्मेवारी लिई चलाएको फौजदारी मुद्दाहरूमा असफलता हात लागेमा सम्पूर्ण राज्यलाई क्षति पुग्न जान्छ र प्रत्यक्ष रूपमा हक तथा न्याय गुमाउनेमा पीडित व्यक्ति पर्दछ। अथवा पीडित पक्ष पनि त्यसको सिकार हुन पुग्दछ। निर्दोष व्यक्तिले समयमा न्याय पाओस् भन्ने मान्यतालाई राज्यले स्वीकार गर्ने हो भने राज्यले वा सरकारले जिम्मेवारी लिएर चलाएको मुद्दामा कानुनी सहायताको सेवा विस्तार गर्नु आफैमा महत्वपूर्ण कुरा हुन जान्छ।

हाम्रो जस्तो अल्पविकसित, आर्थिक र सामाजिक रूपमा पिछडिएको देशमा बस्ने नागरिकहरू त्यसमा पनि महिला, बालक, बृद्ध तथा अन्य पिछडिएका जनजातिहरूको हकमा कानुनी सहायता अपरिहार्य र अत्यावश्यक देखिएको छ।

समाजमा जरा गाडेर बसेको असमानताको कारणले महिलाहरू बढी पीडित भएर बसेको हाम्रो जस्तो समाजमा पीडित महिलाहरूले आफूलाई लागेको अभियोगको प्रतिरक्षा गर्ने सामर्थ्य हुँदैन। कानुनी सहायताको महत्व कति रहेछ भन्ने कुराको मापन गर्ने आधार भनेकै उक्त सेवा कुन वर्ग र कस्तो अवस्थाको व्यक्तिले प्राप्त गरेका छन् भन्ने नै हो। आर्थिक र सामाजिक रूपमा पिछडिएका महिला, जनजातिहरू तथा शोषित बालबालिकाहरूको लागि कानुनी सहायता न्यायको छडी साबित हुन पुग्दछ भन्ने कुरामा दुईमत हुन सक्तैन। कानुनी सहायताले न्यायमा पहुँचको सुनिश्चितता गर्दछ। फौजदारी न्यायको उद्देश्य पनि समाजमा न्याय प्रदान गर्ने नै हो। यसर्थ फौजदारी न्यायप्राप्तिको मार्गमा कानुनी सहायता एक सशक्त हतियार साबित हुन सक्दछ।

# २ कानुनी सहायतासम्बन्धी कानुनी व्यवस्था

## २.१. नेपाल कानुन

### संवैधानिक व्यवस्था

| | |
|---|---|
| पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयमा नै आफूले रोजेको कानुनी व्यवसायीसँग सल्लाह लिन पाउने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ र त्यस्तो व्यक्तिलाई आफ्नो कानुन व्यवसायीद्वारा पूर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन । | *नेपालको अन्तरिम संविधान २०६३ को धारा २४ (२)* |
| असमर्थ पक्षलाई कानुनमा व्यवस्था भए वमोजिम निःशुल्क कानुनी सेवा पाउने हक हुनेछ । | *नेपालको अन्तरिम संविधान २०६३ को धारा २४ (१०)* |

संविधानमा गरिएको उक्त व्यवस्थाले नागरिकको अधिकार र राज्यको कर्तव्यको बारेमा उल्लेख गरेको छ। उपरोक्त संवैधानिक दायित्व पूरा गर्ने उद्देश्यले कानूनी सहायतासम्बन्धी ऐन, २०५४ र कानुनी सहायतासम्बन्धी नियमावली, २०५५ बनाइ लागू गरिएको अवस्था छ।

### कानुनी व्यवस्था

"कानुनी राज्यको सिद्धान्त अनुरूप सबैलाई समान रूपमा न्याय उपलब्ध गराउन आवश्यक भएकोले आर्थिक र सामाजिक कारणबाट आफ्नो कानुनी हकहितको संरक्षण गर्न नसक्ने व्यक्तिका लागि आवश्यक कानुनी सहायता उपलब्ध गराउने" भन्ने मूल उद्देश्य लिएर कानुनी सहायतासम्बन्धी ऐन लागू भएको छ *(हेर्नुहोस्, कानुनी सहायता ऐन, २०५४ को प्रस्तावना) ।*

| | |
|---|---|
| असमर्थ व्यक्तिलाई कानुनी सल्लाह उपलब्ध गराउने र त्यस्तो व्यक्तिको तर्फबाट अड्डाअदालतहरूमा गरिने बहस पैरवी लेखापढी तथा कानुनी कारबाहीका सम्बन्धमा गरिने अन्य सेवा समेतलाई कानुनी सहायताको परिभाषा अन्तर्गत राखिएको छ। | *दफा २(क), कानुनी सहायता ऐन, २०५४* |

कानुनी सहायता उपलब्ध गराउने प्रयोजनका लागि केन्द्रीय स्तरमा केन्द्रीय कानुनी सहायता समिति र जिल्लास्तरमा जिल्ला कानुनी सहायता समितिको गठन गर्न सकिने कानुनी व्यवस्था गरिएको छ। साथै समितिको काम, कर्तव्य र अधिकार समेत तोकिएको छ।

| | |
|---|---|
| तोकिएको वार्षिक आयभन्दा कम आय भएको व्यक्तिले मात्र ऐनबमोजिम कानुनी सहायता प्राप्त गर्न सक्नेछ । | *ऐ. दफा ३* |

यस ऐनमा व्यवस्था भएअनुरूप उक्त कानुनी व्यवस्थालाई कार्यान्वयन गर्ने प्रयोजनका लागि वार्षिक आयको सीमासमेत कानुनी सहायता नियमावलीमा तोकिएको पाइन्छ ।

| | |
|---|---|
| वार्षिक चालीस हजार रुपैयाँभन्दा बढी आय हुने व्यक्तिलाई समितिले कानुनी सहायता उपलब्ध गराउनेछैन । | *कानुनी सहायता नियमावली, २०५५, नियम ६(१)* |

| | |
|---|---|
| *वैतनिक तथा अन्य कानुनव्यवसायीको सहयोग लिन सकिने*<br>१. इजलासले आदेश दिएकोमा र असमर्थ पक्षले कानुनव्यवसायीको सहायता उपलब्ध गराउनका लागि निवेदन दिएमा स्रेस्तेदारले कुनै पक्षको लागि निजको प्रतिनिधित्व गर्न वैतनिक कानुनव्यवसायी नियुक्त गर्न सक्नेछ र यसरी नियुक्त कानुनव्यवसायीले प्रतिनिधित्व गर्ने मुद्दाको छुट्टै वकालतनामा दिनुपर्नेछैन ।<br>२. अदालतले कुनै मुद्दामा कुनै पक्षको प्रतिनिधित्व गरी दिन कुनै कानुनव्यवसायीलाई अनुरोध गरेकोमा पनि कानुनव्यवसायीको वकालतनामा आवश्यक पर्ने छैन र आवश्यक भएमा त्यस्तो कानुनव्यवसायीलाई विना कुनै शुल्क मिसिल अध्ययनको सुविधा पनि स्रेस्तेदारले मिलाइदिनु पर्दछ ।<br>३. उपनियम (२) बमोजिम कुनै कानुनव्यवसायीले अदालतलाई सहयोग गरेको विवरण अदालतले आफ्नो प्रतिवेदनमा समावेश गर्नुपर्दछ । | *जिल्ला अदालत नियमावली, २०५२ को नियम ८६ र पु.वे.अ. नियमावली ०४८ को नियम १०६ र सर्वोच्च अदालत नियमावली ०४९ को नियम १११ (क)* |

| | |
|---|---|
| कुनै व्यक्तिले कानुनी सहायता प्राप्त गरेको कारणबाट कुनै सम्पत्ति वा आर्थिक लाभ प्राप्त गरेमा त्यस्तो व्यक्तिले कानुनी सहायता प्राप्त गरे वापत तोकिए बमोजिम सम्बन्धित समितिले गरेको खर्च समितिलाई सोध भर्ना गर्नुपर्नेछ । | *ऐ., दफा ४(१)* |

| | |
|---|---|
| कुनै व्यक्तिले कानुनी सहायता प्राप्त गरेको कारणबाट कुनै सम्पत्ति वा आर्थिक लाभ प्राप्त गरेमा त्यस्तो व्यक्तिले प्राप्त गरेको कुल सम्पत्ति वा आर्थिक लाभको दश प्रतिशतको दरले हुन आउने रकम शोधभर्ना गराइनेछ । | *हेर्नुहोस्, कानुनी सहायता नियमावली, २०५५, नियम ७ (१) र (२)* |

तर शोधभर्ना गर्दा त्यस्तो व्यक्तिलाई मर्का पर्न गएमा आंशिक वा पूर्ण छुट दिन सक्ने अधिकार समितिलाई प्रदान गरेको छ।

| | |
|---|---|
| असमर्थ व्यक्तिलाई कानुनी सहायता उपलब्ध गराउनको लागि सम्बन्धित समितिले नेपाल बार एशोसियसनका सदस्यहरू मध्येबाट छुट्टाछुट्टै विषय वा प्रकृतिका मुद्दा हेर्नका लागि छुट्टाछुट्टै कानुनव्यवसायीहरूको सूची तयार गर्ने सम्बन्धमा ऐनले व्यवस्था गरेको छ। | *कानुनी सहायता सम्बन्धी ऐन, २०५४, दफा ५(१)* |

| | |
|---|---|
| कानुनी सहायतासम्बन्धी कामको लागि एक कोष रहनेछ र सो कोषमा श्री ५ को सरकारबाट अनुदान स्वरूप प्राप्त रकम, कुनै व्यक्ति संघ वा संस्थाबाट अनुदान, चन्दा, सहयोग स्वरूप प्राप्त रकम र अन्य स्रोतबाट प्राप्त रकम रहने समेतको व्यवस्था ऐनमा गरिएको छ। | *ऐ. दफा ८(१), (क), (ख), (ग)* |

| | |
|---|---|
| कानुनी सहायतासम्बन्धी काममा संलग्न सम्बन्धित कानुनव्यवसायी तथा कर्मचारीलाई अदालतले प्रचलित कानुनबमोजिम कागजको नक्कल सार्दा लिने दस्तुर नलिई सो कागजको नक्कल सार्न दिनुपर्नेछ। | *(ऐ., दफा ११)* |

यस व्यवस्थाले कानुनी सहायतामा अदालतको भूमिका थोरै भए पनि उल्लेख गरिएको छ। कानुनव्यवसायीको सूची तयार पार्दा पारदर्शिता अपनाउन नसकिएको गुनासो सुन्ने गरिएको छ। केन्द्रीय कानुनी सहायता समिति मन्त्रीको अध्यक्षतामा गठन गरिने परिपाटी व्यावहारिक नभएको भन्ने गुनासो पनि छ।

| | |
|---|---|
| असमर्थ व्यक्तिले कानुनी सहायताको लागि तोकिएको ढाँचामा निवेदन दिनुपर्ने र सिफारिससमेत पेस गर्नुपर्ने। | *कानुनी सहायता नियमावली, २०५६, नियम ३(१) र (२)* |

माथिको कानुनी व्यवस्थाले राजनीतिक तथा अन्य कारणबाट असहाय व्यक्तिभन्दा अन्य व्यक्तिले नै सिफारिस पाउने हो कि भन्ने व्यावहारिक समस्या समेत देखा परेको छ। सिफारिसका लागि निष्पक्ष, स्वार्थरहित, तटस्थ कुनै निकायको व्यवस्था हुन सकेमा सो व्यवस्था बढी व्यावहारिक हुन जान्छ।

## नजिर

*लिलामणि पौडेल वि. श्री ५ को सरकार म.प.स.* समेतको मुद्दामा सर्वोच्च अदालतले कानुनी सहायताको सन्दर्भमा सिद्धान्त प्रतिपादन गरेको छ जसमा संविधानको धारा ८८ (१) अनुसार कानुनी सहायतासम्बन्धी नियमावली, २०५५ को नियम ६ को उपनियम (२) अमान्य र वदर घोषित गरेको छ ।

***रिटको माग दावी संक्षेपमा :*** कानुनी सहायता नियमावली, २०५५ को नियम ६ (२) ले ७ प्रकारका मुद्दा किटान गरी तिनीहरूलाई कानुनी सहायता दिइने छैन भन्ने व्यवस्था गरेको छ। नियमावलीबाट गरिएको उक्त व्यवस्था नेपाल अधिराज्यको संविधानको धारा ११ र कानुनी सहायतासम्बन्धी ऐन, २०५४ को दफा ३(१) सँग बाझिएको छ। कानुनी सहायतासम्बन्धी नियमावली, २०५५ को नियम ६ (२) मूल ऐनले प्रत्यायोजन गरेको दायरालाई अतिक्रमण गरी ऐनको मनसायविपरीत भएकोले संविधानको धारा ८८ (१) अनुसार प्रारम्भ देखि नै अमान्य घोषित गरी उल्लेखित मुद्दाका असमर्थ अभियुक्तलाई समेत कानुनी सहायता प्रदान गर्नु भन्ने परमादेश समेत जारी गरी पाऊँ भनी रिट निवेदकको दावी रहेको थियो। रिट निवेदकले उक्त निवेदन सेलर्डको कानुनी सहायता परियोजनाको तर्फबाट सर्वोच्च अदालतमा दायर गरेका थिए ।

***निर्णय :*** मुलुकमा आर्थिक रूपले सम्पन्न र कानुनी प्रक्रियाका जानिफकार वर्ग मात्र अदालती प्रतिद्वन्द्वमा सरिक हुन सक्षम हुने तथा गरिब, असहाय र निमुखाहरू राज्यद्वारा स्थापित न्यायालयको पहुँच बाहिर रहनु सक्षम न्याय प्रणालीको विशेषता नहुँदा न्याय प्रणालीमा सबैको लागि पहुँच दिलाउन एवं कानुनी प्रतिरक्षा र प्रतिनिधित्व विहिन स्थितिको अन्त्य गरी निष्पक्ष न्याय दिनुदिलाउनु राज्यको कर्तव्य हुने हुँदा यसलाई सार्वजनिक हक वा सरोकारको विषय भन्न सकिने ।

प्रत्यायोजित अधिकारको सीमाभित्र रही ऐनको उद्देश्य पूर्ति हुन सक्ने किसिमको नियम बनाउनु पर्नेमा ऐनको उद्देश्य विपरीत कानुनी सहायतासम्बन्धी नियमावली, २०५५ को नियम ६ को उपनियम (२) ले संविधानको धारा ११ (१) ले प्रत्याभूत गरेको मौलिक हकलाई असर पार्ने भै कानुनी सहायतासम्बन्धी ऐन, २०५४ को उद्देश्य विपरीत अप्रत्यायोजित बढी अधिकार जिल्ला कानुनी सहायता समितिलाई प्रदान गर्ने गरी ( Doctrine of delegates non protest delegate) कानुनी सहायतासम्बन्धी नियमावली, २०५५ को नियम ६ को उपनियम (२) को निर्माण भएको देखिँदा निवेदकको जिकिर बमोजिम संविधानको धारा ११(१) सित बाझिएको नदेखिए पनि नियम ६ को उपनियम (२) ले मौलिक हकमा असर पार्ने र कानुनी सहायतासम्बन्धी ऐन, २०५४ ले प्रत्यायोजित गरेभन्दा बढी अधिकार ग्रहण गरी ऐनको उद्देश्य र भावनाविपरीत व्यवस्था गरेको देखिन आएको हुँदा संविधानको धारा ८८ (१) अनुसार कानुनी सहायतासम्बन्धी नियमावली, २०५५ को नियम ६ को उपनियम (२) अमान्य र बदर घोषित हुने भनी सर्वोच्च अदालतको विशेष इजलाशले २०५९ साल चैत्र १३ गतेका दिन फैसला गरेको थियो ।

[*स्रोत: सम्वैधानिक विवादमा सर्वोच्च अदालतको फैसला, भाग २, संकलक एवं सम्पादक नरेन्द्र प्रसाद पाठक समेत, पृ. २०-२५, काठमाडौं (२०६०)*]

सर्वोच्च अदालतको पूर्ण इजलासबाट मिति २०१५/३/१२ मा पनि कानुनी सहायता प्रदान गर्ने सम्बन्धमा ऐतिहासिक निर्णय भएको थियो । उक्त निर्णयअनुसार कानुनी सहायता पाउनेहरूको क्रम यस प्रकार तोकिएको थियो ।

१. थुनामा रहेको व्यक्ति
२. ६० वर्ष नाघी तारेखमा रहेकाहरू
३. १६ वर्ष मुनिकाहरू र
४. असमर्थ पक्ष

यस वर्गीकरणमा पनि अपराधजन्य पीडितहरू पर्न सकेका छैनन् । यस निर्देशित प्रावधानमा यातना दिने भनी विपक्षी बनाइएका पक्षहरूले पनि कानुनी सहायता पाउन सक्ने अवस्था देखिन्न । हालसम्म पनि अदालतको यही निर्णय नै कायम रहेको हुनाले गर्दा होला प्रचलित सर्वोच्च अदालत नियमावलीमा वैतनिक कानुनव्यवसायीका सम्बन्धमा कुनै व्यवस्था नै छैन ।

*[हेर्नुहोस् डा. शंकर कुमार श्रेष्ठ, "यातनासम्बन्धी अपराधमा दोषीलाई प्राप्त सरकारी संरक्षण गैरकानुनी मानवअधिकारसम्बन्धी सर्वोच्च अदालतका फैसलाहरूको टिप्पणी, सम्पादक गोपाल शिवाकोटी चिन्तन, त्रिभुवन विश्वविद्यालय, मानव अधिकार केन्द्र, प्रदर्शनीमार्ग, काठमाडौं, पृ १८८-१९० (२०५९)]*

अन्तर्राष्ट्रिय मापदण्डहरूले कानुनी सहायतालाई अधिकारको रूपमा व्यवस्था गरेका छन् । नेपालमा भने कानुनी सहायतालाई त्यति महत्व दिएको देखिँदैन । अर्कोतर्फ अन्तर्राष्ट्रिय मापदण्डहरूले राज्यको तर्फबाट निःशुल्क कानुनी सहायताको प्रत्याभूति गरेका छन् । नेपाली कानुनमा भने स्वतन्त्रताबाट वञ्चित व्यक्तिलाई कानुनी सहायताको दृष्टिले लक्षित वर्गसम्म मानिएको छैन ।

## २.२. अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूले के भन्दछन् ?

- *नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ (३) (घ)*

  आफ्नो उपस्थितिमा पुर्पक्ष हुने र आफै वा रोजेको कानुनी सहायतामार्फत प्रतिरक्षा गर्न पाउने, कानुनी सहायता नभएमा उक्त अधिकारको जानकारी पाउने, र न्यायको हितले आवश्यक भएमा जुनसुकै मामिलामा निजका हकमा कानुनी सहायता पाउने, र निजसित प्रर्याप्त स्रोतसाधन नभएमा यस्तो कुनै पनि मामिलामा कानुनी सहायता निःशुल्क हुने ।

- *जुनसुकै स्वरूपको थुनुछेक वा कैद सजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्त संग्रह, १९८८ को सिद्धान्त १७*

  थुनिएको व्यक्तिको निजले इच्छाएको कानुनी परामर्शदाता नभएमा, न्यायको हितले आवश्यक हुने सबै मामिलामा र पारिश्रमिक दिन निज असमर्थ भएमा

निःशुल्क रूपमै, न्यायिक वा अन्य अधिकारीबाट निजका निमित्त नियुक्त वा निर्दिष्ट कानुनी परामर्शदाता प्राप्त गर्ने हक हुनेछ ।

- *कानुनव्यवसायीको भूमिकासम्बन्धी आधारभूत सिद्धान्त, १९९० को धारा ६*

  आफ्नो कानुनव्यवसायी नभएका व्यक्तिहरूलाई, न्यायको हितमा आवश्यक भएका सबै मामिलामा, प्रभावकारी कानुनी सेवा उपलब्ध गराउनका लागि उनीहरूसित त्यस्ता सेवाको सेवा शुल्क तिर्ने पर्याप्त माध्यमको कमी भए निःशुल्क रूपमै, कसुरको प्रकृतिसँग तालमेल हुने गरी सक्षमता र अनुभव भएको कानुनव्यवसायी राख्न पाउने हक हुनेछ ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डका नियमहरू, १९५५ नियम ९३*

  आफ्नो कानुनी बचाउको उद्देश्यले मुद्दाको कारवाही भै नसकेको कैद गरिएको व्यक्तिले निःशुल्क कानुनी सेवा प्राप्त गर्नका निमित्त, यदि सो उपलब्ध भए, आवेदन गर्न सक्नेछ र साथै आफ्नो कानुनी सल्लाहकारलाई भेट्न पाउने छ तथा आफ्नो सुरक्षाको लागि तयारी गर्न र गोप्य निर्देशन दिन पाउनेछ । यस्तो अवस्थामा यदि उसले इच्छा गरेमा निजले लेखन सामग्री प्राप्त गर्न सक्नेछ । कैदी र निजको कानुनी सल्लाहकार बीचको परामर्श भने प्रहरी वा सुरक्षा अधिकारीहरूको नजरमा तर नसुनिने दूरीमा हुनेछ ।

## *विदेशी अदालतको फैसला*

### मिराण्डा विरुद्ध एरीजोना

मिरान्डा विरुद्ध एरिजोनाको मुद्दामा अमेरिकाको सर्वोच्च अदालतले प्रहरीले सोधपुछको क्रममा वकिल राख्ने अवसर र अभियुक्तको मौन बस्ने अधिकारको सम्मान गर्नुपर्ने भनी फैसला गरेको छ ।

(क) हिरासतमा रहेको व्यक्तिलाई सोधपुछ गर्नु अगावै निजको मौन बस्न पाउने अधिकार छ भनेर बताउनै पर्ने;

(ख) निजले बोलेमा बोलेको कुरा प्रमाणमा लिइनेछ भन्ने कुरामा सचेत गराउनै पर्ने;

(ग) तिमीलाई वकिलको सहायताको जरुरत भए तिमीलाई वकिल राख्ने अधिकार छ । तिम्रो आफ्नो वकिल नभएमा राज्यका तर्फबाट तिमीलाई वकिलको सेवा दिइने व्यवस्था छ भनेर जानकारी गराउनै पर्ने;

(घ) सोधपुछ भन्दा अगावै वा सोधपुछ हुँदाहुँदै निजले मौन रहने संकेत दिएमा सोधपुछ रोक्नुपर्ने; र

(ङ) निजको तर्फमा वकिल वा कानुनी सल्लाहकारका उपस्थितिमा सोधपुछ गरी बयान लिएको छ भने निजले जानीबुझीकन र चातुर्यपूर्वक वकिल राख्ने अधिकार परित्याग गरेको हो भन्ने कुरा प्रदर्शन गर्ने गहन भार सरकारलाई हुने ।

*(स्रोतः स्वच्छ पुर्पक्षका मूलभूत मापदण्डसम्बन्धी मार्गदर्शन, २०६१, पृ. ३३, सेलर्ड, काठमाडौं)*

मिराण्डाको सिद्धान्त स्थापितपश्चात् थुप्रै मुद्दाहरूमा पक्षको चुप लाग्न पाउने अधिकारलाई निर्दोषिताको अनुमान गर्न पाउने अधिकार र आफ्नो विरुद्ध आफैं साक्षी बस्न कर नलाग्ने अधिकारको रूपमा अन्तर्राष्ट्रियस्तरमा नै संस्थापित गरिएको पाइन्छ। यस सम्बन्धमा *मुर्रे विरुद्ध यु.के.* को मुद्दामा युरोपियन मानवअधिकार अदालतबाट संस्थापित सिद्धान्त उदाहरणीय छ। *(Murray v. United Kingdom, European Human Rights Court, 41/1994/488/570, 8 February 1996, Para 45)*

## २.३. कानुनी सहायता प्राप्तिका लागि मापदण्ड

नेपाल कानुनले कानुनी सहायता प्रदान गर्न केवल आर्थिक असमर्थतालाई आधार मानेको देखिन्छ। कानुनी सहायता असमर्थ पक्षलाई प्रदान गरिने सहायता हो। असमर्थ पक्ष भन्नाले प्रमुख रूपमा गरिव व्यक्तिलाई बुझिने भए पनि हाम्रो जस्तो सामाजिक परिवेशमा असमर्थ पक्ष भन्नाले गरिवलाई मात्र बुझिनु प्रर्याप्त हुँदैन। यस्तो पृष्ठभूमिमा सरकारवादी फौजदारी मुद्दामा कस्तो मुद्दालाई कानुनी सहायताको मापदण्ड बनाउने भन्नेमा विभिन्न धारणाहरू रहेका छन्। एक थरीले धेरै सजाय हुनसक्ने मुद्दालाई प्राथमिकता दिन्छन् भने अर्कोथरी कम सजाय हुने मुद्दालाई। तर धेरै वा थोरै सजाय हुने दुवै प्रकृतिका मुद्दामा कानुनी सहायताको उत्तिकै भूमिका हुन सक्दछ।

कानुनी सहायताको लागि वर्तमान कानुनी मापदण्ड अपूरो रहेको छ। हाम्रो जस्तो आर्थिक, सामाजिक परिवेशमा आर्थिक आधारका अतिरिक्त अन्य आधारहरू पनि विचार गरिन आवश्यक छ। सरकारवादी फौजदारी अभियोग लागी थुनामा बसेको बन्दीको हकमा यदि निजको कानुनव्यवसायी राख्ने क्षमता छैन वा राखेको छैन भने त्यस्तो बन्दीलाई निशर्त कानुनी सहायता दिनुपर्दछ किनभने बन्दीलाई सिङ्गो राज्यले अभियोग लगाएको हुन्छ। सङ्गठित राज्यको अभियोगबाट ऊ निर्दोष छ भने छुट्कारा पाउन उसले प्रतिनिधित्वका लागि विशेष प्राथमिकता पाउनुपर्दछ। बन्दीहरूबीचमा नै प्राथमिकता निर्धारण गर्नुपर्ने परिस्थितिमा रहेका हुन्छन् भने थुनुवा, महिला तथा बालबालिकालाई प्राथमिकता दिएर कानुनी सहायता प्रदान गर्नुपर्दछ। उल्लिखित वर्गहरूलाई प्राथमिकतामा राखेर प्रत्येक व्यक्तिको व्यक्तिगत आवश्यकताका आधारमा नै कानुनी सहायता प्रदान गर्ने मापदण्ड रहनुपर्दछ।

### स्थापित सिद्धान्त

- कानुनी सहायता प्रदान गर्दा आर्थिक विपन्नताका अलावा न्यायको हित (Interest of Justice) लाई आधार बनाइदिनुपर्दछ।
- न्यायको हितका लागि विवादको गाम्भीर्यता, पक्षको स्थिति र सोको परिणामसमेतलाई कानुनी सहायताको मापदण्डको रुपमा अंगिकार गर्नुपर्दछ।
- स्वतन्त्रताको हकबाट कुण्ठित कुनै पनि व्यक्तिलाई कानुनी सहायता प्रदान गर्नु अपरिहार्य हुन्छ।

(*स्रोत : Quaranta v. Switzerland, European Court of Human Rights, 24 May 1991, 205 Ser. A 17*)

# ३. कानुनी सहायतामा कानुनव्यवसायीको भूमिका

कानुनी सहायता (Legal Aid) मुख्य रूपमा कानुनव्यवसायीहरूद्वारा प्रदान गरिने सेवा भएकाले यसमा कानुनव्यवसायीको भूमिका महत्वपूर्ण हुन जान्छ। कानुनी सहायतासम्बन्धी ऐनमा केन्द्रीय कानुनी सहायता समिति र जिल्ला कानुनी सहायता समितिलाई यस सन्दर्भमा नीति बनाउन तथा कानुनव्यवसायी छनोट गर्ने अधिकार प्रदान गरिएको छ। कानुनी सहायतामा कानुनव्यवसायीको भूमिकाका विभिन्न पहलहरू रहेका छन्।

## ३.१. कानुनव्यवसायीको भूमिका

१. ***कानुनवेत्ताको रूपमा:*** कानुनी सहायता कानुनका विज्ञ कानुनव्यवसायीद्वारा प्रदान गरिने भएकोले कानुनव्यवसायीको अभावमा कानुनी सहायताबारे सोच्न पनि सकिँदैन। कानुनव्यवसायीको प्रतिनिधित्व विना कसैलाई सजाय गर्नुलाई कानुनको उचित प्रक्रिया (Due Process of law) का सिद्धान्तको उल्लङ्घन मानिन्छ।

***अर्धन्यायिक निकायमा बहस***

नेपालका कतिपय कानुनहरूले अर्धन्यायिक निकायहरूलाई कैदसम्म गर्ने गरी मुद्दा हेर्ने अधिकार प्रदान गरेका छन्। व्यक्तिलाई कैददण्डको निर्धारण न्यायिक अधिकारीद्वारा मात्र हुनुपर्ने फौजदारी न्यायको अवधारणाको नेपालमा सम्मान नभएको अवस्था एकातिर छ भने अर्कोतिर ती निकायहरूले दण्डको निरोपण गर्दा कानुनव्यवसायीको प्रतिनिधित्व गराउने गरेका छैनन्। उक्त कारणले न्याय नपर्ने मात्र होइन हुनसक्ने अधिकतम कैद भन्दा बढी थुनामा बस्नुपर्ने अवस्था समेत देखिएको छ।

फौजदारी मुद्दा हेर्ने हरेक निकायमा वकिलबाट प्रतिनिधित्व गराउन पाउनु अभियुक्तको र आफ्नो पक्षको प्रतिनिधित्व गर्न पाउनु वकिलको अधिकार हो।

२. ***सामाजिक अभियन्ताको रूपमा:*** कानुनव्यवसायीलाई सामाजिक अभियन्ता (Social Engineer) पनि भनिन्छ। कानुनको शासनको प्रत्याभूति र मानवअधिकारको संरक्षणमा कानुनव्यवसायीको भूमिका महत्वपूर्ण हुन्छ। समाजको चेतनशील र विज्ञ वर्गको रूपमा कानुनव्यवसायीको न्यायमा पहुँच नभएको वर्गका जनताप्रति पनि उत्तरदायित्व रहने गर्दछ। कानुनी सहायता राज्यको नीति पनि हो। यसर्थ संगठित वा व्यक्तिगत रूपमा भएपनि हरेक कानुनव्यवसायी न्यायमा पहुँच नभएका वर्गलाई कानुनी सहायता प्रदान गर्न तत्पर रहनु पर्दछ। उक्त कार्य सामाजिक कर्तव्य पनि हो, यसर्थ कानुनी सहायता प्रदान गर्न फर्म नचलेका तथा नयाँ सिकारु वकिलहरू संलग्न रहनुपर्दछ भन्ने नकारात्मक अवधारणा हटाउनुपर्दछ। न्याय प्राप्तिको यो पुनीत कार्यमा सहयोग पुऱ्याउन हरेक स्तरका कानुनव्यवसायी तयार रहनुपर्दछ।

हुनत कानुनी सहायतामा सरकारी वकिलको भूमिका प्रत्यक्ष रूपमा जोडिँदैन । तर पनि न्याय प्राप्तिको प्रक्रियामा सहयोग पुऱ्याउने क्रममा कानुनी सहायतालाई अभिबृद्धि गर्ने कार्यमा सरकारी वकिलहरूले पनि आफ्नो क्षेत्रबाट सहयोग गर्न सक्दछन् । जस्तैः कानुनी सहायताको मुद्दामा थुनछेक पूर्व लिखतहरू उपलब्ध गराउने, भवितव्य हत्यामा कम सजायको माग गर्ने आदि ।



**व्यवसायको प्रतिष्ठा बृद्धिमा योगदान**

नेपालमा कानुन व्यवसायको लामो इतिहास छैन। यस क्रममा "बोकाहा" को स्तरबाट उठाउँदै व्यवसायलाई प्रतिष्ठापूर्ण व्यावसाय/सेवा बनाउन प्रयासहरू भइआएका छन्। यद्यपि वकिलहरू प्रति आमजनसमुदायको यथेष्ठ विश्वासको बृद्धि, प्रतिष्ठाको स्थापना हुन सकेको छैन। यसका पछि वकिलका आचरणजन्य गतिविधिहरूपनि जिम्मेवार रहेका छन्। जस्तो कि:

- अनुचित तबरबाट मुद्दा मिलाउने।
- निहीत स्वार्थ पूर्तिका लागि दलालीमा संलग्न हुने।
- पक्ष एवं न्यायपालिकाप्रति जिम्मेवार नहुने।

समस्याहरू अरु पनि हुन सक्दछन्। कानुनव्यवसायीको दक्षतामा कमी पनि यसको कारण हुन सक्दछ। तपाइले आफूलाई एक आचरणयुक्त वकिलका रूपमा आफूलाई कसरी स्थापित गर्ने भन्ने सम्बन्धमा ध्यान दिनुहोस्। साथै कानुनव्यवसायीको प्रतिष्ठा अभिबृद्धिमा के कसरी योगदान दिन सकिन्छ? कार्यक्षेत्रका हरेक गतिविधिमा ध्यान दिनुहोस्।

३. ***अधिकारकर्मीका रूपमा*** : कानुनी सहायताको विधा वकालतको नवीन र महत्वपूर्ण विधा हो। न्यायमा पहुँचको अधिकार व्यक्तिको महत्वपूर्ण मानव अधिकार हो। गरिव, असहाय वर्गका अधिकारहरूको रक्षार्थ काम गर्ने कानुनव्यवसायी एक असल मानवअधिकारकर्मी पनि हो। यसर्थ कानुनी सहायताको कार्यमा संलग्न कानुनव्यवसायी अधिकारकर्मी कार्यकर्ता (Activist) को भूमिका पनि निर्वाह गरिरहेको हुन्छ। यसप्रकारको भूमिका निर्वाह गर्दै सार्वजनिक सरोकारका मुद्दाहरूमार्फत् नेपालका धेरै असंवैधानिक कानुनहरूलाई खारेज गर्न पहल गरेका छन्।

४. ***परम्परागत भूमिकामा परिवर्तनको आवश्यकता:*** : न्याय जगतको प्रचलित "कानुनी प्रतिनिधित्वको अभ्यासमा" परिवर्तनको आवश्यकता छ। कानुनव्यवसायीले राज्यमा शान्ति, सुव्यवस्था कायम गर्ने, अपराधीलाई सजाय दिलाउने कार्यमा अदालतलाई सहयोग गर्ने हो। तर यसो भइरहेको छ त? हामीले स्वेच्छाले अपराधलाई स्वीकार गरिसकेको व्यक्तिलाई इन्कार हुन सिकाउने र मद्धत गर्ने काम गरिरहेका त छैनौं? यसको सट्टामा अपराध गर्दाको परिस्थिति अनुसार सजाय कम गराउने, कानुनको उचित प्रक्रिया परिपालना (Due Process of Law) को अभाव देखाई अभियुक्तलाई छुटाउने तथा उसलाई कानुनले प्रदान गरेको अधिकतम छुट दिलाउने तिर हाम्रो कानुनी प्रतिनिधित्व केन्द्रित हुनुपर्ने हो कि?

कानुनी सहायतामा राज्यको लगानी रहने गर्दछ। सरकार स्वयं वा गैरसरकारी क्षेत्रले असमर्थ पक्षलाई कानुनी सहायता प्रदान गर्न आफ्नो स्रोत, साधन र जनशक्तिको खर्च गरेका हुन्छन्। उता सहयोग प्राप्त गर्ने पक्षले निःशुल्क रूपमा यो सहयोग पाइरहेको हुन्छ। यसर्थ कानुनी सहायतालाई सार्वजनिक प्रतिरक्षा (Public Defense) को रूपमा पनि हेरिन्छ। यस्तो कानुनी सहायताले राज्यको शान्तिसुव्यवस्था कायम गर्ने नीति र अपराधीलाई सजाय दिलाउने कुरामा बल पुऱ्याउनुपर्दछ।

***वकिलको परम्परागत भूमिका***

- प्रतिपक्षी वकिलले सधैं आफ्नो पक्षलाई सफाइ दिलाउन मात्र दावी लिने; सजाय कम गराउने तर्फ दावी नलिने;
- सरकारी वकिलले जस्तोसुकै परिस्थितिमा पनि अधिकतम् सजायको माग दावी लिने। जस्तो कि आवेशप्रेरित हत्याको तथ्य भए पनि मुलुकी ऐन, २०२०, ज्यानसम्बन्धी महलको १३(३) को मागदावी लिने।

कानुनी सहायता उपलब्ध गराउने कानुनव्यवसायीले अपराध स्वेच्छाले कबुल गर्ने व्यक्तिलाई अपराधमा इन्कारी बयान दिन प्रोत्साहन गर्नु हुँदैन। कानुनको उचित प्रक्रियाको (Due process of Law) नभएको, अनुसन्धानका कमीकमजोरी तथा शङ्काको सुविधाजस्ता मान्यताको सहयोगले आफ्नो पक्षलाई सफाइ दिलाउन प्रयास गर्नुपर्दछ।

अपराध गर्दाको परिस्थिति, अभियुक्तको उमेर, कसुरको गम्भीरता जस्ता तथ्यहरूबाट आफ्नो पक्षको सजाय कम गराउने प्रयास गर्नुपर्दछ। अपराध स्वीकार गरी सजाय भोग्न तयार हुने अवस्थामा हुने कम सजाय, कैद वापत जरिवाना तिर्ने, कैदसजायको विकल्पमा सामुदायिक सेवामा रहने जस्ता विकल्पहरू प्रयोग गरी आफ्नो पक्षलाई सहुलियत प्रदान गर्ने खालको वकालतलाई कानुनी सहायतामा संलग्न कानुनव्यवसायीले प्रोत्साहान गर्नुपर्दछ।

***अभियुक्तको सजाय कम गर्ने कानुनी अवस्था***

- फरार अभियुक्त अदालत समक्ष दण्ड भोग्न मञ्जुर भै स्वयं उपस्थित भए कैदमा २० प्रतिशतसम्म छुट हुन्छ।
- ३ वर्ष भन्दा कम सजाय हुने अपराधमा कैदको सट्टा जरिवाना तिरेर सजायबाट छुटकारा पाउन सकिन्छ।
- ३ वर्षसम्म कैद हुने मुद्दामा कैदको सट्टामा सामुदायिक सेवाको अवसर पाउन सकिन्छ।
- मुलुकी ऐन, अ.वं. १८८ नं. का अवस्थामा सजाय कम गराउने राय अदालतले दिन सक्दछ।

तर यी व्यवस्थाहरूको कार्यान्वयन गराई व्यक्तिको स्वतन्त्रताको संरक्षण गर्ने तर्फ नेपालको कानुन व्यवसायमा सक्रियताको कमी रहेको पाइन्छ। कतिपय मानिसहरू यस व्यवस्थाको बारेमा थाहा नपाएर नै बन्दी जीवन बिताउन विवश भएका हुन्छन्।

## ३.२. अर्धदक्ष कानुनी सेवा

### परि।चय

अर्धदक्ष (Paralegal) कानुनकर्मी भनेको त्यस्तो जनशक्ति हो जसले पहिलो कानुनी सेवा सर्वसाधारण जनतालाई पुऱ्याउँदछन्। उनीहरू वकिल होइनन् तर कानुन र कानुनको कार्यविधिको बारेमा आधारभूत ज्ञान राख्दछन्। अर्धदक्ष कानुनकर्मीहरू समुदायमा आधारित हुन्छन् र कुनै खास समुदाय वा संगठन वा

क्षेत्रका लागि कार्य गर्दछन् । अर्धदक्ष कानुनकर्मीले प्रदान गर्ने सेवा नै अर्धदक्ष कानुनी सेवा हो । उनीहरूले अदालती कार्यविधिबारेमा जानकारी गराउनेदेखि लिएर लक्षित वर्गलाई सामान्य कानुनी सल्लाह र सहयोग प्रदान गर्ने कार्य गर्दछन् । हाम्रो देशका लागि यो अवधारणा नयाँ भए पनि पारालिगलहरू अन्य देशमा ट्रेड युनियनमा, ल फर्ममा र सेवा प्रदायक संघसंस्थामा काम गरिरहेका हुन्छन् । महङ्गो शुल्क लिएर वकिलको सेवा लिन नसक्ने वर्गका लागि पारालिगल सेवा महत्वपूर्ण हुने गर्दछ । अदालत वा औपचारिक प्रतिनिधित्वका लागि पारालिगल स्वयंसेवकले मुद्दा वकिलकहाँ पठाउने गर्दछन् ।

## अर्धदक्ष कानुनकर्मीका लागि आवश्यक तालिम तथा सीप

### तालिम

अर्धदक्ष कानुनकर्मीले आधारभूत पारालिगल तालीम लिएको हुनुपर्दछ । जसअन्तर्गत कानुन तथा संविधानको आधारभूत ज्ञान, अदालतका तहहरू र अदालती कार्यविधिबारेमा जानकारी गराइन्छ ।

यस अतिरिक्त पारालिगलले जुन क्षेत्रमा काम गर्न खोजेको छ त्यसक्षेत्रको कानुनको बारेमा विशेष जानकारी हासिल गर्नुपदछ । जस्तो कि ट्रेड युनियनमा काम गर्ने पारालिगलले श्रमकानुनको तथा कारागारमा काम गर्ने पारालिगलले कारागार ऐन नियमको बारेमा तालिम लिन आवश्यक छ ।



## सीप

पारालिगल कानुनकर्मीहरू कानुनको व्यावहारिक सीप जान्ने हुनु आवश्यक छ । यसका अतिरिक्त परामर्श, वकिलसंग सहकार्य, समन्वय र वकालत (Advocacy) जस्ता सीप जान्नु उनीहरूका लागि महत्वपूर्ण हुन सक्दछ । समुदायमा आधारित भएर काम गर्ने भएकोले पारालिगलकर्मीहरूले क्षमता, अनुशासन, सेवाभाव र अधिकारवादी दृष्टिकोण राख्नुपर्दछ ।

## अर्धदक्ष कानुनकर्मीहरूका भूमिका

हाम्रो सन्दर्भमा अर्धदक्ष कानुनकर्मीका निम्न भूमिका हुन सक्दछन् ।

- लक्षित वर्गलाई तत्काल सामान्य कानुनी सल्लाह दिनु ।
- औपचारिक कानुनी कार्यविधि अपनाउन पीडितलाई सहयोग गर्नु । जस्तैः कानुनव्यवसायीसँग भेट गराउने, साक्षीहरू उपस्थित गराइदिने, , मिसील सारी दिने, मुद्दाको प्रक्रियामा वकिललाई सहयोग गर्ने आदि ।
- मध्यस्थता तथा मेलमिलापका लागि विवादहरू सरोकारवाला निकायमा पठाउन मद्दत गर्नु ।
- वकिललाई पठाउने मुद्दामा अनुसन्धान गर्ने ।
- पक्ष र वकिलका बीचमा पुलको काम गर्ने ।

## कानुनी सहायतामा अर्धदक्ष कानुनकर्मीको भूमिका

असमर्थ पक्षको तर्फबाट अदालती कागजहरूको लेखापढी गर्ने तथा अड्डा अदालतमा उपस्थित भै पक्षको तर्फबाट औपचारिक प्रतिनिधित्व गर्ने कार्यलाई कानुनी सहायता भनिन्छ । नेपालमा कानुनी सहायतासम्बन्धी कार्यलाई नियमित गर्न कानुनी सहायता ऐन, २०५४ जारी भएको छ । कानुनी सहायता प्रदान गर्ने कार्यमा कानुनव्यवसायीहरू संलग्न हुन्छन् ।

माथि नै चर्चा भइसकेको छ लक्षित वर्गलाई सामान्य कानुनको जानकारी गराउने तथा अनौपचारिक कार्यविधिगत सहयोग पुऱ्याउने कार्यलाई पारालिगल सेवा भनिन्छ । अर्धदक्ष कानुनकर्मीहरू कानुनका ज्ञाता हुँदैनन् तर सामान्य कानुन र अदालती कार्यविधिबारे न्यूनतम जानकारी राख्दछन् ।

### *वकिल नै नभएको ठाउँमा पारालिगलको भूमिका*

हालको द्वन्दको समेत पृष्ठभूमिमा कतिपय दुर्गम जिल्लामा बन्दीहरूले वकिल नै प्राप्त गर्न नसकेका घटनाहरू पनि सार्वजनिक भएका छन् । यस्तो अवस्थामा प्रारम्भिक कानुनी सेवा दिलाएर पारालिगलले ठूलो भूमिका निर्वाह गर्न सक्दछन् ।

कानुनी सहायतालाई विकेन्द्रीकरण गरी त्यस्ता दुर्गम ठाउँसम्म कानुनी सहायता पुऱ्याउन तत्क्षेत्रमा काम गरिरहेका संघसंस्थाले ध्यान पुऱ्याउनुपर्दछ ।

वकिलको सेवाशुल्क तिर्न नसक्ने र वकिल उपलब्ध नहुने स्थानमा पारालिगल सेवाको धेरै महत्व हुन्छ । पारालिगल सेवाले वकिलको कामलाई सहयोग गरी पक्ष र वकिलका वीचमा पुलको कार्य

गर्दछ। कारागारमा रहेका बन्दीहरूलाई विभिन्न वकिलले कानुनी सहायता प्रदान गरिरहेका हुन्छन्। तर वकिलहरू कारागारका वन्दीहरूका दिनानुदिनका समस्यामा संलग्न हुन भ्याउँदैनन्। त्यस्तो अवस्थामा स्वतन्त्रताबाट वञ्चित ती बन्दीहरूलाई दिनानुदिनका कानुनी समस्यामा अर्धदक्ष कानुनकर्मीले मद्धत पुऱ्याउन सक्दछ। जस्तै बन्दीहरूलाई कानुनी कार्यविधिबारे, सामान्य कानुनबारे, फैसला, पुनरावेदनबारे जानकारी गराउने, बन्दीको साक्षी उपस्थित गराइदिने, बन्दीलाई कानुनी सहायताको प्रवन्ध गरिदिने आदि।

## ४. कानुनी सहायताका उपलब्धि र समस्या

### ४.१. उपलब्धि

नेपाल बार एसोसिएसनले असमर्थ पक्षलाई कानुनी सहायता प्रदान गर्दै आएको छ। कानुनी सहायताकै एक रूप कानुनी साक्षरताका कार्यक्रमहरू पनि नेपाल बार एसोसिएसनले देशभरि सञ्चालन गरिआएको छ। नेपालमा २०५४ सालदेखि कानुनी सहायता ऐन लागू भएको छ। यस प्रकार नेपालमा कानुनी सहायताको अवधारणा व्यवहारमा लागू भएको छ। जसबाट हजारौं व्यक्तिहरूले निःशुल्क कानुनी सहायता प्राप्त गरेका छन्। श्री ५ को सरकारले कानुनी सहायताका लागि सानै रूपमा भए पनि बजेट छुट्याउने गरेको छ। निःशुल्क कानुनी सहायताका लागि तीन प्रकारका प्रयासहरू उल्लेखनिय छन्।

(क) कानुनी सहायतासम्बन्धी सरकारी योजना (जुन ३३ वटा जिल्लाहरूमा लागू भएको छ)

(ख) नेपाल बार एशोसियसनका कार्यक्रम

(ग) कानुन क्षेत्रका विभिन्न गैर सरकारी संस्थाहरूद्वारा सञ्चालित कार्यक्रम

हालसम्म नेपाल बार एसोसिएसनद्वारा सञ्चालित कानुनी सहायता कार्यक्रमबाट ११ हजार ६ सय ८५ जना बन्दीहरू लाभान्वित भएका छन्। त्यसै गरी कानुन अन्वेषण तथा स्रोत विकास केन्द्रै (सेलर्ड)ले हालसम्म ५७६२ जना बन्दीलाई कानुनी सहायता प्रदान गरेको छ। काठमाडौं स्कुल अफ ल, मानवअधिकारका लागि जनमञ्च (पिपुल फोरम), न्याय तथा अधिकार वकालत मञ्च (अजर), ल्याक, एड्भोकेसी फोरम जस्ता संस्थाहरूले पनि बन्दीहरूलाई कानुनी सहायता प्रदान गरिआएका छन्।

### ४.२. समस्याहरू

कानुनी सहायताका क्षेत्रमा विभिन्न योजनाहरू सञ्चालित छन्। यसमा सरकारी योजना, बार एसोसिएसन र सेलर्डजस्ता अन्य गैरसरकारी संस्थाहरूका योजना पर्दछन्। यी विविध क्षेत्रबाट सञ्चालित कानुनी सहायता कार्यक्रमबाट वर्षेनी सयौं व्यक्तिहरू लाभान्वित रहेका छन्। कानुनी सहायतालाई अरू प्रभावकारी बनाउन कानुनी सहायताकर्मी कानुनव्यवसायी यस क्षेत्रका मूल समस्याहरूबारे जानकार रहनुपर्दछ। कानुनी सहायता क्षेत्रका मूल समस्या हुन् :

१. ***स्रोतको अभाव :*** कानुनी सहायताका लागि सरकारले साह्रै न्यून बजेट छुट्याउने गरेको छ। कानुनी सहायतालाई सरकारले प्राथमिकताभित्र राखेको पनि छैन। कानुनी सहायता कार्यक्रमलाई आर्थिक सहायता प्रदान गर्ने दातृसंस्थाहरू सीमित रहेका छन्। कानुनी सहायताका लागि काम गर्ने वकिलको पारिश्रमिक कम रहन्छ। अपर्याप्त स्रोतका कारण सबै गरिब तथा असहाय वर्गमा सेवा पुऱ्याउन सकिएको छैन। प्रशिक्षित एवं दक्ष कानुनव्यवसायीको अभाव पनि उत्तिकै छ। कानुनी सहायताको दक्षतामा रहेको कमजोरीले प्रदान गरिएको सेवा सार्थक हुन सकिरहेको छैन। केही संस्थाले आफ्ना कानुनव्यवसायीहरूलाई विविध पक्षमा प्रशिक्षित गरेको छ। तर उसले आफ्नो सेवा अधिराज्यभर विस्तार गर्न सकेको छैन।

२. ***वैतनिक वकिल :*** असमर्थ पक्षको प्रतिनिधित्वको सुनिश्चितताका लागि प्रत्येक अदालतमा एक वैतनिक वकिल रहने प्रावधान छ। उनीहरूले पनि कानुनी सहायताकै कार्य गरिरहेका हुनाले उनीहरूका समस्यालाई पनि ध्यान दिन आवश्यक छ। वैतनिक वकिलका मूल समस्याहरू निम्न बमोजिम छन्।

- अति कम तलब (मासिक रु २०००।- मात्र )
- सन्दर्भसामग्रीको अभाव (जस्तै :- कानुनका पुस्तक, मुद्दाको फाइल......)
- पूर्वाधारहरूको अभाव (जस्तै :- बस्नका लागि कोठा, पुस्तकालय)
- साधनहरूको अभाव (जस्तै :- यातायातको साधन वा यातायात खर्च आदि)
- अदालतबाट प्रर्याप्त सहयोगको अभाव (जस्तै :- मिसिल समयमा नपाउने, पेसीको सूचना समयमा नपाउने, बहसलाई महत्व नदिने आदि)
- प्रशिक्षण तथा अध्ययन भ्रमणको अभाव
- संस्थागत व्यवस्थाको अभाव (जस्तै :- पर्याप्त कानुनी व्यवस्थाको अभाव, स्थायी गर्ने तथा संचय कोषको व्यवस्थाको अभाव आदि।
- सुविधाहरूको अभाव (मासिक तलब बाहेक अन्य केही सुविधा नभएको)

### *राष्ट्रिय कानुनी सहायता संजाल*

कानुनी सहायताको कामलाई समन्वय गर्ने मूल उद्देश्यका साथ “राष्ट्रिय कानुनी सहायता सञ्जाल” को गठन गरिएको छ। जसका उद्देश्यहरू निम्न लिखित रहेका छन्:

- फौजदारी अभियोगमा थुनामा रहेका व्यक्तिहरूको तर्फबाट नेपाल अधिराज्य भरका अड्डा अदालतहरू एवं सरकारी निकायहरूमा कानुनी प्रतिरक्षा गर्ने।
- कानुनी सहायताकर्मी कानुनव्यवसायीको दक्षता अभिबृद्धि गर्न तालीम कार्यक्रम आयोजना गर्ने।
- कानुन र न्यायको क्षेत्रमा विभिन्न अध्ययन अनुसन्धान गर्ने र न्यायिक व्यवस्थाको सुधारका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने।
- राष्ट्रिय कानुनी सहायता संजालमा कानुनी सहायताको कार्यमा संलग्न कानुनव्यवसायी र संघसंस्थाहरू सदस्य हुन सक्ने व्यवस्था छ। जस अनुसार हाल १०० भन्दा बढी व्यक्ति तथा ९ संस्था संजालका सदस्य भएका छन्।

*(सञ्जालको अफिस ललितपुर जिल्ला ल.पु.उप–म.न.पा.वडा नं.१ कुपण्डोलमा रहनेछ)*

**३. *समन्वयको अभाव :*** कानुनी सहायताको क्षेत्रमा समन्वयको अभावले सेवा प्रति सरोकारवालाहरूको उचित सहयोग नहुने, सेवा एकै ठाउँमा केन्द्रीकृत हुने, कतिपय स्थितिमा एकै व्यक्तिले विभिन्न संस्थाबाट सेवा लिने, सेवामा अस्वस्थ प्रतिस्पर्धा हुने जस्ता समस्या देखिएका छन् । यसका दुई प्रमुख पहलहरू छन् ।

(क) कानुन कार्यान्वयननिकायहरू बीचमा समन्वयको अभाव छ र उनीहरू कुन संस्थाले वास्तविक सार्थक सेवा दिइरहेको छ भन्ने ख्याल पनि गर्दैनन् ।

(ख) सेवाप्रदायक संस्थाहरू वीचमा समन्वयको अभाव छ र आपसमा सहकार्य पनि कम छ ।

कानुनी सहायताका मुद्दाहरूमा कानुनकार्यान्वयन निकायहरू जस्तै :- अदालत, सरकारी वकिल, प्रहरी, कारागार सबै वीचको वा ती मध्ये कुनै वीचको समन्वयले न्यायलाई स्तरयुक्त र छिटोछरितो बनाउन मद्धत पुऱ्याउँदछ ।

सेवाप्रदायक संस्थाहरू वीचमा समन्वय नहुँदा एउटै मुद्दा विभिन्न संस्थाले हेर्ने, एकै व्यक्तिका तर्फबाट दोहोरो पुनरावेदन दर्ता हुने, कार्यको अनुगमन नहुने तथा सेवामा अस्वस्थ प्रतिस्पर्धाको वातावरण सिरजना हुने सम्भावना बढी हुन्छ ।

**४. *दक्ष जनशक्तिको अभाव :*** माथि नै के चर्चा गरिसकियो भने वैतनिक वकिलहरूलाई कुनै तालिम तथा प्रशिक्षणको व्यवस्था छैन । सेलर्डमा कार्यरत एक दर्जन कानुनव्यवसायी बाहेक गैर सरकारी क्षेत्रमा कार्यरत अधिकांश कानुनी सहायताकर्मी कानुनव्यवसायीहरूलाई समेत व्यावसायिक र आचारणगत तालिम/प्रशिक्षणको अभाव रहेको छ । कानुनी सहायताकर्मी कानुनव्यवसायीमा पर्याप्त रूपमा कानुनी सिद्धान्तहरूको ज्ञान, अन्तर्राष्ट्रिय मानवअधिकारवादी मापदण्डहरूको ज्ञान, व्यावसायिक सीप र आचरणसम्बन्धी ज्ञानको अभाव रहेको देखिन्छ । यी आधारभूत ज्ञानको कमिले कानुनी सहायताको स्तरमा पर्याप्त विकास हुन सकेको छैन ।

**५. *संस्थागत व्यवस्था कमजोर :*** हाल सरकारले कानुनी सहायतासम्बन्धी ऐनमार्फत कानुनी सहायता प्रदान गरेका जिल्लाहरूको सङ्ख्या सीमित (३३ मात्र) छ । गैरसरकारी क्षेत्रका प्रयाशहरू पनि सहरहरूमा बढी केन्द्रित छन् । हालको कानुनी सहायतासम्बन्धी ऐनले महिला, बालबालिका, बन्दीहरू, पिछडिएको तथा अपहेलित समुदायलाई समेट्न सकेको छैन । कानुनी सहायता प्राप्तिको मापदण्ड केवल आर्थिक (४० हजार भन्दा कम वार्षिक आय) आधारलाई मानिएको छ । हाम्रो जस्तो सामाजिक र सांस्कृतिक परिवेशमा उक्त ऐनले पिछडिएका वर्गहरूलाई कानुनी सहायता प्रदान गर्ने मापदण्ड राखेको छैन् । त्यस्तै गरी कानुनी सहायतासम्बन्धी ऐनले अर्धदक्ष कानुनी सेवालाई समेट्न सकेको छैन् । कानुनी सहायताप्राप्तिका लागि गा.वि.स. बाट सिफारिस ल्याउनुपर्ने व्यवस्था राजनैतिक पूर्वाग्रह र वर्तमान द्वन्दको सन्दर्भमा समस्यापूर्ण बनेको छ । नागरिकताको प्रमाणपत्र नहुने व्यक्तिहरूलाई सिफारिस लिन समस्या झेल्नुपरेका घटनाहरू पनि सार्वजनिक भएका छन् ।

कानुनी सहायताका विविध गतिविधिको समन्वयकर्ता तथा अनुगमनकर्ता निकायको अभाव रहेको छ । जसका कारण कार्यक्रमहरू दोहोरिने र केकति प्रगति भएको छ भन्ने बारेमा मूल्याङ्कन गर्न अप्ठ्यारो स्थिति पैदा भएको छ। कानुनी सहायता प्रदान गर्ने संस्थाहरूको राष्ट्रिय संजालको अभावले स्रोत एवं परिश्रम पुनरावृत्ति भइरहेको अवस्था छ।

६. ***पूर्वाधारहरूको अभाव :*** कानुनी सहायतासम्बन्धी ऐनद्वारा गठित कानुनी सहायता समितिहरूलाई भवन, कार्यालय तथा भौतिक सामग्रीहरूको अभाव रहेको छ। कानुनी सहायता प्रदान गर्ने स्थान जस्तैः प्रहरी हिरासत वा कारागारमा कानुनी सल्लाहका लागि अलगै कोठा वा ठाउँको प्रवन्ध हुन सकेको छैन्। कानुनी सहायतालाई एक स्वतन्त्र र सक्षम योजनाको रूपमा लैजानका लागि कानुनी र भौतिक पूर्वाधारहरूको अभाव रहेको छ।

७. ***अवधारणागत स्पष्टताको अभाव :*** कानुनी सहायतालाई दयामायाको विषयका रूपमा हेर्ने दृष्टिकोण परिवर्तन हुन सकेको छैन । कानुनी सहायता वकालती विधाहरूमध्ये सबैभन्दा सामाजिक विधा हो । यो न्यायमा पहुँच नभएका वर्गका जनतालाई न्यायमा पहुँच दिलाउने सशक्त सार्वजनिक प्रतिरक्षाको माध्यम हो । कानुनी सहायता सो प्राप्त गर्ने व्यक्तिको आधारभूत अधिकार हो भने सो उपलब्ध गराउनु राज्यको कर्तव्य हो । यसर्थ हरेक कानुनकार्यान्वयननिकायमा कार्यरत अधिकारीहरूले तथा कानुनव्यवसायीहरूले यसलाई सामाजिक कर्तव्यको रूपमा लिनुपर्दछ। यस्तो अवधारणागत स्पष्टताको अभाव सबै क्षेत्रमा खट्किएको छ। ती क्षेत्रहरू हुन् :

- अदालत
- कानुनव्यवसाय
- कानुनकार्यान्वयनका अन्य निकायहरू (अनुसन्धानको अभियोजनकर्ता एवं कारागार)

कानुनी सहायताको बारेमा अवधारणागत अस्पष्टताका कारणले गर्दा अदालतका न्यायाधीशहरूले कानुनी सहायताका मुद्दाहरूमा कम चासो राख्ने, कानुनी सहायताकर्मी कानुनव्यवसायीलाई कम महत्व दिने, कानुनी सहायतामा संलग्न कानुनव्यवसायीको बहसलाई केवल औपचारिकता ठान्ने प्रवृति आमरूपमा देखिएको छ। यो समस्या अझ बढी अदालतका कर्मचारीहरूमा देखिन्छ। अर्कातिर गैरसरकारी संस्थाहरूले कानुनी सहायतालाई मानवअधिकारको सन्दर्भमा नेपालमा उठाएका हुन्। उनीहरूले छोटो समयमा यसको संस्थापनको सम्बन्धमा महत्वपूर्ण भूमिका खेलेका छन्। तर अदालतमा यस सेवामा संलग्न कानुनव्यवसायीलाई “विदेशी पैसाको खेती” भनी दुत्कारर्ने, कठिनाई सिर्जना गरिदिने व्यापक प्रचलन छ।

कानुनी सहायता प्रदान गर्ने कानुनव्यवसायीहरू कम मुद्दा भएका, कनिष्ठ (Junior) कानुनव्यवसायी हुनुपर्दछ भन्ने स्वयं कानुनव्यवसायीहरूको धारणा छ। अझ स्वयं कानुनी सहायता प्रदान गरिरहेको कानुनव्यवसायीले समेत आफूमा हीनताबोध राख्ने प्रवृति समेत छ। यो वास्तविक रूपमा अवधारणागत अस्पष्टताले निम्त्याएको प्रवृति हो।

## *प्रहरी हिरासतमा कानुनी सहायता*

नेपालमा हालसम्म कानुनी सहायता भन्नाले सरकारी वकिलले अभियोग दर्ता गरे पछिबाट सुरु हुने प्रक्रियाको रूपमा बुझिएको छ। तद्अनुरूप थुनछेक, प्रमाण परीक्षण, बहस र पुनरावेदन जस्ता महत्वपूर्ण चरणमा केन्द्रित रहेर कानुनी सहायता उपलब्ध गराउने प्रचलन छ।

वास्तवमा कानुनी सहायताको चरण सैद्धान्तिक रूपमा व्यापक अर्थमा पक्राउपर्नुपूर्वबाट नै सुरु हुनपर्छ। यो अनौपचारिक रूपको हुन सक्दछ।

जस्तो कि कानुनी साक्षरता। व्यावहारिक रूपमा कानुनी सहायताको चरण व्यक्ति पक्राउ परे पछिबाट शुरु हुन्छ। प्रहरी हिरासतमा व्यक्तिको मानवअधिकारको उल्लङ्घन भएका कुराहरू पनि प्रकाशमा आइरहेका छन्। यसर्थ कानुनी सहायताको क्षेत्र प्रहरी हिरासतबाट नै सुरु हुन्छ भन्ने अवधारणागत स्पष्टताको खाँचो महसुस भएको छ।



कानुनी सहायतामा प्रत्यक्ष रूपले जोडिएका कानुन कार्यान्वयन निकायहरू जस्तै प्रहरी र कारागारका कर्मचारीहरूले उचित सहयोग नपुऱ्याएको अवस्था छ। कानुनी सहायता प्रति सो कार्यमा संलग्न कानुनव्यवसायी प्रति सम्मान र सहयोगको धारणाले सेवालाई प्रभावकारी बनाउने निश्चित छ। कारागारका कर्मचारी र प्रहरीहरू कानुनी सहायताबारे स्पष्ट भएमा यो समस्याको अन्त्य हुनेछ र उनीहरूमा पनि हामी सबै न्याय प्रदान गर्ने, कानुन कार्यान्वयन गर्ने कार्यका साझेदार हौं भन्ने भावनाको विकास हुनेछ। कानुनी सेवा प्रदान गर्ने कानुनव्यवसायीहरू प्रतिको सो धारणाको अस्पष्टता न्यायको स्वच्छता प्रतिको अवधारणाको अस्पष्टता पनि हो।

८. ***सन्दर्भसामग्रीको अभाव :*** हालसम्म थुनछेक पूर्व प्रतिवादी पक्षलाई मुद्दाको फाइल उपलब्ध गराउने व्यवस्था छैन। त्यस्तै जेलको बन्दीबारेको अभिलेख, अदालतले पठाउने फाइल र पुर्जी अप्रर्प्याप्त र अस्पष्ट रहने कारणले कतिपय बन्दीहरू समयभन्दा बढी कारागारमा बसेका छन्। प्रहरी कार्यालय वा कारागारमा बन्दीको वकिल भए/नभएको रेकर्डको अभाव रहेको छ। बन्दीको व्यक्तिगत र मुद्दागत व्यवस्थित रेकर्ड प्रणालीको अभाव अदालत, प्रहरी र कारागार तीन वटै निकायहरूमा रहेको छ। नेपालको न्यायव्यवस्था औपचारिकवाद र कर्मचारीतन्त्रको जालोले घेरिएको छ।

९. ***फैसलाकार्यान्वयनको समस्या :*** फैसला भएपछि बन्दीलाई रायकिताबमा सही गराउने प्रचलन छ। कतिपय फैसला पुनरावेदनको म्याद सकिँदासम्म तयार हुँदैनन्। कैदी पुर्जीमा पक्राउ परेको मिति, तोकिएको कैद जरिवाना र छुट्ने मिति स्पष्ट नहुनाले कैद अवधि भुक्तान भएपछि पनि छुट्कारा नपाउने अवस्था छ। सरकारी वकिल कार्यालयले पुनरावेदन गरेको/नगरेको रेकर्ड समयमा नपठाउनाले माफीमिनाहा पाउने कुरामा समस्या भएको छ।

१०. ***विशेष क्षेत्र वा वर्गका समस्या :*** कानुनी सहायताको मूल अभ्यास नै समस्यैसमस्याले ग्रस्त छ। त्यस्तै कानुनी सहायताका दृष्टिले विशेष वर्गहरू जस्तै महिला, बालबालिका, बृद्ध, अपाङ्ग, जनजातिका विभिन्न अलग खाले समस्याहरूलाई सम्बोधन गर्न सकिएको छैन। उनीहरूले पाउने छुट दिलाउने तथा उनीहरूलाई शोषणबाट प्रतिरक्षा गर्ने र न्यायमा पहुँचको अवधारणा एवं संयन्त्र विकास गर्नु जरुरी छ।

११. ***पीडित प्रतिको स्पष्ट दृष्टिकोणको अभाव :*** कानुनको गलत प्रयोगबाट पीडित हुनेहरूप्रति हालसम्म हाम्रो कानुनी व्यवस्था मौन रहेको छ। अपराधबाट पीडित हुने व्यक्तिहरू प्रति समेत राज्यको पर्याप्त ध्यान पुगेको छैन। उनीहरूको क्षतिपूर्ति र पुनःस्थापनाको प्रभावकारी व्यवस्था हुन सकेको छैन। फौजदारी न्यायप्रणालीमा पीडितका सरोकारका क्षेत्रहरू व्यापक छन्। जसमध्ये जनसाधारणलाई अपराध कानुन र त्यसको कार्यविधिबारे जानकारी नहुनु, अनुसन्धानको फितलोपन, कानुन कार्यान्वयन निकायहरूमा भ्रष्टाचार, कार्यक्षमताको अभाव र पीडितलाई सुरक्षा र क्षतिपूर्तिको व्यवस्थाको अभाव आदि मुख्य हुन्।

### जाहेरी दरखास्त र पीडित

सरकारवादी फौजदारी मुद्दाको सुरुवात जाहेरी दरखास्तबाट हुन्छ । जाहेरी दरखास्तमा उल्लेख भएको अपराधसँग सम्बन्धित तथ्यको आधारमा धेरै हदसम्म हाम्रो अनुसन्धान प्रणाली निर्भर रहेको छ । कतिपय प्रहरी कार्यालय अगाडि कानुन र कार्यविधिको बारेमा जानकारी नभएका तर प्रहरीसँग कुनै प्रकारको सम्बन्ध भएका व्यक्तिहरूद्वारा अधिकांश जाहेरी दरखास्तहरूको मस्यौदा हुन्छन् । एउटै नमुनामा केवल नाम र तिथिमिति फरक परेर अलग-अलग वारदातको जाहेरी दरखास्त तयार पारिने र प्रहरी कार्यालयबाट त्यस्तै प्रबृतिलाई प्रोत्साहन दिने कार्यले फौजदारी मुद्दामा पीडितहरूलाई प्रतिकूल असर पर्न सक्ने स्थिति विद्यमान छ । यो प्रवृतिलाई अन्त गरी कानुनव्यवसायीद्वारा जाहेरी दरखास्तको मस्यौदा भएमा फौजदारी मुद्दामा पीडितको हितको बढी प्रतिनिधित्व हुन सक्ने देखिन्छ ।

कानुनी सहायता विषेशतः पीडकहरू/पीडकका आरोपितहरूलाई दिइने सहयोग हो । अभियुक्तलाई सहायता दिनुको अर्थ अपराधलाई प्रोत्साहन दिनु होइन भनेर माथि पनि चर्चा गरिसकिएको छ । अभियुक्तको प्रतिरक्षा गरिरहँदा पीडितको आत्मसम्मान, अधिकार र गोप्यतालाई हामीले कति ध्यान दिइरहेका छौं ? कि हामीले उनीहरूलाई पनि प्रतिपक्षी सरहको व्यवहार गरी आएका छौं ? मात्रा व्यक्तिमा भर परे पनि आमरूपमा हाम्रो फौजदारी न्यायप्रणालीमा पीडितहरू प्रति स्पष्ट दृष्टिकोणको अभाव रहेको छ । यसले कानुनी सहायताको उद्देश्यलाई फितलो बनाउछ ।

### पीडितको हकमा लागू हुने मापदण्ड

अपराध तथा अख्तियारको दुरूपयोग पीडितका लागि न्यायपीडितको हकमा लागू हुने मापदण्डसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र, १९८५ ले पीडितहरूका सम्बन्धमा मापदण्ड निर्धारण गरेको छ । जस अनुसार पीडितलाई न्यायमा पहुँच र स्वच्छ व्यवहार हुनुपर्ने, पीडकद्वारा भएको क्षतिमा प्रतिपुरण गर्नुपर्ने, राज्यद्वारा क्षतिपूर्ति प्रदान गर्नुपर्ने तथा उनीहरूलाई भौतिक, स्वास्थ्य उपचारसम्बन्धी, मनोवैज्ञानिक एवं सामाजिक सहायता प्रदान गर्नुपर्ने कुराको व्यवस्था गरेको छ ।

## ४.३. समस्या कसरी समाधान गर्ने

समस्याका दुई स्वरूप छन् । केही समस्या सिङ्गो समुदायको प्रयत्नले मात्र समाधान हुन सक्दछन् भने केही समस्या तपाई स्वयंको प्रयासबाट पनि समाधान हुन सक्दछन् । कानुनी सहायता क्षेत्रका समस्या समाधानार्थ निम्न कार्यहरू गर्न जरुरी छः

- कानुनी सहायताका लागि प्रर्याप्त बजेट सरकारले छुट्याउनुपर्दछ ।
- आर्थिक स्रोतमा वैकल्पिक माध्यमहरूको पहिचान, परिचालन र सही उपयोग हुनुपर्दछ ।

- वैतनिक वकिलको व्यावसायिक स्तरको विकास गर्नुको साथै त्यसको संस्थागत विकासमा न्यायपालिकाले सक्रिय भूमिका खेल्नुपर्दछ ।
- कानुनी सहायतासम्बन्धी ऐन नियममा सुधार हुनुपर्दछ । अर्धदक्ष कानुनी सेवालाई समेत ऐनले समेट्नुपर्दछ ।
- कानुनी सहायताकर्मी कानुनव्यवसायीलाई तालिम/अध्ययन/अवलोकन भ्रमणको व्यवस्था गर्नुपर्दछ ।
- कानुनी सहायताका लागि आवश्यक पूर्वाधारहरूको विकास गर्नुपर्दछ ।
- विशेष वर्गलाई लक्षित गरेर कानुनी सहायता कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता छ ।
- अवधारणागत अस्पष्टता हटाउन न्यायाधीश, वकिल, प्रहरी र कारागारका कर्मचारीलाई तालिम/प्रशिक्षणको आयोजना गर्नुपर्ने आवश्यकता छ ।
- कानुनी सहायताकर्मी कानुनव्यवसायीलाई व्यवसायिक तालिम दिनुपर्दछ ।

## ४.४. वकिलको भूमिका

*तपाईले अघिल्ला अध्यायहरुमा फौजदारी न्याय र कानुनी सहायताका विविध पक्षहरुबारे जानकारी हासिल गर्नुभएको छ । ती सैद्धान्तिक ज्ञानले तपाईलाई कार्यक्षेत्रमा सहयोग पुऱ्याउने छ । अथवा, ती मापदण्डहरु जतातत लागू नभएको देख्दा तपाईमा निराशा उत्पन्न हुन पनि सक्तछ । अझ बढी तपाईलाई सिकाउनेहरु, राज्यको स्रोतबाट तलब खानेहरु, वा जसको कानुनी कर्तव्य नै ती मापदण्डहरु लागु गराउने हो, उनीहरु नै अवरोध बनिरहेका पनि हुन सक्दछन् । त्यसले झनै बढी निरासा उत्पन्न गराउन सक्तछ । यस्तो बेलामा तपाइले आफू नयाँ प्रणालीका लागि पुरानो संयन्त्र तथा पुरानो कर्मचारीतन्त्रसँग जुझ्दैछु भन्ने कुरा बुझ्नु पर्दछ । तपाईको काम एक व्यक्तिलाई सहयोग गर्ने मात्र होइन तपाई फौजदारी न्यायप्रणालीको सुधारको पक्षमा काम गर्दै हुनुहुन्छ ।*

*माथिका खण्डहरुमा व्याख्या गरिएका कतिपय समस्याहरु संरचनागत समस्याहरु छन् । ती समस्या समाधानमा संगठित प्रयासहरु आवश्यक छन् र यसले लामो समय पनि लिन सक्दछ । जस्तो कि ऐन कानुनको अपर्याप्तता, स्रोतको अभाव, पूर्वाधारका अभाव आदि । त्यस्ता पक्षहरुमा सामाजिक आन्दोलनको एक हिस्साका रूपमा तपाई क्रियाशील रहनु पर्दछ ।*

*केही अहिलेकै संरचनाभित्र हल हुने प्रकृतिका समस्या छन् । यिनीहरु तपाईको राम्रो प्रयासले चाडै हल हुन सक्तछन्, जस्तो समन्वयको अभाव, अवधारणागत अस्पष्टता, तालीम/प्रशिक्षणको कमी आदि । यस्तो अवस्थामा सुधारका लागि तपाई र तपाईको संठनले धेरै काम गर्न सक्दछ ।*

केही सवाल तपाईसँग सीधै जोडिएका छन् । तपाइको ज्ञान, विशेषज्ञता, समन्वयको क्षमता र अनुशासनले पनि यस्ता समस्यासमाधानमा ठूलो भूमिका खेल्न सक्दछन् । यस्ता विषयहरुमा खरो साबित हुन निम्न पक्षहरुमा ध्यान दिनुपर्ने देखिन्छ :

- विषयवस्तुको बारेमा, विशेषतः त्यो विषयसँग सान्दर्भिक राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्डहरुबारे जानकारी राख्ने र त्यस्ता अन्तर्राष्ट्रिय मापदण्डहरुको कार्यान्वयनका बारेमा भएका अध्ययन, अनुसन्धान र प्रतिवेदनहरुको अध्ययन गर्ने;
- तत्कालीन र दीर्घकालीन रुपमा हल गर्न सकिने समस्या र व्यक्तिगत तथा सामूहिक रुपमा हल गर्न सकिने समस्याको पहिचान गर्नु आवश्यक हुन्छ । निश्चित समस्याको हल गर्न कार्यहरुको सूची र प्राथमिकता छुट्याउनु पनि आवश्यक हुन्छ । ती हरेक चरणका सहयोगी र अवरोधहरु पहिचान गर्नुपनि उत्तिकै आवश्यक हुन्छ;
- अदालतका कर्मचारी वा कारागार वा प्रहरी कर्मचारीसँग काम गर्दा आवश्यक सहयोग नपाउने स्थिति छ वा पाउनु भएन भने न्यायाधीशहरु वा कार्यालय प्रमुखसँगको सम्बन्धलाई प्रयोग गर्न सकिन्छ । विकल्पहरुको खोजी सधैं गर्नुपर्दछ;
- समन्वयको भावना र क्षमता राखेर काम गर्नु राम्रो हुन्छ;
- कार्यक्षेत्रमा कानुनको पालना नहुँदा ऊभन्दा माथिल्लो निकायको सहयोग लिनुपर्दछ । यो सवाल अन्तर्राष्ट्रिय मापदण्डको विषयमा हो भने उनीहरुलाई राखेर कार्यशाला/गोष्ठीको आयोजना गर्नुले धेरै सहयोग गर्दछ;
- भैरहेको कानुनमा तपाईको पक्षलाई सुविधा पुर्‍याउन के-के प्रावधानहरु छन् तिनको कार्यान्वयनमा सधै ध्यान दिनुपर्दछ । यस्ता कानुनहरुका बारेमा अनुसन्धान पनि नियमित रुपले गरिरहनुपर्दछ; र
- कानुनी सहायतालाई जागिर होइन सामाजिक कर्तव्यको रुपमा लिनुपर्दछ ।

खण्ड **ख**

# कानुनी सहायता प्रक्रिया


१. **फौजदारी मुद्दाका चरण** ........ ३५
- १.१. मुद्दा दायर हुनुपूर्वको प्रक्रिया ........ ३५
- १.२. मुद्दा पुर्पक्षको प्रक्रिया ........ ३७
- १.३. फैसलापश्चात् ........ ३७

२ **पक्राउ र थुना** ........ ३८
- २.१. पक्राउ र थुनासम्बन्धी व्यवस्था ........ ३८
- २.२. थुनुवापुर्जी ........ ४३
- २.३. गैरकानुनी थुना ........ ४५
- २.४. वकिलको भूमिका ........ ५०

३ **वकिलसागको सम्पर्क** ........ ५०
- ३.१. संवैधानिक व्यवस्था ........ ५०
- ३.२. कानुनी व्यवस्था ........ ५१
- ३.३. वकिलको भूमिका ........ ५५

४ **मुचुल्का** ........ ५५
- ४.१. रोहवरसम्बन्धी कार्यविधि ........ ५५
- ४.२. अभियुक्तको अधिकार ........ ५७
- ४.३. वकिलको भूमिका ........ ५७

५ **म्याद थप** ........ ५८
- ५.१. म्यादथपको कार्यविधि ........ ५९
- ५.२. वकिलको भूमिका ........ ६०


६ **बयान** ........ ६१

| | | | |
|---|---|---|---|
| | ६.१. | अधिकार प्राप्त अधिकारी समक्षको बयान | ६३ |
| | ६.२. | अदालतमा बयान | ६३ |
| | ६.३. | अभियुक्तको अधिकार | ६५ |
| | ६.४. | वकिलको भूमिका | ६८ |
| **७** | **यातना तथा दुर्व्यवहारबाट सुरक्षा** | | **६८** |
| | ७.१ | यातनाको परिभाषा | ६९ |
| | ७.२. | स्वास्थ्य जाँच | ७० |
| | ७.३. | क्षतिपूर्तिसम्बन्धी व्यवस्था | ७० |
| **८** | **थुनछेक** | | **७४** |
| | ८.१. | परिचय | ७४ |
| | ८.२. | कार्यविधि | ७४ |
| | ८.३. | अभियुक्तको अधिकार | ७७ |
| | ८.४. | वकिलको भूमिका | ८० |
| **९** | **प्रमाणपरीक्षण** | | **८०** |
| | ९.१. | साक्षी | ८१ |
| | ९.२. | विशेषज्ञ वा भौतिक प्रमाण | ८२ |
| | ९.३. | अन्य प्रमाणको परीक्षण | ८४ |
| **१०** | **बहसपैरवी** | | **८६** |
| | १०.१. | कार्यविधि | ८७ |
| | १०.२. | अभियुक्तको अधिकार | ८९ |
| | १०.३. | वकिलको भूमिका | ८९ |
| **११** | **फैसला** | | **९१** |
| | ११.१. | कार्यविधि | ९१ |
| | ११.२ | पुनरावेदनको म्याद | १०६ |
| | ११.३. | वकिलको भूमिका | १०८ |
| **१२** | **पुनरावेदन** | | **१०९** |
| | १२.१. | कार्यविधि | ११२ |
| | १२.२. | पक्ष/विपक्ष झिकाउने (झ.झी.) | ११४ |
| | १२.३. | बहस | ११४ |
| | १२.४. | फैसला | ११५ |
| | १२.५. | पुनरावेदन अदालतमा लाग्ने रिटहरू | ११५ |
| **१३** | **सर्वोच्च अदालतको अधिकारक्षेत्र** | | **११६** |

१३.१. पुनरावेदन ........................................................ ११६
१३.२. साधक जाहेरी ........................................................ ११६
१३.३. पुनरावलोकन ........................................................ ११८
१३.४. वकिलको भूमिका ........................................................ ११९
१३.५. मुद्दा दोहोऱ्याई हेर्ने ........................................................ ११९
१३.६. रिट ........................................................ १२१
१४ **फैसला कार्यान्वयन** ........................................................ १२२
१४.१. सामान्य कार्यविधि ........................................................ १२२
१४.२. दण्डका मान्य सिद्धान्त ........................................................ १२२
१४.३. केही मुख्य कानुनी व्यवस्था ........................................................ १२३
१४.४. सजाय व्यवस्थापनका असल अभ्यास ........................................................ १२४
१४.५. वकिलको भूमिका ........................................................ १२८

खण्ड 'ख' पक्राउ देखि मुद्दा फैसला भएर कार्यान्वयनको तहसम्म वकिल संलग्न हुन सक्ने विविध क्षेत्रहरू बारेमा हुनेछ । जस अन्तर्गत वर्णन गरिएका उपशीर्षकहरूमा सम्वैधानिक व्यवस्था, कानुनी व्यवस्था, नजिर र अन्तर्राष्ट्रिय मापदण्डको चर्चा गरिएको छ । जसले पाठकहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनको तुलना गर्न सहज बनाउादछ ।

# कानुनी सहायता प्रक्रिया




## १. फौजदारी मुद्दाका चरण

सरकारवादी हुने फौजदारी मुद्दामा तीन किसिमका चरणहरू पर्दछन्। ती हुन् :

१. अनुसन्धान (Pre-trial)

२. पुर्पक्ष (Trial)

३. फैसला पश्चात (Post Trial)

उल्लेखित थुनाहरूमध्ये प्रहरी हिरासत र अदालतको आदेशद्वारा पुर्पक्षको लागि राखिएको थुनासँग सुरु अदालतको प्रत्यक्ष सम्बन्ध रहन्छ, जसलाई मुद्दा (अभियोजन पत्र) दायर हुनु पूर्वको प्रक्रिया र मुद्दा दायर भए पश्चात्को प्रक्रियाको रूपमा विभाजन गरी निम्न रूपमा हेर्न सकिन्छ :

### १.१. मुद्दा दायर हुनुपूर्वको प्रक्रिया (Pre-Trial Process)

पुर्पक्षपूर्वको चरणमा शङ्कित वा अभियुक्तको स्वतन्त्रतालाई अपराधको अनुसन्धान गर्ने अधिकारीले निलम्बन गर्न सक्छन् तर यस्तो निलम्बन गर्ने कार्य कानुनसङ्गत, उचित र पारदर्शी हुनुपर्छ। कानुनले तोकेको सीमामा रहेर मात्र कसुरको आरोपमा मानिसलाई पक्राउ गर्न सकिन्छ।

मुद्दा दायर हुनुपूर्वको प्रक्रिया निम्न वमोजिम हुने गर्दछ:

**अभियोगपत्र**

- **स.मु.स. ऐन दफा १८**: सरकारी वकिलले अभियोगपत्र तयार गर्ने ।
- **स.मु.स. नियमावली, अनुसूची १३** = अभियोगपत्रको ढाँचा ।

**खानतलासी**

- **स.मु.स. ऐन दफा १०** = प्रक्रिया ।
- **अ.बं. १७२** = आवश्यक प्रक्रिया पूरा गरी एक प्रति अदालतमा पठाउनुपर्ने ।

**नाबालकसम्बन्धी**

- **बालबालिका सम्बन्धी ऐन दफा ११** = आपराधिक दायित्व ।
- **बालबालिका सम्बन्धी ऐन दफा १५** = मापदण्ड

**बयान प्रमाणित**

- **जीउ मास्ने बेच्ने ऐन** = दफा ६ (१)

**वयान/कागज मापदण्ड/प्रक्रिया**

**अभियुक्तको**:
- संविधान धारा १४ (३)
- स.मु.स.ऐन दफा ९
- प्रमाण ऐन दफा ९

**रोहवरमा कागज**:
- अ.बं. २४ नं., २५ नं.

**ठाडो कागज**:
- स.मु.स. दफा ९ (२)

**म्याद थप प्रक्रिया**

- **संविधानको धारा १४ (५) (६)**
- **स.मु.स. ऐन, दफा १५ (२), (३) र (४)**

**पक्राउसम्बन्धी मापदण्ड/प्रक्रिया**

- संविधानको धारा १५ (५), १५
- स.मु.स. ऐन, दफा १४ (१)
- स.मु.स.नि. ९ (१)

} **कारणसहितको पक्राउ पुर्जी**

- **अ.बं ११६** = पक्राउ गर्ने प्रक्रिया
- **अ.बं. ११७** = महिलालाई पक्राउ गर्ने प्रक्रिया

## १.२. मुद्दा पुर्पक्षको प्रक्रिया (Trial Process)

वस्तुगत प्रमाणहरूको न्यायिक परीक्षण, अभियुक्तका प्रतिरक्षात्मक दाबीको स्वच्छतापूर्वकको सुनवाइ र कसुर भए/नभएको निरूपण नै यस चरणमा हुने कार्य हुन्। यस चरणमा पुर्पक्षपूर्वका चरणमा अभियुक्तका अधिकारको हनन र संरक्षणको अवस्थाको मूल्याङ्कन र पुनरावलोकन पनि हुन्छ। कसुरको निरूपणपछि सजायको निर्धारणसम्म यो चरण कायम रहन्छ।

**कारण सहितको थुनुवापुर्जी**

- **अ.बं. १२१ नं.** = कारणसहितको थुनुवापुर्जी दिएर मात्र थुन्नुपर्ने।

**महिला तथा नाबालकका सम्बन्धमा**

- **अ.बं. १३४ नं.** = महिला उपर शिष्ट व्यवहार।
- **बालबालिका ऐन दफा १९** = कानुनव्यवसायीको अनिवार्य प्रतिनिधित्व।
- **बालबालिका ऐन दफा ५० (१)** = थुनामा नराखी पुर्पक्ष गर्न सकिने।

**थुनछेकका सम्बन्धमा**

- **अ.बं. ११८ नं.** = थुनामा, धरौटमा र साधारण तारेखमा राख्ने।
- **जि.मा.वे.ऐन दफा १०** = थुनामा राख्न सकिने विशेष व्यवस्था।
- **वन ऐन दफा ६४** = थुनामा राख्न सकिने विशेष व्यवस्था
- **विशेष अदालत ऐन दफा ७** = थुनामा राख्न सकिने विशेष व्यवस्था।

**अदालतको बयान**

- **अ.बं. १२७ नं.** = हाजिर हुनासाथ बयान गराउने।
- **न्याय प्रशासन ऐन दफा २४** = न्यायाधीशले बयान गराउने

**इजलास व्यवस्था**

- **अ.बं. ६ नं.** = खुल्ला इजलास
- **ज.क. महल १० (ख)** = बन्द इजलास
- **बालबालिका सम्बन्धी ऐन दफा ४९** = बन्द इजलास

## १.३. फैसलापश्चात् (Post Trial)

पुर्पक्षको चरणको समाप्तिले अभियुक्त कि त निर्दोष रहेको किटान हुन्छ कि त दोषी ठहरेर सजायको दायित्वको भागीदार बन्न पुग्छ। यसैले पुर्पक्षोत्तरको चरणमा पनि स्वच्छ पुर्पक्षका अधिकार र मापदण्डको अर्थ रहन्छ।

*स्रोत : जिल्ला अदालत सन्दर्भपुस्तिका, कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) पेज ५३ देखि ६१ सम्म, २०६०, भक्तपुर*



# २ पक्राउ र थुना

## २.१. पक्राउ र थुनासम्बन्धी व्यवस्था

कानुनले नगर्नु भनेको कार्य गरेमा वा गर्नु भनेको कार्य नगरेमा सजायको व्यवस्था कानुनले गरेको हुन्छ। कानुनले निषेध गरेको कार्य वा अर्को शब्दमा अपराध गरेमा त्यस्तो व्यक्तिलाई पक्रने र थुनामा राख्ने अधिकार राज्यलाई हुन्छ। गैर कानुनी र स्वेच्छाचारी पक्राउलाई कानुनले निषेध गरी पक्राउ गर्दाको विधि किटान गरेको हुन्छ। व्यक्तिका विरुद्धमा प्रमाणको भार पुऱ्याउने दायित्व कानुनले नै राज्यलाई तोकेको छ। अतः यो दायित्व लिए वापत राज्यले अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न पाउँछ।

### जथाभावी गिरफ्तारी र थुनाविरुद्ध संरक्षण

अपराध गरेको आशंकामा अभियुक्तलाई गिरफ्तार गरेर थुनामा लिने कार्यले उसलाई स्वतन्त्रताबाट वञ्चित गराउँछ। अभियुक्त निर्दोष वा दोषी जे पनि हुन सक्छ। फौजदारी कानुनको मूल मान्यता १० अपराधी छुटून् तर एक निर्दोषले सजाय भोग्नु नपरोस् भन्ने रहेको छ। यसैले कसुर गरेको आरोपमा अभियुक्तलाई पक्राउ गर्ने काम दोषी सावित हुनका लागि चाहिने गहन भौतिक एवं वस्तुनिष्ट सबुत प्रमाणको संकलनभन्दा पछिल्लो प्राथमिकताको विषय मानिनु पर्छ। गिरफ्तारी र थुनछेक गर्दा कानुनको सीमालाई अत्यधिक सतर्कतासाथ पालना गर्नुपर्दछ। त्यसैले मानिसको स्वतन्त्रताको हरण गर्ने कुरालाई अत्यन्त गहन विषय मान्न जरुरी हुन्छ। थुना जहिले पनि प्रयोग गरिने उपाय होइन। यो अन्तिम विकल्प मात्र हो।

अभियुक्तलाई पक्राउ गर्नु र थुनामा राख्नु पर्ने कानुनी औचित्य सीद्ध हुनु पर्दछ। निजलाई न्यायिक अधिकारीकोआदेशले मात्र थुनालाई नियमित गरिनु पर्दछ भन्ने स्वतन्त्रता रक्षा गर्ने सिद्धान्तको आधारस्तम्भ हो। जथभावी गिरफ्तारी र थुनछेकबाट बचाउ स्वच्छ पुर्पक्षको मुख्य मापदण्ड हो।

## संवैधानिक व्यवस्था

| | |
|---|---|
| कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको व्यक्तिगत स्वतन्त्रता अपहरण हुने छैन। | *नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ (२)* |
| तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन। | *नेपालको अन्तरिम संविधान २०६३ को धारा २४(४)* |
| पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयमा नै आफूले रोजेको कानुनी व्यवसायीसँग सल्लाह लिन पाउने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ र त्यस्तो व्यक्तिलाई आफ्नो कानुन व्यवसायीद्वारा पूर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन। | *नेपालको अन्तरिम संविधान २०६३ को धारा २४ (२)* |



## कानुनी व्यवस्था

सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम ९(१) को पक्राउमा परेको व्यक्तिलाई पक्राउपुर्जी अनिवार्य रूपमा दिनुपर्ने र नियम ९ (२) को पक्राउ गर्ने मनासिव आधार नदिएका अवस्थामा पक्राउ नगरीकन अनुसन्धान अगाडि बढाउनुपर्ने व्यवस्थाले पनि यही मान्यतालाई अङ्गीकार गरेको छ। मुलुकी ऐन, २०२० को अदालती बन्दोबस्तको १२१ नम्बरले गरेको कानुनको दफा खुलेको थुनुवापुर्जी दिनुपर्ने व्यवस्था पनि यही सिद्धान्तमा आधारित छ।

मुलुकी ऐन, २०२०, अदालती बन्दोबस्तको ११६ र ११७ नम्बरले जथाभावी गिरफ्तारी र थुनछेकलाई नियमित गर्नेबारेमा व्यवस्था गरेका छन्।

> ११६ नं. - वारेन्ट जारी गरी पक्रनुपर्ने मानिसलाई र हतियार खजानासम्बन्धी मुद्दाका अभियुक्तलाई घरभित्र पसी पक्रन पर्दा जुनसुकै बखतमा भए पनि पक्रनुपर्ने मानिस भाग्न नपाउने गरी बाटो रोक्का गरी जनाउ दिई घर भित्र पसेर पक्रन हुन्छ। लेखिएदेखि बाहेक अरु मानिसलाई पक्रनु पर्दा घरको चोक-आँगनसम्म गई पक्रन हुन्छ। सो ठाउँसम्म जाँदा पक्राउ हुन सकेन भने जनाउ दिई सूर्योदयदेखि सूर्यास्तसम्ममा घरभित्र पसेर पनि पक्राउ गर्न हुन्छ।
>
> ११७ नं. - स्वास्नी मानिसलाई पक्रन पठाउनु पर्दा स्वास्नीमानिस सिपाही भएका अड्डाले स्वास्नीमानिस सिपाही र नभएको अड्डाले दुई जना सिपाही पठाई डाकी ल्याउनुपर्छ। लोग्ने मानिसले हात हाली पक्रन हुँदैन। नआई अडिई भने मात्र नाडीमा समाई ल्याउनुपर्छ।
>
> १२१ नं. - मुद्दाको सम्बन्धमा जुनसुकै व्यहोराले थुनामा राख्दा यस्तो अभियोगमा यस कानुनको यो नम्बर दफा अनुसार थुनामा राखिएको हो भनी सो थुनामा राखिने व्यक्तिलाई कारण खोली पूर्जी नदिई थुनामा राख्न हुँदैन। सम्बन्धित पक्षको निवेदन नपरे पनि पुनरावेदन सुन्ने अड्डाले थुना गैर कानुनी वा वेरीत हो वा होइन भनी जाँचबुझ गर्न र गैरकानुनी वा वेरीत देखिएमा कानुन बमोजिम उपयुक्त आदेश दिन सक्नेछ।

*मुलुकी ऐन, २०२० (अदालती बन्दोबस्तको महल)*

## विनावारेन्ट पक्राउ

नेपालको कार्यविधि कानुनले कुन-कुन मुद्दामा अभियुक्तलाई विना वारेन्ट पक्रन सक्दछ भन्ने स्पष्ट व्यवस्था गरेको छैन। विना वारेन्ट पक्राउ गर्ने अधिकार अनुसन्धान निकायहरूलाई सजिलो पार्ने हिसाबले मात्र निम्न ऐनहरूमा व्यवस्था गरिएको छ। विना वारेन्टको पक्राउले स्वेच्छाचारी गिरफ्तारी र थुनालाई प्रोत्साहन दिन सक्छ भन्ने पक्षमा ध्यान पुग्न सकेको छैन।

क) प्रहरी ऐन, २०१२ को दफा १७।

ख)	सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १४

ग)	आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६२ को दफा ५

घ)	केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ र दफा ३

ङ)	वन ऐन, २०४९ को दफा ५९

च)	विष्फोटक पदार्थ ऐन, २०१८ को दफा ७

छ)	लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ८

ज)	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २५

यस बारेमा अमेरिकी अभ्यासमा भने विनावारेन्ट गिरफ्तारी गर्न नपाउने कुरालाई संवैधानिक प्रावधानको हाराहारीमा राखिएको छ । "वारेन्ट भनेको जनताको हकमा सरकारविरुद्धको संरक्षण हो" भन्दै यसलाई सम्वैधानिक प्रत्याभूतिको रूपमा ग्रहण गरेको पाइन्छ । (*स्याजवर्ग, १९८८:४४, स्वच्छ पुर्पक्षका मापदण्ड, सेलर्ड, २०६१*) बाट साभार ।)

**नजिर**

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५(२) मा अनुसन्धानको सिलसिलामा थुनामा राखी तहकिकात गर्न अदालतसँग अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग त्यसको आधार निजलाई थुनामै राखी तहकिकात गर्नुपर्ने कारण र निजको बयान कागज भइसकेको भए सो स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने र अदालतले म्याद थप गर्दा पनि भैरहेको अनुसन्धान तहकिकात सन्तोषजनक छ छैन विचार गरेर मात्र थुनामा राखी तहकिकात गर्ने अनुमति दिनुपर्ने । अनुसन्धान तहकिकातको सिलसिलामा थुनामा राख्नु पर्ने व्यक्तिले सोको आधार र कारण खोल्नु पर्ने, अदालतले पनि त्यस्तो आधार र कारण सन्तोषजनक भए मात्र थुनामा राख्न अनुमति दिई पर्चामा उल्लेख गर्नुपर्ने । (*माया पाठक वि. गृह मन्त्रालय समेत, मुद्दा बन्दी प्रत्यक्षीकरण, ने.का.प. २०५३ अंक ४, नि.नं. ६१८२ पृ. ३३४*) । त्यसैगरी *पूण्यप्रसाद काफ्ले वि म्याग्दी जिल्ला अदालत* को मुद्दामा सर्वोच्च अदालतले "कुनै पनि व्यक्तिलाई यो यस अभियोगमा यस कानुनको आधारमा पुर्पक्षको लागि थुनामा राख्नु भन्ने अधिकारप्राप्त निकायबाट स्पष्ट र किटानी आदेश बेगर थुनामा राख्नु कानुनसंगत नहुने, विना आधार थुनामा राख्नु भनी लेखेको पत्र गैर कानुनी" (*ने.का.प. २०५२, अंक १, नि.नं. ५०३३, पृ. ४२*) हुने प्रष्ट्याएको छ ।

सेलर्डले गरेको एक अध्ययन बमोजिम वर्तमान कानुनी व्यवस्था अनुसार जाहेरीमा शंका वा किटान गरी उल्लेख गरिएका व्यक्तिलाई अभियुक्तका रूपमा पक्राउ गरिन्छ । कानुनी व्यवस्था प्रतिकुल पक्राउ गरिएका सबै व्यक्तिलाई पक्रनुपूर्व पक्राउपुर्जी जारी गरिएको हुँदैन । कानुनतः जाहेरीमा उल्लिखित सबै व्यक्तिको नाम गोप्य नै राखेर त्यस्तो संदिग्ध व्यक्तिउपर निश्चित तहको अनुसन्धान गरिसकेपछि मात्र निजलाई पक्राउ गर्नु पर्ने व्यवस्था पाइन्छ । यद्यपि कुनै व्यक्ति अपराधमा संलग्न छ भन्ने प्रर्याप्त प्रमाणद्वारा प्रमाणित भएपछि मात्र त्यस्तो व्यक्तिलाई पक्राउ गर्नुपर्छ भन्ने सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले गरेको व्यवस्था व्यवहारमा लागू भएको पाइदैन । पहिले शँका गरिन्छ, त्यसपछि प्रमाण खोजिन्छ । [*स्वच्छ पुर्पक्षका मूलभूत मापदण्डसम्बन्धी मार्गदर्शन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रावधानको सक्षिप्त विवेचना, कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड), पृ. १७-१८, २०६१ माघ, काठमाडौं*]

## *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ९*

  कसैलाई पनि जथाभावी गिरफ्तार र थुनछेकको भागीदार बनाइनेछैन। कानुनले स्थापना गरेका आधार तथा कार्यविधिबमोजिम बाहेक कसैलाई पनि निजको स्वतन्त्रताबाट वञ्चित गरिने छैन।

- *मानवअधिकारको विश्वव्यापी घोषणापत्र, २०४८ को धारा ९*

  कसैलाई पनि जथाभावी पक्राउ, थुनछेक वा देश निकालाको भागीदार बनाइनेछैन।

- *जुनसुकै स्वरूपको थुनछेक वा कैदसजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्त संग्रह, १९८८ सिद्धान्त १०*

  पक्राउ गरेको हरेक व्यक्तिलाई पक्राउ गरेकै समयमा पक्राउ गर्नाको कारण खोली जानकारी दिइनेछ र निजविरुद्धको अभियोगको यथाशीघ्र जनाउ दिइनेछ।

  *ऐ. को सिद्धान्त ११*

  १. न्यायिक वा अन्य अधिकारीबाट अविलम्ब सुनुवाइ हुने प्रभावकारी अवसर नदिने गरी कसैलाई पनि थुनामा राखिनेछैन। थुनिएको व्यक्तिलाई कानुनले तोके अनुसार प्रतिरक्षा गर्ने परामर्शदाताहरूको सहयोग पाउने अधिकार हुनेछ।

  २. थुनिएको व्यक्ति वा निजको परामर्शदाता भए परामर्शदाताले समेत कारणसहितको थुनछेकको कुनै पनि आदेशको जनाउ पाउनेछन्।

  *ऐ. को सिद्धान्त १६*

  १. पक्राउको लगत्तै पछि र थुनछेक वा कारावासको हरेक स्थानान्तरणपछि थुनिएको वा कैद ठेकिएको व्यक्तिलाई निजको पक्राउ, थुनछेक वा कारावास वा स्थानान्तरण वा हिरासतमा राखिएको स्थानको बारेमा निजको परिवार वा इच्छाएका उपयुक्त व्यक्तिहरूलाई सूचित गर्ने वा सक्षम अधिकारीद्वारा त्यस्तो सूचना गराइ पाउने हक हुनेछ।

**प्रतिपादित सिद्धान्तः**

- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धको धारा ९(१) ले यक्तिको सुरक्षासम्बन्धी अधिकारको दायरालाई फराकिलो पारेको छ। अर्थात्, यसले व्यक्तिको स्वतन्त्रता कुण्ठित तुल्याइने औपचारिक कारवाई बाहेकका सन्दर्भलाई पनि समेट्दछ। *(Communication No. 711/1996, Dias v. Angola (Views adopted on 20 March 2000), in UN doc. GAOR, A/55/50 (vol. II), p. 114, para. 8.3.)*

- नागरिक तथा राजनीतिक अनुबन्धको धारा ९ द्वारा प्रत्याभूत गरिएको व्यक्तिको स्वतन्त्रता एवं सुरक्षाको अधिकारको सम्मानका लागि पक्षकार राज्यहरुले उचित एवं उपर्युक्त मापदण्डको व्यवस्था गरी मानवअधिकारको संरक्षण गर्नुपर्दछ। *(Communicatin No. 195/1985, W. Delgado Paez v. Colombia (Views adopted on 12 July 1990), in UN doc. GAOR, A/45/40 (vol. II), p. 47, para. 5.5.)*

- अभियोगको जानकारी सम्म पनि नदिई तीन चार हप्तासम्म राष्ट्राध्यक्ष (President) को आदेशले थुनामा राखिएको कार्यबाट ICCPR को धारा ९(२) र ९(३) को उल्लंघन हुन गएको छ । *(Communicatin No. 414/1990, P. J. Mika Miha v. Equatorial Guinea (Views adopted on 8 July 1994), in UN doc. GAOR, A/49/40, (Vol. II), pp. 99, para. 6.5.)*
- थुनाको वैधता जाँचका लागि अदालतको वस्तुगत एवं स्वतन्त्र नियन्त्रण (objectivity and independence in the control of court) हुनुपर्दछ । *(Communicatin No. 291/1988, M. I. Torres v. Finland (Views adopted on 2 April 1990), in UN doc. GAOR, A/45/40, (vol. II), pp. 99-100, Para 7.2.)*

## २.२. थुनुवापुर्जी

### संवैधानिक व्यवस्था

| | |
|---|---|
| कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन । | *नेपालको अन्तरिम संविधान २०६३ को धारा २४ (१)* |

### कानुनी व्यवस्था

| | |
|---|---|
| • पक्राउ परेको व्यक्तिलाई पक्राउपुर्जी अनिवार्य रूपमा दिनुपर्ने र पक्राउ गर्ने मनासिब आधार नदिएका अवस्थामा पक्राउ नगरीकन अनुसन्धान अगाडि बढाउनुपर्ने | *सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५, नियम ८(१) र (२)* |
| • मुद्दाको सम्बन्धमा जुनसुकै व्यहोराले थुनामा राख्दा यस्तो अभियोगमा यस कानुनको यो नम्बर दफाअनुसार थुनामा राखिएको हो भनी सो थुनामा राखिइने व्यक्तिलाई कारण खोली पुर्जी नदिई थुनामा राख्नु हुँदैन । सम्बन्धित पक्षको निवेदन नपरे पनि पुनरावेदन सुन्ने अड्डाले थुना गैरकानुनी वा बेरीत हो वा होइन भनी जाँचबुझ गर्न र गैरकानुनी वा बेरीत देखिएमा कानुनबमोजिम उपयुक्त आदेश दिन सक्नेछ । | *मुलुकी ऐन, २०२० को अ.वं. १२१ नं.* |

- अभियुक्तलाई कुनै पनि हालतमा निजउपर लगाइएको अभियोग प्रमाणित भएमा हुनसक्ने अधिकतम कैदसजायको अवधि भन्दा बढी अवधिसम्म थुनामा राखिने छैन । *मु.ऐ. २०२०, अ.व. ११८*

## नजिर

खानी ऐनविपरीत काम गरेको भन्ने कसुरमा खानी ऐनबमोजिम कारबाही हुनुपर्नेमा सो बमोजिम कारबाही गरेको नभई वन संरक्षण (विशेष व्यवस्था) ऐन बमोजिम कारबाही गरी थुनामा राखेको मिल्ने नदेखिने ।

थुनामा राख्न पाउने अधिकारीले थुनामा राख्दा जसले थुनामा राख्ने हो, उसले रीतपूर्वकको थुनुवापुर्जी दिएको हुनुपर्ने ।

निवेदकलाई वन संरक्षण विशेष अदालतको थुनछेक आदेशले थुनामा राखेको भन्ने लिखित जवाफ भएको तर उक्त विशेष अदालतको हैसियतले थुनुवापुर्जी नदिई बन कार्यालयले थुनुवा पूर्जी दिइएको देखिँदा यस्तो थुनुवापुर्जीलाई रीतपूर्वक मान्न नमिल्ने । **[***जगदीश चुडाल विरुद्ध ताप्लेजुङ जि.व.सं. एक सदस्यीय वि.अ. समेत, ने.का.प. २०४६, नि.नं. ३७०४ अंक १, पृष्ठ ६७ (स.इ.)***]**



### *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ (३) (क)*

  आफू विरुद्धको अभियोगको प्रकृति तथा कारण निजले बुझ्ने भाषामा तुरुन्त र पूर्ण विवरणका साथ जानकारी गराउने ।
- *जुनसुकै स्वरुपको थुनछेक अथवा कैद सजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्त संग्रह, १९८८ को सिद्धान्त १०*

  पक्राउ परेको हरेक व्यक्तिलाई पक्राउ गरेकै समयमा पक्राउ गर्नाको कारण खोली जानकारी दिइनेछ र निजविरुद्धको अभियोगको यथाशीघ्र जनाउ दिइनेछ ।

**प्रतिपादित सिद्धान्तः**

- थुनुवापुर्जी वा थुनामा राख्ने म्याद वा अदालतको आदेश विनाको पक्राउ एवं थुना धारा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध (ICCPR) को धारा ९(१) प्रतिकुल हुन्छ । *(HRC, Communication No. 16/1977, D. Mongurya Mbenge et al. v. Zaire (Views adopted on 25 March 1983), in UN doc. GAOR, A/38/40 , p. 140, para. 20-21)*
- पक्राउपुर्जी, म्याद वा अदालतको आदेशको अभाव केवल राजनीतिक आस्थाको आधारमा पक्राउ गरी थुनामा राख्नु नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध ९क्ष्अऋए्च० को धारा ९(१) को उल्लंघन गर्नु हो । *(HRC, Communication No. 90/1981, L. Magana ex-Philibert v. Zaire (Views adopted on 21 July 1983), in UN doc. GAOR, A/38/40 , p. 200, para. 7.2. and 8)*
- पक्राउ पुर्जीको भाषा प्राविधिक हुनु हुँदैन, सरल हुनुपर्छ । बुझ्ने भाषा प्रयोग गरिएको अवस्थामा सो व्यक्तिले आफ्नो विरुद्ध किन कसरी अभियोग लगाइएको थाहा पाउनुका साथै सोउपर उपचार खोज्नुपर्ने भए तत्काल सो सम्बन्धी प्रक्रिया चलाउन सक्छ । *(Eur. Court HR, Case of Fox, Compbell, judgement of 30 August 1990, Series A, No. 182, p. 19, para. 40)*

## २.३. गैरकानुनी थुना

माथिल्ला उपशीर्षकहरूमा पक्राउ र थुनासम्बन्धी कार्यविधिको चर्चा गरिसकिएको छ । ती कानुन र मापदण्डप्रतिकूल पक्राउ र थुनछेक गरेमा त्यस्तो पक्राउ र थुना गैरकानुनी हुन्छ । गैरकानुनी थुनाको अवस्थामा बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता गर्न सकिन्छ । यस्तो अवस्थामा अदालतले बन्दीलाई थुनाबाट मुक्त गरिदिने आदेश दिन सक्दछ । नेपालको कानुनमा गैरकानुनी रूपमा थुनिएकोमा क्षतिपूर्ति दिने व्यवस्था छैन । हिरासतमा वा कारागारमा यातना दिइएको व्यक्तिलाई क्षतिपूर्ति दिने व्यवस्था छ । गैरकानुनी थुनछेकमा दिइने क्षतिपूर्ति (राज्य वा व्यक्तिबाट) अपर्याप्त भए पनि मु.ऐ., २०२० को बेरीतसँग थुन्दाको महलले र नागरिक अधिकार ऐन २०१२ दफा १७ (३) ले गरेको व्यवस्था व्यवहारमा प्रायः कार्यान्वयन भएको पाइदैन ।

## कानुनविपरीत थुनामा क्षतिपूर्ति

### संवैधानिक व्यवस्था

| | |
|---|---|
| १) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिनेछैन ।<br>२) उपधारा (१) वमोजिमको कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे वमोजिमको क्षतिपूर्ति दिइनेछ । | *नेपालको अन्तरिम संविधान २०६३ को धारा २६* |

### कानुनी व्यवस्था

| | |
|---|---|
| जिल्ला अदालतले यातनाको उजुरीको व्यहोरा ठीक ठहरेमा पीडित व्यक्तिलाई श्री ५ को सरकारबाट एक लाखसम्म क्षतिपूर्ति भराइदिनसक्ने निर्णय गर्न सक्नेछ । | *यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ को दफा ६* |
| ऐनले थुन्नु पर्ने मुद्दामा पक्राउ भएको मानिसलाई थुन्दा अन्न पानी समेतको खानेकुरा खानपीन दिई वा ऐन बमोजिम सिधा लगाई खान दिई मात्र थुन्नुपर्छ । सो बमोजिम नगरी वा ऐनले थुन्न नहुने मानिसलाई खानपीन दिई वा नदिई थुनेमा समेत बात लाग्छ । | *मुलुकी ऐन, २०२०, वेरितसँग थुन्दाको महल, १ नं.* |
| अन्न पानी बन्द गरी थुन्नेलाई ज्यान मरेको नभए एक दिन एक रातको पाँच रूपैया, दुई दिनको पन्ध्र रूपैयाँ, तीन दिनको तीस रुपैयाँ, चार दिनको साठी रूपैयाँ, पाँच दिनको एक सय बीस रूपैयाँ, छ दिनको दुई सय चालीस रुपैयाँ, सात दिनको चार सय अस्सी रूपैयाँ, आठ दिनको नौ सय साठी रुपैयाँ, एघार दिनदेखि प्रत्येक दिनको तीन सय रूपैयाँका दरले थपी एक्काइस दिनसम्मको छ हजार तीन सय रूपैयाँका दरले जरिवाना र जति दिन थुनेको हो उति दिनसम्म कैद गर्नुपर्छ । सो थुन्दा नेल चमोट हाली वा ठिंगुरा ठोकी थुनेको भए लेखिएका सजायको सवाई र हतकडी वा गलफन्दी समेत हाली थुनेको भए डेढी बढाई सजाय गर्नुपर्छ । लेखिए बमोजिम गरी जोसुकैले नाबालकलाई र लोग्ने मानिसले स्वास्नी मानिसलाई थुनेकोमा माथि लेखिएको जरिवानाको दोब्बर बढाई सजाय गर्नुपर्छ । | *मुलुकी ऐन, २०२०, वेरितसँग थुन्दाको महल, ३ नं.* |

ऐनले थुनामा राख्न हुनेमा बाहेक कसैले कसैलाई खानपीन दिई थुनेमा जति दिन थुनेको छ उति दिनको महिना एकको एक सय पचास रूपैयाँका दरले, नेल चमोट हाली वा ठिंगुरा ठोकी थुनेकोमा तीन सय रूपैयाँका दरले र हतकडी गलफन्दी हाली थुनेकोमा चारसय पचास रूपैयाँका दरले जरिवाना र जति दिन थुनेको छ उति दिनसम्म कैद गर्नुपर्छ। लोग्नेमानिसले स्वास्नी मानिसलाई वा जोसुकैले नाबालक वा सरकारी कर्मचारीलाई थुनेकोमा भने माथि लेखिएको सजायको दोब्बर सजाय गर्नुपर्छ।

*मुलुकी ऐन, २०२०, बेरितसँग थुन्दाको महल, ४ नं.*

कसैले कसैको यस ऐनद्वारा प्रद्धत अधिकारमा आघात गरेमा अवस्था हेरी सम्बन्धित अदालतले ठहर गरे बमोजिमको क्षेतिपुर्ती अधिकार आघात भएको व्यक्तिलाई दिनुपर्नेछ।

*नागरिक अधिकार ऐन, २०१२ को दफा १७ (३)*

मानव अधिकारको उल्लङ्घन गरी कसैलाई गैरकानुनी रुपमा थुनामा राखीएकोमा (अवस्था र अवधिका आधारमा) प्रत्येक दिनको एक सय देखि दुईसय रुपैयाँसम्म क्षेतिपुर्ती निर्धारण गर्नुपर्नेछक।

*रा.मा.आ. (उजुरी, कारबाही तथा क्षेतिपूर्ति निर्धारण नियमावली, २०५७ को नियम १८*

## नजिर

पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको मितिले बाटाको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराई म्याद थप लिनुपर्ने बाध्यात्मक कानुनी व्यवस्था गरेको पाइने।

संवैधानिक व्यवस्थाअनुसार प्रत्यर्थी जिल्ला प्रहरी कार्यालयलाई पक्राउ परेको मितिबाट बाटाको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराई त्यस्तो अधिकारप्राप्त अधिकारीको अनुमति लिएर मात्र २४ घण्टा भन्दा बढी थुनामा राख्न पाउने।

नेपालको अधिराज्यको संविधान, २०४७ ले पक्राउ गरिएको र थुनामा राखिएको व्यक्तिलाई बाटाको म्यादबाहेक चौबीस घण्टाभन्दा बढी मुद्दा हेर्ने अधिकारीको आदेशले बाहेक थुनामा राख्न नमिल्ने हुँदा चौबीस घण्टाको अवधि नाघ्ना साथ त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीको आदेशले बाहेक थुनामा राखिएको छ भने त्यस्तो थुनामा राखेको गैरकानुनी हुन जाने।

कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्ने दायित्व नेपाल अधिराज्यको

संविधानले सर्वोच्च अदालतलाई असाधारण अधिकार प्रदान गरी सुम्पिएको छ र त्यस्तो व्यक्तिको वैयक्तिक स्वतन्त्रता कानुनविपरीत अपहरण गरी थुनामा राखेको छ भने त्यस्तो गैर कानुनी थुनाबाट मुक्त गराई वैयक्तिक स्वतन्त्रताजस्तो अमूल्य हक प्रचलन गराउने दायित्व सर्वोच्च अदालतको हो ।

संविधानले प्रदान गरेको वैयक्तिक स्वतन्त्रतातर्फ व्याख्या गर्दा वैयक्तिक स्वतन्त्रता अपहरण गर्ने पक्षतर्फ नभई वैयक्तिक स्वतन्त्रता कायम गर्नेतर्फ नै अदालतको व्याख्या हुनुपर्दछ र वैयक्तिक स्वतन्त्रताको सम्बन्धमा संविधानमा जेजस्तो शब्द प्रयोग भएको छ ती शब्दहरूको शाब्दिक अर्थ जेजस्तो निस्किन्छ सोही अर्थ लगाउन पर्ने ।

अदालतबाट पछि थुनछेकको आदेशबाट थुनामा रहेको कारणबाट अघिल्लो गैरकानुनी थुनालाई मान्यता दिने हो भने संविधानले प्रदान गरेको वैयक्तिक स्वतन्त्रतासम्बन्धी मौलिक हक नै निष्प्रयोजन हुन गई कुण्ठित हुन जाने । [*श्याम भन्ने बजरंग चैतन्य ब्रम्हचारी वि. जि.प्र.का. धनुषासमेत, ने.का.प. २०४८, नि.नं. ४२५८, अं. २, ३, ४ पृ. ६० (स.इ.)*]

न्यायिक जाँचबुझको सिलसिलामा तिलु घलेसँग प्रहरीको विभिन्न स्थलको हिरासतमा रहँदा मिति २०५०।६।६ गते देखि नै पक्राउ गरी प्रहरीले हिरासतमा राखेको भनी कागज गरी दिने कान्छा जाख्वा, सागर तामाङ लक्ष्मी कपाली लगायतका व्यक्तिले गरी दिएको कागज काठमाडौं जिल्ला अदालतका श्रेस्तेदारबाट भएको न्यायिक जाँचबुझको प्रतिवेदन समेतबाट तिलु घलेलाई मिति २०५०।६।६ देखि नै पक्राउ गरी प्रहरीले विभिन्न ठाउँमा चलान गर्दै हिरासतमा राखेको भन्ने पुष्टी हुन आयो । प्रहरी उपरिक्षक रेवत बहादुर थापाले यस अदालतका संयुक्त इजलास समक्ष २०५०।६।१७ गते मात्र निवेदक तिलु घलेलाई पक्राउ गरेको हो भनी गरेको बयान विश्वसनिय मान्न नमिल्ने -प्र.नं. ३०)

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(६) बमोजिम पक्राउ गरिएको वा थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्याद बाहेक चौविस घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई हिरासतमा राख्न म्याद थप लिनुपर्नेमा सो नगरी गैर कानुनी रूपमा थुनामा राखेको देखिएकोले बन्दी प्रत्यक्षीकरणको आदेशबाट निजलाई मुक्त गर्नु पर्नेमा मिति २०५०।७।१७ गतेमा यस अदालत संयुक्त इजलासको आदेशबाटै हाल हाजिर जमानिमा छुटी रहेको देखिएकोले बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी रहन नपर्ने । (प्र.नं.३०)

काठमाडौं जिल्ला अदालतमा विचाराधिन रहेको लागू औषधका प्रतिवादी कुमार बरुवालको पोलको आधारमा काठमाडौं जिल्ला अदालतबाट बन्दी तिलु घलेलाई म्याद थप लिई प्रहरी प्रतिवेदनमा निज उपर लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को (घ) (च) अनुसार अभियोग लगाई सोही ऐनको दफा १४ को (१) को (छ) को उपदफा (१) अनुसार सजायको माग दावी गरेको देखिएको र मिति २०५०।६।१५मा पक्राउ परेको कुमार बरुवालले मिति २०५०।६।१७ मा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानको कागजमा तिलु घलेबाट रु ५००।- मा एक ग्राम लागू औषध हिरोइन खरिद गरेको भन्ने

उल्लेख गरेको छ तापनि निजले तिलु घलेबाट मिति २०५०।६।६ अगाडी नै उक्त हिरोइन खरिद गरेको हो भन्न सकेको देखिदैन । तिलु घले मिति २०५०।६।६ मा पक्राउ परेपछि सोभन्दा पछि खरिद गर्ने स्थिति पनि नहुँदा गैर कानुनी रूपमा हिरासतमा राखिएको तिलु घलेलाई मुद्दा चलाउने दृष्टि मनसायले अपराधमा संलग्न गराउने अठोट राखी लागू औषध मुद्दामा कारवाही चलाएको कानुन संगत भन्न नमिल्ने -प्र.नं. ३०)

[*तिलु घलेको हकमा चिजकुमारी घले वि. जि.प्र.का. काठमाडौं समेत ने.का.प. २०५१, अंक ११, ,नि.नं. ५००७, पृ.८८०*]

## *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६* को *धारा* १४
  कानुनअसङ्गत गिरफ्तारी वा थुनछेकबाट पीडित जोसुकै व्यक्तिलाई क्षतिपूर्तिको प्रचलनशील अधिकार हुनेछ ।
- *जुनसुकै स्वरुपको थुनछेक वा कैद सजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्तसंग्रह,* १९८८ *को सिद्धान्त ७ (१)*
  यी सिद्धान्तहरूमा रहेका अधिकार र कर्तव्यको विपरीत हुने कुनै पनि कार्यलाई राज्यहरूले कानुनद्वारा निषिद्ध गर्नुपर्छ, यस्ता कार्यमा उपयुक्त दण्डभार (स्याङ्कसन) कायम गर्नुपर्छ र तत्सम्बन्धी उजुरउपर निष्पक्ष अनुसन्धान गर्नुपर्छ ।

### प्रतिपादित सिद्धान्त

- राज्यले अन्तर्राष्ट्रिय कानुनका फाइदाहरू नागरिकहरूलाई प्रदान गर्नुपर्दछ । अदालतमा न्यायिक निरूपणका लागि आउने गैरकानुनी थुनाका मुद्दाहरूको निरूपणमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९६६ का व्यवस्थाहरूमा ध्यान दिनुपर्दछ । *(हेर्नुहोस्* ***Weerawansa V. Attorney General of Srilanka****, Mario Gomez, The Domestic Application of International Human Rights Norms; Summary of Some cases, Hongkong University, Facilty of Law, 2001, Page 70)*
- प्रष्ट कानुनको अभावमा राखिएको थुना गैरकानुनी थुना मान्नुपर्दछ । *(Inter-Americian Court HR, Gangaram Panday Case v. Suriname, judgement of January 21, 1994, in OAS doc. OAS/Ser.L/V/III.31, doc. 9, Annual Report of the Inter-American Court of Human Rights 1994, p. 32, para. 47; emphasis added.)*
- फौजदारी अभियोगमा पक्राउ गरी थुनामा राख्दा सर्वप्रथम थुनामा राख्ने आदेश गर्ने निकायको वैधता हेर्नुपर्दछ । सोको अभावमा गरिएको थुना प्रष्टतः गैरकानुनी हुन्छ र यसबाट स्वच्छ पुर्पक्षसम्बन्धी मापदण्ड समेतको विपरित हुन्छ । *(HRC, Communication No. 248/1987, G. Campbell v. Jamaica (Views adopted on 30 March 1992), p. 246, para. 6.3)*

## २.४. वकिलको भूमिका

*पक्राउ र थुनाबाट मान्छेको स्वतन्त्रताहरण हुने अवस्था भएकाले यी अवस्था संवेदनशील हुन्छन् । कानुनी सहायताकर्मी वकिलले आफ्नो पक्ष पक्राउ पददिखि सजाय भुक्तानी हुँदा सम्ममा थुनाको वैधतामा चनाखो रहनुपर्दछ । अगाडि नै पक्राउ गरेर पछि म्याद थप गर्न लाने वा पछि मात्र पक्रिएको देखाउने प्रवृत्ति व्यापक छ । यस्तो अवस्थामा वास्तविक पक्रिएको समय र रेकर्डमा देखाइएको समयबीचमा व्यक्ति गैरकानुनी रुपमा थुनामा रहेको हुन्छ । विशेष गरी निम्न लिखित कुराहरुमा ध्यान दिनुहोस् :*

- *तपाईको पक्षलाई गैरकानुनी ढंगले पक्राउ र थुना गरिएको त छैन् ?*
- *तपाईको पक्षलाई थुनामा राख्दाका कार्यविधिहरु पालना भएका छन् छैनन् ?*
- *तपाईको पक्षलाई थुनामा रहँदा यातना त दिइएको छैन ?*
- *तपाईको पक्षलाई थुनुवापुर्जी वा कैदपुर्जी दिएको छ वा छैन ?*
- *तपाईको पक्ष थुनिनुपर्ने समय भन्दा बढी थुनिएको त छैन ?*

*तपाई के कुरामा स्पष्ट हुनुहोस् भने तपाईको पक्षलाई गैरकानुनी रुपले थुनामा राखेको वा समयभन्दा बढी थुनिएको भए के गर्न जरुरी छ ?*

# ३ वकिलसँगको सम्पर्क

फौजदारी न्यायप्रणालीमा कानुनव्यवसायीको भूमिका महत्वपूर्ण रहन्छ । पुर्पक्षको चरणमा कानुनव्यवसायीको मद्दतबाट अभियुक्तले अभियोगबाट सफाइ पाउन सक्दछ । अपराध गर्दाको परिस्थिति, उमेर आदिको पृष्ठभूमिमा सजाय कम गराउनमा पनि वकिलको भूमिका हुन्छ । वकिलहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनका ज्ञाता हुन्छन् । यसर्थ उनीहरूको सहयोगले न्यायप्रणालीमा अभियुक्तको अधिकारको संरक्षण हुन्छ । अभियुक्तको फौजदारी न्यायका विभिन्न चरणमा वकिलसँग सम्पर्क राख्न पाउने मौलिक अधिकार हो । नेपालमा यो अधिकारलाई सिद्धान्ततः स्वीकार गरिए पनि अन्तर्राष्ट्रिय मापदण्डहरूले व्यवस्था गरेको जस्तो अभियोगबारे कानुनव्यवसायीलाई जानकारी दिने, पक्रेको ४८ घण्टाभित्र वकिलसँग भेट गराउने र गोप्य वातावरणमा वकिलसँग भेटघाट गर्न पाउने व्यवस्थाको अभाव रहेको छ ।

## ३.१. संवैधानिक व्यवस्था

पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयमा नै आफूले रोजेको कानुनी व्यवसायीसँग सल्लाह लिन पाउने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ र त्यस्तो व्यक्तिलाई आफ्नो कानुन व्यवसायीद्वारा पूर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन ।

*नेपालको अन्तरिम संविधान २०६३ को धारा २४ (२) र नागरिक अधिकार ऐन, २०१२ को दफा १५ (१) (ख)*

## ३.२. कानुनी व्यवस्था

*कानुनव्यवसायीले आफ्नो पक्षले दिएको जानकारी प्रकट गर्न नहुने :*

(१) कानुनव्यवसायीले आफूलाई नियुक्त गर्ने पक्षको लिखित अनुमति नलिई आफ्नो नियुक्तिको अवस्थामा वा सो गर्ने उद्देश्यले आफ्नो पक्ष वा निजको वारिसले दिएको कुनै जानकारी वा आफूलाई थाहा भएको कुनै लिखतको व्यहोरा वा आफूले दिएको कुनै सल्लाह प्रकट गर्न हुँदैन ।

तर

(क) कुनै गैरकानुनी काम गर्ने अभिप्रायले कुनै कानुनव्यवसायीलाई दिएको कुनै जानकारी निजले प्रकट गर्न हुन्छ ।

(ख) कानुनव्यवसायीको नियुक्ति भै सकेपछि कुनै अपराध भई निजले थाहा पाएमा सो कुरा निजले प्रकट गर्न हुन्छ ।

(२) उपदफा (१) बमोजिम कानुनव्यवसायी उपर लगाइएको प्रतिबन्ध कानुनव्यवसायीको रूपमा सो पक्षद्वारा निजको नियुक्ति समाप्त भैसकेपछि पनि कायम रहनेछ र सो प्रतिबन्ध कानुनव्यवसायीको कारिन्दा, नोकर तथा दोभाषेलाई समेत लागू हुनेछ ।

(३) कुनैपक्षले आफ्नो तर्फका कुनै कानुनव्यवसायीलाई उपदफा (१) मा उल्लेख भए बमोजिमको कुनै जानकारीको सम्बन्धमा कुनै गवाही दिन लगाएमा सो उपदफाको तात्पर्यको लागि सो पक्षले त्यस्तो जानकारी वा कुरा प्रकट गर्न अनुमति दिएको मानिनेछ ।

*प्रमाण ऐन, २०३१ को दफा ४५*

कुनै व्यक्ति र निजको व्यावसायिक कानुनी-सल्लाहकारको बीचमा भएको कुरा प्रकट गर्न पक्षलाई कर नलाग्ने । कुनै व्यक्ति र निजको व्यावसायिक कानुनी सल्लाहकारको बीचमा केकस्ता कुरा वा जानकारी आदान प्रदान भयो भनी प्रकट गर्न सो व्यक्तिलाई कर लगाइने छैन । तर निजले त्यस्तो कुनै जानकारी आफै अदालतमा प्रकट गर्न चाहेमा त्यसलाई स्पष्ट गर्न अदालतले आवश्यक ठहराएको तत्सम्बन्धी अन्य कुनै कुरा निजले प्रकट गर्नु पर्नेछ ।

*प्रमाण ऐन २०३१, दफा ४६*

वरिष्ठ अधिवक्ता तथा अधिवक्तालाई सर्वोच्च अदालत लगायत नेपालका जुनसुकै अड्डा अदालत वा अधिकारीका समक्ष आफ्नो पक्षका तर्फबाट उपस्थित हुने, पैरवी गर्ने र बहस गर्ने अधिकार हुनेछ ।

*नोट : अधिवक्तालाई सर्वोच्च अदालत बाहेकका अन्य अड्डा अदालतमा सोही बमोजिमको हक हुनेछ ।*

*कानुन व्यवसायी परिषद् ऐन, २०५०, दफा २२*



कानुनव्यवसायी आचारसंहिता, २०५१ ले कानुनव्यवसायीले पालना गर्नुपर्ने पेसागत आचरणको व्यवस्था गरेको छ । जसअन्तर्गत कानुनव्यवसायीको पक्षसँग, विपक्षी वकिलहरूसँग र अदालतसँग गरिने व्यवहारको सन्दर्भमा मार्गदर्शन गरेको छ ।

### *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ (३) (ख) र (घ)*

  (ख) आफ्नो प्रतिरक्षाको तयारीका लागि पर्याप्त समय एवं सरसुविधा पाउने र आफूले रोजेको कानुनी सल्लाहकारसँग कुराकानी गर्न पाउने ।

  (ग) आफ्नो उपस्थितिमा पुर्पक्ष हुने र आफै वा रोजेको कानुनी सहायतामार्फत प्रतिरक्षा गर्न पाउने, कानुनी सहायता नभएमा यो अधिकारको जानकारी पाउने, र न्यायको हितले आवश्यक भएमा जुनसुकै मामिलामा निजका हकमा कानुनी सहायता पाउने र निजसित पर्याप्त स्रोतसाधन नभएमा यस्तो कुनै पनि मामिलामा कानुनी सहायता निःशुल्क हुने ।

- *जुनसुकै स्वरूपको थुनछेक वा कैद सजाय अन्तरगतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्त संग्रह, १९८८ को सिद्धान्त १७*

  १) थुनामा रहेको व्यक्तिलाई कानुनी सल्लाहकारको सहयोग प्राप्त गर्ने अधिकार

रहनेछ। गिरफ्तारीको तत्कालपछि निजलाई सक्षम अधिकारीले निजको अधिकारबारे सूचित गर्नेछ र त्यसलाई कसरी प्रयोग गर्ने भन्नेबारे मनासिव सुविधाहरू दिइनेछ।

२) गिरफ्तारी भएको व्यक्ति सँग आफ्नो वकिल नभएको अवस्थामा, न्यायिक वा अन्य अधिकारीहरूले निजलाई सबै मुद्दाहरूमा कानुनी सल्लाहकार निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाउने छ। यदि निजसँग शुल्क तिर्न पर्याप्त श्रोत छैन र न्यायको हितमा यो आवश्यक रहेछ भने।

- *जुनसुकै स्वरूपको थुनछेक वा कैद सजाय अन्तरगतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्त संग्रह, १९८८ को सिद्धान्त १८*

१) हिरासतमा वा थुनामा राखिएको व्यक्तिलाई आफ्नो कानुनी सल्लाहकारसँग सल्लाह र विचार आदान प्रदान गर्न पाउने अधिकार हुनेछ।

२) हिरासतमा वा थुनामा राखिएको व्यक्तिलाई आफ्नो कानुनी सल्लाहकार सँग छलफल गर्न प्रशस्त समय र सुविधाहरू उपलब्ध गराइनेछ।

३) हिरासतमा वा थुनामा राखिएको व्यक्तिले आफ्नो कानुनी सल्लाहकार सँग विना कुनै ढिलाई वा परीक्षण र गोप्य तवरले भेट्न पाउनेछ र यस्तो सुविधा अपवाद मानिएको घटनाक्रम जस अन्तर्गत सुरक्षा र सुव्यवस्था कायम राख्ने उद्देश्यले न्यायिक वा अन्य अधिकारीले निलम्वन गर्न अथवा संकुचित गर्न सक्नेछ तर सो कुरा कानुन वा नियम बमोजिम मात्र हुनेछ।

४) थुनामा वा हिरासतमा रहेको व्यक्ति र निजको कानुनी सल्लाहकार बीचको छलफल कानुन कार्यान्वयन गर्ने अधिकारीको नजरमा नै हुनेछ तर कुरा नसुनिने दूरी राख्नु जरुरी हुनेछ।

५) हिरासतमा वा थुनामा रहेको व्यक्ति र निजको कानुनी सल्लाहकार बीच भएका कुराहरू कुनै भइरहेको अपराध वा नियोजित अपराधसँग सम्बन्धित रहको अवस्थामा वाहेक निजका विरुद्ध प्रमाणस्वरूप पेस गरिने छैन।

- *जुनसुकै स्वरूपको थुनछेक वा कैद सजाय अन्तरगतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्त संग्रह, १९८८ को सिद्धान्त २३*

१) हिरासतमा वा थुनामा राखिएको कुनै व्यक्तिलाई गरिएको सोधपुछहरू बीचको अन्तराल र सोधपुछ तथा सोधपुछ गर्ने अधिकारी एवं उपस्थित अन्य व्यक्तिहरूको परिचयको अभिलेख राखिनेछ र कानुनले निर्धारित गरेबमोजिमको ढाँचामा प्रमाणित गरिनेछ।

२) कुनै पनि थुनछेक अथवा कैद गरिएका व्यक्तिले वा कानुन बमोजिम निजलाई प्रदान गरिएको उसको कानुनी सल्लाहकारले वर्तमान सिद्धान्तहरूको पहिलो अनुच्छेदमा वर्णित जानकारी प्राप्त गर्न सक्नेछ।

- *कानुनव्यवसायीको भूमिकासम्बन्धी आधारभूत सिद्धान्त, १९९० को धारा ५*

  पक्राउ वा थुनछेक वा फौजदारी कसुरको आरोपित हुँदा आफूले रोजेको कानुनव्यवसायीबाट सहयोग लिने अधिकारका बारेमा सबै व्यक्तिलाई सक्षम अधिकारीद्वारा तुरुन्तै सुसूचित गरिने कुरा सरकारहरूले सुनिश्चित गर्नेछन्।

- *कानुनव्यवसायीको भूमिका सम्बन्धी आधारभूत सिद्धान्तहरू, १९९०, सिद्धान्त ७*

  फौजदारी आरोपमा वा विना आरोप गिरफ्तार गरिएको वा हिरासतमा राखिएको व्यक्तिलाई बढीमा गिरफ्तार भएको ४८ घण्टा भित्र आफ्नो कानुनी सल्लाहकारसँग तत्काल भेटघाट गराउनु पर्ने कुरा सरकारले सुनिश्चित गर्नुपर्दछ।

- *कानुनव्यवसायीको भूमिका सम्बन्धी आधारभूत सिद्धान्तहरू, १९९०, सिद्धान्त ८*

  सबै गिरफ्तार गरिएका, थुनामा परेका र कारावास भोगी रहेका व्यक्तिहरूलाई आफ्नो कानुनी सल्लाहकारसँग भेट गर्ने, छलफल गर्ने र परामर्श गर्ने पर्याप्त मौका र समय प्रदान गरिनेछ र सो सुविधा विना ढिलाई छेकवार अथवा प्रतिबन्ध तथा गोप्यता भंग नहुने गरी प्रदान गर्नु पर्दछ। त्यस्तो सुरक्षा अधिकारीहरूको नजरमा तर नसुनिने दूरीमा हुन सक्दछ।

**संयुक्त राष्ट्रसंघ, मानवअधिकार आयोगको व्याख्या तथा प्रतिपादित सिद्धान्तः**

- कानुन व्यवसायी र पक्षको बीचमा भएको सम्पर्क गोप्य रहनुपर्दछ।
- ICCPR को धारा १४(३)(ख) ले प्रत्याभूत गरेको 'कानुन व्यवसायीसँगको सम्पर्कको अधिकार'लाई सम्बन्धित अधिकारीले पूर्ण सम्मान गर्नुपर्दछ। यसका लागि गोपनियता लगायत पर्याप्त समय र आवश्यक भौतिक सुविधासमेत प्रदान गर्नुपर्दछ।
- सम्पर्कको माध्यम प्रत्यक्ष भेटघाट, टेलिफोन सम्पर्क वा पत्राचार जुनसुकै तवरबाट हुन सक्छ र यी सबै प्रकारका सम्पर्कमा गोपनियताको अधिकार हुन्छ।
- राज्य संयन्त्रले पक्षका उपर्युक्त अधिकारमाथि लगाएको अनावश्यक हस्तक्षेपबाट उल्लेखित अन्तर्राष्ट्रिय कानुन (ICCPR धारा १४) को उल्लंघन हुन जान्छ।

  *स्रोतः UN Human Rights Committee, General Comment 13, Para 9 र HRC, Communication No. 349/1989, C. Wright v. Jamaica (Views adopted on 27 July 1992), in UN doc. GAOR, A/47/40 , p. 315, para. 8.4) यस्तै किसिमको व्याख्या गरिएको अर्को मुद्दा हेर्नुहोस् Communication No. 702/1996, C. McLawrence v. Jamaica (Views adopted on 18 July 1997), in UN doc. GAOR, A/52/40 , p. 232, para. 5.10.)*

## ३.३. वकिलको भूमिका

*प्रचलित नेपाल कानुन र अन्तर्राष्ट्रिय संयन्त्रहरुले बन्दीलाई वाकिलसँग सम्पर्क गर्नका लागि मजबुत मापदण्डहरु निर्धारण गरेको भए पनि व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । बन्दी पक्षलाई कानुनव्यवसायीसँग भेट गर्न नै नदिने कुराको अन्त्य गराउन, गोप्य वातावरणमा कुराकानी गर्ने व्यवस्थाको अभाव पूरा गर्न र वकिल राख्न नसक्नेका निम्ति नि:शुल्क कानुनी सहायताको सहयोग जुटाउनेतर्फ तपाईको भूमिका उल्लेखनीय हुनेछ ।*

# ४ मुचुल्का

अनुसन्धान गर्ने कर्मचारीहरू पनि मानव नै हुन । मानवीय कमजोरीबस उनीहरूमा सम्पत्तिको लोभ, अरुलाई फसाउने मनसाय वा अन्य प्रभावमा परी अनुसन्धानको कार्य दुषित हुन सक्दछ । अनुसन्धानको एक प्रक्रिया खानतलासी वा बरामद गर्दा त्यस्तो कुनै प्रभावबाट मुक्त रहन कानुनी व्यवस्थाहरू गरिन्छन् । अनुसन्धान अधिकारीका साथ अभियोग लागेको व्यक्ति र तथस्ट व्यक्तिहरूको रोहवरमा खानतलासी वा बरामद गर्दा अनुसन्धानमा निष्पक्षता कायम गर्न सकिन्छ भन्ने कानुनको उद्देश्य हो । रोहवरसम्बन्धी कानुनले यो उद्देश्य पूरा गर्न रोहवरमा नराखी कागजमा मात्र सही गराउने, अभियुक्तलाई रोहवरमा नराख्नेजस्ता व्यावहारिक प्रचलनको अन्त्य हुन आवश्यक छ ।

## ४.१. रोहवरसम्बन्धी कार्यविधि

सरकारवादी फौजदारी मुद्दाको सन्दर्भमा घटना घटेको स्थानको स्थानीय भद्रभलादमी गाउँ विकास समिति वा नगरपालिकाको प्रतिनिधि र घटनासँग जानकार व्यक्तिलाई घटनाको सम्बन्धमा मुचुल्का तयार गर्दा, खानतलासी लिँदा, लाँसजाँच मुचुल्का खडा गर्दा तथा अपराधमा प्रयोग भएका कुनै पनि दसीप्रमाण बरामद गर्दाको अवस्थामा उपस्थित गराई निजहरूलाई उक्त किसिमका कागजहरूमा सहीछाप गराई राख्नुलाई रोहबर भनिन्छ ।

### कानुनी व्यवस्था

कुनै अपराधको तहकिकातको सिलसिलामा कुनै घर वा ठाउँको वस्तुस्थितिसम्बन्धी मुचुल्का तयार गर्दा वा कुनै व्यक्ति वा वस्तु वा ठाउँको खानतलासी लिँदा वा लासजाँच गर्दा त्यस्तो ठाउँमा भएमा कम्तीमा दुई जना स्थानीय व्यक्तिहरू सम्बन्धित गाउँ विकास समित वा नगरपालिकाका एकजना सदस्य वा त्यस्तो सदस्य नभए कुनै सरकारी कार्यालयको एक जना कर्मचारीलाई र फेला परेसम्मका अभियुक्त र अपराधको सूचना दिने व्यक्तिलाई समेत रोहवरमा राख्नु पर्दछ । तर अभियुक्त वा अपराधको सूचना दिने व्यक्ति रोहवरमा नराखेको कारणले मात्र त्यस्तो काम कारबाही बदर हुनेछैन ।

*स.मु.स. ऐनको दफा ८*

| | |
|---|---|
| लागू औषध मुद्दामा कुनै घर, जग्गा, सवारी वा अन्य कुनै ठाउँमा प्रवेश गर्दा वा खानतलासी गर्दा समयले भ्याएसम्म सम्बन्धित नगरपालिका वा गा.वि.स. वा वडा समितिका एकजना सदस्य वा त्यस ठाउँको एक जना भलाद्मी वा कुनै सरकारी कार्यालयका कर्मचारीलाई साक्षी राखी गर्नु पर्दछ। | *लागू औषध (नियन्त्रण) ऐन, ०३३ को दफा ८* |
| तर नगरपालिका वा गाउँ विकास समिति वा वडा समितिका सदस्य वा त्यस ठाउँका भलादमी वा कुनै अर्को सरकारी कार्यालयका कर्मचारीको रोहवरमा मुचुल्का तयार गर्ने प्रयास गर्दा पनि त्यस्ता व्यक्तिहरू उपलब्ध नभएको उचित आधार भएका कम्तीमा दुई जना लागुऔषध अनुसन्धान अधिकारी वा कम्तीमा दुई जना प्रहरी सहायक निरीक्षक दर्जासम्मको कर्मचारीको रोहवरमा मुचुल्का तयार गर्न सकिनेछ। | *ऐ. ८ को प्रतिबन्धात्मक वाक्यांस* |
| कुनै घर वा ठाउँको तलासी लिँदा त्यस ठाउँको गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधि, दुई जना नघटाई भलादमीहरू, घरधनी वा उसको एक जना प्रतिनिधि र पाएसम्म जीमिदार तलुकदार पटवारी समेत साक्षी राखी तलासी लिने र साक्षी बस्ने सबैको अङ्ग खोली केही वस्तु नलिई सो घर वा ठाउँभित्र पसी तलासी लिनुपर्दछ। | *मु.ऐ., २०२०, अ.वं., १७२ नं.* |
| मुद्दामा मानिस सनाखत गर्नुपर्ने भएमा सनाखत गर्नुपर्ने मानिसलाई देख्न हेर्न नपाउने ठाउँमा राखी जुन मानिसलाई सनाखत गराउनुपर्छ सो मानिस जस्तै किसिमका उमेर वर्ष वर्ण पहिरन मिल्ने कम्तीमा चार जनामा नघटाई अरु मानिसहरू ल्याई यथासम्भव सबैलाई एकनास गराई निजहरूका साथमा उभ्याई राखी सनाखत गर्ने प्रत्येक मानिस छुट्टाछुट्टै ल्याई सनाखत गराउनुपर्छ र सो गराउँदा चिन्हेमा चिन्हेको व्यहोरा र चिन्ह नसकेमा नसकेको व्यहोरा लेखी मिसिल सामेल राख्नुपर्छ। | *मु.ऐ. अ.बं. १७३ नं.* |
| कुनै मुद्दामा कुनै अभियुक्तको सनाखत गराउनुपर्ने भएमा प्रहरी सहायक निरीक्षकसम्मको प्रहरी कर्मचारीले प्रचलित कानुनको रीत पुऱ्याई सनाखत गराउन सक्नेछ। कुनै मुद्दासँग सम्बन्धित दशी वा चीज वस्तुलाई प्रहरी सहायक निरीक्षकसम्मको प्रहरी कर्मचारीले तोकिएबमोजिमको रीत पुऱ्याई सनाखत गराउन सक्नेछ। | *स.मु. स.ऐन २०४९ को दफा १६)* |

*खानतलासी, बरामदी र रोहवरसम्बन्धी अन्य विवरणका लागि सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ८ र १६ लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ८, १० (१) (२) (3), मु.ऐ. अ.वं. १७२ (१) (४) (५) (७) र अ.वं. १७३ हेर्नुहोस् ।*

## ४.२. अभियुक्तको अधिकार

अभियुक्तलाई आफ्नो विरुद्धमा खडा हुन लागिरहेको कुनै मुचुल्का वा खानतलासीसम्बन्धी कार्यविधिमा कानुनको रीत नपुऱ्याइएकोमा प्रश्न उठाउने अधिकार हुन्छ। अनुसन्धानको सिलसिलामा कुनै मुचुल्का कानुनविपरीत निर्माण भएको स्थितिमा त्यस्तो मुचुल्काका रोहवरमा नबस्ने वा कैफियत जनाएर मात्र हस्ताक्षर गर्ने अधिकार हुन्छ। यातनाको धम्की वा अन्य कुनै कारणले पनि गैरकानुनी मुचुल्कामा सहिछाप गर्नु हुँदैन। यो विषय अभियुक्तले अनुसन्धानकै क्रममा वा बहस पैरवीका बेला उठाई अनुसन्धान प्रति चुनौती दिन सक्दछन्।



## ४.३. वकिलको भूमिका

*तपाइँको पक्ष कानुनी कार्यविधिका बारेमा जानकार छैन भन्नेकुरा मनन गर्नुहोस्। पक्षसँगको तपाईको अन्तरक्रियामा तपाईको पक्षको मुद्दामा केकस्तो अनुसन्धान हुन सक्दछ र के कस्ता मुचुल्काहरु तयार हुन सक्ने छन् र त्यसको समयसमेत*

*बताउनुहोस् । रोहवरमा बस्दा के कस्ता सावधानीहरु अपनाउनु पर्दछ । उदाहरणकालागि बेहोरा न पढी सही नगर्नुहोला भनेरसम्झाउन सकिन्छ ।*

*तपाईको आफ्नो पक्षलाई रोहवरसम्बन्धी कार्यविधिमा सल्लाह दिनुका अतिरिक्त यदि गैरकानुनी तवरले मुचुल्काहरु तयार भएका छन् भने तपाईले हरतरहमा यस विषयलाई उठाउनुपर्नेछ । जस्तो बरामदी मुचुल्कामा कानुनले तोकेको कार्यविधि पूरा नभएकोले बरामदी मुचुल्का बेरितको छ त्यसैले प्रमाणमा लिन मिल्दैन । तपाइँले अनुसन्धानकै क्रममा अनुसन्धान अधिकारीलाई रोहवरसम्बन्धी कानुनको पूर्ण पालनामा प्रोत्साहन पनि गर्न सक्नुहुनेछ ।*

*मुचुल्का तयार गर्दा शंकित व्यक्तिको वकिल रोहवरमा बस्न पाउने विषयमा नेपालको कानुन मौन छ । अन्तर्राष्ट्रिय मापदण्डले यो अधिकार स्वीकार गरेको र नेपाल कानुनले वकिल रोहवरमा बस्न नमिल्ने नभनेको सन्दर्भमा तपाईले यो अधिकारको प्रयोग गर्न सक्नुहुनेछ ।*

*खानतलासी बरामदी मुचुल्कामा तलासी लिने र साक्षी बस्नेको आङ खोली केही बस्तु नलिई सो ठाउँमा जानुपर्ने कानुनी प्रावधान छ । यो पूर्वाग्रह हुन सक्ने मामिलामा धेरै महत्वपूर्ण छ । तर यस्को पालना भने भएको छैन । तपाइले न्यायाधीशलाई बताउन सक्नु हुन्छः यो कानुनी व्यवस्थाको पालना नभएकोले खानतलासी पूर्वाग्रहप्रेरित छ ।*

*तपाईले बहसमा पनि ख्याल पुऱ्याउनु पर्दछ । जस्तो बरामदी मुचुल्कामा बस्ने प्रहरी/प्रतिवेदकको वकपत्रमा भर परेर फैसला गर्ने चलन छ । तपाइले न्यायाधीशलाई के सहमति गराउनुपर्दछ भने स्वतन्त्र हैसियतका रोहवरका साक्षी अदालतमा आई वकपत्र गरेका छैनन् भने त्यस्तो मुचुल्कालाई प्रमाणमा लिनु हुँदैन । बरामदी मुचुल्कामा बस्ने प्रतिवेदक प्रहरी कर्मचारीहरु अभियोग पक्षका व्यक्तिहरु हुन्, निजहरुको भनाइ स्वतन्त्र नहुन सक्दछ ।*

## ५ म्याद थप

प्रहरी वा अनुसन्धान गर्ने अधिकारीलाई मुद्दाको अनुसन्धानको निमित्त केही समय आवश्यक पर्दछ। अरु विशेष ऐनहरूमा भएको व्यवस्था बाहेक सरकारवादी मुद्दा सम्बन्धी ऐनले अनुसन्धानका लागि प्रहरीले २५ दिनसम्म हिरासतमा राख्न पाउने व्यवस्था गरेको छ। यसको अर्थ अनुसन्धानका लागि २५ दिनसम्मै थुनामा राख्ने भन्ने होइन। अनुसन्धान जति चाँडो समाप्त गरी मुद्दा पेस गर्न सकिन्छ, त्यति नै अभियुक्तको मानवअधिकारको सम्मान हुन्छ। अनुसन्धान अधिकारीले म्याद थपका लागि अनुरोध गरेकै आधारमा म्याद थप गर्नुपर्ने बाध्यता न्यायाधीशलाई छैन। यदि म्याद थप गर्नुपर्ने कारण र औचित्य छैन भने मुद्दा हेर्ने अधिकारी वा न्यायाधीशले म्याद थप नगरी मुद्दाको अन्त्य गराइदिन सक्छन्।

## ५.१. म्यादथपको कार्यविधि

### संवैधानिक व्यवस्था

| | |
|---|---|
| पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको समयबाट बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिनेछैन । | *नेपालको अन्तरिम संविधान २०६३ को धारा २४ (३)* |

### कानुनी व्यवस्था

| | |
|---|---|
| सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ मा उल्लिखित अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको र थुनामा राखिएको व्यक्तिको सम्बन्धमा २४ घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नुपर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालतसमक्ष उपस्थित गराई अदालतको अनुमति लिएर मात्र थुनामा राख्नुपर्नेछ । सोबमोजिम अदालतसँग अनुमति माग्दा थुनामा परेको व्यक्तिको उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामा नै राखी तहकिकात गर्नुपर्ने कारण र निजको बयान कागज भै सकेको भए बयान कागजको व्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नु पर्दछ । | *स.मु.स. ऐन, २०४९ को दफा १५ को उपदफा १ र २* |

| | |
|---|---|
| कुनै अपराधको तहकिकात सुरु गर्नुभन्दा पहिले तहकिकात गर्ने प्रहरी कर्मचारीले तहकिकात गर्ने कुराहरू खुलाई सम्बन्धित सरकारी वकिल कार्यालयमा अपराधसम्बन्धी प्रारम्भिक प्रतिवेदन पठाउनुपर्नेछ । | *स.मु.स. ऐन, २०४९, दफा ६ (१)* |

| | |
|---|---|
| अदालतले सम्बन्धित कागजात तहकिकात सन्तोषजनक रूपमा भए नभएको विचार गरी सन्तोषजनक रूपमा तहकिकात भैरहेको देखिएमा एकै पटक वा पटकपटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्ने छ । | *स.मु.स. ऐन, २०४९ को दफा १५(४)* |

| | |
|---|---|
| भ्रष्टाचार ऐनअन्तर्गतको कसुरमा थुनामा राखिएको व्यक्तिको सम्बन्धमा २४ घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नुपर्ने देखिएमा अनुसन्धान अधिकृतले निजलाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराई मुद्दा हेर्ने अधिकारीबाट अनुमति लिएर मात्र थुनामा राख्नुपर्नेछ। सो बमोजिम मुद्दा हेर्ने अधिकारीसँग अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार निजलाई थुनामै राखी तहकिकात गर्नुपर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। थुनामा राख्ने अनुमति मागेमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनक रूपमा भए वा नभएको विचार गरी सन्तोषजनक रूपमा तहकिकात भइरहेको देखिएमा एकै पटक वा पटक पटक गरी तीस दिनमा नबढ्ने गरी बढीमा छ महिनासम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ। | *भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३१* |
| लागू औषध अनुसन्धानको सिलसिलामा पक्राउ परेका व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले एक पटकमा एक महिनामा नबढाई बढीमा तीन महिनासम्म प्रहरी हिरासतमा राख्न म्याद थप गर्न सक्नेछ। | *लागू औषध (नियन्त्रण ऐन) २०३३ को दफा २२ (ग)* |
| वैदेशिक रोजगार मुद्दामा अनुसन्धान तथा तहकिकात गर्दा अनुसन्धान अधिकृतले अभियुक्तलाई बयान गराई तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिनेसम्मको पर्याप्त आधार भएमा तारेखमा राख्न, धरौट वा जमानत लिई छाड्न वा धरौट वा जमानत दिन नसकेमा मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राख्न सक्नेछ। | *वैदेशिक रोजगार ऐन २०४२ को दफा १९ (क)* |
| केही सार्वजनिक अपराध र सजायँ ऐन २०२७ बमोजिमको मुद्दामा अनुसन्धानको सिलसिलामा मनासिब कारण देखिएमा थुन्नुपर्ने कारण खोली पर्चा खडा गरी बढीमा ३५ दिनसम्म थुनामा राख्ने आदेश दिन सक्नेछ। | *सार्वजनिक अपराध र सजायँ ऐन २०२७ को दफा ६* |

## ५.२. वकिलको भूमिका

*म्यादथपको २४ घण्टे नियमको पालना भएको छैन। पक्रेको २५ दिनसम्म प्रहरीले हिरासतमा राखी अन्त्यमा अभियोग पेस गर्ने प्रचलनले अभियुक्तको अधिकार हनन भएको छ। म्यादथपमा बहस गराई अनावश्यक स्थितिमा म्याद थप नगरी चाँडो भन्दा चाँडो अभियोग पेस गर्न लगाउने कानुनी व्यवस्था गरिनु अत्यावश्यक छ। कानुनव्यवसायीले म्याद थपको लागि अदालतसमक्ष अभियुक्तलाई पेस गर्दा बहस गर्नको लागि अनुरोध गर्न सक्दछ र म्यादथपका सन्दर्भमा सिर्जना हुन सक्ने नकारात्मक पक्षहरुलाई कम गर्ने कार्यलाई सघाउ पुऱ्याउन सक्दछ।*

### नजिर

प्रतिवादीहरूलाई हालसम्म गरिएको अनुसन्धानबाट आएको तथ्यसमेतलाई मध्यनजर राख्दा प्रतिवादीको हकमा थुनामा राखी थप अनुसन्धान गर्न, म्यादथप दिन उपयुक्त र मुनासिब आधार देखिन नआएकोले मागबमोजिम अनुसन्धानको लागि थुनामा राख्न अनुमति प्रदान गरी म्याद थप गर्न मिलेन कानुनबमोजिम गर्नु भनी म्यादथप गर्न अस्वीकार गरी काठमाडौं जिल्ला अदालतबाट आदेश भएको छ। [*श्री ५ को सरकार विरुद्ध कमलध्वज शाही समेत, मुद्दा जाली भिसा, आदेश मिति २०६१/१/२३*]


यस सम्बन्धमा सर्वोच्च अदालतले *रुद्रसिंह ठकुरी वि. श्री ५ को सरकार* को मुद्दामा "मुद्दामा अनुसन्धान कार्य गर्दागर्दै अनुसन्धानको कार्य समाप्त नभएको अवस्थामा मात्र कानुनले तोकेको म्यादथप गर्नुपर्ने हुन्छ, अन्य शान्तिसुरक्षाको कामव्यस्तताले गर्दा अनुसन्धान पूरा नभएको अवस्थामा म्याद थप हुन सक्तैन" भनेको छ। (*स्वच्छ पुर्पक्षका मूलभूत सम्बन्धी मार्गदर्शन मापदण्ड, सेलर्ड, २०६१, पृ. ५५*)

**प्रतिपादित सिद्धान्तः**

- अनुसन्धानको लागि थुनामा राख्ने म्याद थप गर्दा पक्राउको वैधतालाई मात्र हेरेर हुँदैन, त्यसको औचित्यता र आवश्यकता पनि हेर्नुपर्दछ र अनुसन्धानकर्ताले (राज्यले) ती सम्पूर्ण पूर्वाधारहरू विद्यमान छ भनि पुष्टि गर्नुपर्दछ। *(HRC, Communication No. 305/1988, H. van Alphen v. the Netherlands (Views adopted on 23 July 1990), in UN doc. GAOR, A/45/40 (vol. II), p. 115, para. 5.8.)*
- म्याद थप गर्दा त्यसको औचित्यता र आवश्यकतामाथि ध्यान दिनुपर्दछ। म्याद थप अनुसन्धानको अपरिहार्यतासँग मात्र सम्बन्धित रहेको हुँदा छोटो अन्तराल (Short interval) को लागि मात्र म्याद थप गर्नुपर्छ। *(HRC, Communication No. 291/1988, M. I. Torres v. Finland (Views adopted on 2 April 1990), in UN doc. GAOR, A/45/40 (vol. II), p. 100, para. 7.3.)*

## ६ बयान

अड्डाअदालतमा वादी-प्रतिवादी वा अभियुक्तले मुद्दासँग सम्बन्धित विषयमा गरी दिएको कागजलाई बयान भनिन्छ। अभियुक्तको पेटबोलीबाट प्राप्त मुद्दा वा अपराधसँग सम्बन्धित तथ्यगत कुराहरू बयान अन्तर्गत पर्दछन्। प्रहरीले गराउने बयान सरकारी वकिलको रोहवरमा लिनुपर्दछ। अदालतमा न्यायाधीशको रोहवरमा बयान लिनुपर्दछ।




## संवैधानिक व्यवस्था

कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइनेछैन ।

*नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४ (३)*

## कानुनी व्यवस्था

श्री ५ को सरकार वादी हुने फौजदारी मुद्दामा अभियुक्तले बयान दिनुपर्ने सम्बन्धमा कानुनी व्यवस्थासमेत गरिएको छ । श्री ५ को सरकार वादी भई चलाएको फौजदारी मुद्दामा पक्राउ भई आएका वा आफै हाजिर हुन आएका प्रतिवादीलाई मुद्दा हेर्ने अड्डाबाट निज उपर लागेको अभियोगको सबै कागज सुनाई मतलब सम्झाई सोधी कसुरमा साबित भए उसै बखत ठाडै बयान लिई र इन्कारमा रहे हाकिमको तजबिजले ठाडै बयान लिई र आफू पोलिनाको कारण बताई सबुत प्रमाण खोली प्रतिवादी दिन मौका दिन हुने भए प्रतिवादीलाई ऐनबमोजिम गरी राखी सात दिनसम्मको म्याद दिई म्यादभित्र प्रतिवादी दिए प्रतिवादीबाट र म्यादभित्र प्रतिवादी दिन नसके म्याद नाघेकोमा भोलिपल्ट अड्डैबाट सवाल गरी जवाफ लिई सो बमोजिम कारबाई किनारा गर्नुपर्दछ ।

*मुलुकी ऐन, २०२०, अ.बं. १२७ नं.*

मुलुकी ऐनमा भएको बयानसम्बन्धी यस कानुनी व्यवस्थाले अड्डा अदालतमा अभियुक्तसँग वा वादी प्रतिवादीसँग बयान लिँदा विभिन्न रीत पुऱ्याउनुपर्ने कुरा उल्लेख गरिएको छ ।

### बयानमा ध्यान दिनुपर्ने कुराहरू

हालसम्म बयान गराउँदा अभियुक्तले वकिल राखे नराखेको सोध्ने र वकिल राख्न नसक्ने भएमा कानुनी सहायताबारे जानकारी गराउने प्रचलन छैन। बयान गराउँदा सोधिने प्रश्नहरूमा नै अभियुक्तलाई वकिलकोबारेमा सोध्नाले उसको प्रतिनिधित्वमा सकारात्मक योगदान पुग्न सक्दछ। बयानमा अभियुक्तले बुझ्ने भाषामा, उसले बुझ्ने गरी अभियोगबारे जानकारी दिलाउनु पनि उत्तिकै महत्वपूर्ण छ। बयान गराउँदा कुटपिट गरी साबित गराउने प्रचलनको अन्त्य हुन जरुरी छ।

## ६.१. अधिकार प्राप्त अधिकारी समक्षको बयान

अधिकारप्राप्त अधिकारीले कुनै पनि मुद्दा तथा अपराधको सम्बन्धमा कुनै व्यक्ति वा कसुरदारसँग बयान लिँदा कानुनबमोजिम लिनुपर्दछ। कुनै अभियुक्तलाई बयान पूर्व वा लिने समयमा निजलाई अनुचित प्रभावमा पार्ने उद्देश्यले प्रहरीले डर, धाक, धम्की, त्रास या जबरजस्तीपूर्वक बयान लिने कार्य गर्नुहुँदैन भन्ने मान्यता रहेको छ। यस्तो बयान सरकारी वकिलको रोहवरमा हुने भएकाले सरकारी वकिल पनि यस विषयमा सचेत रहनु आवश्यक छ।

**कानुनी व्यवस्था**

| | |
|---|---|
| स.मु.स. ऐनको अनुसूची १ मा उल्लेखित कुनै पनि अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी वकिलसमक्ष सम्बन्धित अभियुक्तको बयान लिनेछ। | *स.मु.स. ऐन, २०४९, दफा ९ (१)* |

## ६.२. अदालतमा बयान

अभियुक्तलाई अदालतमा बयान गराउँदा न्यायाधीश आफैले गराउनुपर्दछ भन्ने मान्यता रहेको छ र कानुनमा भएको कानुनी व्यवस्थाको मनसाय पनि त्यस्तै रहेको छ। तर नेपालको अदालतमा उक्त कुरालाई व्यवहारमा उतारेको त्यति पाइदैन। कानुन कार्यान्वयन निकायहरूमा पर्याप्त मात्रामा संवेदनशीलताको अभाव वा कार्यबोझजस्ता व्यवधानहरूले यो समस्या सिर्जित भएको छ। बयान गराउँदा अभियोगबारे अभियुक्तलाई उसले बुझ्ने गरी व्याख्या गर्नुपर्दछ। अभियुक्तले आफ्नो बयानमा जे भन्दछन् सोही व्यहोरा कागजमा लेखी लेखिएको व्यहोरा सुनाएर सहिछाप गराउनुपर्दछ।

**कानुनी व्यवस्था**

| | |
|---|---|
| बयान वकपत्र गराउँदा जसको इजलास हो उसैले गराउनुपर्छ र सो गराउँदा निजले आफ्नो अड्डाको कम्तीमा मुखिया विचारी दर्जासम्मका कर्मचारीको आवश्यक सहायता लिन हुन्छ। | *अ.वं. १४७ नं. मुलुकी ऐन, २०२०* |

बयान गराउँदा न्यायाधीश वा हाकिमकै उपस्थितिमा गराउँदा पछि न्याय दिँदा वा फैसलाको समयमा सहायकसिद्ध हुन सक्दछ भन्ने विधिकर्ताको मनसाय रहेको देखिन्छ।

न्यायप्रशासनले आफैले गर्नुपर्ने कार्यअन्तर्गत बयान वकपत्र गराउने कार्यलाई पनि राखेको छ।

बयान वकपत्र गराउँदा न्यायाधीश आफैले प्रश्न गरी अदालतको कुनै कर्मचारीबाट बयान वकपत्र लेखबद्ध गराउन हुन्छ। [*दफा २४ (१) (ख)*]

न्यायाधीशको अनुपस्थितिमा स्रेस्तेदारले बयान बकपत्र गराउन र पुर्पक्षको लागि अभियुक्तलाई थुना, जमानत वा तारिखमा राख्ने आदेश दिन हुन्छ। [*ऐ., दफा २४ (२)*]

*न्याय प्रशासन ऐन, २०४८*

उल्लिखित कानुनी व्यवस्थाको खास मनसाय न्यायाधीश आफैले बयान गराउँदा मुद्दाको तथ्यगत कुरा तथा बुझ्नुपर्ने सम्पूर्ण प्रमाण पनि आफैले बुझ्न पाउने हुँदा न्याय सम्पादन छिटो र स्वच्छ हुन गई पीडित पक्षलाई न्याय पर्न जान्छ भन्ने हो।

बयान कसले गराउनुपर्ने भन्ने व्यवस्थाका साथै बयान गराउँदाको कार्यविधि के हुने भन्ने सम्बन्धमा पनि केही रीत पुऱ्याउनुपर्ने कुराहरूको बारेमा कानुनी व्यवस्था भएको पाइन्छ। बयान गराउँदा शपथ खुवाएर सत्यतथ्य कुरा मात्र भन्नु पर्ने र कानुनले तोकेको परिधिभित्र रहेर बयान गर्ने र दिनले आफ्नो कार्य सम्पन्न गर्नुपर्दछ। बयानको क्रममा छोटकरीमा प्रश्न गर्ने र स्पष्ट रूपमा जवाफ लेख्ने गर्नुपर्दछ। बयान समाप्त भएपश्चात् बयान दिने व्यक्तिलाई पढेर सुनाइदिनुपर्दछ र निजको दस्तखत सहीछाप गराई राख्नु पर्दछ। गरेन भने सो कुराको कैफियत जनाई न्यायाधीश वा हाकिम र ऊ मुनिको ठूलो दर्जाको कर्मचारीले दस्तखत गरी बयान कागजलाई मिसिल सामेल गरी राख्नुपर्ने कानुनी व्यवस्था छ।

*(हेर्नुहोस् मुलुकी ऐन अ.वं. १५०, १५२, १५४, १५५, १५६, १५७, १५८, १५९, १६०, ,१६१, १६२)*

### नजिर

यसै सन्दर्भमा अदालतमा अभियुक्तको बयान लिँदासमेत प्रहरीको उपस्थितिलाई अनुमति दिन नहुने कुरालाई मिति २०१५ साल फाल्गुण १३ गते मंगलवारको दिन सर्वोच्च अदालतबाट एउटा आदेश जारी गरिएको थियो, जुन यस प्रकार छ :

**विषय : पक्राउ भई आएको अभियोगीलाई बयान गराउने समयमा पुलिस बस्न नदिने।**

“फौजदारी मुद्दाको अभियोगी पुलिसबाट पक्राउ भै अदालतमा दाखिल भएको वा अदालतमा स्वयं हाजिर हुन आएकोमा समेत पुलिसको रोहवरमा अदालतले बयान गराउँदा सो बयानमा पुलिसको भयको प्रभाव पर्ने सम्भव हुँदा अदालतको पालो पहरा निमित्त खटिएका पुलिसका जवानबाहेक अरू कुनै पुलिस कर्मचारीलाई बयान गराउन

लागेको समयमा नराखी सबै अपिल अमिनी अदालतले बयान लिने गर्नु यो आदेशको उल्लङ्घन हुन गएको ठहर्न आएमा त्यस्ता हाकिमउपर सख्त कारबाही हुनेछ।" *(स्रोत : ने.का.प. २०१६, अंक ६, ऐन कानुन खण्ड (क) पृष्ठ २, ज्ञाइन्द्र बहादुर श्रेष्ठद्वारा लिखित मुलुकी ऐन एक टिप्पणीको पृष्ठ २१५ मा उद्धृत गरिएको )*

अपराधसँग सम्बन्धित कुनै तथ्य स्वीकार गर्नु र अपराध स्वीकार गर्नु एउटै कुरा होइन। कुनै तथ्यसम्बन्धी कुरा स्वीकार गर्दैमा अपराध स्वीकार गरेको हो भन्न नहुने। *(जे फिलिड वि. भन्सार कार्यालय, फु.वे., ने.का.प. २०४२ नि.नं. २५५४, पृ १०५०)*

अन्य स्वतन्त्र प्रमाणबाट स्वतन्त्र रूपमा समर्थन नभएमा प्रहरीमा भएको साबितीलाई प्रमाणको रूपमा ग्रहण गर्नु कानुन तथा न्यायको सिद्धान्तले समेत नमिल्ने। *(श्री ५ को सरकार वि. इश्वरी प्र. लोहनी, ने.का.प. २०४२, नि.नं. २०५१, पृ. ८८७)*

अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबितीलाई कमजोर प्रमाण हो भनी पूर्वधारणा बनाई चल्ने काम अदालतको होइन। प्रहरीमा भएको सावितीलाई अन्य प्रमाणसँग समग्र रूपमा भिडाई हेर्नुपर्ने। प्रहरी साबितीलाई मात्र एक तर्फ राखी अन्धाले बाटो खोजेजस्तो अन्य प्रमाणको मात्र खोजी गर्ने होइन। यसरी चल्दा न्याय प्राप्त हुने भन्दा लुप्त हुने सम्भावना बढी रहन्छ। *(श्री ५ को सरकार वि. सुशीला शाह ने.का.प. २०४३ नि.नं. २७६३, पृ. ५८४)*

## ६.३. अभियुक्तको अधिकार

फौजदारी अभियोग लागेको कुनै पनि व्यक्तिलाई कानुन बमोजिम आरोपित नठहऱ्याएसम्म निर्दोष नै रहेको अनुमान गर्न सकिने भएकाले निजलाई लागेको अभियोग प्रमाणित गर्ने सिलसिलामा पुरा गर्नुपर्ने विभिन्न प्रक्रियाहरूमा कानुनद्वारा प्रत्याभूत गरिएका निजका अधिकारहरूलाई सम्मान गरिनु पर्दछ।

### (१) साक्षी प्रमाण पेस गर्ने अधिकार

कुनै पनि सरकारवादी फौजदारी मुद्दामा अभियोग लागेको व्यक्तिले आफ्नो साक्षीलाई सोधपुछ गर्न र अर्को पक्षले विपक्षीको साक्षीलाई जिरह गर्न तथा जिरह सकिएपछि साक्षी राख्ने पक्षले पुनः सोधपुछ गर्न सक्ने छ।

*प्रमाण ऐन, २०३१ को दफा ५० (१) र (२)*

**अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन ?**

*नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ को उपधारा (ङ)*

आफू विरुद्धका साक्षीको परिक्षण गर्ने गराउने र आफू विरुद्धका साक्षी जस्तो समान अवस्थामा आफ्ना साक्षी उपस्थित तथा परीक्षण गर्ने गराउने।

### (२) दोभाषेको सेवा पाउने अधिकार

सरकारवादी फौजदारी अभियोग लागेको कुनै पनि व्यक्तिले बयानको सिलसिलामा प्रयोग भएको भाषा बुझ्न असमर्थ भएमा सो अवस्थामा दोभाषेको आवश्यकता पर्न सक्दछ। यस्तो अवस्थामा निशुल्क रूपमा दोभाषेको सुविधा पाउनु व्यक्तिको अधिकार भित्र पर्ने कुरा हो। यस सम्बन्धमा नेपालको कानुन मौन रहेता पनि अन्तर्राष्ट्रिय दस्तावेजले यो अधिकारको प्रत्याभूति गरेको छ। नेपालमा अङ्ग्रेजी भाषीहरूलाई दोभाषेको सुविधा दिने गरिएको छ। तर गैर नेपाली भाषी नेपालका विविध भाषी समुदायका व्यक्तिलाई समेत दोभाषेको सुविधा आवश्यक छ। क्यानडाको संविधान, १९८२ को भाग १४ ले मौलिक हकको रूपमा दोभाषेको सुविधा उपलब्ध गराएको छ।

***अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?***

*नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ (३) को (च)*

अदालतमा प्रयोग हुने भाषा निजले बुझ्न वा बोल्न नसक्ने भएमा दोभासेको नि:शुल्क सहयोग पाउने।

### (३) चुप लाग्न पाउने अधिकार

अभियोग लागेको व्यक्तिले स्वेच्छाले मात्र बयान दिन सक्दछ तर उसले कुनै पनि कुरा व्यक्त गर्न चाहदैन वा चुप लागेर बस्ने इच्छा प्रकट गर्दछ भने उसलाई बोल्नै पर्छ भनी कर गरी जवरजस्ती बयान लिन सकिदैन र मिल्दैन। ऊ चुप बसेकै कारणबाट उसलाई कसुरदार मान्नु पनि मिल्दैन।

#### संवैधानिक व्यवस्था

| | |
|---|---|
| कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइनेछैन। | *नेपालको अन्तरिम संविधान २०६३ को धारा २४ (७)* |

यस संवैधानिक व्यवस्थाले आफ्नो विरुद्ध आफै बोल्न नपर्ने अधिकारलाई प्रत्याभूति गरी चुप लागेर बस्न पाउने अधिकारको रक्षा गरेको छ।

#### कानुनी व्यवस्था

| | |
|---|---|
| कुनै अपराधको बात लागेको मानिसलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइनेछैन। | *नागरिक अधिकार ऐन, २०१२, दफा ११ (३)* |

### नजिर

*चन्द्र बहादुर नेपाली वि म.प.स. समेत को मुद्दामा* अभियोग लागेको व्यक्तिले स्वेच्छाले कुनै कुरा भन्दछ भने सो कुरा निजको समर्थनमा वा विरुद्धमा प्रमाण लाग्न सक्दछ। कुनै व्यक्ति केही पनि नबोली चुप बस्दछ भने पनि उसलाई बोल्नै पर्ने भनी भन्न मिल्दैन। उसले नबोलेकै आधारमा मात्र उसलाई दोषी बनाउँदैन। *(सर्वोच्च अदालत बुलेटिन, वर्ष ३, पुर्णाक १५, पृष्ठ १)*


### *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

*जुनसुकै स्वरुपको थुनछेक वा कैदसजायअन्तर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्त संग्रह, १९८८, सिद्धान्त नं. २३ (१) र (२)*

थुनिएको वा कैद ठेकिएको व्यक्तिसँगको कुनै पनि सोधपुछ वा बयानको अवधि, विभिन्न सोधपुछ बीचको अन्तराल साथै सोधपुछमा संलग्न अधिकारीको पहिचान र सोधपुछमा रहेको अन्य व्यक्तिको उपस्थितिलाई अभिलेख गरिनेछ र कानुननले तोकेअनुसार प्रमाणित गरिनेछ। यस सिद्धान्तको अनुच्छेद १ मा उल्लेखित जानकारीउपर थुनिएको वा कैद ठेकिएको व्यक्ति वा कानुनले उपलब्ध गराएको अवस्थामा निजको कानुनी परामर्शदाताको पहुँच हुनेछ।

***सरकारवादी फौजदारी मुद्दामा पक्राउ भई आएका आरोपित व्यक्तिलाई प्रहरी समक्ष बयान गराउँदा अपनाउने कार्यविधि निम्नानुसार सुधार गर्नुपर्ने देखिन्छ।***

(१) प्रहरीले अभियुक्तको बयान लिँदा सरकारी वकिलको रोहवरमा राखी बयान लिनुपर्छ भन्ने कानुनी व्यवस्था भए तापनि बयान लिने क्रममा व्यवहारमा लागू भएको पाइँदैन।



(२) बयान लिइसकेपश्चात् बयान कागजमा के के कुरा उल्लेख गरिएको छ भन्ने कुरा जान्न पाउनु अभियुक्तको अधिकारको कुरा हो तर त्यसरी बयान लिइ तयार भएको कागज बयान दिने अभियुक्तलाई उपलब्ध गराउनु पर्नेमा सो उपलब्ध गराइने गरिएको पाइँदैन ।

(३) अभियुक्तलाई बयान लिँदा उसको इच्छाविपरीत कानुनविपरीत डर, धाक, धम्की देखाई जबरजस्ती साबिती बयान गराउने प्रचलन बढ्दै गएको छ ।

(४) अभियुक्तको चुप लाग्न पाउने अधिकारलाई सम्मान गर्न सकेको पाइँदैन ।

(५) कानुनव्यवसायीलाई आवश्यक परेको समयमा भेट्न नपाउने तथा कानुनव्यवसायी राखी मुद्दाको पुर्पक्ष गराउन नसक्ने असमर्थ व्यक्तिका लागि निःशुल्क कानुनी सहायता उपलब्ध हुन सक्ने सम्बन्धमा जानकारी नदिने तथा सहयोगको लागि पहल नगरिदिने समस्यालाई पनि सुधार गर्नुपर्ने देखिन्छ ।

### ६.४. वकिलको भूमिका

*फौजदारी अभियोग लागेको व्यक्तिलाई पक्राउ गरी ल्याई सके पश्चात् उसलाई पक्राउ गरेदेखि बयान लिँदासम्मको चरणमा कानुनप्रदत्त अधिकारलाई व्यवस्थित गरियो या गरिएन ? गरिएन भने त्यसको प्रचलन कसरी र कुन तरिकाबाट गराउने र अभियोग लागेको व्यक्तिको अधिकारको रक्षार्थ कुन प्रक्रिया अपनाउने भन्ने बारेमा कानुनव्यवसायीले खेल्न सक्ने भूमिका निकै महत्वपूर्ण हुन्छ । वकिलले ध्यान दिनुपर्ने कुराहरु निम्नलिखित अनुसारको हुन सक्दछन्:*

- *तपाईको पक्षलाई बयान लिँदा यातना दिइएको छ कि ?*
- *बलपूर्वक र व्यहोरा नपढी सही गराइएको छ कि ?*
- *यातना दिएको स्थितिमा म्यादथपको बेला स्वास्थ्य जाँचको लागि निवेदन दिनुपर्ने स्थिति छ कि ?*
- *तपाईको पक्षको चुप लाग्ने अधिकारको सम्मान भएको छ वा छैन ?*
- *तपाईको पक्षले बयान गर्दा कुनै महत्वपूर्ण प्रमाण वा तथ्य अदालतलाई बताउन त बिर्सेको छैन ? छ भने त्यसलाई कसरी प्रमाणग्राह्य बनाउने ?*

## ७ यातना तथा दुर्व्यवहारबाट सुरक्षा

कसुर गरेको आरोपमा थुनामा लिनु भनेको सो व्यक्तिका कानुनविपरीत थप क्रियाकलापबाट समाजलाई सुरक्षित गर्नु र निजलाई प्रमाण नष्ट गर्न नसक्ने अवस्थामा राख्नु हो । यसरी थुनामा आउने व्यक्ति भोलि असल नागरिक भएर समाजमै फर्कनुपर्छ। उसलाई फौजदारी न्यायले सुध्रिएको हालतमा समाजलाई जिम्मा दिनुपर्छ भन्ने फौजदारी न्यायको उद्देश्य रहेको पाइन्छ । यो उद्देश्यप्राप्तिका लागि थुनामा लिएको व्यक्तिलाई सुरुबाटै मानवीय तरिकाले व्यवहार गरिनु आवश्यक हुन्छ। यही मान्यतामा स्वच्छ पुर्पक्षका मापदण्डले गिरफ्तार भइसकेपछि कुनै पनि व्यक्तिलाई शारीरिक र मानसिक यातना दिने कार्यलाई निषेध गर्दछ ।

## ७.१ यातनाको परिभाषा

फौजदारी अभियोग लगाइएको कुनै व्यक्तिलाई सार्वजनिक अधिकारी, प्रहरी वा सो हैसियतले कुनै पनि किसिमको दुःख कष्ट वा सास्ती दिने गरी शारीरिक वा मानसिक चोट पुऱ्याउनुलाई यातना मानिन्छ। यसरी दिइने दुःख कष्टबाट भौतिक, मानसिक कुनै पनि किसिमको क्षति हुन सक्दछ। साथै व्यक्तिको इच्छा विपरीत बलपूर्वक कागज गराई सहीछाप गराउनु पनि यातनाअन्तर्गत नै पर्ने कुराहरू हुन्, त्यस कारण कुनै पनि अभियोग लगाइएको व्यक्तिलाई मानवोचित व्यवहार गरी यातनालाई रोक्नु सम्बन्धित निकायको कर्तव्य हो।

### संवैधानिक व्यवस्था

१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिनेछैन।

२) उपधारा (१) वमोजिमको कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे वमोजिमको क्षतिपूर्ति दिइनेछ।

*नेपालको अन्तरिम संविधान २०६३ को धारा २६*

### कानुनी व्यवस्था

"अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिए वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरेवापत क्षतिपूर्ति दिने सम्बन्धमा व्यवस्था गर्न" यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ बनाइएको भन्ने कुरा ऐनको प्रस्तावनामा उल्लेख गरिएको छ।

"यातना" भन्नाले अनुसन्धान तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनुपर्छ र सो शब्दले निजसँग गरिएको निमर्म, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउँछ भनी यातनालाई परिभाषित गरिएको छ।नेपालमा हिरासत वा अन्य थुनछेकलाई व्यवस्थित गर्ने स्पष्ट कानुनी व्यवस्था नभए पनि प्रहरी ऐनले केही मार्गदर्शन गरेको छ।

*यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ (२)(क)*

पक्राउ भएका वा थुनामा रहेका घायल र विरामी भएमा आवश्यक मद्दतलाई चाहिने कारबाई तुरुन्त गर्न र त्यस्तालाई पहरा दिँदा वा अन्त लैजाँदा निजको व्यवस्थाको उचित ख्याल राख्ने।

- पक्राउ भएका वा थुनामा रहेका व्यक्तिलाई चाहिँदो सिधा र बासको इन्तजाम गर्ने।
- खानतलासी गर्दा असभ्य व्यवहार नगर्ने र नचाहिँदो हैरानी नदिने।

*प्रहरी ऐन, २०१२ को दफा १५ (१)*

## ७.२. स्वास्थ्य जाँच

थुनामा राखिएको व्यक्तिको स्वास्थ्यको अभिलेख दुरुस्त रहन आवश्यक छ। यातनाको विषयमा पर्न सक्ने विवादको निप्टाराको लागि पनि थुनामा राख्दा र छाड्दा स्वास्थ्य जाँच आवश्यक छ। यसले रोगका आधारमा बन्दीहरूको वर्गीकरणलाई समेत सघाउँछ।

> कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छाड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैले निजको शारीरिक स्थितिको जाँच गरी गराई सो को अभिलेख खडा गरिराख्नुपर्नेछ। यस्तो जाँचसम्बन्धी प्रतिवेदनको प्रति सम्बन्धित जिल्ला अदालतमा पठाउनुपर्नेछ।
>
> *यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३ को उपदफा २ र ३*

### *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूले के भन्दछन् ?*

- *जुनसुकै स्वरूपको थुनछेक वा कैद सजायअन्तर्गतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्त संग्रह, १९८८, सिद्धान्त २४*

  कुनै पनि वन्दीलाई कारागारभित्र प्रवेश गरेपछि सकेसम्म चाँडो निजको उचित स्वास्थ्यपरीक्षण गराउनुपर्दछ र यस्तो स्वास्थ्यपरीक्षण जहिले पनि चाहिएको अवस्थामा उपलब्ध गराइनुपर्दछ। यसरी दिइने सेवा र उपचार निःशुल्क हुनुपर्दछ।

- *बन्दी प्रति गर्नुपर्ने व्यवहार सम्बन्धी न्यूनतम मापदण्डको नियमावली, १९५५ को नियम २४*

  चिकित्साअधिकारीले हरेक बन्दीले कारागारमा प्रवेश गरेपछि यथासम्भव छिटो तत्पश्चात् आवश्यक भए अनुरूप खास गरेर शारीरिक वा मानसिक बिरामी पत्ता लगाउन र आवश्यक सबै उपायहरू गर्न निजलाई परीक्षण गर्नेछ। सरुवा रोगको आशङ्का गरिएका वन्दीहरूलाई छुट्याएर अलग राख्नेछ, उनीहरूको पुनस्थापनामा व्यवधान पुऱ्याउन सक्ने शारीरिक वा मानसिक दोषहरू पत्ता लगाउनेछ, साथै हरेक बन्दीको काम गर्ने शारीरिक क्षमताको निर्धारण गर्नेछ।

- "यातनाविरुद्ध युरोपेली कमिटीको विचारमा स्वास्थपरीक्षण बन्दी कारागार भित्र प्रवेश गरेकै दिन गराईनुपर्दछ"। (*स्रोत : कारागारव्यवस्थापनप्रति मानवअधिकारवादी दृष्टिकोण, एण्ड कोएल, अनु.का.व्या.वि. परियोजना, २०६२*)

## ७.३. क्षतिपूर्तिसम्बन्धी व्यवस्था

यातना कानुनद्वारा बर्जित कार्य हो। थुनामा राखिएको व्यक्तिलाई यातना दिइएको अवस्थामा क्षतिपूर्ति दिनु पर्दछ। यो राज्यको कर्तव्य हो। राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनले यातनालाई निषेध गरेका छन्।

| | |
|---|---|
| श्री ५ को सरकारको कुनै कर्मचारीले कुनै व्यक्तिलाई यातना दिएको ठहरिएमा पीडित व्यक्तिलाई यस ऐनबमोजिम क्षतिपूर्ति दिइनेछ । | *यातना क्षेतिपूर्ति सम्बन्धी ऐनको दफा ४* |

| | |
|---|---|
| *उजुरी दिन सक्ने*<br>(१) पीडित व्यक्तिले आफूलाई यातना दिएको मितिले वा थुनाबाट मुक्त भएको मितिले ३५ दिनभित्र क्षतिपूर्तिको माग दावी गरी आफू थुनामा रहेको जिल्लाको जिल्ला अदालतमा उजुरी दिन सक्नेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडित व्यक्तिको मृत्यु भएको अवस्थामा वा अन्य कुनै कारणबाट पीडित व्यक्ति आफैले उजुरी दिन नसक्ने अवस्था भएमा त्यसको कारण खोली निजको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको कानुनव्यवसायीले उपदफा (१) बमोजिम उजुरी दिन सक्नेछ ।<br>(३) थुनामा रहेको व्यक्तिलाई यातना दिएको छ भन्ने लागेमा निजको परिवारको उमेर पुगेको नै व्यक्ति वा निजको कानुनव्यवसायीले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्नेछ । यस्तो निवेदन परेकोमा अदालतले तीन दिनभित्र थुनामा रहेको व्यक्तिको शारीरिक वा मानसिक जाँच गराउन आदेश दिन सक्नेछ । यसरी जाँच गर्दा उपचार गर्नुपर्ने भएमा श्री ५ को सरकारको तर्फबाट उपचार गराइनेछ । | *यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ४, ५* |

| | |
|---|---|
| *उजुरीमा कारबाही र क्षतिपूर्ति*<br>दफा ५ बमाजिम परेको उजुरीको सम्बन्धमा जिल्ला अदालतले संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिको कार्यविधि अपनाई कारबाही गर्नेछ र त्यस्तो उजुरीको व्यहोरा ठीक ठहरेमा पीडित व्यक्तिलाई श्री ५ को सरकारबाट एक लाख रुपैयाँसम्म क्षतिपूर्ति भराइदिने निर्णय गर्न सक्नेछ । | *यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ६* |

| | |
|---|---|
| *यातना दिने कार्यमा संलग्न व्यक्ति उपर कारबाही*<br>यस ऐनबमोजिम यातना दिइएको ठहरिएमा जिल्ला अदालतले त्यस्तो यातना दिने सरकारी कर्मचारीलाई प्रचलित कानुनबमोजिम विभागीय कारबही गर्न सम्बन्धित निकायलाई आदेश दिनेछ । | *यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ७* |

यस प्रकार यातना क्षतिपूर्ति ऐनले यातनालाई निषेध गरेपनि यसलाई अपराध मानी अपराधीलाई सजाय गर्ने प्रावधान भने राखेको छैन । तर अन्तर्राष्ट्रिय कानुनले यातनालाई दण्डनीय कसुर मानेको छ । प्रमाण ऐन, २०३१ को धारा ९ ले यातना दिएर गरेको साबिती प्रमाणमा नलाग्ने व्यवस्था गरेको छ ।

## *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ७*

  कसैलाई पनि यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको भागीदार बनाइने छैन । खास गरी कसैलाई पनि निजको स्वतन्त्र मन्जुरीविना चिकित्सा वा वैज्ञानिक प्रयोग परीक्षण गरिनेछैन ।

- *यातना तथा अन्य क्रुर, ,अमानविय वा अपमानजनक व्यावहार वा सजाय विरुद्धको महासन्धी १९८४ को धारा १४ (१)*

  प्रत्येक पक्ष राष्ट्रले यातनाको कार्यबाट पीडित व्यक्तिले उद्धार पाउने तथा सम्भव भएसम्म पुर्ण सो व्यक्तिको पुनःस्थापनाकोउपाय लगायत उचित तथा पर्याप्त क्षतिपूर्ति प्राप्त गर्न लागू गराउन सकिनेअधिकार प्राप्त गर्दछ भन्ने कुरा आफ्नो कानुनी प्रणालीमा सुनिश्चित गर्ने छन् । यातनाको फलस्वरुप पीडित भएको व्यक्तिको मृत्यु भएमा उसका आश्रितहरुलाई क्षतिपूर्ति पाउने अधिकार हुनेछ ।

- *यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि, १९८४ को धारा १*

  "यातना" भन्नाले सार्वजनिक अधिकारीले वा सार्वजनिक अधिकारी वा सार्वजनिक क्षमतामा काम गर्ने अन्य व्यक्तिका उक्साहट, सम्मति वा स्वीकृतिमा कुनै व्यक्तिलाई ऊ वा अरु कसैको जानकारी वा साबिती लिन या ऊ बाट अरु कसैले गरेको भनी आशङ्का गरिएको कुनै अपराधमा सजाय दिन वा भेदभावमा आधारित अन्य कुनै कारणले डरत्रास देखाउन वा जबरजस्ती गर्न जानाजान उसलाई कठोर शारीरिक वा मानसिक पीडा वा सकस पार्न गरिने क्रियाकलापलाई जनाउँछ । सो शब्दले कानुनसङ्गतको दण्डभारमा अन्तर्निहित वा सोबाट अकष्मात् उत्पन्न पीडा वा सकसलाई समेट्दैन ।

- *यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय बिरुद्धको महासन्धि, १९८४ को धारा २*

  - प्रत्येक राज्यले आफ्नो नियन्त्रणमा भएको क्षेत्रमा यातनाका घटनाहरू हुनबाट रोक्ने अभिप्रायले फलोत्पादक प्रशासकीय, व्यवस्थापकीय, न्यायिक र अन्य कदमहरू चाल्नेछ ।
  - जस्तोसुकै अपवादात्मक अवस्थामा चाहे युद्धको अवस्था वा युद्धको खतरा वा आन्तरिक राजनैतिक अस्थिरता वा अन्य औचित्य सावित गर्न अघि सार्न सकिँदैन ।
  - कुनै उच्च अधिकारीले अथवा कुनै सार्वजनिक पदाधिकारीको आदेशलाई यातनाको औचित्यताको रूपमा स्वीकार गर्न सकिनेछैन ।

- *यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि, १९८४ को धारा ४*

  १. हरेक राज्य पक्षले यातनाका सबै कार्यलाई आफ्नो फौजदारी कानुन अन्तर्गत कसुर सुनिश्चय गर्नेछन । यातना दिन उद्योग गरेका वा यातना दिनमा मतियार वा सहयोगी भएको व्यक्तिका हकमा पनि सोही कुरा लागू हुनेछ ।

  २. हरेक राज्यपक्षले यी कसुरहरूलाई, तीनको गम्भिर प्रकृतिलाई समेत ध्यानमा राखी, उपयुक्तदण्ड सजायद्वारा दण्डनीय बनाउने छन् ।

- *मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ५*

  कसैलाई यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको भागीदार बनाइनेछैन। खास गरी कसैलाई पनि निजको स्वतन्त्र मन्जुरीविना चिकित्सा वा वैज्ञानिक प्रयोगपरीक्षण गरिनेछैन।

- *जुनसुकै स्वरुपको थुनछेक वा कैदसजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङ्ग्रह, १९८८ को सिद्धान्त ६*

  जुनसुकै प्रकारको थुनछेक वा कैदसजायअन्तर्गत रहेको व्यक्तिलाई यातना दिइनेछैन वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिनेछैन। जे जस्तो भए पनि कुनै पनि परिस्थितिलाई यातना, क्रूर र अमानवीय वा अपमानजनक व्यवहार वा सजायको पुष्ट्याइ स्वरूप याचना गर्न पाइनेछैन। सोही सिद्धान्तमा "क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय" भन्ने पदावलीलाई स्पष्ट गर्ने गरी टिप्पणी गर्दै भनिएको छ : "थुनिएको वा कैद ठेकिएको व्यक्तिलाई अस्थायी वा स्थायी रूपले दृष्टि, श्रवण, वा स्थान तथा समयको चेतनाजस्ता इन्द्रियगम्य ज्ञानको प्रयोगबाट वञ्चित गर्ने अवस्थामा राख्ने लगायतका शारीरिक वा मानसिक ज्यादती विरुद्ध सर्वव्यापक संरक्षण गर्ने हदमा व्याख्या गर्नुपर्दछ"।

- *कानुन लागू गर्ने अधिकारीहरुका लागि आचारसंहिता, १९७९, धारा ३*

  कानुन लागू गर्ने अधिकारीहरूले अति आवश्यक अवस्थामा मात्रै बल प्रयोग गर्छन् र त्यस्तो अवस्थामा पनि चाहिने बल मात्रै प्रयोग गर्नेछन्।

- *जुनसुकै स्वरुपको थुनछेक वा कैद सजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्त संग्रह, १९८८ सिद्धान्त ३४*

  थुनछेक वा कारावासमा रहेको अवधिमा थुनिएको वा कैद ठेकिएको व्यक्तिको मृत्यु वा वेपत्ता भएमा न्यायिक वा अन्य अधिकारीले आफ्नै सक्रियता वा त्यस्तो व्यक्तिको परिवारको सदस्य वा सो विषयमा ज्ञान भएको अन्य कुनै व्यक्तिको अनुरोधमा मृत्यु वा बेपत्ताको विषयमा जाँचबुझ गर्नेछन्। परिस्थितिले मागेको अवस्थामा थुनछेक वा कैद सजाय टुङ्गिएको लगत्तै पछि भएको मृत्यु वा बेपत्ताको घटनामा पनि समान कार्यविधिका आधारमा यस्तो जाँचबुझ गरिनेछ। जारी अपराध अनुसन्धानलाई दोहोरो खतरा पर्ने भएमा बाहेक माग गरिएका अवस्थामा यस्तो जाँचबुझको प्राप्त तथ्य वा प्रतिवेदन उपलब्ध गराइनेछ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ को नियम २७*

  "अनुशासन र व्यवस्था दृढतापूर्वक कायम गरिनेछ तर यसो गर्दा सुरक्षित हिरासत र सुव्यवस्थित सामुदायिक जीवनको लागि आवश्यक भन्दा बढी बन्देज लगाइने छैन"।

- *कानुन कार्यान्वयन गर्ने अधिकारीका लागि आचारसंहिता, १९७९ को धारा ५*

  कानुन कार्यान्वयन गर्ने कुनै पनि अधिकारी यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायरूपी कुनै कार्यमा संलग्न हुन, सुऱ्याउन वा सहन सक्ने छैनन, न त कानुन कार्यान्वयन गर्ने कुनै अधिकारीले यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको पुष्ट्याँइस्वरूप तालुकवालाको आदेश, युद्ध वा युद्धको त्रासको अवस्था, राष्ट्रिय सुरक्षामा खतरा, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक संकटजस्ता अपवादजनक परिस्थितिको दावी लिन सक्नेछैन।

# ८ थुनछेक

## ८.१. परिचय

सरकारवादी फौजदारी मुद्दामा अभियोग पत्र दर्ता गरेपछि प्रतिवादीहरूको बयान लिने कार्य हुन्छ। बयान लिइ सकेपछि थुनछेकको आदेश हुन्छ। फौजदारी अपराध वा मुद्दामा अभियोग लागेको व्यक्तिलाई पुर्पक्षको निमित्त थुनामा राख्ने, तारेख वा धरौटमा राखी कारबाही गर्ने भन्ने कुराको निर्णय दिने काम नै थुनछेक हो।

कुनै पनि व्यक्तिलाई थुनामा राख्दा निजलाई के कस्तो अभियोगमा कुन कानुनको कति नम्बर वा दफा उपदफा अनुसार थुनामा राखिएको हो, सो कुराको पूर्ण जानकारी हुने गरी कारण समेत खोली पूर्जी दिनु पर्छ। त्यस्तो पूर्जी नदिई निजलाई थुनामा राख्नु हुँदैन। सम्बन्धित पक्षको निवेदन नपरे पनि पुनरावेदन सुन्ने अड्डाले थुना गैरकानुनी वा बेरीत हो वा होइन भनी जाँचबुझ गर्न र गैर कानुनी वा बेरीत देखिएमा कानुनबमोजिम उपयुक्त आदेश दिन सक्दछ भन्ने कुरा *मुलुकी ऐन, २०२० को अ.वं. १२१ नं.* मा उल्लेख गरिएको छ। फौजदारी कसुर लागेको व्यक्तिलाई थुनामा राखेर मात्र कारबाही अघि बढाउनुपर्दछ भन्ने छैन। निजले पुनः अपराध गर्ने अवस्था छैन वा निजले प्रमाण नष्ट गर्ने अवस्था छैन वा निजको अपराधमा संलग्नता यकीन भएको छैन भने निजलाई थुनामा नराखी पनि अनुसन्धानलाई अघि बढाउन सकिन्छ।

शङ्काको भरमा जुन पायो त्यही व्यक्तिलाई पक्राउ गर्ने अधिकार कानुनले कसैलाई पनि दिएको छैन। दस अपराधी छुटुन् तर एक निर्दोष व्यक्ति बच्न सकोस् भन्ने विश्वव्यापी मान्यता रहँदै आएको छ। कानुनबमोजिमबाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुनेछैन भन्ने नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(१) मा भएको सम्वैधानिक व्यवस्था यस प्रसङ्गमा अझ महत्वपूर्ण रहेको छ।

> तहकिकातको सिलसिलामा प्रहरी हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक नदेखिएमा तोकिए बमोजिम सरकारी वकिलको सहमति लिई वा अवस्था अनुसार नलिई मनासिव कारण सहितको पर्चा खडा गरी प्रहरी कर्मचारीले त्यस्तो व्यक्तिलाई हाजिर जमानीमा छाड्न सक्नेछ।
>
> *सरकारी मुद्दासम्बन्धी ऐन, २०४९, दफा २१*

पक्राउ पर्ना साथ प्रहरी हिरासतमा राखी कारबाही गर्नुपर्ने माध्यता कानुनले गरेको छैन। व्यक्तिलाई हिरासतमा राख्ने भनेको बाध्यात्मक परिस्थितिमा मात्र हो भन्ने अन्तर्राष्ट्रिय मान्यतालाई हाम्रो ऐनले पनि समेटेको छ। तर यो कानुनी व्यवस्था कार्यान्वयन भने विरलै रहेको छ।

## ८.२. कार्यविधि

फौजदारी अभियोग लागेको व्यक्तिलाई थुनछेकगर्दा विशेष कानुनमा विशेष कार्यविधि उल्लेख भएको रहेछ भने सोही बमोजिम र यदि विशेष कार्यविधि रहेनछ भने सामान्य कानुनी व्यवस्थाअनुसार थुनछेकसम्बन्धी कार्यविधि अपनाउनुपर्दछ।

पक्राउ गरिएको व्यक्तिलाई बाटाका म्याद बाहेक २४ घण्टा भन्दा बढी थुनामा राख्न मिल्दैन र पक्राउपछि मुद्दा हेर्ने अधिकार समक्ष पेस गर्नुपर्ने कानुनी व्यवस्था छ। २४ घण्टामा अनुसन्धान समाप्त भएन भने अदालतको अनुमति लिएर मात्र म्याद थप गर्न सकिन्छ। अनुमति लिंदा अनुसन्धान समाप्त नभएको कारण स्पष्ट खुलाई पेस गर्नुपर्दछ।

राजगद्दी वा राजपरिवारको गाथसम्बन्धी मुद्दामा अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्छ। [अ.वं. ११८ (१)]

तीन वर्ष वा सो भन्दा बढी सजाय हुन सक्ने कुनै अपराधमा तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने भएमा वा त्यस्तो प्रमाणबाट कसुरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा अन्यथा प्रमाणित नभएसम्म अड्डाले अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्छ। [अ.वं. ११८ (२)]

अभियुक्तलाई कुनै हालतमा पनि निज उपरलगाइएको अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम् कैदको सजायको अवधि भन्दा बढी अवधिसम्म थुनामा राखिनेछैन। [अ.वं. ११९ ]

*मुलुकी ऐन, २०२०*

*थुनामा राखी कारवाही गर्न सकिने :*

(१) प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको कसुर सम्बन्धीको मुद्दामा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नु पर्ने पर्याप्त र मनासिव कारण भएमा र सो सम्बन्धमा सरकारी वकिलको समेत कुनै जिकिर भए सो समेत खुलाई पर्चा खडा गरी अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम थुनामा राखी पुर्पक्ष गरेकोमा अभियुक्तको चित्त नबुझेमा निजले मुद्दा हेर्ने अधिकारीमार्फत पुनरावेदन सुन्ने अदालतमा उजुरी दिन सक्नेछ। मुद्दा हेर्ने अधिकारीले पनि त्यस्तो उजुरी र थुनामा राख्ने पर्चा तीन दिनभित्र पुनरावेदन सुन्ने अदालतमा पठाई सो अदालतबाट भएको आदेशबमोजिम गर्नुपर्नेछ।

*लागु औषध (नियन्त्रण) ऐन, २०३३*

(१) यस ऐन बमोजिम गिरफ्तार गरिएको व्यक्तिलाई एक वर्ष वा सो भन्दा बढी कैदको सजाय हुनसक्ने वा सम्बन्धित मुद्दाको अभियोगमा तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिएमा वा त्यस्तो प्रमाणबाट कसुरदार देखिने मनासिब माफिकको आधार देखिएमा त्यस्तो अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राखी कारबाही गर्नुपर्नेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेकका अरू कसुरदारलाई निजलाई हुनसक्ने कैद वा जरिवानाको उपल्लो हदसम्मको नगद धरौट वा जेथा जमानी दिए तारेखमा र दिन नसकेमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्दछ। तर पटके कसुरदारलाई धरौटीमा छाड्न पाइनेछैन।

(३) उपदफा (१) वा (२) बमोजिम अभियुक्तलाई थुनामा राखी कारबाही गर्दा थुनामा रहेका दिनहरूलाई कैदमा गणना गर्दा कसुरदारलाई हुन सक्ने सजायको हदभन्दा बढी दिन थुनामा राख्न पाइनेछैन।

*वन ऐन, २०४९*

अभियुक्तलाई थुनामा राख्ने: (१) यस ऐनअन्तर्गतको कसुरमा कारबाही चलाइएको कुनै व्यक्तिले कुनै प्रमाण लोप वा नास गर्न सक्ने वा अनुसन्धान र तहकिकातको कारबाहीमा बाधाव्यवधान वा प्रतिकूल प्रभाव पार्न सक्ने पर्याप्त कारण विद्यमान भएमा अनुसन्धानअधिकृतले निजलाई प्रचलित कानुनबमोजिम थुनावापुर्जी दिई थुनामा राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम थुनामा राखिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नुपर्ने देखिएमा अनुसन्धान अधिकृतले निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई मुद्दा हेर्ने अधिकारीबाट अनुमति लिएर मात्र थुनामा राख्नुपर्नेछ। सो बमोजिम मुद्दा हेर्ने अधिकारीसँग अनुमति माग्दा थुनामा परेको व्यक्तिउपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नुपर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराइएको व्यक्तिले त्यसरी उपस्थित हुँदा आफ्नो शारीरिक जाँचको लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(४) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमति मागेमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनक रूपमा भए वा नभएको विचार गरी सन्तोषजनक रूपमा तहकिकात भइरहेको देखिएमा एकै पटक वा पटक पटक गरी तीस दिनमा नबढ्ने गरी बढीमा छ महिनासम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम थुनामा राख्ने म्याद थप माग गर्दा थुनामा रहेको व्यक्तिले चाहेमा आफू थुनामा रहनु नपर्ने कारण र आधार खोली मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

*भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३१*

आतंककारी तथा विध्वंसात्मक कार्य हुन सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने विश्वास गर्न सकिने मनासिव आधार भएमा सुरक्षा अधिकारीले त्यस्तो व्यक्तिलाई ६ महिनासम्म नजरबन्द राख्ने आदेश जारी गर्न सक्नेछ। त्यसरी नजरबन्दमा राखिएको व्यक्तिलाई आतंककारी तथा विध्वंसात्मक कार्य हुन सक्ने कुनै काम कुरा गर्नबाट थप समय रोक्नपर्ने विश्वास गर्न सकिने मनासिब आधार भएमा सुरक्षाअधिकारीले श्री ५ को सरकार, गृहमन्त्रालयको स्वीकृति लिई थप ६ महिनासम्म यस दफा बमोजिम नजरबन्द राख्न सक्ने आदेश जारी गर्न सक्नेछ।

*आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) गर्ने व्यवस्था गर्न बनेको अध्यादेश २०६२ को दफा ९:*

*थुनछेकसम्बन्धी अन्य व्यवस्था बारेमा विस्तृत जानकारीका लागि बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४९ र ५०, मुलुकी ऐन, अ.वं. ११८, १२०, १२२, १२३, १२४, १२४ (क), (ख) र (ग) र न्याय प्रशासन ऐन, २०४८ को दफा २४ (३) मा हेर्नुहोस्)*

## ८.३. अभियुक्तको अधिकार

फौजदारी अभियोग लागेको व्यक्तिले थुनामा रहँदा आफ्नो कानुनी हक तथा उपचारमा सहयोगका लागि वकील राख्न सक्दछ। निजले थुनछेकको वैद्यता उपर माथिल्लो अदालतमा उजुर गर्ने हक राख्दछ। कानुनले थुनामा राखी पुर्पक्ष गर्नु नपर्ने मुद्दामा तारेख, धरौट र जमानतमा बसी मुद्दाको पुर्पक्ष गर्न सक्दछ। यस सम्बन्धमा संविधान तथा कानुनले पनि व्यवस्था गरेको छ। जस सम्बन्धमा यस भन्दा अघिल्ला खण्डमा उल्लेख भइसकेको छ।

### थुनछेकको वैधता जाँच्ने

#### कानुनी व्यवस्था

| | |
|---|---|
| पुनरावेदन सुन्ने अड्डाले आफ्ना मातहतका अड्डामा परेका मुद्दाको काम कारवाहीमा म्याद नाघेको वा बेरीत भएको छ भन्ने कुरा झगडियाका निवेदनबाट वा अरू कुनै किसिमसँग थाहा पाएमा आवश्यकतानुसार सो मुद्दाको मिसिल समेत झिकी पन्ध्र दिन सम्ममा कैफियत तलर गरी बुझ्दा म्याद नघाएको वा बेरीत भएको देखिएमा कानुनबमोजिम गर्नुगर्न लाउनुपर्छ। | *मुलुकीऐन २०२० अ.वं. १७ नं.* |
| अन्तर्कालीन आादेशउपर निवेदन दिन सकिने:प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालत, निकाय वा अधिकारीबाट मुद्दाको पुर्पक्षको लागि प्रतिवादिलाई तारिख, जमानत वा थुनामा राख्ने गरी भएको आदेश वा मुद्दाको कारबाईको सिलसिलामा भएको अन्य कुनै अन्तर्कालीन आददेशउपर एक तह मात्र पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिनेछ। तर पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दामा प्रतिवादीलाई पुर्पक्षको लागि तारेख, जमानत वा थुनामा राख्ने गरी भएको आदेशउपर कानुनी त्रुटी वा कार्यविधि सम्बन्धी अनियमितताको प्रश्नमा सर्वोच्च अदालतमा निवेदन दिनलाई यस दफाले बाधा पुऱ्याएको मानिनेछैन। | *मुलुकीऐन, २०२० अ.वं. १७ नं.* |
| प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अदालत, निकाय वा अधिकारीबाट मुद्दाको पुर्पक्षका लागि प्रतिवादीलाई तारेख, जमानत वा थुनामा राख्ने गरी भएको आदेश वा मुद्दाको कारबाहीको सीलसीलामा भएको अन्य कुनै अन्तरकालिन आदेश उपर एक तह मात्र पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिनेछ। | *न्याय प्रशासन ऐन २०४८ को दफ्रा १६* |

#### नजिर

कुनै पनि व्यक्तिलाई यो यस अभियोगमा यस कानुनको आधारमा पुर्पक्षका लागि थुनामा राख्नु भन्ने अधिकार प्राप्त निकायबाट स्पष्ट र किटानी आदेश बेगर थुनामा राख्नु कानुन सङ्गत नहुने।

अधिकारप्राप्त निकायबाट थुनामा राख्नु भन्ने किटानी आदेशको अभावमा म्याग्दी जि.अ. का स्रेस्तेदार नायव सुब्बाले निवेदकलाई थुनामा राख्नु भनी लेखेको पत्र गैरकानुनी हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने। (*पुण्य प्र. काफ्ले वि. म्याग्दी जि.अ. समेत, ने.का.प. २०५२, अंक १, नि.नं. ५०३३, पृष्ठ ४२*

## तारेख, धरौट वा जमानतमा छुट्न पाउने अधिकार

सरकारवादी फौजदारी मुद्दामा अदालतमा अभियोग दर्ता भएपछि थुनछेकको आदेश हुन्छ । जसको मुख्य उद्देश्य हुन्छ कि तलका मध्य कुनै अवस्थामा अभियुक्तलाई राखी मुद्दाको पुर्पक्ष गर्ने ?

(क) थुनामा राखी,

(ख) तारेखमा,

(ग) धरौट वा जमानतमा,

कस्तोकस्तो अवस्थामा अभियुक्तलाई थुनामा राखी कारबाही गरिन्छ भन्ने विषयमा यसअघि चर्चा भइसकेको छ । थुनामा नराखेको अवस्थामा अदालतले अभियुक्तलाई धरौट वा तारेखमा राखी मुद्दा पुर्पक्ष गर्दछ । यस्ता अवस्थामा लागेको धरौट बुझाई तारेखमा बसी मुद्दाको पुर्पक्ष गर्ने हक अभियुक्तलाई हुनेछ ।

### कानुनी व्यवस्था

तारेख र धरौट सम्बन्धमा भएका कानुनी व्यवस्थाका लागि निम्न ऐनहरू हेर्नुहोस् ।

- मु.ऐ., २०२० अ.वं. ४७
- स.मु.स. नियमावली, २०५५ को नियम १३
- मु.ऐ., २०२० को अ.वं. ११८ (४) (५)
- सुरु अदालतमा तारेख वा धरौटमा रहेको व्यक्ति पुनरावेदन गर्दा निश्चित सर्तहरूको आधारमा तारेख वा धरौटमा रही पुर्पक्ष गर्न पाउँछ । थुनामा बस्नु पर्दैन । जसअनुसार पुर्पक्षलाई थुनामा बस्नु नपर्ने मुद्दामा भएमा वा पुर्पक्षको लागि सुरु अदालतमा थुनामा नबसेको भएमा जिल्ला अदालतले तीन वर्ष सम्म कैदको सजाय भएकोमा र पुनरावेदन सुन्ने अड्डाले भए बढीमा १० वर्ष सम्म कैद सजाय भएको अभियुक्तको हकमा पुनरावेदन गर्ने म्यादसम्मलाई र पुनरावेदन दर्ता भएकोमा किनारा नभएसम्मलाई धरौट वा जमानीमा जाड्न सक्नेछ । *(हेर्नुहोस् मु.ऐ. अदालती बन्दोबस्तको १९४ नं.)*

### *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ९ (3)*

  फौजदारी आरोपमा पक्राउ गरिएको र थुनामा राखिएको जोसुकैलाई पनि न्यायाधीश वा न्यायिक अधिकार प्रयोग गर्ने कानुनले अख्तियार दिएको अन्य अधिकारीसमक्ष तुरुन्तै ल्याइनेछ र उचित समयभित्र पुर्पच्छे हुने वा छुटकारा पाउने निजको हक हुनेछ । पुर्पच्छेको प्रतीक्षामा रहेका व्यक्तिलाई हिरासतमै राख्ने कुरा सामान्य नियम हुनेछैन तर छुटकारा न्यायिक कारबाहीका जुनसुकै चरणमा पुर्पच्छेका लागि र निर्णयको कार्यान्वयनको बखत आइपर्दा उपस्थित हुने प्रत्याभूतिको विषय बन्न सक्नेछ ।

*[ऐ., को धारा ९ (४)]*

पक्राउ वा थुनछेकबाट स्वतन्त्रताको अधिकारबाट वञ्चित भएको जोसुकै व्यक्तिलाई अदालतद्वारा विलम्ब नगरिकन निजको थुनछेकको कानुनसङ्गतता बारे निर्णय गर्न र थुनछेक कानुनसङ्गत नभएमा निजलाई मुक्त गर्ने आदेश दिनका लागि अदालतसमक्ष कारवाही चलाउने हक हुनेछ।

**[*ऐ., को धारा ९ (५)*]**

कानुनअसङ्गत गिरफ्तारी वा थनुछेकबाट पीडित जोसुकै व्यक्तिलाई क्षतिपूर्तिको प्रचलनशील अधिकार हुनेछ।

- *जुनसुकै स्वरूपको थुनछेक वा कैद सजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्त संग्रह, १९८८ को सिद्धान्त नं. ९*

व्यक्तिलाई पक्राउ गर्ने, थुनछेकमा राख्ने वा अनुसन्धान गर्ने अधिकारीहरूले कानुनले दिएको अधिकार मात्रै प्रयोग गर्नेछन् र यस्तो अधिकारकोप्रयोग न्यायिक वा अन्य अधिकारी समक्ष उपचार माग्न सकिने विषय हुनेछ।

**[*ऐ., को ११ (३)*]**

थुनछेकको निरन्तरताको उपयुक्तताका बारेमा पुनरावलोकन गर्न न्यायिक वा अन्य अधिकारीलाई सशक्त पारिनेछ।

(*ऐ., सिद्धान्त नं. ३७*)

फौजदारी अभियोगमा थुनिएको व्यक्तिलाई निजको पक्राउपछि लगत्तै कानुन बमोजिम न्यायिक वा अन्य अधिकारी समक्ष प्रस्तुत गरिनेछ। यस्तो अधिकारीले विनाविलम्ब थुनछेकको कानुन सङ्गतता र आवश्यकता बारेमा निर्णय गर्नेछन्। अनुसन्धान वा पुर्पच्छे जारी रहे पनि यस्तो अधिकारीको लिखित आदेश भएमा बाहेक कसैलाई पनि थुनामा राखिने छैन। यस्तो अधिकारी समक्ष ल्याइँदा थुनएिको व्यक्तिलाई हिरासतमा आफूलाई गरिएको व्यवहारउपर टिप्पणी गर्ने अधिकार हुनेछ।

- *गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (टोकियो नियमावली), १९९० नियम ६(१)*

१. आरोपित कसुरदारको अनुसन्धान र समाज तथा पीडितको संरक्षणलाई उचित ध्यान पुऱ्याई पुर्पच्छेपूर्वको थुनछेकलाई फौजदारी प्रक्रियामा अन्तिम साधनको रूपमा प्रयोग गरिनेछ।

२. पुर्पच्छेपूर्वको थुनछेक नियम ५.१* मा उल्लेख भएका उद्देश्यको प्राप्तिका निमित्त भन्दा बढीको लागि हुनेछैन र मानवीयतासाथ र मानिसमा अन्तर्निहित मर्यादाको सम्मानसाथ लागू गरिनेछ।

३. पुर्पच्छेपूर्वको थुनछेक अवलम्बन गरिएको अवस्थामा सो उपर न्यायिक वा अन्य सक्षम स्वतन्त्र अधिकारी समक्ष पुनरावेदन गर्ने अधिकार कसुरदारलाई रहेनछ।

(* नियम ५ (१) - उपयुक्त कानुनी व्यवस्थासँग अनुकुल भएसम्म समाजको संरक्षण, अपराध रोकथाम वा कानुनको सम्मान र पीडितको अधिकार प्रबर्द्धनका निमित्त मुद्दाको कारवाही अगाडि बढाउन आवश्यक छैन भन्ने देखेमा प्रहरी, अभियोजन सेवा वा फौजदारी मामिला समाल्ने अन्य निकायलाई कसुरदारलाई छुटकारा दिने अधिकार दिइनेछ। छुट्कारा दिने कुराको उपयुक्तता वा कारवाई चलाउने निर्णय गर्ने प्रयोजनका लागि कानुनी व्यवस्थामा सोको स्थापित शर्त - आधारको एक समुच्चय (सेट) विकास गरिनेछ। सानातिना मामिलामा अभियोजनकर्ताले उपयुक्त गैर हिरासतीयउपाय लागू गराउन सक्नेछन्)


## ८.४. वकिलको भूमिका


*अभियोग लागेको व्यक्तिको कानुनप्रदत्त अधिकार कुण्ठित भएको वा हुँदैछ भन्ने कुराको जानकारी लिने र कानुनले तोकेबमोजिमका उपचारका माध्यमबाट निजका कुण्ठित अधिकार बहाल गराउने कुरामा वकिलको भूमिका महत्वपूर्ण हुन्छ । तपाईको भूमिका यसप्रकार हुन सक्दछः*

- *तपाईको पक्षलाई पुर्पक्षको लागि थुनामा राखिएमा त्यसलाई तपाईले माथिल्लो अदालतमा चुनौती दिन सक्नुहुनेछ ।*
- *धरौट मागिएको रकम जुटाउन नसकेको स्थितिमा जेथा (सम्पत्ति) मूल्यांकन गराइ पक्षलाई तारेखमा छुटाउन सकिन्छ । त्यसको लागि आफ्नो वा अरूको मञ्जुरी दिएको सम्पत्ति जेथा स्वरुप राख्न सकिन्छ ।*
- *अ.वं. १४ नं. मा तोकिएको म्यादभित्र मुद्दा फैसला नभएमा थुनछेकको आदेशमा पुनःविचारको लागि निवेदन दिन सकिन्छ ।*
- *थुनामा परेको व्यक्ति पछि बुझिएका प्रमाणद्वारा कसुरदार होइन भन्ने आधार भएमा थुनाबाट छुट्न सक्ने कानुनी व्यवस्था (अ.वं. ११८ को ७) को प्रयोग गर्न सक्नुहुनेछ ।*

# ९ प्रमाणपरीक्षण

सरकारवादी फौजदारी मुद्दामा साक्षीहरूको ठूलो महत्व हुन्छ। वैज्ञानिक अनुसन्धानपद्धतिमा साक्षीको अतिरिक्त विभिन्न प्रविधि र प्रमाणको आधारमा फैसला गरिन्छ। सरकारवादी फौजदारी मुद्दामा प्रतिवादीको बयान लिई नसकी वा बयान गर्न आउने म्याद भुक्तान भई नसकी प्रमाण बुझिँदैन। साथै वादी प्रतिवादीका प्रमाण सँगसँगै बुझ्नु पर्दछ। साक्षी बुझ्ने तारेख तोक्दा फरकफरक नतोकी एकैपटक तोक्नुपर्दछ। प्रमाणका स्रोत विभिन्न हुन सक्दछन्।






सरकारवादी फौजदारी मुद्दामा प्रतिवादीको नाउँको म्याद तामेली नहुने समस्या टड्कारो रूपमा रहेको छ । सबै प्रतिवादीहरू म्याद बुझी बयानमा नआएसम्म मुद्दाको कारवाही अगाडि नबढाउने प्रचलन पनि रहेको छ । यसले गर्दा अदालतमा म्यादमा उपस्थित हुने प्रतिवादीहरूको मुद्दा सुनवाइमा ढिलो हुन जाने स्थिति पैदा भएको छ । यस्तो अवस्थामा फरार प्रतिवादीको हकमा पछि बुझ्ने गरी हाजिर रहेका प्रतिवादीहरूको हकमा मुद्दाको कारवाही अगाडि बढाउन जरुरी छ ।

## ९.१. साक्षी

साक्षी प्रमाणको विभिन्न रूप मध्ये एक हो । कुनै कुरालाई पुष्टि गर्न अपराधसँग सम्बन्धित विषयवस्तुको सम्बन्धमा आफ्नो भनाइ राख्न वा बयान गर्नको लागि न्यायाधीशसमक्ष उपस्थित हुने व्यक्ति नै साक्षी हो । उक्त साक्षीले अपराधका सम्बन्धमा देखेका, सुनेका र जानेका सबै कुराहरूलाई स्पष्ट पार्ने कार्य गर्दछन् ।

### कानुनी व्यवस्था

| | |
|---|---|
| वादी प्रतिवादीमा लेखिएका साक्षीहरूलाई अड्डाले तोकेको तारिखमा मुद्दाका पक्षहरू आफैले उपस्थित गराउनुपर्छ सो बमोजिम उपस्थित गराउन नसकेमा अ.वं. ११५ बमोजिम हुनेमा बाहेक पछि त्यस्तो साक्षी बुझिनेछैन । तर पुर्पक्षका लागि थुनामा रहेको अभियुक्तले पेस गर्न चाहेको साक्षीलाई अड्डैबाट समाह्वान जारी गरी बुझि पाऊँ भन्ने निवेदनपत्र दिएमा अड्डाले प्रति साक्षी दस रुपैयाँको दरले समाह्वान दस्तुर लिई त्यस्तो साक्षीका नाउँमा समाह्वान जारी गरी बुझ्न हुन्छ । | *मुलुकी ऐन, २०२० अ.वं. १४४ नं.* |
| प्रमाण बुझ्न तोकिएको तारेखमा हाजिर नभएको साक्षीलाई बातिल गर्नुपर्दछ । तर श्री ५ को सरकार वादी हुने वा फौजदारी मुद्दामा नबुझी नहुने साक्षीका सम्बन्धमा समाहवान जारी गरी बुझ्न हुन्छ । मनासिब कारण भएमा बाहेक सोबमोजिम समाह्वान जारी गर्दा पनि हाजिर नहुने साक्षीलाई पचास रूपैया जरिवाना गरी पक्राउ गर्न पठाई ल्याई वकाउनु पर्छ । पक्रन पठाउँदा पनि फेला परेन भने बाटाका म्याद बाहेक सात दिनको फेरि समाहवान जारी गर्नुपर्छ । यो समाह्वानबमोजिम तोकिएको तारेखमा पनि हाजिर हुन आएन भने पक्राउ गर्न पठाई ल्याई बकाई पन्ध्र दिनदेखि पैंतालीस दिनसम्म कैद गर्न सक्नेछ । त्यति गर्दा पनि पक्रिएन भने त्यस्तालाई सो बमोजिम सजाय गर्ने गरी बुझिएको प्रमाणबाट मुद्दा फैसला गरी दिनुपर्छ । | *मुलुकी ऐन, अ.वं. ११६ नं.* |

कुनै साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो सो पक्षले निजसँग सोधपुछ गर्न सक्नेछ । त्यसपछि अर्को पक्षले चाहेमा सो साक्षीसँग जिरह गर्न सक्ने छ ।

*प्रमाण ऐन, २०३१, दफा ५०*

***अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?***

*नागरिक तथा राजनीतिक अधिकारसमबन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, धारा १३ (३)* का व्यवस्था यस सन्दर्भमा महत्वपूर्ण छ । [*हेर्नुहोस्, २.५ (ग) १*]

**प्रतिपादित सिद्धान्त**

- मुद्दाको तयारी गर्ने पर्याप्त समय र आवश्यक साधनसम्बन्धी पक्षको अधिकारभित्र अभियोजन पक्षले उल्लेख गरेका साक्षी परीक्षण गर्न पाउने अधिकार समेत पर्दछ । तसर्थ त्यस्ता साक्षीलाई पेश गरिनेसम्बन्धमा पक्षलाई पर्याप्त समयसहितको अग्रिम जानकारी दिनुपर्दछ । *(Admas v. Jamaica (607/1994, 30 October, 1996, UN Doc: CCPR/C/58/D/607/1994)*
- एउटा ज्यान मुद्दाको पुर्पक्षको सिलसिलामा प्रतिवादीको साक्षी यातायातको साधनको अभावमा तोकिएको दिनमा अदालतमा उपस्थित हुन नसकेको अवस्थामा त्यसलाई वास्ता नगरी गरिएको फैसलाबाट ICCPR को धारा १४(१) र धारा १४(३)(ङ) को प्रतिकुल भएको भन्दै संयुक्त राष्ट्रसंघ मानवअधिकार आयोग प्रष्टतया मुद्दा हेर्ने अधिकारीले त्यस्तो अवस्थामा न्यायिक कारबाही स्थगित गर्नुपर्छ वा त्यस्तो साक्षीलाई उपस्थित गराउनका लागि यातायातको प्रबन्ध मिलाएर उपस्थित समेत गराई न्यायिक कारबाही अगाडि बढाउनुपर्दछ । *(Grant v. Jamaica, (353/1988), 31 March 1994, UN Doc. CCPR/C/50/D/353/1988, at 10)*

## ९.२. विशेषज्ञ वा भौतिक प्रमाण

कुनै पनि फौजदारी मुद्दामा अपराध सँग सम्बन्धित विषयको बारेमा राम्रो जानकारी भएको वा सो विषयमा दक्षताप्राप्त वा प्रशिक्षण प्राप्त गरेको व्यक्तिबाट आधिकारिक रूपमा बोल्न लगाई वा विशेष प्रकृतिको प्रमाणको पुष्टि वा प्रमाणित गराउनुपर्ने अवस्थामा त्यस्ता विशेषज्ञलाई झिकाई अदालतले बुझ्न सक्दछ । यसरी विशेषज्ञद्वारा दिएको रायलाई प्रमाणको रूपमा ग्रहण गर्न सकिन्छ । यस सन्दर्भमा प्रमाण ऐन, २०३१ को दफा २३ महत्वपूर्ण छ ।

**व्यक्तिगत रायः**

(१) अदालतले विदेशी कानुन, विज्ञान, कला, हस्ताक्षर वा ल्याप्चेका सम्बन्धमा राय यकिन गर्नुपरेमा सोसम्बन्धी विशेषज्ञको राय प्रमाणमा लिन हुन्छ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि 'विशेषज्ञ' भन्नाले विशेष अध्ययन, तालिम वा अनुभवबाट कुनै विषयमा विशेष ज्ञान प्राप्त गरेको व्यक्तिलाई सम्झनुपर्छ ।

(२) अदालतले कुनै व्यक्तिको हस्ताक्षरका सम्बन्धमा राय यकिन गर्नुपरेमा सो व्यक्तिको हस्ताक्षर बराबर देख्ने मौका पाई सो हस्ताक्षर चिन्न सक्ने स्थितिमा भएको व्यक्तिको राय प्रमाणमा लिन हुन्छ ।

(३) अदालतले कुनै धार्मिक, जातीय वा सार्वजनिक हक वा रितिस्थितिका सम्बन्धमा कुनै कुरा यकिन गर्न परेमा त्यस्तो हक वा रीतिस्थितिको विशेष जानकारी हुनसक्ने स्थितिमा भएको व्यक्तिको राय प्रमाणमा लिन हुन्छ ।

(४) अदालतले कुनै व्यक्तिको अर्को कुनै व्यक्तिसँग कुनै नाता-सम्बन्ध छ वा छैन भन्ने कुरा यकिन गर्न परेमा त्यस्तो नाता वा सम्बन्धको विशेष जानकारी हुनसक्ने स्थितिमा भएका व्यक्तिको राय प्रमाणमा लिन हुन्छ ।

(५) अदालतले कुनै खास स्थानमा प्रयोग हुने खास शब्द वा शब्दहरूको अर्थ यकिन गर्नुपरेमा त्यसको विशेष ज्ञान हुनसक्ने स्थितिमा भएका व्यक्तिको राय प्रमाणमा लिन हुन्छ ।

*प्रमाण ऐन, २०३१, दफा ५२*

(६) यस दफा वमोजिम कुनै व्यक्तिको राय प्रमाणमा लिइएमा त्यस्तो रायलाई समर्थन वा खण्डन गर्ने कुराहरू रत्यस्तो रायको आधार पनि प्रमाणमा लिन हुन्छ ।

(७) कुनै व्यक्तिले व्यक्त गरेको कुनै राय सो व्यक्ति साक्षीको रूपमा आफैं अदालतमा उपस्थित भएमा मात्र यस दफा वमोजिम प्रमाणमा लिन हुन्छ तर कुनै विषयको विशेषज्ञद्वारा कुनै पुस्तक वा लेखमा व्यक्त भएको राय वा सो रायको आधारमा प्रमाणमा लिन सो पुस्तक वा लेखको लेखक आफैं अदालतमा उपस्थित हुन अनिवार्य हुनेछैन ।

हस्ताक्षर, ल्याप्चे, विदेशी कानुन, विज्ञान, रीतिरिवाज, कला वा यस्तै अन्य विषयसम्बन्धी कुरा यकिन गर्नुपर्ने हुन आएमा अदालतले त्यस सम्बन्धमा विशेष दक्षता, अनुभव वा तालिम प्राप्त व्यक्तिलाई साक्षीसरह उपस्थित गराई बकाउन हुन्छ । सो बमोजिम अदालतले कुनै विशेषज्ञलाई साक्षीसरह बकाएमा मुद्दाको पक्षहरूलाई यस ऐन *(प्रमाण ऐन, २०३१)* बमोजिम जिरह गर्ने मौका दिनुपर्छ ।

लासजाँच एवं पोस्टमार्टम हत्याको कारण लगायत विभिन्न प्रमाणहरूको बारेमा स्पष्ट ढंगबाट उल्लेख गर्ने वस्तुगत प्रमाण संकलनको प्रक्रिया हो । जतिसक्दो चाँडो लासजाँच एवं पोस्टमार्टम गर्न सकिएमा मृत्युको कारण लगायत अन्य विवरणहरू स्पष्ट र वस्तुनिष्ट ढंगबाट प्राप्त गर्न सकिन्छ । [*यस सम्बन्धमा विस्तृत विवरणको लागि मु.ऐे. ज्यान सम्बन्धी महलको ३ नं., स.मु.स ऐनको दफा ११ (१) (२), स.मु.सं नियमावली, २०५५ को नियम ६ (१) (२), ७ (१) (२) र ८ हेर्नुहोस्* ]

### नजिर

प्रस्तुत केशमा डाक्टरहरूबाट भएको लासजाँचमा जो जति कुराहरू खोल्नु खुलाउनुपर्ने थियो यथार्थ खुलेको देखिएन लासजाँच गर्न ल्याएको समय र लासजाँच भएको समय लेखिनुपर्ने साथै मुत्युको कारण पत्ता लाग्नगाह्रो भई शंका उत्पन्न भएमा लासजाँच गर्दा पेटमा पाइएको पदार्थहरू रासायनिक जाँचको निमित्त बनाएर राख्नुपर्दछ भन्ने मेडिकल जुरिसप्रुडेन्सका किताबहरूमा लेखिएको देखिन्छ । आयभन्दा हुने लासजाँचमा मर्नेको कुन किसिमबाट मृत्यु भएको छ त्यसको सिलसिलामा प्रचलित कानुन र मेडिकल जुरिसप्रुडेन्सका किताबहरूबाट के कति कुरा देखाउनु खुलाउनुपर्छ त्यसको ख्याल राखी देखिएसम्मको विवरण खुलाई जाँच गर्नु भनी डाक्टरहरूलाई सूचना दिन स्वास्थ्य मन्त्रालयलाई लेखी पठाइदिनु । (*श्यामलाल म्याकजु विरूद्ध प्यारेलाल माडवारी समेत ने.का.प. २०१७, नि.नं. १००, पृ. ३८, मुद्दा ज्यान*)

## ९.३. अन्य प्रमाणको परीक्षण

### कानुनी व्यवस्था

*सरकारी मुद्दासम्बन्धी ऐन, २०४९*

अपराधको प्रकृतिबाट पक्राउमा परेको व्यक्तिको रगत, वीर्य वा शरीरको कुनै अङ्ग वा अन्य कुनै कुराको जाँच अपराध सम्बन्धी प्रमाण उपलब्ध हुन सक्छ भन्ने विश्वास गर्ने मनासिब आधार भएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी चिकित्सकद्वारा वा प्रयोगशालामा त्यस्तो रगत, वीर्य, ,अङ्ग वा कुनै कुराको जाँच गराउन सक्नेछ । (*दफा १२*)

तर कुनै महिलाको शारीरिक अङ्ग जाँच गर्नु परेमा पाएसम्म कुनै महिला चिकित्सकद्वारा वा पुरुष चिकित्सकको निर्देशनमा कुनै महिलाद्वारा गर्नु गराउनुपर्दछ । (*ऐ.ऐ.*)

अपराधको तहकिकात गर्ने कर्मचारीले आवश्यक सम्झेमा अपराधसँग सम्बन्धित कुनै कुराका सम्बन्धमा विशेषज्ञको राय लिन सक्नेछ । (*ऐ., दफा १३*)

## नजिर

अनाधिकृत अधिकारीबाट भएको खानतलासी मुचुल्काले कानुनी मान्यता पाउँछ भन्न नमिल्ने । कानुनले जे जति मान्छेलाई साक्षी राख्न भनेको छ त्यो भन्दा कम साक्षी राख्न नमिल्ने । गैर कानुनी खानतलासी एवं बरामदी मुचुल्कालाई प्रमाणमा लिन नमिल्ने । *(गोपाल सुवेदी वि. श्री ५ को सरकार, मुद्दा विदेशी मुद्रा, ने.का.प २०४७, अंक ५, नि.नं. ४१४२, पृ ४१६)*

मौकामा पक्राउ परेका राउत विना अधिकारप्राप्त अधिकारीसमक्ष सावित भए तापनि अदालतमा इन्कार छन दसीको सामान प्रतिवादीहरूबाट बरामद हुन नसकेको, सार्वजनिक व्यक्तिको बकपत्रबाट साबितीलाई पुष्टि गर्न सकेको पाइदैन । मिसिल संलग्न स्वतन्त्र प्रमाणबाट प्रतिवादीले आरोपित कसुर गरेको भन्ने कुराको समर्थन नभई सह अभियुक्तको प्रहरीमा भएको साविती बयानलाई आधार मानी डाँका जस्ता कसुरमा कसुरदार ठहर गर्न नमिल्ने" *(श्री ५ को सरकार वि. ताराचन राउत, स.अ. बुलेटिन, वर्ष ८, पुर्णांक १८)*

## अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?

- *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४(3)*

  हरेक व्यक्तिलाई निजविरुद्धको फौजदारी अभियोगको निर्धारणमा पूर्ण समानतामा आधारित निम्न लिखितानुसारका न्यूनतम् प्रत्याभूतिको अधिकार हुनेछः

  (क) आफू विरुद्धको अभियोगको प्रकृति तथा कारण निजले बुझ्ने भाषामा तुरुन्त र पूर्ण विवरणसाथ जानकारी पाउने,

  (ख) आफ्नो प्रतिरक्षाको तयारीका लागि पर्याप्त समय एवं सर सुविधा पाउने र आफूले रोजेको कानुनी सल्लाहकारसँग कुराकानी गर्न पाउने,

  (ग) अनुचित ढिलाइविना पुर्पच्छे गरिने,

  (घ) आफ्नो उपस्थितिमा पुर्पच्छे हुने र आफै वा रोजेको कानुनी सहायतामार्फत प्रतिरक्षा गर्न पाउने, कानुनी सहायता नभएमा यो अधिकारको जानकारी पाउने र न्यायको हितले आवश्यक भएमा जुनसुकै मामिलामा निजका हकमा कानुनी सहायता पाउने र निजसित पर्याप्त स्रोत साधन भएमा यस्तो कुनै पनि मामिलामा कानुनी सहायता निःशुल्क हुने ।

  (ङ) आफूविरुद्धका साक्षीको परीक्षण गर्ने गराउने र आफूविरुद्धका साक्षीजस्तो समान अवस्थामा आफ्ना साक्षी उपस्थित तथा परीक्षण गर्ने गराउने ।

  (च) अदालतमा प्रयुक्त भाषा निजले बुझ्न वा बोल्न नसक्ने भएमा दोभाषेको निःशुल्क सहयोग पाउने ।

  (छ) आफ्नै विरुद्धमा प्रमाण दिन वा दोषमा सावित हुन बाध्य हुनु नपर्ने ।

- *जुनसुकै स्वरुपको थुनछेक वा कैद सजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्त संग्रह, १९८८, सिद्धान्त नं. २७*

  सबुत प्रमाण लिँदा यो कुरा यी सिद्धान्तहरूसँग बाझिएमा थुनिएको वा कैद ठेकिएको व्यक्ति विरुद्ध त्यस्तो सबुत प्रमाण ग्राह्यताबारे विचार गरिनेछ ।

# १० बहसपैरवी

मुद्दाको सम्बन्धमा वादी वा प्रतिवादीमध्ये कुनै एकको तर्फबाट न्यायाधीश वा मुद्दा हेर्ने अधिकारीसमक्ष मुद्दासँग सम्बन्धित तथ्यलाई स्पष्ट पार्ने वा प्रमाणको आधारमा कुनै पनि कुरा प्रमाणित गर्ने वा गर्न सहयोग गर्ने वा तर्कवितर्क वा छलफल गर्ने कार्य नै बहस हो ।

## कानुनी व्यवस्था

नेपाल कानुनव्यवसायी परिषद् ऐन, २०५० को परिच्छेद ५ अन्तर्गत कानुनव्यवसाय गर्ने अधिकार, पैरवी र बहस गर्ने अधिकार, सम्बोधनको अधिकारलगायत कानुनव्यवसायीको विशेष सुविधा र कानुनव्यवसाय गर्नको लागि चाहिने आवश्यक योग्यताको बारेमा समेत कानुनी व्यवस्था गरेको छ ।

वरिष्ठ अधिवक्ता तथा अधिवक्तालाई सर्वोच्च अदालतलगायत नेपाल अधिराज्यका जुनसुकै अड्डा, अदालत वा अधिकारीसमक्ष आफ्नो पक्षको तर्फबाट उपस्थित हुने, पैरवी गर्ने र बहस गर्ने अधिकार हुनेछ । *(दफा २२ (१)*

अभिवक्तालाई सर्वोच्च अदालतबाहेक नेपाल अधिराज्यका अन्य अड्डा अदालत वा अधिकारीका समक्ष आफ्नो पक्षका तर्फबाट उपस्थित हुने, पैरवी गर्ने र बहस गर्ने अधिकार हुन्छ । *(दफा २२ (२)*

कुनै मुद्दामा एक पक्षका तर्फबाट एक भन्दा बढी कानुनव्यवसायीहरू रहेमा मुद्दा हेर्ने अधिकारीलाई सम्बोधन गर्ने अधिकार देहाय बमोजिमको प्राथमिकताको क्रम अनुसार हुनेछ । *(दफा २३ (१)*

(क) एकै श्रेणीको कानुनव्यवसायीहरू भए निजहरूले प्रमाणपत्र पाएको मितिको जेष्ठताको क्रमानुसार,

(ख) विभिन्न श्रेणीका कानुनव्यवसायीहरू भए देहायका क्रमअनुसार :

(१) वरिष्ठ अधिवक्ता,

(२) अधिवक्ता र

(३) अभिवक्ता ।

उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दा हेर्ने अधिकारी तथा प्राथमिकता क्रममा पहिले सम्बोधन गर्ने अधिकार प्राप्त कानुनव्यवसायीको अनुमति लिई प्राथमिकता क्रममा पछि सम्बोधन गर्ने अधिकार भएको कानुनव्यवसायीले पहिलो सम्बोधन गर्न सक्नेछ । *(दफा २३ (२)*

कुनै मुद्दामा एकै पक्षका तर्फबाट एकभन्दा बढी एकै श्रेणीका र एकै मितिमा प्रमाणपत्र पाएका कानुनव्यवसायीहरू रहेमा आपसमा मन्जुर गरेको कुनै एक कानुनव्यवसायीले पहिले सम्बोधन गर्न सक्नेछ । *(दफा २३ (३)*

*नेपाल कानुनव्यवसायी परिषद् ऐन, २०५०*

कुनै कानुनव्यवसायीले कुनै मुद्दामा कुनै पक्षको तर्फबाट उपस्थित हुन, पैरवी गर्न तथा बहस गर्न जाँदा बाटोमा निजलाई कुनै देवानी मुद्दाको विगो वा सजायको सम्बन्धमा पक्राउ गरिनेछैन। *(दफा २४ (१)*

कुनै कानुनव्यवसायीले बहसको सिलसिलामा बोलेको कुनै कुरालाई लिएर निजउपर कुनै प्रकारको गाली वेइज्जती मुद्दा चलाउन सकिनेछैन। *(दफा २४ (२)*

कानुनव्यवसायीमा नदरिई कसैले पनि कुनै मुद्दामा मुद्दाको कुनै पक्षको तर्फबाट अड्डा अदालतमा उपस्थित हुन, पैरवी गर्न तथा बहस गर्न हुँदैन। *(दफा २५ (१)*

उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी मुलुकबाट कानुनव्यवसायी प्रमाणपत्र प्राप्त गरेको कानुनव्यवसायीले सम्बन्धित अदालतबाट अनुमति लिई कुनै खास मुद्दाको सम्बन्धमा कुनै पक्षको तर्फबाट अदालतमा उपस्थित भई बहस गर्न सक्नेछ। *(दफा २५ (२)*

उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वकिल, मुद्दाको पक्ष वा यस ऐन बमोजिम कानुनव्यवसायी गर्न पाउनेहरूको संख्या १० जनाभन्दा कम भएको जिल्लामा अरू कसैले मुद्दामा कुनै पक्षको तर्फबाट अड्डा अदालतमा उपस्थित हुन, पैरवी गर्न तथा बहस गर्न बाधा पर्नेछैन। *(दफा २५ (३)*

उपदफा १ को विपरीत कसैले कुनै काम गरेमा २०००।- हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ। *(दफा २५ (४)*

*नेपाल कानुनव्यवसायी परिषद ऐन, २०५०*

## १०.१. कार्यविधि

फौजदारी मुद्दामा अभियोग लागेको व्यक्तिले अभियोग लगाइनुको कारणलाई चुनौतिका साथ प्रतिवाद गर्न सक्दछ। आफ्नो प्रतिरक्षाको लागि प्रतिवाद गर्नको लागि उसले कानुनव्यवसायी नियुक्ति गर्न सक्दछ। यसरी नियुक्त कानुनव्यवसायीले नियुक्त गर्ने पक्षको तर्फबाट बहसको रूपमा मुद्दासँग सम्बन्धित तथ्यहरूलाई स्पष्ट पार्ने तथा कानुनी हकअधिकार बहालीका लागि उपचार खोज्ने कार्यमा सघाउ पुऱ्याउने गर्दछ। इजलासमा पक्षको तर्फबाट वा पीडित वा अभियोग लागेको पक्षको तर्फबाट उपस्थित भई छलफल मार्फत बहस प्रस्तुत गर्दछ र मौखिक रूपमा सबै कुरा प्रष्ट पार्न नभ्याए बहसनोट तयार पारी लिखित रूपमा आफ्नो भनाइहरू पक्षको प्रतिरक्षार्थ प्रस्तुत गर्ने गर्दछ।

### कानुनी व्यवस्था

मुद्दाको बहस सुनुवाईको प्रारम्भमा इजलाशले त्यस मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नहरूमा सीमित रही बहस गर्न दुवै पक्षका कानुनव्यवसायीलाई निर्देशन दिन सक्नेछ।

*जि.अ.नि., २०५२ नियम, ३३(१)*

मुद्दाको प्रकृति र विषयवस्तु हेरी इजलासले बहसको समय तोक्न सक्नेछ। यसरी समय तोकिएकोमा तोकिएको समयभित्र सीमित भई कानुनव्यवसायीले बहस गर्नुपर्नेछ। *(नियम ३३ (२)*


सुनुवाईकोलागि पेस तोकिएको मुद्दामा अदालतले आवश्यक ठानेमा वा पक्षले वा पक्षको कानुनव्यवसायीले बहसनोट पेस गर्न चाहेमा इजलासले बहस नोट पेस गर्नुपर्ने समय तोकिदिनुपर्नेछ। *(ऐे., ३३ (३)*

कुनै मुद्दामा एकभन्दा बढी कानुनव्यवसायीहरूको वकालतनामा पेस भएकोमा इजलासले कानुनव्यवसायीहरूमध्येबाट एकजना कानुनव्यवसायीले प्रमुख कानुनव्यवसायीको रूपमा बहस गर्ने तथा अन्य कानुनव्यवसायीहरूले अलग अलग तथ्यगत र कानुनी प्रश्नमा बहस गर्ने गरी बहस व्यवस्थापन गर्न निर्देशन लिन सक्नेछ। *(ऐे., ३३ (४)*

उपनियम (१), (२), (३) र (४) बमोजिम इजलासले निर्देशन वा समय तोकेकोमा दिएको समयमा सोअनुसार गर्नु सम्बन्धित कानुनव्यवसायीको कर्तव्य हुनेछ। *(ऐे., ३३ (५)*

*जिल्ला अदालत नियमावली, २०५२*

पुनरावेदन अदालत नियमावलीको नियम ५४ र सर्वोच्च अदालत नियमावलीको नियम ६६ मा पनि बहसको व्यवस्थापन बारेमा समान व्यवस्था रहेको छ।



### *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ को उपधारा ५*

  अपराधमा सजाय तोकिएका प्रत्येक व्यक्तिलाई कानुनअनुसार सर्वोच्च न्यायाधीकरणबाट निजको कसुर स्थापना र सजाय पुनरावलोकन गराउन पाउने अधिकार हुनेछ ।

  *(अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन, १९९०, धारा १४)*

  निष्पक्ष अनुसन्धानले अभियोग निराधार देखाएका अवस्थामा अभियोजनकर्ताले अभियोजनको पहल गर्ने वा अभियोजनलाई निरन्तरता दिइराख्ने गर्नु हुँदैन र कारबाही स्थगित गर्न हरप्रयास गर्नुपर्नेछ ।

## १०.२. अभियुक्तको अधिकार

(क) समानताको अधिकार

(ख) बाल इजलासको अधिकार (अभियुक्त बालक भएमा)

(ग) खुल्ला सुनुवाइको अधिकार

(घ) निर्दोषताको अनुमानको अधिकार

(च) गोपनीयताको अधिकार

(छ) बन्दइजलासको अधिकार (केही खास मुद्दाहरूमा) **[***जिल्ला अदालत नियमावली, २०५२, नियम ४६ (ख) । स.अ.ऐन, २०४८, दफा ६७ (क)***]**

*(नोट : यी अधिकारहरुबारे यसै निर्देशिकाको खण्ड (ख) मा फैसला शीर्षकमा विस्तृत चर्चा गरिएकोले यहाँ पुनरावृत्ति गरिएको छैन ।)*

## १०.३. वकिलको भूमिका

*वकिलको भूमिका अभियुक्तको मानवअधिकारको पक्षमा महत्वपूर्ण हुन्छ र यो फौजदारी न्यायको तीनै चरणमा रहेको हुन्छ ।*

*(क) पुर्पक्षपूर्वको चरण, (ख) पुर्पक्षको चरण, (ग) पुर्पक्षपछिको चरण*

*१. प्रहरीले वा अन्य निकायले कुनै पनि व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीको आदेश वेगर थुनामा राखेको भए प्रतिरक्षी कानुनव्यवसायीले तत्काल पुनरावेदन अदालत वा सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन गर्नुपर्दछ ।*

२. प्रहरी वा अन्य निकायले थुनामा राख्नै नपाइने मुद्दामा थुनामा राखेको भए पुनरावेदन अदालत वा सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिटनिवेदन गर्नु पर्दछ ।

3. मुद्दा हेर्न अधिकार नभएको अधिकारीको आदेशले थुनामा राखेको भए पुनरावेदन सुन्ने अड्डामा मुलुकी ऐन अ.वं. १७ नं. बमोजिमको निवेदन दिनुपर्दछ ।

पुनरावेदन सुन्ने अड्डाले आफ्ना मातहतका अड्डामा परेका मुद्दाको काम कारबाहीमा म्याद नाघेको वा बेरित भएको भन्ने कुरा झगडियाका निवेदनबाट वा अरू कुनै किसिमबाट थाहा पाएमा आवश्यकतानुसार सो मुद्दाको मिसिल समेत झिकी पन्ध्र दिन सम्ममा कैफियत तलब गरी बुझ्दा म्याद नघाएको वा वेरित भएको देखिएमा कानुनबमोजिम गर्नु गर्न लगाउनु पर्छ । (मुलुकी ऐन, अ.वं. १७ नं )

४. मुद्दा हेर्ने अधिकारीको बेरितको आदेशले थुनामा राखेको भए पुनरावेदन सुन्ने अड्डामा मुलुकी ऐन, अ.वं. १७ नं. बमोजिमको निवेदन दिई कानुनी उपचार दिलाउनुपर्छ ।

५. प्रहरी वा अन्य निकायले गैरकानुनी रुपमा थुनामा राख्ने सम्भावना वा आशंका भएमा पुनरावेदन अदालतमा निषेधाज्ञाको रिट पनि दिन सकिन्छ ।

उल्लिखित कानुनले तोकेको रीतपूर्वक नै थुनामा राखिएको भए पनि प्रतिरक्षी कानुनव्यवसायीले बन्दीको प्रतिरक्षा गर्दा निम्न थप कुराहरुसमेत विचार पुर्‍याउनुपर्दछ ।

**(क) स्वास्थ्य :** कुनै पनि व्यक्तिलाई थुनामा राख्दा यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा 3 (२) अनुसार शारीरिकस्थितिको जाँच गरे नगरेको बुझ्नु पर्दछ र त्यस्तो जाँच नभएको भए जाँच गराउन लगाउनु पर्दछ ।

**(ख) यातना :** थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिन वा अपमानजनक व्यवहार गर्न पाइँदैन । कसैलाई त्यस्तो यातना दिइएको भए यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५3 को दफा 3 बमोजिम उजुरी दिनु पर्दछ ।

**(ग) थुनुवा पूर्जी :** कसैलाई पनि थुनामा राख्दा पक्राउ भएको कारण सहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा राख्न पाइदैन ।

[हेर्नुहोस् **फौजदारी कार्यविधि-दिग्दर्शन**, पृष्ठ ५८, कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड), काठमाडौं, (२०५८)]

# ११ फैसला

मुद्दाको समग्र कारबाही सकिएपछि मुद्दाको फैसला हुन्छ । फैसलाले नै मुद्दाको विषयमा अन्तिम निर्णय दिने कार्य गर्दछ । फैसलाले सफाइ दिने वा दण्डजरिवाना तोक्ने भएकोले फौजदारी न्यायको यो महत्वपूर्ण चरण हो । फैसलामा गएर सो चरणका लागि मुद्दाको अन्त्य हुन्छ ।


## ११.१. कार्यविधि

**कानुनी व्यवस्था**

फैसला वा अन्तिम आदेश गर्दा न्यायधीशले आफै गर्नुपर्दछ । फैसलामा पक्ष विपक्षको दाबी जिकिर, दुवै पक्षका प्रमाण, कानुनको व्याख्या,  कानुनव्यवसायीको बहस, फैसलाका आधार र कारण, फैसलाले तोकेको दण्डसजाय र पुनरावेदनको म्याद आदि खुलाई फैसला तयार गर्नुपर्दछ ।

| | |
|---|---|
| वादी प्रतिवादीका बीच मुख नमिली बुझ्नुपर्ने भनी ठहऱ्याएका प्रमाणहरू बुझिसके पछि मुद्दाको छलफल गर्नका लागि तोकिएको तारेखमा हाजिर रहेसम्मका पक्षहरूलाई राखी मुद्दाको पक्ष वा कानुनव्यवसायीले कुनै बहस प्रस्तुत गरे सो समेतलाई मध्यनजर राखी फैसला गर्नुपर्छ । | *मुलुकी ऐन, अ.वं. १८५* |
| फैसला गर्दा उसै दिन राय लेख्ने किताबमा लेखी निर्णय गर्ने अधिकारीले सहीछाप गर्नुपर्छ र उपस्थित रहेका प्रतिवादीहरूको समेत सहिछाप गराउनु पर्छ । उपस्थित प्रतिवादीले सहिछाप गर्न नमानेमा सो व्यहोरा जनाई प्रमाणित गरी राख्नुपर्छ । राय कायम भैसकेपछि मनासिब कारणले बाहेक फैसला लेख्न सात दिनभन्दा बढी ढिलो गर्नु हुँदैन । तर इजलाससमक्ष पेस भई छलफल भएका कुनै मुद्दामा मुद्दाको जटिलतासमेतको कारणले उसै दिन निर्णय सुनाउन नसकिने अवस्था परेमा लिखित रूपमै फैसला सुनाउनका लागि इजलासले पन्ध्र दिनसम्मको तारेख तोक्न सक्तछ । | *जि.अ. नियमावली, २०५२ को नियम ४६* |
| फैसलाको लेखाइ वा टाइपमा कुनै सामान्य भूल भएको रहेछ भने सच्याउन मिल्दछ । | *जि.अ. नि., २०५२ को नियम ५१ र ५२* |

अदालतबाट प्रतिवादीका नाउँमा जारी भएको वारेन्ट, म्यादी पूर्जी तथा समाहवान बमोजिम पक्राउ पनि नपरेको, आफै हाजिर हुन पनि नआएको भई सुरु म्याद नै गुजारी बस्ने प्रतिवादीका हकमा मुद्दा एकतर्फी फैसला गर्नुपर्छ । यसरी एकतर्फी फैसला गर्दा पुऱ्याउनुपर्ने रितको बारेमा मुलुकी ऐन, अ.वं. १९०, चोरीको महलको १० नं. र अ.वं. २०८ मा उल्लेख गरिएको छ ।




## फैसलाका प्रकारहरू

(क) डिसमिस

(ख) खारेजी

(ग) एकतर्फी फैसला

(घ) सामान्य (हारजित फैसला)

(ङ) आंशिक वा खण्डे फैसला

(च) साधकजाहेरी

## फैसलाको अवधि

फैसला गर्न कानुनले निश्चित अवधि तोकेको हुन्छ । जसको अर्थ न्याय दिएर मात्र हुँदैन दिएको जस्तो पनि देखिनुपर्छ भन्ने सिद्धान्तको अनुसरण हो । ढिलो न्याय दिनु न्याय नदिनु सरह हो भनिन्छ । बन्दी अवस्थामा रहेको अभियुक्तको हकमा भने समयमा फैसला गर्नु स्वतन्त्रतासँग सम्बन्धित महत्वपूर्ण विषय पनि हो ।

## कानुनी व्यवस्था

| | |
|---|---|
| अदालतले आफूले गर्नुपर्ने काम कारबाही तोकिएको समयमा गर्नुपर्दछ, ढिलो गरी गर्नु हुँदैन । पुनरावेदन सुन्दा, निरीक्षण वा जाँचबुझ गर्दा बेमुनासिब गरेको देखिएमा कानुनबमोजिम गर्नुगराउनुपर्दछ । | *मुलुकी ऐन, २०२० को अ.वं. १३* |

| | |
|---|---|
| मुद्दा फैसला गर्दा देहायको म्यादभित्र फैसला गर्नुपर्दछ ।<br>● सुरु फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट एक वर्ष भित्र फैसला गर्नु पर्दछ ।<br>● पुनरावेदन फैसला गर्दा सुरु मिसिल प्राप्त भएको मितिबाट छ महिनाभित्र फैसला गर्नुपर्दछ ।<br>बुझ्नुपर्ने प्रमाण बुझिसकेपछि माथि लेखिएबमोजिम फैसला गर्ने म्याद बाँकी भए पनि फैसला गर्नलाई ३५ दिन भन्दा ढिलो गर्नु हुँदैन । | *मुलुकी ऐन, २०२०, अ.वं. १४* |
| संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको मुद्दाको हकमा सो ऐनअन्तर्गत प्रतिउत्तर दाखिला भएको वा प्रतिवादीको बयान भएकोमा सो भएका मितिले र प्रतिउत्तर दाखिला नभएको वा प्रतिवादीको बयान नभएकोमा सो हुने म्याद भुक्तान भएको मितिले ९० दिनभित्र मुद्दाको किनारा गरिसक्नु पर्दछ । मुद्दाको किनारा गर्ने समयअगावै मुद्दा किनारा गर्न अङ्ग पुगिसकेको भएमा सो मितिले तीन दिनभित्र मुद्दा किनारा गर्नुपर्दछ । तर म्याद वा तारेख थाम्न पाउने वा अनुपस्थित प्रतिवादीको तर्फबाट प्रमाण पेस हुन सक्ने म्यादभन्दा अगावै मुद्दा फैसला गर्नु हुँदैन । | *संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा १०* |
| केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ अन्तर्गत चलेको मुद्दा तीन महिनाभित्र फैसला गरिसक्नुपर्दछ । | *केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ६ (१)* |

## मुद्दामा प्राथमिकता

मुद्दा हेर्ने क्रममा महिला, बालबालिका र थुनुवालाई प्राथमिकता दिनुको अर्थ समग्र फौजदारी न्यायको प्रक्रिया भर प्राथमिकता प्रदान गर्नु हो । तर हालसम्म मुद्दा हेर्ने क्रमको प्राथमिकता केवल पेसी सूची बनाउने बेलामा मात्र लागू गरिएको छ । वास्तवमा फौजदारी मुद्दाको हरेक प्रक्रिया जस्तै तारेख दिने, साक्षीको वकपत्र, अन्य प्रमाणको परीक्षण तथा पेसीमा विशेष वर्गहरूलाई प्राथमिकता प्रदान गर्नुपर्दछ ।

## मुद्दा हेर्ने क्रम

१. अघिल्लो दिन हेर्दाहेर्दै बाँकी रहेको मुद्दा,
२. थुनुवा भएको मुद्दा,
३. सामान्य कार्यविधि प्रयोग हुने मुद्दाको लगाउ बाहेकका संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको कार्यविधि प्रयोग हुने मुद्दा,

४. बेवारिसे बालबालिकाको मुद्दा,

५. ७५ वर्ष माथिको बुढाबुढी वा शारीरिक अशक्तता भएको व्यक्ति तारेखमा रहेको मुद्दा,

६. स्वास्नी मानिस वादी भएको न्वारान गराई पाउँ वा नाताकायम गराई पाउँ भन्ने मुद्दा,

७. पूर्व आदेश अनुसार पेसीको निश्चित मिति तोकिएको मुद्दा र


८. मुद्दाको दर्ताको क्रम अनुसार अन्य मुद्दाहरू

(*फौजदारी कार्यविधि दिग्दर्शन, सेलर्ड, २०५८, पृ. ११६,* काठमाडौं)

## अभियुक्तको अधिकार

### (अ) समानताको अधिकार

पुर्पक्षका समयमा समानताको अधिकारको प्रत्याभूत हुनु स्वच्छ पुर्पक्षका लागि सबै भन्दा महत्वपूर्ण कुरा हो। कानुनको शासनको मान्यतानुसार कानुनबमोजिम अधिकारको प्रयोग र कार्यान्वयन गरिनुपर्दछ। यसको प्रयोगमा पनि मुद्दाका दुवै पक्षलाई समान व्यवहार गरिनुपर्छ। स्वच्छ न्यायप्राप्तिका लागि अदालतमा आएका मुद्दाका दुवै पक्षलाई मुद्दाको आवश्यक तयारी गर्न समान अवसर दिनुपर्दछ। उपचारका सिलसिलामा कुनै पक्षलाई बढी र कुनै पक्षलाई घटी अधिकार एवं सुविधा दिने गरी पुर्पक्ष गरिन्छ भने त्यस्तो पुर्पक्ष स्वच्छ हुँदैन।



सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिनेछैन ।

*नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ (१)*

## नजिर

यसै विषयमा सर्वोच्च *अदालतबाट कालीप्रसाद खनालसमेत वि जिल्ला सरकारी वकिल कार्यालय इनरुवासमेतको* मुद्दामा "वारदातको समान तथ्य र परिस्थिति भएको तथा संलग्नताको स्थिति समेत समान रहेको अवस्थामा सवै प्रतिवादीका हकमा समान प्रकारको थुनछेकको आदेश गर्नुपर्छ" (*नेकाप, २०५४, नि.नं. ६४०४, अंक ७, पृष्ठ ३७८*) भन्ने सिद्धान्त कायम भएको पाइन्छ ।

## अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?

- *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ (१)*

  अदालत र न्यायाधीकरणहरूका सामुन्ने सबै व्यक्ति समान हुनेछन् । हरेक व्यक्तिलाई निजविरूद्ध फौजदारी अभियोग वा कानुनअनुसारको मुद्दामा निजका अधिकार र दायित्वको निर्धारणमा कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायाधीकरणबाट स्वच्छ र खुला सुनवाइ हुने हकाधिकार रहनेछ । प्रजातान्त्रिक समाजमा हुने नैतिकता, सार्वजनिक सुव्यवस्था वा राष्ट्रिय सुरक्षा, वा पक्षहरूको निजी जीवनको हितका लागि आवश्यक भएमा, वा न्यायको हितमा प्रचार वा सार्वजनिकता पूर्वाग्रही हुनसक्ने विशेष परिस्थितिमा अदालतको विचारमा हदै आवश्यक भएका कारणबाट पत्रकारजगत् (प्रेस) तथा सर्वसाधारणलाई पूरै पुर्पच्छेभर वा केही अंशमा बाहेक गर्न सकिनेछ; तर, अल्पवयस्क व्यक्तिको हितले अन्यथा आवश्यक भएको वा वैवाहिक सम्बन्धको विवाद वा बालबालिकाको संरक्षकत्वको कुरामा बाहेक, फौजदारी मामिला वा कुनै मुद्दामा गरिएको निर्णय सार्वजनिक गरिनेछ ।

- *मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ७*

  कानुनको दृष्टिमा सबै समान र विना भेदभाव कानुन को समान संरक्षणका हकदार छन् । यस घोषणापत्रको उलङ्घन हुने गरी वा त्यसको उक्साहटमा गरिएको जुनसुकै भेदभावविरुद्धको संरक्षणमा सबैको समान हक छ

- *मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १०*

  प्रत्येक मानिसलाई उसका अधिकार र कर्तव्य तथा उसविरुद्ध कुनै फौजदारी अभियोगको निर्धारणका लागि स्वतन्त्र र निष्पक्ष न्यायाधीकरणबाट पूर्ण समानतामा स्वच्छ र खुला सुनुवाइ हुने हक छ ।

### (आ) कानुनद्वारा स्थापित स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायाधीकरणबाट सुनवाइ हुने प्रत्याभूति

न्यायसम्पादनका लागि न्यायिक स्वतन्त्रता, निष्पक्षता र सक्षमता अत्यावश्यक र अपरिहार्य मानिन्छन् । अभियोग लागेको कुनै पनि व्यक्तिलाई कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधीकरणबाटै सुनवाइ हुनुपर्ने कुरालाई जोड दिइएको छ ।

**संवैधानिक व्यवस्था**

नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनाले स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानुनी राज्यको अवधारणालाई साकार पार्ने उद्देश्य राखेको छ । जुन संविधानको मौलिक र अपरिवर्तनीय विशेषता पनि हो ।

नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा अन्य न्यायिक निकायहरूबाट प्रयोग गरिनेछ । *(धारा १००)*

न्यायपालिकाको सबै भन्दा माथिल्लो तह सर्वोच्च अदालत हुनेछ । संविधानसभासम्बन्धी अदालत बाहेक नेपालका अन्य सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालतका मातहतमा हुनेछन् । सर्वोच्च अदालतले आफ्ना मातहतका अदालत र न्यायिक निकायहरूमा निरीक्षण एवं सुपरिवेक्षण र आवश्यक निर्देशन दिन सक्नेछ । *(धारा १०२)*

*नेपालको अन्तरिम संविधान २०६३*

नेपाल अधिराज्यको संविधान, २०४७ को न्यायपालिकासम्बन्धी व्यवस्थामा सिद्धान्ततः यो कुरा स्वीकार गरिए पनि नेपालका ८३ भन्दा बढी कानुनले कानुनी शिक्षाको योग्यता हासिल नगरेका र कार्यपालिकीय हस्तक्षेप वा नियन्त्रणमा रहेका अधिकारीबाट समेत फौजदारी आरोप वा अभियोगको निर्धारण गर्ने गरी व्यवस्था कायम राखेका छन् । यसबाट नेपालमा उपरोक्त प्रत्याभूतिको पूर्णतः परिपालना भएको पाइन्न । [हेर्नुहोस्, *Laws of Nepal : Incompatible with Fair Trial Standards, CeLLRd (2005)* ]

**_अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूले के भन्दछन् ?_**

*नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४(१)*

हरेक व्यक्तिलाई निजविरुद्ध फौजदारी अभियोग वा कानुनअनुसारको मुद्दामा निजका अधिकार र दायित्वको निर्धारणमा कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायाधीकरणबाट स्वच्छ र खुला सुनवाइ हुने हकाधिकार रहनेछ ।

*न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी आधारभूत सिद्धान्त, १९८५ को धारा ५*

प्रत्येक व्यक्तिलाई स्थापित कानुनी प्रक्रिया अँगालेर साधारण अदालत वा न्यायाधीकरणबाट पुर्पक्ष हुने अधिकार हुनेछ

## इ) अभियोगको पूर्ण विवरण प्राप्त गर्ने अधिकार

कानुनले नगर्नू भनेको कार्य गरेमा वा गर्नु भनेको कार्य नगरेमा अपराध भएको मानिन्छ । कुनै कानुनले निषिद्ध गरेको काम गरेको आरोप वा अभियोग लाग्ने व्यक्तिले के कसुर गरेको अभियोग लागेको हो, कुन कानुनअनुसार अभियोग लगाइएको हो र के कस्तो सजायको दाबी गरिएको छ अनि सजायको हद के हो भन्ने कुरा जानकारी पाउनु नितान्त आवश्यक कुरा हो । अभियुक्तलाई आफ्नो कुरा भन्ने मौका दिनका लागि पनि यो जानकारी आवश्यक हुन्छ । हालसम्म नेपालमा अभियुक्तलाई थुनछेक पूर्व मुद्दाको फाइल उपलब्ध गराउने प्रचलन छैन । आफ्नो विरुद्धको अभियोगमा प्रतिवाद गर्न अभियुक्तलाई उस विरुद्धका प्रमाणहरू सुरु देखि नै उपलब्ध गराउनुपर्दछ ।

**कानुनी व्यवस्था**

मुलुकी ऐन अदालती बन्दोबस्तको १२७ नम्बरले अभियोगका सबै कागज सुनाई मतलब सम्झाई बयान लिई वा प्रतिवादी दिने मौका दिने तजबिज मुद्दा हेर्ने अधिकारीलाई सुम्पेको छ । यसो भए पनि सरकारवादी मुद्दामा प्रतिवादी दिने अवसर दिने प्रचलन कायम रहेको छैन । अभियुक्तको बयान लिने क्रममा लागेको अभियोगको छोटो जानकारी दिइए पनि अभियोगको प्रकृति, कारण र सम्भावित परिणामका बारेमा जानकारी दिने चलन छैन ।

अभियुक्तले अभियोगबारे जानकारी पाउनु अधिकार हो भन्ने हिसाबले होइन, बयान लिनका लागि पृष्ठभूमिका लागि मात्र यस्तो जानकारीलाई उपयोग गर्ने परिपाटी विद्यमान छ । अभियुक्तलाई निजले बुझ्ने गरी अभियोग र त्यसको परिणामबारे जानकारी दिन आवश्यक छ । नेपाली भाषा बाहेकका अन्य मातृभाषा बुझ्ने नेपालीका लागि दोभाषेको व्यवस्था गरी अभियोग बारे जानकारी गराउने व्यवस्था गर्नु आवश्यक छ ।

***अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?***

- *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६ को धारा १४(३)*

  हरेक व्यक्तिलाई निजविरूद्धको फौजदारी अभियोगको निर्धारणमा पूर्ण समानतामा आधारित निम्नानुसारका न्यूनतम प्रत्याभूतिको अधिकार हुनेछ :

  (क) आफूविरूद्धको अभियोगको प्रकृति तथा कारण निजले बुझ्ने भाषामा तुरून्त र पूर्ण विवरणसाथ जानकारी पाउने ।

## ई) खुला सुनुवाइको अधिकार

पारदर्शिता वास्तवमा न्यायको सर्वमान्य आधार हो । खुलापनबाट न्यायसम्पादनको निष्पक्षताको पनि झल्किन्छ । खुलापन भनेको सार्वजनिक भीडभाड होइन । यो सरोकारवालालाई सुनवाइमा दिइने सहज पहुँच हो । सजायको निर्धारण र कार्यान्वयन सार्वजनिक सरोकारका विषय हुन् । खुलापनबाट नै समाजमा न्यायको अनुभूति हुने हुनाले न्याय निसाफका काममा यसलाई अपनाइएको हो ।

## कानुनी व्यवस्था

*मुलुकी ऐन,* २०२० ले खुला सुनवाइको मान्यतालाई स्वीकार गर्दै खुला इजलास कस्तो प्रकारको हुनुपर्छ भन्ने कुराको स्पष्ट व्यवस्था गरेको छ। जसअनुसार अदालती बन्दोबस्तको ६ नं. मा भनिएको छ :

> अड्डाले मुद्दाको कारबाई र फैसला गर्दा खुला इजलासमा गर्नुपर्दछ। कसैले अड्डामा आई बेमनासिब काम कुरा गरेमा निजलाई इजलासबाट बाहिर पठाउन सकिनेछ। सो मानिसले फेरि पनि सोही कुरा गरेमा निजलाई सो अड्डाका हाकिमका तजबिजले पचास रुपैंयाँसम्म जरिवाना हुन सक्तछ।
>
> *अदालती बन्दोबस्तको ६ नं.*

यो सामान्य नियम हो। यसका केही अपवाद छन्। यस्तो किसिमको खुला र सार्वजनिक सुनवाइबाट पीडितलाई पुनर्पीडनको अवस्था भने सिर्जना हुनु हुँदैन। यस कुरालाई मनन गरेर जिल्लाअदालत नियमावली, २०५२, पु.वे.अ नियमावली २०४८, तथा स.अ. नियमावली २०४९ लाई २०६० सालमा संशोधन गरी बन्द इजलाससम्बन्धी व्यवस्था र कार्यविधि समावेश गरिएको छ।

बन्द इजलासको अवधारणाले महिला तथा बालबालिका जस्ता वर्गहरूलाई फौजदारी न्याय प्रक्रियामा दोहोरो पीडित हुने अवस्थाबाट बचाउ गर्ने उद्देश्य राख्दछ। यस्तो मुद्दाका कारवाही र पुर्पक्षका गतिविधिहरू सरोकारवाला पक्षहरूबाहेक अरूको निम्ति गोप्य राखिन्छ। मुद्दाको काम कारबाही, पीडितको परिचय तथा मुद्दाका तथ्यहरू सार्वजनिक गरिँदैनन्। यो बन्द इजलासको अवधारणा सुरु तहको अदालतदेखि सर्वोच्च अदालतसम्म लागू हुन्छ।

### *बन्द इजलासको व्यवस्था र कार्यविधि*

१) बालबालिका, जबर्जस्ती करणी, जीउ मास्नेबेच्ने, नाताकायम, सम्बन्ध विच्छेदसम्बधी मुद्दा वा खुला इजलासबाट सुनवाइ गर्न मनासिब नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेका अन्य मुद्दाको सुनवाइ बन्द इजलासमा हुनेछ।

२) उपनियम (१) अन्तर्गत बन्द इजलासमा मुद्दाको कारबाई चल्दा सम्बन्धित कानुनव्यवसायी, सरकारी वकिल, विशेषज्ञ, अभियुक्त, पीडित व्यक्ति, निजको संरक्षक तथा अदालतले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र उपस्थित हुन सक्नेछन्।

३) बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी र पीडितबाहेक अरूलाई दिन हुँदैन।

४) बन्द इजलासबाट हेरिएका मुद्दाको तथ्य खुलाई कुनै पत्रपत्रिकामा समाचार सम्प्रेषण गर्नु हुँदैन। तर, अदालतले अनुमति दिएमा पीडितको परिचय नहुने गरी समाचार सम्प्रेषण गर्न सकिनेछ।

नोट : यस अन्तरगत बालबालिका, जवरजस्ती करणी, जीउमास्ने बेच्ने, नाताकायम, सम्बन्ध विच्छेद मुद्दा अनिवार्य रुपमा बन्द इजलासले हेर्नु पर्दछ। यि बाहेकका मुद्दामा पनि इजलासले बन्द इजलासबाट हेर्न आदेश गर्न सक्दछ।

*जिल्ला अदालत नियमावली, २०५२, ४६ (ख), पु.वे.अ.नि. ०४८ को नियम ६० (क) र सर्वोच्च अदालत नियमावली ०४९ को नियम ६७ (क)*

## उ) निर्दोषिताको अनुमानको अधिकार

फौजदारी न्यायमा निर्दोषिताको अनुमान स्वच्छ सुनवाइको एउटा आधारभूत सिद्धान्त हो । यस सिद्धान्तअनुसार फौजदारी अभियोग लगाइएको हरेक व्यक्तिलाई स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायालयको स्वच्छ सुनुवाइद्वारा वस्तुप्रमाणका आधारमा दोषी स्थापित नगरेसम्म निर्दोष मानेर व्यवहार गरिनुपर्छ । निर्दोषिताको अनुमान अभियुक्तको जीवन र मर्यादाको अधिकारको संरक्षणसँग सम्बन्धित छ । कसुर गरेको शङ्काको आधारमा नै अभियुक्तको स्वतन्त्रताको केही हदसम्म निलम्बन गरिएको हुन्छ । थुनामा राखिएको अवधिमा उसलाई गरिने व्यवहार निर्दोषसरह गरिएन भने पुर्पक्षबाट ऊ निर्दोष साबित भएमा उसलाई दोषी मानेर गरिएको व्यवहारको उसलाई कसरी सोधभर्ना दिने ? यसैले कसुर गरेको अनुमानमा गरिएको अनुसन्धान, अभियोजन र पुर्पक्षको अवधिभर उसलाई निर्दोष मानी सन्तुलन गर्नु पर्दछ ताकी स्वतन्त्रताको निलम्बन भएपनि उसको प्रतिष्ठा र मर्यादाको निलम्बन नहोस् ।

*सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ र मुलुकी ऐन, २०२०* ले पनि यसलाई कानुनी अधिकारको रूपमा छुट्टै स्थान दिएका देखिँदैन ।

> कुनै अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन ।
>
> *नेपालको अन्तरिम संविधान २०६३ को धारा २४ (५)*

### नजिर

**रवीन्द्र भट्टराई वि. श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय** मुद्दामा भनिएको छ :

कुनै व्यक्ति अभियोग प्रमाणित नभएसम्म निज बेकसुर मानिनेछ (A Man is Presumed to be Innocent Until Proved Guilty) भन्ने फौजदारी न्यायसिद्धान्तको मूलभूत मान्यता रहिआएको सन्दर्भमा अभियोग लाग्नासाथ त्यो व्यक्तिलाई कसुरदार मानी अग्रसर हुनु न्यायोचित होइन (*नेकाप, २०५५, अंक ११, पृ. ६१५, नि.नं. ६६२२*)

### अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूले के भन्दछन् ?

- *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४(२)*

  फौजदारी कसुरको अभियोग लागेको हरेक व्यक्तिलाई कानुनअनुसार दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार छ ।

- *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १० उपधारा २ (क)*

  अभियोग लागेका व्यक्तिलाई अपवादजनक स्थितिमा बाहेक सजाय ठेकिएका व्यक्तिबाट अलग राखिनेछ र सजाय नठेकिएका व्यक्तिसरहको तिनको हैसियत मिल्दो भिन्न व्यवहार गरिनेछ (*यस सम्बन्धी विस्तृत विवरणका लागि खण्ड "ङ" हेर्नुहोस्*)

### ऊ) आत्मअपराधीकरणविरुद्धको संरक्षणको अधिकार

कसैले अपराध गरेको छ भने सो कुरा तथ्यपरक ढंगले पुष्टि हुनुपर्दछ । सरकारवादी फौजदारी मुद्दामा दावी प्रमाणित गर्ने भार वादीमा अर्थात् सरकारमा हुन्छ । कसुरदारको कथनमा आधारित भएर वा अभियुक्तलाई स्वेच्छाविपरीत साबीत गराएर दोषी ठहऱ्याउन पाइँदैन ।

**संवैधानिक व्यवस्था**

| | |
|---|---|
| कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लाग्नेछैन । | *नेपालको अन्तरिम संविधान २०६३ को धारा २४ (७)* |

**कानुनी व्यवस्था**

| | |
|---|---|
| कुनै अपराधको बात लागेको मानिसलाई आफ्नो विरुद्ध साक्षी हुन कर लाग्ने छैन । | *नागरिक अधिकार ऐन, २०१२ को दफा ११(३)* |

*प्रमाण ऐन, २०३१* को दफा ९ ले अदालतबाहिर भएको साबिती करकापजन्य नभएको स्थितिमा मात्र प्रमाणमा लिने भनेको छ । यस मापदण्ड अन्तर्गत तीनवटा महत्त्वपूर्ण संरक्षण समेटिन्छन् । ती हुन् :

- करकापजन्य साबिती विरुद्धको अधिकार;
- आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने अधिकार;
- चुप लाग्न पाउने अधिकार ।

**नजिर**

आफ्नो विरुद्ध आफै साक्षी हुन नपर्ने (Right Against Self Incrimination) संवैधानिक प्रत्याभूतिले कुनै पनि व्यक्तिले स्वच्छाले बाहेक आफ्नो विरुद्ध बोल्न बाध्य हुँदेन, त्यसरी नबोलेको कारणले मात्र उक्त व्यक्ति दोषी हुन नसक्ने कुरालाई इंगित गरेको पाइने ।

अभियोग लागेको व्यक्ति स्वेच्छाले केही कुरा भन्दछ भने सो कुरा निजको समर्थनमा वा विरुद्धमा प्रमाण लाग्न सक्दछ, कुनै व्यक्ति केहीपनि नबोली चुप बस्दछ भनेपनि उसलाई बोल्नै पर्ने भनी भन्न मिल्दैन । उसले नबोलेको आधारमा मात्र उसलाई दोषी बनाइदैन । तर कुनै पनि व्यक्ति संकलित प्रमाणबाट कसुदार हो भन्ने देखिएको छ भने उसले केही कुरा नबोले पनि उसको विरुद्ध अपराध ठहर गर्न चुप लाग्ने अधिकार (Right to remain silent) ले कुनै छेकवार नलगाउने । [*चन्द्र बहादुर नेपाली समेत विरुद्ध म.प.स. समेत, ने.का.प. २०५१, नि.नं. ४९६८, अंक ६, पृष्ठ ६६६*]

### *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६* को धारा ३

  हरेक व्यक्तिलाई निजविरूद्धको फौजदारी अभियोगको निर्धारणमा पूर्ण समानतामा आधारित निम्नानुसारका न्यूनतम् प्रत्याभूतिको अधिकार हुनेछ : ... (छ) आफ्नै विरूद्धमा प्रमाण दिन वा दोषमा साबित हुन बाध्य हुनु नपर्ने ।

- *जुनसुकै स्वरूपको थुनछेक वा कैद सजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङ्ग्रह, १९८८, सिद्धान्त २१*

  १. साबित हुन बाध्य गराउने, अन्यथा आत्मअपराधीकरण गराउने वा अन्य कुनै व्यक्तिविरुद्ध जाँच गराउनेजस्ता उद्देश्यले थुनिएको वा कैद ठेकिएको व्यक्तिको स्थितिको नाजायज फाइदा लिने कुरालाई बर्जित गरिनेछ ।

  २. थुनिएको व्यक्तिलाई सोधपुछ गर्दा हिंसा, डरत्रास र निजको निर्णय गर्ने क्षमतालाई कमजोर पार्ने सोधपुछ-विधिको भागीदार बनाइनेछैन ।

आत्म अपराधीकरण विरुद्धको संरक्षणका लागि भारतीय फौजदारी कार्यविधिमा म्याजिस्ट्रेटलाई निम्न मार्गदर्शन गरिएको पाइन्छ :

- म्याजिस्ट्रेटले अभियुक्तलाई परिचय दिएर भयमुक्त वातावरणमा राख्ने;
- प्रहरी हत्कडी हटाई प्रहरीको नियन्त्रणबाट अलग गर्ने;
- अभियुक्तका अधिकारका बारेमा जानकारी दिने;
- अभियुक्तले कार्यालयमा प्रयोग हुने भाषा नबुझ्ने भएमा दोभाषेको सहायता दिने;
- बयान लेख्न सक्नेलाई आफै बयान लेख्न दिने;
- कानुनव्यवसायीको सहयोग चाहेमा उपलब्ध गराइदिन सहयोग गर्ने;
- मानसिक तथा शारीरिक दबाबको वातावरणबाट मुक्त राख्ने आदि ।

*स्रोत: (पिलाई, २००२ : १४८ - १६०, स्वच्छ पुर्पक्षका मापदण्ड, सेलर्ड, २०६२, काठमाडौंद्वारा प्रकाशित पुस्तकमा उल्लिखित विवरणबाट सारांशकृत)*

## ए) अनुचित ढिलाइविना पुर्पक्षको अधिकार

मुद्दामा फैसला (पुर्पक्ष) औपचारिक प्रक्रिया हो । यसो हुनाले निश्चित औपचारिकतासहित अपराधको अनुसन्धान, अभियोजन र पुर्पक्षका प्रक्रियाका निमित्त केही समय स्वाभाविक रूपले आवश्यक हुन्छ । अनुचित विलम्ब गरिएमा न्यायको इन्कारी हुन्छ; यसैले "ढिलो न्याय दिनु भनेको न्याय नदिनु हो" भन्ने भनाइ प्रसिद्ध छ ।

अनुचित ढिलाइविनाको पुर्पक्षले न्यायसम्पादन तदारुकतापूर्वक सम्पादन गर्नुपर्ने कुराको माग गर्दछ । यसले अभियुक्तको स्वतन्त्रताको अधिकारलाई उपेक्षा गर्ने गरी गरिन सक्ने सम्भावित मनोमानीपूर्ण ढिलासुस्ती विरुद्ध संरक्षण प्रदान गर्दछ । यसैले अविलम्ब पुर्पक्ष गरी दोषी वा निर्दोषी हैसियत निर्धारण हुनुपर्ने अधिकारको जगेर्नाका लागि यो संरक्षण आवश्यक पर्दछ ।

**१३ नं. -** अड्डाले कानुनबमोजिम आफूले गर्नुपर्ने कामकारबाई तोकिएको समयमा गर्नुपर्छ। ढिला गर्नु हुँदैन।

**१४ नं. -** मुद्दा फैसला गर्दा देहायमा लेखिएको म्यादभित्र फैसला गर्नुपर्छ :-

- सुरु मुद्दा फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट एक वर्षभित्र फैसला गर्नुपर्छ।
- पुनरावेदन फैसला गर्दा शुरू मिसिल प्राप्त भएको मितिबाट छ महिनाभित्र फैसला गर्नुपर्छ।
- बुझ्नुपर्ने प्रमाण बुझिसकेपछि माथि लेखिएबमोजिम फैसला गर्ने म्याद बाँकी भए पनि मुद्दा फैसला गर्नलाई ३५ दिन भन्दा ढिलो गर्नु हुँदैन।

*मुलुकी ऐन, २०२० को अदालती बन्दोबस्तको १३ र १४ नं.*

यस्तो कानुनी व्यवस्था भए पनि व्यावहारमा यसको पालना भइरहेको छैन। समयमा न्याय प्राप्त नहुनु नेपाली फौजदारी न्यायप्रणालीको मूलभूत कमजोरी हो।

***अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?***

- *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ को उपधारा ३ (ग)*

  हरेक व्यक्तिलाई निज विरुद्धको फौजदारी अभियोगको निर्धारणमा पूर्ण समानतामा आधारित अनुचित ढिलाइविना पुर्पच्छे गरिने अधिकार हुनेछ।

**प्रतिपादित सिद्धान्त**

- व्यक्तिको स्वतन्त्रताको सम्मानार्थ फौजदारी मुद्दाको सुनुवाई र किनारा शिघ्र गरिनुपर्दछ र अनुचित विलम्ब हुनुहुँदैन। विलम्बको कारण नखुलाएको अवस्थामा त्यसबाट स्वच्छ पुर्पक्षको अधिकार उल्लंघन हुन्छ।
- विलम्बको उचित र तर्कसंगत आधार हुनुपर्दछ।

*(European Court of Human Rights, Eckle v. Federal Republic of Germany, Judgement of 22 April 1994, Series A 286-B, at 38, Para 33)*

## ऐ) भूतलक्ष्यी कानुनको कार्यान्वयन र कानुननिरपेक्ष अधिक सजायमा निषेध

प्रचलित कानुनले निषेध गरेको कार्य गरेमा मात्र अपराध हुन्छ। भूतलक्ष्यी कानुनको कार्यान्वयन र कानुन निरपेक्ष अधिक सजायमा निषेधको सिद्धान्त कानुनी स्थिरताको सिद्धान्तबाट उत्पन्न हुन्छ। कानुनी स्थिरताको सिद्धान्तले भविष्यतर्फ लक्षित कानुनको परिकल्पना गर्दछ। पहिले कसुर नभएको कुरालाई पछि बनेको कानुनले कसुर बनाएर सजाय गर्ने कुरालाई यसले निषेध गर्दछ।

तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागीदार हुनेछैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानुनमा तोकिएभन्दा बढी सजाय दिइनेछैन ।

*नेपालको अन्तरिम संविधान २०६३ को धारा २४ (४)*

## नजिर

*शम्भुलाल अमात्य वि. भोटे कान्छा महर्जन*को मुद्दामा :

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) मा तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेवापत कुनै व्यक्ति सजायको भागी हुनेछैन भन्ने व्यवस्था भएको पाइन्छ । ऐन कानुनको आधार नखुलाई दफा आदि उल्लेख नगरी जरिवाना सजाय गर्नु संविधानको धारा १४(१) विपरीत हुन्छ । (*स्रोतः ने.का.प. २०५२, अंक २, नि.नं. ५०५२, पृ. १४१*)

त्यसै गरी *किरण श्रेष्ठ वि. काठमाडौँ जिल्लाअदालत* को मुद्दामा

संविधानको धारा १४(१) मा कुनै पनि व्यक्तिको कसुर गर्दाको अवस्थामा प्रचलित कानुनमा तोकिएभन्दा बढी सजाय दिइनेछैन भन्ने प्रावधान रहेको छ । सोको विपरीत पछि बनेको कानुनको हद लगाई थुनामा राख्न मिल्दैन । (*स्रोतः ने.का.प. २०४८, अंक ३, नि.नं. ४५०१, पृष्ठ २७३*)

## *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ धारा १५(१)*

  त्यस्तो कार्य गर्दाका समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गत सो कार्य वा अकार्य कसुर कायम रहेको थिएन भने त्यसका आधारमा कसैलाई कुनै फौजदारी कसुरको दोषी बनाइने छैन । अनि, फौजदारी कसुर भएका समयमा लागू रहेको भन्दा बढी सजाय पनि गरिनेछैन । कसुर गरेपश्चात् कानुनद्वारा कम सजाय हुने व्यवस्था भएमा त्यसको सुविधा कसुरदारले पाउनेछ ।

- *मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ११(२)*

  कसैलाई पनि निजले कुनैकार्य गरेको वा नगरेको बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनले सो कार्य सो कार्य वा अकार्यलाई दण्डनीय अपराध कायम नगरेको अवस्थामा दण्डनीय कसुरको दोषी बनाइनेछैन । कसुर गर्दाको समयमा कायम रहेको भन्दा बढी सजायको भागीदार पनि बनाइनेछैन ।

## ओ) कारबाई तथा सजायको पुनरावृत्तिविरुद्धको संरक्षण

कानुनको स्थिरताको सिद्धान्तले फौजदारी कारबाई चलाई न्यायिक निकायले पुर्पक्ष गरी सजाय वा सफाइ दिएपछि सोही कुरामा कारबाई र सजायको पुनरावृत्तिलाई निषेध गर्दछ । यो कुरा अन्तिम किनारा भएको मुद्दामा लागू हुने मापदण्ड हो । यसले पुनरावलोकन वा पुनरावेदनको पक्षलाई भने निषेध गर्दैन ।

**संवैधानिक व्यवस्था**

| | |
|---|---|
| कुनै पनि व्यक्तिविरुद्ध अदालतमा एकै कसुरमा एक पटक भन्दा बढी मुद्दा चलाइने र सजाय गरिनेछैन । | *नेपालको अन्तरिम संविधान २०६३ को धारा २४(६)* |
| अड्डामा मुद्दा परी फैसला भएपछि सो फैसलाउपर ऐनबमोजिमको पुनरावेदन नभई सोही मुद्दामा उसै झगडियाका नाँउको फिरादपत्र लिइ सुन्न हुँदैन । लिएको भए पनि खारिज गरिदिनुपर्छ । | *मुलुकी ऐन, २०२०, अदालती बन्दोबस्तको ८५ नं.* |
| कुनै व्यक्तिउपर एकै अपराधमा एक पटकभन्दा बढ्ता मुद्दा चलाइने र दण्डसजाय गरिनेछैन । | *नागरिक अधिकार ऐन, २०१२ को दफा ११(२)* |

***अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?***

*नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ को उपधारा ७* "हरेक मुलुकको कानुन र दण्ड विधि अनुसार अन्तिम रूपले सजाय ठेकिएको वा सफाइ पाइसकेको कसुरमा कसैलाई पनि फेरि पुर्पच्छेका लागि दायित्व बहन गराइने वा सजाय गरिनेछैन" ।

## औ) उपस्थितिमा पुर्पक्ष गरिने अधिकार

आफ्नो विरुद्धमा के अभियोग लगाइएको छ र के प्रमाणहरू रहेका छन् बुझ्न पाउनु अभियुक्तको अधिकार हो । मुद्दाको सनुवाइ अभियुक्तको सामुन्नेमा हुनुपर्छ । पुर्पक्षका हरेक क्रियाकलापलाई उसले प्रत्यक्ष अवलोकन गर्न पाउनुपर्छ भन्ने कुरा फौजदारी न्यायको आधारभूत सर्त हो ।

**कानुनी व्यवस्था**

- अदालतले बन्दीलाई कारागारमार्फत प्रत्येक पेसीको लिखित जानकारी पठाउनुपर्छ ।
- कारागारले यसरी पेसीको लिखित जानकारी प्राप्त गरेपछि सम्बन्धित बन्दीलाई जानकारी गराई सोको भरपाई अदालतमा पठाउनुपर्छ ।
- त्यस्तो पेसीको दिन बन्दीलाई अदालतमा उपस्थित गराउने जिम्मेवारी सम्बन्धित कारागार प्रशासनको हुन्छ ।

*कारागार ऐन, २०१९ को दफा १५, कारागार नियमावली, २०२० को नियम ६ (२)*

यस्तो कानुनी व्यवस्थाको बाबजुत बन्दीहरूको अनुपस्थितिमा सुनुवाई गर्ने प्रचलित व्यवहारमा परिवर्तनको आवश्यकता महशुस गरिएको छ ।

***अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?***

- *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ को उपधारा 3*

  आफ्नो उपस्थितिमा पुर्पच्छे हुने र आफै वा राजेको कानुनी सहायतामार्फत प्रतिरक्षा गर्न पाउने; कानुनी सहायता नभएमा यो अधिकारको जानकारी पाउने; र न्यायको हितले आवश्यक भएमा जुनसुकै मामिलामा निजका हकमा कानुनी सहायता पाउने र निजसित पर्याप्त स्रोतसाधन नभएमा यस्तो कुनै पनि मामिलामा कानुनी सहायता निःशुल्क हुने ।

### अं) साक्षी तथा प्रमाणपरीक्षणको अधिकार

अदालतको फैसला साक्षी प्रमाणमा आधारित हुन्छ । दोषी ठहऱ्याउन सो कुरालाई साक्षी प्रमाणले पुष्टी गरेको हुनु पर्दछ । साक्षी प्रमाणको माध्यमद्वारा नै अभियुक्तले आफूलाई निर्दोष सावित गराउन सक्दछन् ।

**कानुनी व्यवस्था**

कुनै साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो, सो पक्षले निजसँग सोधपुछ गर्न सक्नेछ । त्यसपछि अर्को पक्षले चाहेमा सो साक्षीसँग जिरह गर्न सक्नेछ ।

*प्रमाण ऐन, २०३१ को दफा ५० (१)*

***अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?***

- *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६* को धारा १३ को उपधारा ३

  आफूविरुद्धका साक्षीको परीक्षण गर्ने-गराउने र आफूविरुद्धका साक्षीजस्तो समान अवस्थामा आफ्ना साक्षी उपस्थित तथा परीक्षण गर्ने-गराउने ।

** यस सम्बन्धमा यसै खण्डमा विस्तृत चर्चा हुने भएकोले यहाँ सक्षेपमा मात्र उल्लेख गरिएको छ ।*

### अ) दोभासेको सेवा पाउने अधिकार

भाषा सञ्चारको सशक्त माध्यम हो। मातृभाषामा सञ्चार गर्नु मानिसका लागि स्वाभाविक हुन्छ। सरकारी कामकाजको भाषा सबै मानिसले नबुझ्ने हुन सक्दछ। यस्तो अवस्थामा अभियोगबारे, मुद्दाको समग्र प्रक्रियामा अभियुक्तले बुझ्ने भाषाको प्रयोग एक महत्वपूर्ण अधिकार हो।

फौजदारी अभियोगको कसुर लागेको कुनै पनि व्यक्तिले पुर्पक्षको बेला अड्डा, अदालतमा प्रयोग भएको भाषा बुझ्न वा बोल्न नसकेमा उसका लागि अदालतले नि:शुल्क रूपमा दोभाषेको सुविधा उपलब्ध गराउनुपर्छ। नेपाल कानुनमा भाषा सम्बन्धी प्रश्न र दोभाषेको सहयोगको बारेमा हालसम्म खास व्यवस्था हुन सकेको देखिन्न। व्यवहारमा अदालतले विदेशीलाई यो सुविधा दिएको छ। तर यसको गम्भीरतालाई मनन गरेर गैर नेपाली भाषी नेपाली समुदाय समेतलाई यो सुविधामा पहुँच पुर्‍याउन आवश्यक छ।

**_अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?_**

- *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ को उपधारा ३ ले*
  अदालतमा प्रयुक्त भाषा निजले बुझ्न वा बोल्न नसक्ने भएमा दोभाषेको नि:शुल्क सहयोग पाउने। *(बाँकी विवरणको लागि खण्ड "ङ" हेर्नुहोस्)*

**प्रतिपादित सिद्धान्त**

- दोभासेको अधिकार मुद्दाका सम्पूर्ण चरणहरूमा प्रदान गर्नुछ।
- यो अधिकार मौखिक प्रक्रिया (Oral Proceedings) र लिखित (Document) दुवैमा प्रदान गर्नुपर्दछ। पुर्पक्षका विरुद्ध अभियोजनकर्ताद्वारा तयार गरिएका सम्पूर्ण लिखतहरु नि:शुल्क रुपमा पक्षले बुझ्न् भाषामा अनुवाद गरी प्रदान गर्नुपर्दछ। *(European Court of Human Rights 1989 Case of Kamasinski v. Austria, December, 19th, 1989, Series A 168)*
- राज्यले अनुवादित मुद्दाको लिखतहरु उपलब्ध नगराएमा त्यसबाट पक्षले मुद्दाको तयारी गर्ने पर्याप्त समय र सुविधाको अभाव रहन्छ र त्यसबाट स्वच्छ पुर्पक्षमाथि समेत आघात पुग्दछ। *(Harward v. Norway, Communication No. 451/1991, UN Doc. CCPR/51/D/451/1991(1994)*
- दोभासेको अधिकार नागरिक र गैह्र नागरिक सबै व्यक्तिहरूलाई समान रूपमा लागू हुन्छ। *(Human Rights Committee General Comment 13, Para 13)*

## ११.२ पुनरावेदनको म्याद

फैसलामा चित्त नबुझ्ने पक्षले पुनरावेदन गर्न पाउनु नैसर्गिक अधिकार हो। पुनरावेदनको बारेमा यसै खण्डमा विस्तृत चर्चा हुने हुनाले यहाँ केवल सोका लागि प्राप्त हुने म्यादको बारेमा मात्र चर्चा गरिएको छ। पुनरावेदनको म्यादले अभियुक्तको पुनरावेदन गर्ने अधिकारलाई सम्बोधन गर्दछ।

## कानुनी व्यवस्था

| | |
|---|---|
| अड्डा, अदालत वा मुद्दा फैसला भएपछि उपस्थित रहेका पक्षहरूलाई सो फैसलाको व्यहोरा र पुनरावेदन लाग्नेमा पुनरावेदन सुन्ने अदालतको नाम र पुनरावेदन गर्नु पर्ने म्याद समेत सुनाई निजबाट सुनिपाएको व्यहोराको कागज समेत गराई लिनु पर्दछ । | *मु.ऐ., २०२०, अ.वं. १९३* |
| अड्डाबाट मुद्दा फैसला गरे पछि हाजिर रहेको झगडियालाई सो फैसला बाँची सुनाई पुनरावेदन लाग्ने वा नलाग्ने व्यहोरा र पुनरावेदन लाग्ने भए पुनरावेदन सुन्ने अड्डाको नाम समेत बताई निजबाट सुनिपाएको व्यहोराको कागज गराउनु पर्दछ । झगडिया हाजिर नरहेकोमा सो फैसला भएको तीन दिनभित्र यो मुद्दामा यो कुरा ठहरेको हुनाले तिमीलाई यो यति सजाय भएको छ भन्ने र पुनरावेदन लाग्ने भए पुनरावेदन लाग्ने अड्डाको नाम समेत खुलाई सो झगडियाको नाममा म्याद जारी गर्नु पर्दछ । पुनरावेदन लाग्ने मुद्दामा झगडिया रोहवरमा भई फैसला सुनेकोमा सो सुनेको मितिले र झगडिया रोहवरमा नभई म्याद जारी भएकोमा सो म्याद तामेल भएको मितिले पैतीस दिनभित्र झगडियाले चित्त नबुझेको कुरामा सो फैसला उपर पुनरावेदन दिन पाउँछ, सो म्याद पछि पुनरावेदन लाग्न सक्दैन । | *मु.ऐ. २०२०, अ.वं. १९७* |

तर अदालतबाट पुनरावेदनको म्याद जारी नगरिएको भएमा मुद्दाको पक्ष आफूलाई लागेको दण्ड, सजाय तिरेको वा फैसलाको नक्कल लिएकोमा सोमध्ये जुन काम अगाडि भएको छ, ,सोही मितिले पुनरावेदनको म्याद कायम हुन्छ ।

पुनरावेदनको म्यादबारे संक्षिप्त कार्यविधि ऐनको दफा ११ (क) ले पनि मुलुकी ऐनको जस्तै व्यवस्था गरेको छ तर म्याद भने ३० दिनको दिएको छ ।

## म्याद

(क) सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र समावेश भएका सरकारवादी फौजदारी मुद्दामा ७० दिन ।

(ख) संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गत कारबाही हुने मुद्दामा ३० दिन ।



### पुनरावेदनको म्याद थमाउनेसम्बन्धी व्यवस्था

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूचि १ को मुद्दामा प्रचलित कानुनले दिएको म्यादमा मुलुकी ऐन, २०२०, अ.वं. ५९ बमोजिम ३० दिन र स.मु.स. ऐन, २०४९ को दफा २६ (२) ले थप ३० दिन गरी ६० दिन थाम्न पाउने व्यवस्था रहेको छ। अन्य फौजदारी मुद्दामा प्रचलित कानुनले दिएको म्यादमा मु.ऐ. २०२०, अ.वं. ५९ नं. बमोजिम ३० दिनसम्म थामी पाउन सकिन्छ। (*फौजदारी कार्यविधि दिग्दर्शन, २०५८, पृ. १२८, सेलर्ड, काठमाडौं*)

## ११.३. वकिलको भूमिका

*फौजदारी मुद्दामा काबु बाहिरको परिस्थितिमा परी म्याद तारिख गुज्रन गएको खण्डमा त्यसरी गुज्रेको म्याद थामी पाउन रीतपूर्वकको दरखास्त लेखी अदालत समक्ष पेस गरी उक्त गुज्रेको म्याद थमाउन सकिन्छ । यस सन्दर्भमा मुद्दा किनाराको सिलसिलामा म्यादको पनि महत्वपूर्ण स्थान हुने भएकोले सो सम्बन्धमा वकिल चनाखो हुनु पर्दछ ।*

*सरकारवादी फौजदारी मुद्दामा फैसला थाहा पाएको मितिबाट जम्मा १३० दिनभित्र पुनरावेदन दर्ता गर्न सकिन्छ।*

*(स्रोत: बन्दीहरुको लागि कानुनी उपचार जानकारी पुस्तिका, सेलर्ड, काठमाडौं स्कुल अफ ल, तेस्रो संस्करण, २०६१)*

***अन्य भूमिका***

- *फैसला ७ दिन भित्रमा तयार गर्नुपर्छ भन्ने कानुनी प्रावधानको पालना गराउन रिट समेतका उपचार अपनाउनुहोस् ।*
- *फैसला भएको 3 दिन भित्र म्याद पठाउनु पर्ने कानुनी प्रावधान कार्यान्वयन गराउन प्रयास गर्नुहोस् ।*
- *मु.ऐ. २०२०, अ.वं. १४ नं. ले तोकेको म्याद भित्र मुद्दा फैसला नभए मु.ऐ. २०२०, अ.वं. ११८ को (२) नं. बमोजिम थुनामा राखेको व्यक्तिलाई धरौट वा जमानत लिई छोड्ने व्यवस्था मु.ऐ. २०२०, अ.व. १२3 नं. मा छ । जुन हाल कार्यन्वयनमा रहेको छैन । सो कार्यान्वयन गर्न सोच्नुहोस् ।*

## १२ पुनरावेदन

मातहतको अदालतबाट भएको फैसलामा चित्त नबुझेमा चित्त नबुझेको कुरा खुलाई सो भन्दा माथिल्लो अदालतमा गरिने निवेदनलाई पुनरावेदन भनिन्छ। पुनरावेदनको व्यवस्थाले कुनैपनि व्यक्तिलाई लागेको आरोपको स्थापना र सजाय दुवैको पुनरावलोकनको लागि पुनरावेदनको अधिकार महत्वपूर्ण हुन्छ। सजाय समानुपातिक र औचित्यपूर्ण छ वा छैन सोको लेखाजोखा गरी मातहतको फैसलामा त्रुटि देखिएमा सच्याउने काम पुनरावेदनले गर्दछ।

जिल्ला अदालत वा मातहतका अन्य कुनै न्यायिक निकायबाट भएका सुरु फैसला वा अन्तिम आदेशको वैधता जाँच्नु नै पुनरावेदन हो र उपयुक्त प्रयोजनका लागि नेपाल अधिराज्यको संविधानले देशको विभिन्न भागमा पुनरावेदन अदालतको स्थापनासमेत गरेको छ।

### कानुनी व्यवस्था

पुनरावेदन अदालतका अधिकारक्षेत्र :

(१) पुनरावेदन अदालतलाई आफ्नो मातहतको जिल्ला अदालत र प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रादेशिक क्षेत्राधिकार भित्र रहेका अन्य कुनै निकाय वा अधिकारीले मुद्दा मामिलामा गरेको शुरु फैसला वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने र कानुनबमोजिम साधक जाँच्ने अधिकार हुनेछ।

उपदफा (१) र (२) बमोजिमको अधिकारको अतिरिक्त पुनरावेदन अदालतलाई देहायका मुद्दाहरूमा शुरु कारवाही र किनारा गर्ने अधिकार हुनेछ।

(क) कानुनमा पुनरावेदन अदालतबाट सुरु कारवाही र किनारा गर्ने व्यवस्था भएको मुद्दा।

(ख) मुद्दाको कारवाही असाधारण रूपमा लम्बिन गई पक्षहरूले धेरै हैरानी व्यहोर्नु परेको वा कुनै गम्भीर वा जटिल कानुनी प्रश्न समावेश भएको कारणले मुद्दाको शुरु कारवाही र किनारा पुनरावेदन अदालतबाट हुनु उपयुक्त ठहऱ्याई सर्वोच्च अदालतले आदेश दिएको मुद्दा।

*न्याय प्रशासन ऐन, २०४८ को दफा ८ (१)*


पुनरावेदन अदालतलाई आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानुन प्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनको लागि आवश्यकतानुसार बन्दी प्रत्यक्षीकरण परमादेश वा निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार हुन्छ ।

*न्याय प्रशासन ऐन, २०४८, दफा ८ (२)*

न्याय प्रशासन ऐनको दफा ८ (३) मा पुनरावेदन अदालतको अधिकारको बारेमा उल्लेख गरिएको छ । अदालतबाट मुद्दा फैसला भएपछि उपस्थित रहेका पक्षलाई सो फैसलाको व्यहोरा र पुनरावेदन लाग्नेमा पुनरावेदन सुन्ने अदालतको नाम र पुनरावेदन गर्नुपर्ने म्याद समेत सुनाई निजबाट सुनिपाएको व्यहोराको कागज समेत गराई लिनुपर्दछ ।

अड्डाबाट मुद्दा फैसला गरेपछि हाजिर रहेको झगडियालाई सो फैसला बाँची सुनाई पुनरावेदन लाग्ने वा नलाग्ने व्यहोरा र पुनरावेदन लाग्ने भए पुनरावेदन सुन्ने अड्डाको नाम समेत बताइ निजबाट सुनी पाएको व्यहोराको कागज गराई राख्नु पर्छ । झगडिया हाजिर नरहेकोमा सो फैसला भएको तीन दिन भित्र यो मुद्दामा यो कुरा ठहरेको हुनाले तिमीलाई यो यति सजाय भएको छ भन्ने र पुनरावेदन लाग्ने भए पुनरावेदन लाग्ने अड्डाको नाम समेत खुलाई यो झगडियाको नाममा म्याद जारी गर्नुपर्दछ । पुनरावेदन लाग्ने मुद्दामा झगडिया रोहवरमा भइ फैसला सुनेकोमा सो सुनेको मितिले र झगडिया रोहवरमा नभई म्याद जारी भएकोमा सो म्याद तामेल भएको मितिले पैतीस दिनभित्र झगडियाले चित्त नबुझेको कुरामा सो फैसलाउपर पुनरावेदन दिन पाउँछ, सो म्याद नाघेपछि पुनरावेदन लाग्न सक्दैन भन्ने व्यवस्था मुलुकी ऐनको अदालती बन्दोबस्तको महलमा गरिएको छ ।

*मुलुकी ऐन, २०२०, अ.व. १९३*




*नोटः प्रस्तुत तालिका विशेष मुद्दाहरुमा आकर्षित हुँदैन जस्तैः विशेष अदालतले हेर्ने मुद्दाहरु सोझै सवोच्चमा पुनरावेदन लाग्दछ र अर्धन्यायिक निकायहरुको निर्णय उपर पुनरावेदन लाग्ने भनि तोकिएकोमा सामान्यतया पुनरावेदन अदालतमा पुनरावेदन लाग्दैन ।*

मुद्दाको फैसला हुँदा पक्ष हाजिर नरहेकोमा फैसलाको परिणामसहित पुनरावेदन लाग्नेमा पुनरावेदन सुन्ने अदालतको नाम र पुनरावेदन गर्नुपर्ने अवधि समेत खुलाई त्यस्तो पक्षको नाममा फैसला गर्ने अदालतबाट म्याद जारी गर्नुपर्दछ । साथै देहायको मुद्दामा देहाय बमोजिमको पुनरावेदनको म्याद दिइन्छ ।

(क) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र समावेश भएका सरकारवादी फौजदारी मुद्दामा ७० दिन / *(हेर्नुहोस् स.मु.स.ऐन, २०४८ को दफा २६)*

(ख) अन्य फौजदारी मुद्दामा ३५ दिन (अ.वं. १९३)

(ग) संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गत कारवाही हुने मुद्दामा ३० दिन *(हेर्नुहोस् संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ११ (क)*

### नजिर

बन्दीप्रत्यक्षीकरण मुद्दाको अर्थ थुनामा रहेको व्यक्तिलाई हाम्रो सामु उपस्थित गराउ ( Have the body before us) भन्ने हुन्छ । बन्दीलाई थुनामा राख्नुको कानुनसङ्गत आधार र अवस्था नदेखिएको अवस्थामा बन्दीलाई थुनाबाट मुक्त गर्ने आदेश जारी गर्नु नै बन्दीप्रत्यक्षीकरणको उपचारको उद्देश्य हो ।

बन्दीप्रत्यक्षीकरणको मुद्दा बन्दीलाई गैर कानुनी थुनाबाट मुक्त गरी पाउँ भन्ने मागको आधारमा चल्दछ । बन्दी थुनामा नरहेको वा थुनाबाट छुटिसकेको भएमा अदालतको आदेश बमोजिम बन्दीलाई थुनाबाट मुक्त गर्नुपर्ने अवस्था नै पर्दैन । अर्थात बन्दी थुनामा नरहेको अवस्थामा बन्दी प्रत्यक्षीकरणको मुद्दाको पूर्व अवस्था नै विद्यमान नरहने ।

बन्दीप्रत्यक्षीकरण मुद्दाको प्रकृतिबाट नै पुनरावेदन तहबाट बन्दीको थुनाको वैधता सम्बन्धमा निर्णय गर्नु पर्ने अवस्थामा सुरुको बन्दी कायमै रहेको हुनु पर्ने ।

सामान्यतया पुनरावेदन लाग्ने मुद्दाहरूमा पुनरावेदनको टुंगो लागे पछि शुरु निर्णय सदरबदर भै मुद्दाको परिणाम पनि फेरबदल हुन सक्छ । अर्थात पुनरावेदन तहबाट शुरुले गरेको निर्णयलाई सदरबदर गरी आफ्नो निर्णय कायम राखिएको हुन्छ । तसर्थ पुनरावेदन तहबाट सदर बदर जे हुन्छ सोहीबमोजिम फैसलाको कार्यान्वयन गर्नु पर्ने हुन्छ । तर बन्दीप्रत्यक्षीकरणको मुद्दामा बन्दीलाई निजको थुना गैरकानुनी देखिए थुनाबाट छोड्ने कार्य सम्पन्न भैसक्ने हुँदा कुनै कार्य गर्न बाँकी रहँदैन । पुनरावेदन तहबाट शुरु फैसला सदर बदर के हुने हो भनी बन्दीप्रत्यक्षीकरणको मुद्दामा फैसला कार्यान्वयन गर्न पर्खिरहनु पर्दैन अर्थात बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने निर्णय हुनासाथ स्वतः कार्यान्वित हुने (Self Executionary) हुन्छ । त्यसको निर्णय र कार्यान्वयन साथ साथै हुन्छ । तसर्थ बन्दीप्रत्यक्षीकरणको मुद्दा जसमा बन्दीलाई निजको थुना गैरकानुनी देखिए रिहाई गरिदिने निर्णय गरेको हुन्छ त्यस्तो त्रिया सम्पन्न भई सकेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने गरेको निर्णय उपर परेको पुनरावेदनको कुनै प्रयोजन रहदैन किनभने बन्दीप्रत्यक्षीकरण मुद्दामा पुनरावेदन तहबाट सुनुवाई गरी बन्दीलाई पुनः थुनामा राख्नु भनी भन्न मिल्ने अवस्था नपर्ने ।

बन्दीप्रत्यक्षीकरण मुद्दाको विशेष लक्षण पुनरावेदन सुन्ने तहमा समेत विद्यमान रहन्छ । अर्थात बन्दीप्रत्यक्षीकरणको उद्देश्य थुनाबाट छुटेकोलाई थुनामा राख्नु नभै गैरकानुनी थुनामा रहेकोलाई थुनाबाट मुक्त गर्नु हो । *(श्री ५ को सरकार वि. वब्लु अग्रवाल, स.अ. वुलेटिन वर्ष ४, पूर्णांक २४, पृ. १०, २०५२)*

**अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?**

- *नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ (५)*
  अपराधमा सजाय ठेकिएका प्रत्येक व्यक्तिलाई कानुनअनुसार उच्चतर न्यायाधीकरणबाट निजको कसुर स्थापना र सजाय पुनरावलोकन गराउन पाउने अधिकार हुनेछ ।
- *नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ (६)*
  अन्तिम निर्णयबाट कुनै व्यक्तिको फौजदारी कसुर स्थापित भैसकेको छ र तत्पश्चात् नयाँ वा नवोद्घाटित तथ्यले स्पष्टतः न्याय-अपयोजन (मिस क्यारिज अफ जस्टिस) भएको आधारमा निजको कसुर उल्ट्यो वा निजलाई क्षमादान भएमा, समयमै अज्ञान तथ्यको खुलासा नहुनुमा पुरै वा आंशिक तवरले निजकै हात रहेको प्रमाणित नभएमा, सजायबाट सताइएको व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति दिइनेछ ।

**प्रतिपादित सिद्धान्त**

- पुनरावेदन गर्न पाउने अधिकारको सम्मानार्थ पक्षलाई पुनरावेदनको तयारीका लागि पर्याप्त समय दिनुपर्दछ ।
- प्रतिपादी पक्षलाई फैसलाको प्रतिलिपी निश्चित समयावधिभित्र उपलब्ध गराउनुपर्दछ । सोको न्यायको पहुँचबाट वञ्चित हुन पुग्दछ र फौजदारी न्यायको संस्थापित मान्यताको प्रतिकुल हुन जान्छ ।

  *(Hamilton v. Jamaica, (333/1988), 23 March 1994, UN Doc. CCPR/C/50/D/333/1988, 1994 at 5-6)*

## १२.१. कार्यविधि

पुनरावेदन गर्दा जुन अड्डा वा अदालतले मुद्दा छिनेको छ, उसको पुनरावेदन सुन्ने अड्डा वा अदालतमा वा थुनिएको मानिसको हकमा आफू थुनिएको क्षेत्रको अड्डा अदालतमा पुनरावेदन गर्नु पर्दछ ।

### कानुनी व्यवस्था

श्री ५ को सरकार वादी हुने मुद्दामा कुनै अड्डा अदालत वा न्यायिक अधिकारीबाट भएको फैसला उपर पुनरावेदन गर्नुपर्ने मिसिल संलग्न प्रमाणबाट देखिएमा सम्बन्धित सरकारी वकिलले पुनरावेदन मस्यौदा तयार गरी फाइल संलग्न राखी पुनरावेदन पत्रको मस्यौदासहित पुनरावेदन दायर गर्ने सरकारी वकिल कार्यालयमा पुनरावेदन म्याद सुरु भएको १० दिनभित्र पठाइसक्नुपर्नेछ । आफ्नै कार्यालयबाट पुनरावेदन तयार गर्नुपर्ने भए कार्यालयको मुख्य सरकारी वकिलसमक्ष पुनरावेदनपत्र मस्यौदासहितको राय प्रस्तुत गर्नुपर्नेछ । कार्यालयमा आफूभन्दा माथि कोही नभए आफैले नियमबमोजिम कारबाही गर्नुपर्नेछ ।

*सरकारी वकिलसम्बन्धी नियमावली, २०५५ को नियम १९ (१)*

पुनरावेदन अदालतमा दिइने पुनरावेदनपत्र पुनरावेदन अदालत नियमावली, २०४८ को अनुसूची ३ बमोजिमको ढाँचामा दिनुपर्छ। पुनरावेदनपत्रमा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम १६ मा उल्लेख भएका कुराहरूको अतिरिक्त सुरुमा वादी-प्रतिवादी को थियो ? मुद्दाको नाम के हो ? सुरुले फैसला गरेको मिति, दावी गरेको र कायम भएको बिगो, भएको सजाय, कति कारणले फैसलामा चित्त नबुझेको हो सो कुरा र पुनरावेदकले पुनरावेदनमा जिकिर लिएको कुरा, यो मुद्दामा अघि पुनरावेदन परे नपरेको, थाहा भएसम्म सो मुद्दामा प्रत्यर्थीको पनि पुनरावेदन परे नपरेको कुरा सबै खुलाउनुपर्छ। सो पुनरावेदन कुन कानुन अन्तर्गत पुनरावेदन अदालतमा लाग्ने हो, पुनरावेदक कैद वा थुनामा परेको भए यो मितिदेखि कैद वा थुनामा परेको हो भन्ने कुरा, दण्डजरिवाना र बिगो बुझाएको भए बुझाएको प्रमाण, हदम्यादसम्बन्धी कुरा र सो पुनरावेदन अदालतको कुन इजलासको अधिकारक्षेत्रभित्रको हो सो कुरा पनि खुलाउनुपर्छ।

*पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४८*

### *कारागारबाट पुनरावेदन दर्ता गर्ने*

**थुनुवा वा कैदीले बिन्तीपत्र, दरखास्त इत्यादि दिंदाको कार्यप्रणाली :** (१) कुनै थुनुवा वा कैदीले कुनै मुद्दा मामिलाका सम्बन्धमा कुनै अड्डा वा अदालतमा दिनुपर्ने कुनै फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, बिन्तीपत्र, दरखास्त जनाउ इत्यादि सो अड्डा वा अदालतमा दाखिल गर्नलाई आफू थुनिए वा कैद परेको कारागार कार्यालयमा दाखिला गरेको सो कार्यालयले म्यादभित्रको भए निजको सहिछाप गराई प्रचलित नेपाल कानुनले दस्तुर लाग्नेमा दस्तुर समेत बुझी लिई त्यसको निस्सा दिई कागज दस्तुर दाखिल गरेको मिति समेत लेखी जुन अड्डा वा अदालतमा पठाउनुपर्ने हो सो अड्डा वा अदालतमा चलानी साथ तीन दिनभित्र पठाई दिनुपर्छ।

*कारागार ऐन, २०२० दफा २१*

## पुनरावेदन नगर्दाको कार्यविधि

*सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २४* बमोजिमको मुद्दामा कुनै अड्डा अदालतबाट भएको फैसला उपर सम्बन्धित मिसिल संलग्न कागजातबाट पुनरावेदन गर्नुपर्ने आवश्यक नदेखिएमा पुनरावेदन गर्नु नपर्ने कारण सहितको राय पुनरावेदन दायर गर्ने माथिल्लो सरकारी वकिल कार्यालयमा पुनरावेदन म्याद शुरु भएको १० दिनभित्र पठाउनु पर्दछ भन्ने व्यवस्था सरकारी वकिलसम्बन्धी नियमावली, २०५५ को नियम २० (१) ले गरेको छ।

नेपालको फौजदारी न्यायव्यवस्थामा पुनरावेदनको अधिकारलाई प्रचलन गराउनमा नेपालमा निम्न सम्वैधानिक तथा कानुनी व्यवस्था लागू रहेका छन् :

(क) **नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८५ (१) र (२)**

(ख) **न्याय प्रशासन ऐन, २०४८ को दफा ८ (१), (२) र (३) दफा ९ (१) र (२)।**

(ग) **मुलुकी ऐन, २०२० अदालती बन्दोबस्तको १९३ र १९५**

त्यसैगरी अ.वं. १८८ नं. मा सर्वश्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा साधकका माध्यमबाट घटी सजाय गर्न न्यायाधीशलाई स्वविवेकीय अधिकारको व्यवस्था गरिएको गरिएको छ। कसुरदार स्वयंले पुनरावेदनको माध्यमबाट भएको सजाय घटाउन माग गर्नसक्ने भए तापनि स्पष्ट कानुनी व्यवस्था भने गरेको पाइदैन।

## १२.२. पक्ष/विपक्ष झिकाउने (झ.झी.)

शुरुको इन्साफ फरक पर्ने अवस्थामा प्रत्यर्थी/प्रतिपक्षलाई मुद्दामा प्रतिनिधित्वको अवसर दिने कार्यविधिलाई झगडिया झिकाउने भनिन्छ। झगडिया झिकाउने आदेश दिइने कुरा मुद्दाको कारवाहीको एउटा अङ्गसम्म हो। मुद्दामा दुवै पक्ष उपस्थित भई मुद्दा निर्णयार्थ पेस हुँदा झगडिया झिकाउने इजलासकै आदेशानुसार फैसला गर्नुपर्ने कुनै बाध्यता छैन। सबुत प्रमाणको मूल्याङ्कनबाट पछिल्लो इजलाश अर्कै निष्कर्षमा पुग्न पनि सक्दछ।

### कानुनी व्यवस्था

पुनरावेदन, साधक वा अरु कुनै किसिमबाट अगाडिको फैसला सदर बदर गर्न अधिकार प्राप्त अड्डाले इन्साफ जाँच्दा तलको अड्डाले गरेको इन्साफमा तात्विक फरक हुने अवस्था नदेखिएमा झगडिया झिकाइरहनु पर्दैन। ठहरे बमोजिम फैसला गरिदिनु पर्छ। इन्साफ जाँच्दा अगाडिको इन्साफ वा फैसला फरक पर्ने देखियो भने सोही व्यहोराको पर्चा खडा गरी सो खडा गरेको तीन दिन भित्र फलानासंगको फलाना मुद्दामा तपाई समेत राखी छलफल गर्नुपर्ने भएकोले बाटाका म्याद बाहेक पन्ध्र दिन भित्र हाजिर हुन आउनु, सो म्याद भित्र हाजिर नभएमा पछि उजूरी लाग्ने छैन भनी झगडियाको नाउँमा म्याद जारी गरी सो म्यादमा झगडिया हाजिर हुन आए वा ऐन बमोजिम वारिस पठाएमा निजलाई समेत राखी पैतीस दिनभित्र फैसला गर्नुपर्छ। सो म्यादमा हाजिर नहुने झगडियाको पछि उजुर लाग्न सक्दैन। पुनरावेदन लाग्नेमा पुनरावेदनको म्याद दिनुपर्छ भन्ने कानुनी व्यवस्था गरिएको छ।

*मुलुकी ऐन, २०२० मा भएको अ.वं. २०२ नं.*

## १२.३. बहस

बहस मुद्दाको महत्वपूर्ण चरण हो। पक्ष विपक्षको बहस पछि न्यायधशीले निर्णय दिने काम हुन्छ। बहस भन्दा अघि नै प्रमाण बुझिसकिएको हुन्छ। न्याय प्राप्त गर्ने कुरामा वकिलको बहसको ठूलो भूमिका हुन्छ। बहस गर्दा कानुनव्यवसायीले राम्रो तयारी गर्नु पर्दछ। बहस गर्नुपूर्व मुद्दाको तथ्य र सोसँग सम्बन्धित राष्ट्रिय अन्तर्राष्ट्रिय कानुनको राम्रो अध्ययन गर्नु पर्दछ। बहस गर्नु पूर्व टिपोट बनाउनु राम्रो हुन्छ। अदालतमा मुद्दा दायर गर्दा थुनछेकको प्रयोजनको लागि ठीक समयमा उपस्थित भई आफ्नो बहस जीकिर प्रस्तुत गर्नुपर्दछ। (*बहस गर्दा ख्याल पुऱ्याउनु पर्ने पक्षहरु बारे यसै निर्देशिकाको खण्ड "ग" हेर्नुहोस्।*)

| | |
|---|---|
| स.मु.स. ऐन, २०४९ को अनुसूची १ र २ मा लेखिएको मुद्दा र श्री ५ को सरकारवादी हुने भनी कुनै कानुनमा लेखिएको मुद्दामा सरकारी वकिलले बहस पैरवी र प्रतिरक्षा गर्नेछ। सो बाहेक श्री ५ को सरकारलाई विपक्षी बनाएको वा श्री ५ को सरकारले वादी भई चलाएको मुद्दामा सम्बन्धित निकायबाट अनुरोध भई आएमा सरकारी वकिलले बहस पैरवी वा प्रतिरक्षा गरिदिन सक्नेछ। | *स.मु.स. ऐन, २०४९ को दफा ३३ (१) अनुसार ऐनको अनुसूची १ र २* |

दफा ३३ (२) ले (१) मा लेखिए देखि श्री ५ को सरकारलाई सरोकार पर्ने जुनसुकै मुद्दामा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले महान्यायाधिवक्तलाई सोझै अनुरोध गरी पठाएमा त्यस्तो मुद्दामा महान्यायाधिवक्ताले सरकारी वकिललाई बहस पैरवी वा प्रतिरक्षाको लागि खटाउन सक्नेछ भन्ने व्यवस्था गरेको छ।

अदालतमा बहस पैरवी गर्दा इजलास तथा प्रतिपक्ष कानुनव्यवसायी प्रति समान रूपमा आदर र सद्भाव कायम राख्नु पर्दछ। विना आधार र कारण पेसी हटाउनु हुँदैन। सरकारी वकिलले श्री ५ को सरकार पक्ष वा विपक्ष भएको वा श्री ५ को सरकारको कर्मचारी पक्ष वा विपक्ष भएको मुद्दामा सम्बन्धित निकायबाट अनुरोध भई आएमा आवश्यक बहस पैरवी एवं प्रतिरक्षा गर्नुपर्दछ। बहसपैरवी प्रतिरक्षाका लागि प्राप्त मुद्दाहरूको आवश्यक कागजात पेसी अगाडि नै लिई दुरुस्त राख्नुपर्दछ।

न्यायको मूल मर्म "दोषी छुटोस् तर निर्दोषले अनाहक स्वतन्त्रता गुमाउनु नपरोस्" भन्ने हो। यसर्थ पुनरावेदनको बहसले सुरु अदालतबाट भएको गलत फैसलालाई सच्याउन मद्दत गर्नुपर्दछ। *(त्यस सम्बन्धी विस्तृत विवरणका लागि यसै निर्देशिकाको २.१० हेर्नुहोस् ।)*

## १२.४. फैसला

पुनरावेदन अदालतले गर्ने फैसलाको कार्यविधि पनि जिल्ला अदालतको झै हुन्छ। जसको विषयमा यस भन्दा अघि नै चर्चा भइसकेको छ। पुनरावेदन अदालतमा सामान्यतया साक्षी प्रमाण बुझिदैन। यो तहले शुरुको फैसला मिलेको छ छैन जाँच गर्ने कार्य गर्दछ। शुरु अदालतले गरेको फैसलाको वैधताको जाँच गर्ने र फैसला गर्दा गल्ती भएको भए सच्याउने काम पुनरावेदनको फैसलाले गर्दछ। *(फैसला सम्बन्धी अन्य विवरणका लागि यसै निर्देशिकाको २.१० हेर्नुहोस्)*

## १२.५. पुनरावेदन अदालतमा लाग्ने रिटहरू

आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्र "कुनै निकाय वा अधिकारीले" कुनै व्यक्तिको कानुन प्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलन गराउन पुनरावेदन अदालतले आवश्यकताअनुसार बन्दी प्रत्यक्षीकरण, परमादेश वा निषेधाज्ञाको आदेश जारी गर्न सक्दछ।

उपरोक्त आदेश जारी गर्नसक्ने अधिकारलाई पुनरावेदन अदालतको रिटसम्बन्धी क्षेत्राधिकारको रूपमा समेटेको छ। *(हेर्नुहोस्, यसै खण्डको २.१२)*

# १३ सर्वोच्च अदालतको अधिकारक्षेत्र

## १३.१. पुनरावेदन

पुनरावेदन तल्लो अदालतको फैसलाउपर चित्त नबुझेमा सो फैसला जाँची पाउनका लागि माथिल्लो अदालतमा गरिने निवेदन हो। पुनरावेदनको तहबाट हेरिएको मुद्दाको फैसलाले तल्लो तहको अदालतले गरेको फैसलालाई पुनस्थापित गर्दछ। सुरु मुद्दा हेर्ने कुनै अदालतले मुद्दामा गरेको निर्णय अन्तिम गरिएमा सो निर्णयमा सो अदालतको स्वेच्छाचारिताको भय रहने सम्भावनालाई दृष्टिगत गरी पुनरावेदनको व्यवस्था गरिएको हुन्छ।

### सैवैधानिक व्यवस्था

| | |
|---|---|
| सर्वोच्च अदालतलाई कानुनमा व्यवस्था भएबमोजिम सुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने, साधक जाँच्ने, मुद्दा दोहोऱ्याउने वा निवेदन सुन्ने अधिकार हुनेछ। | *नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(३)* |

### कानुनी व्यवस्था

| | |
|---|---|
| पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर देहायका मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको छ।<br>(क) पुनरावेदन अदालतले शुरु कारवाई र किनारा गरेको मुद्दा।<br>(ख) दस वर्ष वा सो भन्दा बढी कैदको सजाय भएको मुद्दा र<br>(ग) शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय उपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पुरै उल्टी भएको मुद्दा। | *न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१)* |

त्यसै गरी सर्वोच्च अदालतमा साधक जाहेर भएको मुद्दामा पनि पुनरावेदन लाग्न सक्ने व्यवस्था न्याय प्रशासन ऐनको दफा ९(२) मा व्यवस्था गरेको पाइन्छ।

## १३.२. साधक जाहेरी

### कानुनी व्यवस्था

| | |
|---|---|
| प्रचलित नेपाल कानुन बमोजिम साधक सदर गराउनु पर्ने मुद्दामा पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नुपर्दछ। | *न्याय प्रशासन ऐन, २०४८, दफा १० (१) उपदफा (१)* |
| ऐनले सर्वश्व सहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा साबित ठहरे पनि इन्साफ गर्ने हाकिमका चित्रले भवितव्य हो कि भन्न हुनेसम्मको शङ्काले वा अपराध गरेको अव्स्था विचार गर्दा कसुरदारलाई ऐन बमोजिम सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहऱ्याई आफ्नो चित्तले देखेको कारण सहितको खुलाइ वा राय पनि साधक तोकमा लेखी जाहेर गर्नु हुन्छ। अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेको ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ। | *मुलुकी ऐन, २०२०, अ.वं. १८२* |

साधक जाहेर भएको सर्वश्वसहित जन्मकैद वा जन्मकैद हुने मुद्दामा पुनरावेदन अदालतले सो सजाय गर्ने ठहराएकोमा मात्र सर्वोच्च अदालतमा साधक जाहेर भएको मुद्दामा पुनरावेदन परेमा पुनरावेदनको रोहवर र एउटै मुद्दामा कसैको पुनरावेदन पर्‍यो र कसैको परेन भने पुनरावेदन नगर्नेको हकमा पनि साधकको रोहबरबाट इन्साफ जाँची मुद्दा किनारा गर्नुपर्दछ। *(दफा १०(३)*

साधकको रोहबाट हेरिने मुद्दामा पुनरावेदन नगर्ने कुनै पक्ष वा अन्य कुनै सम्बन्धित व्यक्तिले पुनरावेदन सरहको जिकिर लिई निवेदन दिएमा पुनरावेदन सुन्ने अदालतले त्यसलाई समेत विचार गरी मुद्दाको निर्णय गर्नुपर्दछ। *(दफा १०(४)*

*न्याय प्रशासन ऐन, २०४८, दफा १० (३)*

## नजिर

प्रतिवादीको उमेर, वारदातको प्रकृति र सामाजिक लोकलज्जाबाट बच्न गरेको भन्ने कारणबाट सजाय तोक्दा चर्को हुने भनी अ.वं. १८८ नं. बमोजिम ५ (पाँच) वर्ष कैदको सजाय गर्न उपयुक्त हुने भन्ने राय सम्बन्धमा विचार गर्दा, प्रतिवादी सम्झना लामिछाने ढकाललाई निजको उमेर, घटनाको पृष्ठभूमि र सामाजिक परिवेश समेतको आधार सो ५ वर्ष कैदको सजाय पनि चर्को हुने देखिँदा निज हालसम्म थुनामा रहेको अवधि १ वर्ष ७ महिना ११ दिन कैदको सजाय गर्दा पनि न्यायको मक्सद पुरा हुने हुँदा सो अनुसार कैदको सजाय हुने गरी साधक सदर हुने। (*राजेश भट्टराइको जाहेरीले श्री ५ को सरकार विरुद्ध सम्झना लामिछाने ढकाल, ने.का.प. २०६०, अंक १ र २, नि.नं. ......., पृ. ७७*)

.............................................................................................................................................

सुरु र पुनरावेदन अदालतले अ.वं. १८८ नं. को प्रयोग गरी सजाय कम गर्नुपर्ने राय व्यक्त गरेकोमा एकातर्फ प्रतिवादीले अपराध स्वीकार गरी न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको अवस्था देखिन्छ भने अर्कोतर्फ इवी अदावत सहितको सुनियोजित हत्याको प्रस्तुत वारदात भन्ने देखिदैन। परपुरुषसँगको यौन सम्बन्धबाट गर्भ रहन गएकोमा निजले लैजान नमान्दा चिन्ताग्रस्त अवस्था रहेको, लोग्नेको घरका र माइतकाले हेला गरी सहारा नपाएको अवस्था, ग्रामिण समाजकी कच्चा उमेरकी स्वास्नीमानिसले परपुरुषको भनाइ र वहकावमा लागि सामाजिक लान्छनाबाट बच्न जन्मेको बालकको हत्या गरेको स्थिति र अवस्था देखिन्छ। त्यसैले यस्तो स्थितिमा भएको वारदातको प्रकृति र स्वरूपलाई विचार गर्दा सजाय घटाउन सिफारिस भै आएको रायलाई वेमनासिव भन्न नमिल्ने। (*शान्ति वि.क. विरुद्ध छविलाल वि.क.को जाहेरीले श्री ५ को सरकार, ने.का.प. ०६१, अंक ६, पृ. ७७०*)

## १३.३. पुनरावलोकन

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(४) ले सर्वोच्च अदालतलाई कानुनमा व्यवस्था भए बमोजिम सर्वोच्च अदालतले कानुनद्वारा तोकिएको अवस्था र शर्तमा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्नेछ भन्ने व्यवस्था गरिएको छ। यसरी पुनरावलोकन गर्दा पहिला फैसला गर्दाका न्यायाधीश बाहेक अन्य न्यायाधीशले गर्नेछन् ।

### कानुनी व्यवस्था

*दफा ११ (१)*

सर्वोच्चले आफ्नो फैसला अन्तिम आदेश उपर देहायको अवस्थामा पुनरावलोकन गर्न सक्नेछ।

(क) मुद्दामा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दा किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिएमा ।

(ख) सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानुनी सिद्धान्तको प्रतिकुल निर्णय भएको देखिएमा ।

..............................................................

*ऐ. दफा ११ (२)*

सर्वोच्च अदालतले देहायको अवस्थामा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने छैन :

(क) एक पटक सो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गरिसकेको,

(ख) पुनरावलोकनको लागि परेको निवेदनमा उठाइएका प्रश्नहरू सर्वोच्च अदालतको संयुक्त इजलासमा पनि उठाइएको र त्यसमा न्यायाधीशहरूको राय नमिली पुर्ण इजलासबाट सुनुवाइ भएकोमा सो प्रश्नहरूको निरूपण गरी निर्णय भइसकेको,

(ग) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानुनबमोजिम मुद्दा दोहोऱ्याई निर्णय भइसकेको वा

(घ) न्यायप्रशासन ऐनको दफा (१३) बमोजिम दोहोरिएको मुद्दामा पुनरावेदन अदालतको इन्साफ सदर भएको ।

..............................................................

सर्वोच्च अदालतबाट मुद्दा फैसला भएको मितिले साठी दिनभित्र पुनरावलोकनको लागि निवेदन दिन सकिनेछ। [*दफा ११ (३)*]

*न्याय प्रशासन ऐन, २०४८*

**नजिर**

न्याय प्रशासन ऐन, २०४८ को दफा ११ (१) बमोजिम सर्वोच्च अदालतले आफ्नो फैसला वा आफ्नो आदेश उपर मात्र पुनरावलोकन हुन सक्छ। प्रस्तुत मुद्दामा पुनरावेदन अदालत विराटनगरबाट फैसला भएको छ, सर्वोच्च अदालतबाट फैसला भएको छैन। दोहोराउने निस्सा प्रदान नगर्ने निर्णय मात्र भएको। दोहोऱ्याउने निवेदनले मुद्दाको रूप लिएको हुँदैन। निवेदनकै तहसम्ममा रहेको हुन्छ। साथै दोहोऱ्याउने निस्सा प्रदान नहुने निर्णय उपर पुनरावलोकन गर्न नमिल्ने न्यायिक प्रचलन समेत कायम रहेको स्थितिमा निवेदनको वस्तुस्थितिको विवेचना गर्न मिलेन। आधार र कारणहरूको विवेचना र विश्लेषण नगरी भएको सर्वोच्च अदालतको मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान नहुने आदेशमा पुनरावलोकन हुनसक्ने नदेखिएको र न्याय प्रशासन ऐन, २०४८ को दफा १२ (१) बमोजिम मुद्दा दोहोऱ्याउने निस्सा नहुने आदेश सोही ऐनको दफा ११ (१) को खण्ड "क" वा "ख" बमोजिम पुनरावलोकन हुने प्रकृतिको विषयवस्तु हो भन्न नमिल्ने। **[***रणबहादुर खड्का वि. फूलकुमारी नेपाल समेत, ने.का.प. २०५८, नि.नं. ७००७, अंक ५, ६, पृ. ३१७ (पु.इ.3)***]**

**नोट :** *पुनरावलोकनमा हालसम्म वकिललाई बहस गराउने प्रचलन छैन । उचित प्रतिनिधित्वका लागि पुनरावलोकनको मुद्दामा वकिलले बहस गर्न पाउने व्यावस्था हुनु पर्दछ ।*

## १३.४. वकिलको भूमिका

*मुद्दामा भएको फैसलामा तात्विक असर पर्ने र कुनै प्रमाणको बारेमा फैसला भएपश्चात् थाहा भएको अवस्थामा र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तविपरीत फैसला भएकोमा सो अन्तिम आदेशउपर पुनरावलोकनमार्फत पीडित पक्षले न्यायको लागि निवेदन गर्न सक्ने भएकोले उपरोक्त अवस्थामा वकिलको भूमिका महत्वपूर्ण हुन सक्दछ । सो सम्बन्धमा प्रष्ट पार्नुपर्ने प्रमाणका कुरा तथा नजिरको गलत व्यख्या भएको सम्बन्धमा पक्षको तर्फबाट बहसबाट प्रस्तुत गर्नु पर्दछ । साथै बहस गर्नको लागि अदालत समक्ष अनुरोध गर्नुपर्दछ । पुनरावलोकनमा वकिललाई बहस गराउनेसम्बन्धी कानुनी व्यवस्था अत्यावश्यक देखिएको छ ।*

## १३.५. मुद्दा दोहोऱ्याई हेर्ने

### कानुनी व्यवस्था

न्याय प्रशासन ऐन वा प्रचलित कानुन बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरूमा पनुरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेश देहायका अवस्थामा सर्वोच्च अदालतले दोहोऱ्याई हेर्न सक्नेछ :

*न्याय प्रशासन ऐन, २०४८ दफा १२*

(क) पुनरावेदन अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर कानुनी त्रुटि भएको ।

(ख) सर्वोच्च अदालतबाट स्थापित कानुनी सिद्धान्त वा नजिरको पालना नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको ।

(ग) सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको वा

(घ) बालक, महिला, बृद्ध, अपाङ्ग वा मानसिक रोगबाट पीडित व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर परेको ।

सर्वोच्च अदालतबाट एकपटक दोहोऱ्याई हेरी निर्णय भइसकेको मुद्दा फेरी दोहोऱ्याई हेरिने छैन भन्ने व्यवस्था ऐ. ऐनको दफा १२(२) मा गरिएको छ । दफा १२ बमोजिम मुद्दा दोहोऱ्याई हेरिपाऊँ भनी दिइने निवेदनपत्रहरू पुनरावेदन अदालतले निर्णय गरेको मितिले बाटोको म्यादबाहेक पैतस्स दिनभित्र सर्वोच्च अदालतमा वा त्यस्तो निर्णय गर्ने पुनरावेदन अदालतमा दर्ता गराउन सकिने व्यवस्था ऐ. ऐनको दफा १२ (३) मा गरिएको छ ।

### नजिर

न्यायप्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) को खण्ड (क) बमोजिम संविधान वा कानुनको व्याख्यामा गम्भीर त्रुटि र खण्ड (ख) बमोजिम सर्वोच्च अदालतबाट स्थापीत कानुनी सिद्धान्त वा नजिरको पालना नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको अवस्थामा पुनरावेदन अदालतको फैसला वा अन्तिम आदेशमा सर्वोच्च अदालतबाट मुद्दा दोहऱ्याई हेर्न सक्ने कानुनी प्रावधान भएको र यस अदालतबाट मिति २०५१।७।२५ मा मुद्दा दोहोऱ्याउने निस्सा प्रदान भएको आदेशमा पुनरावेदन अदालत पाटनको सो फैसलामा संविधान वा कानुनको व्याख्यामा गम्भीर त्रुटि भएको र सर्वोच्च अदालतबाट स्थापित कानुनी सिद्धान्त र नजिरको पालना नगरेको भन्ने कुरा उल्लेख नभई न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा १ को खण्ड (क) वा (ख) को अवस्था विद्यमान भएको भन्ने उल्लेख भएको देखिएन । सो दफा १२ बमोजिम मुद्दा दोहऱ्याई हेर्दा सर्वोच्च अदालतले जुन आधारमा मुद्दा दोहऱ्याई हेर्न आदेश गरेको हो सोही आधार र सम्बद्ध विषयमा मात्र सीमित रही मुद्दा किनारा गर्नुपर्ने कानुनी गर्नुपर्ने कानुनी व्यवस्था न्याय प्रशासन ऐन, २०४८ को दफा १३ मा भएकाले यस अदालतबाट दोहऱ्याउने निस्सा प्रदान हुँदा सो ऐनको दफा १२ को उपदफा १ बमोजिमको अवस्थाहरू विद्यमान छ भनी उल्लेख गरेको नदेखिँदा त्यस सम्बन्धमा केही विचार गर्नुपर्ने अवस्था नदेखिने । [*भुमट ब. लामा वि. जगल ब. लामा, नि.नं. ६२४६ ने.का.प. २०५३, अंक ८, पृ.६४८*]

## १३.६. रिट


कुनै विषयमा उच्च न्यायिक निकायबाट कुनै काम गर्न वा नगर्न कुनै व्यक्ति वा निकायलाई दिएको आदेशलाई रिट भनिन्छ। *नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७* मा असाधारण अधिकार क्षेत्रअन्तर्गत बन्दी प्रत्यक्षीकरण, परमादेश उत्प्रेषण, प्रतिषेध र अधिकारपृच्छालगायतका अन्य उपयुक्त आज्ञा, आदेश जारी गर्ने अधिकार सर्वोच्च अदालतलाई तोकिएको छ। गैरकानुनी थुनामा बन्दी प्रत्यक्षीकरणको रिटमार्फत निर्दोष मानिसहरू थुनामुक्त गरिदिने सन्दर्भमा नेपालको सर्वोच्च अदालतको भूमिका प्रसंशनिय छ। सार्वजनिक सुरक्षा ऐन अन्तर्गतको बन्दीलाई यसरी मुक्त गर्दा भने जिल्ला न्यायाधीशको रोहवरमा छाड्नु पर्ने कानुनी व्यवस्था रहेको छ। धारा १०७ अन्तर्गत देहायको स्थितिमा सर्वोच्च अदालतबाट रिट जारी हुन सक्ने व्यवस्था छ।

(क) संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि।

(ख) अर्को उपचारको व्यवस्था नभएको वा उपचारको व्यवस्था भए पनि प्रभावहिन भएको अन्य कुनै कानुनी हक प्रचलनको लागि।

(ग) सार्वजनिक हक वा सरोकारको विवादमा समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरूपणका लागि।

सैनिक अदालतको काम कारबाही र निर्णय तथा संसदको विशेषाधिकार सम्बन्धमा भएको कामकारबाही र निर्णयमा सर्वोच्च अदालतले हस्तक्षेप नगर्ने सम्बन्धमा संविधानमा उल्लेख गरिएको छ।



# १४ फैसला कार्यान्वयन

## १४.१. सामान्य कार्यविधि

फैसला कार्यान्यन फौजदारी न्यायसम्पादनको संवेदनशील पाटो हो । आफ्नो अदालतको र अरू अदालतबाट आएको फैसला बमोजिमको दण्डजरिवानाको लगतकसी अरू अदालतमा जानेजति अरू अदालतमा लगत कस्न पठाउने र आफ्नै अदालतमा लगत कस्न पर्ने जति कसी असुल फछ्यौट गर्ने कर्तव्य तहसिलदारको हुन्छ ।

फौजदारी अभियोग लागेको मानिस फैसला नहुँदै मर्‍यो भने त्यसलाई कुनै खतवात लाग्दैन । मु.ऐ. दण्ड सजायको ६ नं. अनुसार कानुनमा यति खण्ड सजाय गर्नु भनी लेखिएकोमा खण्ड कायम गर्दा जन्मकैदको २० वर्ष र सर्वश्वको १८ महिना कैद कायम गरी त्यसको खण्ड सजाय गर्नुपर्दछ । कुनै मानिसलाई सर्वश्व सहित जन्म कैद हुने ठहरी फैसला भएकोमा जन्मकैद वापत बीस वर्ष कैद गर्नु पर्छ, सर्वश्व गर्न सम्पत्ति भए सर्वश्व गर्नुपर्दछ, सम्पत्ति नभएमा सोही व्यहोराको मुचुल्का सम्म खडा गरी मिसिल सामेल राख्नु पर्छ । सर्वश्व हुन नसके वापत कैद ठेक्न हुँदैन ।

## १४.२. दण्डका मान्य सिद्धान्त

### दण्डका सिद्धान्त

राज्यको काम देशमा शान्ति, सुव्यवस्था कायम राख्नु हो । अपराध नियन्त्रण पार्न राज्यको दुईटा भूमिका उल्लेखनीय छन् :

(१) अपराध नियन्त्रण गर्न कानुनको प्रभावकारी प्रशासन गर्नु ।

(२) कोही कानुन भङ्ग गर्न अग्रसर भेटियो भने दण्ड दिनु ।

आजसम्म विकसित अपराधनियन्त्रण प्रक्रियालाई मोटामोटी तीन भागमा विश्लेषण गर्न सकिन्छ । ती हुन

(१) दण्डप्रधान प्रक्रिया

(२) उपचार प्रधान प्रक्रिया

(३) रोकथाम प्रक्रिया

दण्डप्रधान प्रक्रियाअन्तर्गत चार सिद्धान्तहरू उल्लेखनीय छन्

(क) प्रायश्चितको सिद्धान्त

(ख) प्रतिकारात्मक सिद्धान्त

(ग) हतोत्साहको सिद्धान्त

(घ) निरोधात्मक सिद्धान्त

उपचारप्रधान प्रकृया अन्तर्गत सुधारात्मक सिद्धान्त पर्दछ ।

रोकथाम प्रकृया अन्तर्गत अपराध हुने स्थिति नै समाप्त गर्न कल्याणकारी उपायमा बढी जोड दिन्छ । *(विस्तृत अध्ययनको लागि हेर्नुहोस्, अपराधशास्त्र, माधवप्रसाद आचार्य, रत्न पुस्तक भण्डार, पृ. १०३–१११, २०५१, काठमाडौं)*

## १४.३. केही मुख्य कानुनी व्यवस्था

- एकै जनाले धेरै पटक सर्वश्व सहित जन्मकैद वा जन्मकैद वा अरु सजाय हुने कसुर गरेको भए पनि कुनै कसुरमा सवर्श्व सहित जन्मकैद र जन्म कैद मध्ये ठूलो सजाय भएपछि सानो सजाय हुने खत खापिदैन ।
- कैदको सजाय तोकिएकोमा कैद ठेक्नु पर्दा जति वर्ष, महिना र दिन तोकिएको छ सो बमोजिम जम्मामा कैद ठेक्नु पर्दछ ।
- मुद्दामा पुर्पक्षको सीलसीलामा धरौट राखेको भए मुद्दामा सफाई पाए त्यस्तो धरौट फिर्ता हुन्छ । मुद्दा हारेमा लागेको दण्ड जरिवाना सोही धरौट रहेको रकमबाट पुगेसम्म असुल गर्नु पर्दछ । नपुगेको हकमा निजको अन्य सम्पत्तिबाट असुर गर्नु पर्दछ । सम्पत्ति जमानत रहेको सम्पत्ति लिलाम बिक्री गरी जरिवानाको रकम असुल गर्नु पर्दछ ।
- जरिवाना वापत कैद ठेक्नु पर्दा एक दिनको पच्चीस रुपैयाँका दरले कैद ठेक्नु पर्दछ । *(मुलुकी ऐन, २०२०, दण्ड सजायको ५३ नं.)*

### नजिर

- जरिवाना वापत कैद ठेग्नु पर्दा ४ वर्ष मात्र कैद ठेक्नु पर्दछ । निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ५(१) अनुसार भएको जरिवानामा कैद ठेक्दा कैद वर्ष १ भन्दा बढी कैद ठेक्नु हुँदैन । *(साइमन पिटर वटलर वि. त्रिभुवन विमानस्थल भन्सार कार्यालय, ने.का.प. २०४४, अंक १, नि.नं. २९८३ पेज, १२८)*
- एकै मितिमा एकभन्दा बढी मुद्दामा कैदको सजाय ठेक्नु पर्ने भयो भने सबै भन्दा ठूलो हदको कैदमा अरु कैदको सजाय गाभिन जाने र धेरै कलमको कैद बराबर हुन आएकोमा कुनै एक कलमको कैद गर्नु पर्दछ । *(दुखितलाल हाडी विरुद्ध झापा जि.अ., ने.का.प. २०४५, अंक ४ नि.नं. ३४१३, पृ. ३११)*

** दण्डसजायको ४१ (क) अनुसार फरार अभियुक्तको हकमा निजलाई लागेको दण्ड जरिवाना तिर्न वा कैदमा बस्न आफै उपस्थित भएमा २० प्रतिशत कैदमा छुट दिने व्यवस्था छ । तर सुरुमै प्रहरी कार्यालयमा अपराध कवोल गरी आत्मसमपर्ण गर्नेहरुको निम्ति सजायमा छुट गर्ने कानुनी व्यवस्थाको खाँचो छ ।*

*फैसला कार्यान्वयनको सम्बन्धमा विस्तृत जानकारीको लागि जि.अ.नियमावली २०५२ को नियम ८ (१) (ङ), ऐ. को ६८, ६८ (१), (३), (४), (५), (६), (७), ८६ र मु.ऐ. दण्ड सजायको ४१ (ख), २, ३, ४, ६, ७, १०, ४१, ४० (२), २३, २४, २५, २६, २७, ३०, ३१, ३२, ३३, ३४, ३७, ५०, ५३, ३८ (१), (२), (३), ४) तथा मु.ऐ. अ.वं. १७६ हेर्नुहोस् ।*

## वकिलको भूमिका

*फैसला कार्यान्वयनमा केही समस्याहरू देखिएका छन् । जस्तो कि फैसला भएको दिन राय कितावमा अभियुक्तले फैसला सुनिपाएको कागज गरेको मितिबाट पुनरावेदनको म्याद सुरु हुन्छ । तर समयमा फैसला तयार नभए म्यादभित्र पुनरावेदन गर्न गाह्रो हुन्छ । कैदीपुर्जीमा कैदमा परेको मिति, जम्मा कैदको अवधि र छुट्ने दिनको स्पष्ट उल्लेखन नभएमा तपाईंको पक्ष छुट्ने बेलामा अफठ्यारोमा पर्दछ । त्यस्तै गरी सरकारी वकिलले पुनरावेदन गरे नगरेको तथ्यको अभावले तपाइको पक्ष माफी मिनाहा मा सिफारिस हुनबाट वञ्चित हुन सक्ने छन् ।*

*सर्वस्वसहित जन्मकैदको सजाय जम्मा २० वर्ष हो । २० वर्ष + १८ महिना कैद गर्ने प्रचलनलाई हटाउन प्रयास गर्नुहोस् ।*

*फैसला कार्यान्वयनका कुनै पनि पक्षमा आफ्नो पक्षको हितप्रतिकूल कार्य भयो भने पक्षलाई कानुनी उपचारको बाटो देखाउने विशेष गरी :*

- *अभियोग लागेको दफाले हुनसक्ने अधिकतम सजायभन्दा बढी थुनामा राख्न मिल्दैन,*
- *धरौटी फिर्ता गर्ने सम्बन्धमा,*
- *कैदपुर्जीको स्पष्टता,*
- *तोकिएको कैदभन्दा बढी थुनाको स्थितिमा ।*

## १४.४. सजाय व्यवस्थापनका असल अभ्यास

### १४.४.१. खुल्ला कारागार

कसुरदारहरूलाई बन्द ठाउँमा राख्ने विश्वव्यापी प्रचलन रही आएको छ । तर सभ्यताको यसै श्रृङ्खलासँगै कैदीहरूलाई केही समय काममा लगाउने र तुलनात्मक रूपले खुल्ला वातावरणमा वस्न दिने प्रचलन पनि व्यवहारमा विकसित भएका छन् । खुल्ला कारागार भन्नाले निश्चित समय कैद जीवन वन्द कारागारमा विताइसकेका, आफ्नो आचरण सुधारेका कैदीहरूलाई बाँकी समय खुल्ला ठाउँमा वसी समाजमा पुनःस्थापित हुन मौका दिने सजायको स्वरूप हो । खुल्ला कारागार फर्म वा क्याम्प प्रकृतिका हुने गर्दछन् । खुल्ला कारागार फार्ममा निश्चित कम्पाउण्ड भित्र कैदीहरूलाई स्वतन्त्र ढङ्गले कार्य गर्न छुट दिइएको हुन्छ । फार्म भित्रका गतिविधिमा उनीहरू स्वतन्त्र हुन्छन् । खुल्ला कारागार क्याम्पमा वस्ने कैदीले तोकिएको समय (विहान-वेलुका) क्याम्पमा वस्नु पर्ने हुन्छ भने दिउँसोको समय उनीहरू आफ्नो पेसा-व्यवसाय गर्न स्वतन्त्र हुन्छन् । खुल्ला कारागार क्याम्पमा कैदीहरू आफ्नो परिवारसाथ वस्नु पर्दछ, जसले उनीहरूलाई समाजमा पुनःस्थापित हुन मद्दत पुऱ्याउँछ ।

**कानुनी व्यवस्था**

| | |
|---|---|
| खुल्ला कारागार भन्नाले कैदीले तोकिएको समयमा आफूलाई राखिएको ठाउँभन्दा बाहिर समेत गई कुनै काम गर्न पाउने गरी त्यस्तो कैदी राख्नका लागि श्री ५ को सरकारले तोकेको कुनै ठाउँ सम्झनु पर्दछ। | *कारागार ऐन, २०१९ को दफा २ (ञ)* |

| | |
|---|---|
| खुल्ला कारागारमा राख्न सक्ने :<br>(१) यस ऐन वा प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि ३ वर्ष भन्दा बढी कैद सजाय भई कम्तीमा एक तिहाई कैदको अवधि भुक्तान गरिसकेको कैदीलाई तोकिएको अधिकारीले खुल्ला कारागारमा बस्ने अनुमति दिन सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम खुल्ला कारागारमा बसेको अवधिलाई कैद भुक्तान गरे सरह मानिनेछ।<br>(३) उपदफा (१) बमोजिम खुल्ला कारागारमा बस्ने कैदीले यस ऐन बमोजिम पाउने सिधा, लुगा तथा औषधि उपचार खर्च पाउनेछैन।<br>(४) खुल्ला कारागार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | *कारागार ऐन, २०१९ को दफा १० (ख)* |

खुल्ला कारागारमा बस्ने कैदीले सिधा, लुगा तथा औषधी खर्च पाउँदैनन्। खुल्ला कारागार सेवाले वन्द जेलमा कैदीहरूको भिडभाडलाई घटाई सरकारको खर्च घटाउन मद्दत पुऱ्याउँदछ। त्यस्तै गरी वन्दीहरूलाई बाँकी जीवन आफ्नो परिवार तथा व्यवसाय साथ विताएर सुध्रने र पुनःस्थापित हुने अवसर प्रदान गर्दछ। सजायको बहुसंख्यक हिस्सा वन्द कारागारमा बिताई आफ्नो आचरण सुध्रिएका व्यक्तिहरू मात्रले खुल्ला कारागारमा वस्न पाउने भएकोले यो समाजको लागि डरको विषय पनि वन्दैन।

## १४.४.२. सामुदायिक सेवा

सामुदायिक सेवा स-साना अपराधीहरूलाई कारागार नै नपठाइ सजायको रूपमा समाजमा काममा लगाउने गरी गरिने अदालतको आदेश हो। कसुरदारले समाजमा पुऱ्याएको क्षतिको पुर्ति गर्ने हिसावले तोकिएको समय निजले समाजको लागि काम गर्नु पर्दछ। यस्तो कार्य गरे वापत सामुदायिक सेवामा रहेको कसुरदारले पारिश्रमिक पाउँदैन। स-साना अपराध गर्ने, कम उमेरका, पहिलो चोटी कसुर गर्ने व्यक्तिहरू समाजका लागि उति खतरनाक हुँदैनन्। उनीहरू पेसेवर अपराधी होइनन् र पटक-पटक अपराध गर्न चाहँदैनन्। उनीहरू अन्जानवस, लापरवाहीले र परिवन्दसाथ कानुनको फन्दामा परेका हुन्छन्। उनीहरूलाई कठोर र पेसेवर अपराधीसाथ जेलमा पठाउँदा भन्दा सामुदायिक कार्यमा लगाएर सुधार्दा न्यायको उद्देश्य पुरा हुन्छ। सामुदायिक सेवा पठाइएका कसुरदारहरू आफ्नो घरमा, आफ्नो पेसा व्यवसाय गरी अन्य मानिसहरू सरह वस्न सक्दछन्। तर उनीहरूलाई अदालतले तोकिदिएको निश्चित समय समुदायको कामको लागि खर्च गर्नु पर्दछ।

### कानुनी व्यवस्था

| | |
|---|---|
| सामुदायिक सेवा भन्नाले विद्यालय, अस्पताल, स्थानीय निकाय, देवालय, बृद्धाश्रम लगायत यस्तै प्रकृतिका अन्य निकाय तथा सामाजिक संघ संस्थामा गरिने सेवा सम्झनु पर्दछ । | *कारागार ऐन, २०१९ को दफा २ (झ)* |

| | |
|---|---|
| सामुदायिक सेवामा पठाउन सक्ने :<br>(१) यस ऐन वा प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दामा ३ वर्ष सम्म कैद सजाय हुने ठहरिएका कसूरदारलाई मुद्दा हेर्ने अधिकारीले सामुदायिक सेवामा पठाउन सक्नेछ ।<br>तर प्रचलित नेपाल कानुन बमोजिम स्थापना वा गठन भएको अदालत बाहेक मुद्दा हेर्ने अन्य अधिकारीले उपदफा (१) बमोजिम कसूरदारलाई सामुदायिक सेवा पठाउँदा सम्बन्धित जिल्ला अदालतको अनुमति लिनु पर्नेछ ।<br>(२) सामुदायिक सेवामा पठाइएको कसूरदारको त्यस्तो सेवा गरे वापत कुनै पारिश्रमिक तथा सुविधा पाउने छैन ।<br>(३) सामुदायिक सेवामा रहेको कुनै कसूरदारले आफूलाई ठेकिएको काम नगरेमा त्यस्तो कसुरदारलाई सम्बन्धित जिल्ला अदालतको अनुमति लिई बाँकी कैद भुक्तान गर्न कारागार मै पठाउन सकिनेछ ।<br>(४) सामुदायिक सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | *कारागार ऐन, २०१९ को दफा १० (क)* |

सामुदायिक सेवामा पठाइएको व्यक्ति भागेमा वा तोकिएको काम नगरेमा निजले बाँकी ठेकिएको कैद कारागारमा बिताउनुपर्दछ । स-साना कसुरका सुधन चाहने, प्रथम पटके कसुरदारका लागि यो जिन्दगी सुधार्ने अवसर हो । सामुदायिक काममा लगाउँदा निजको पूर्वकार्य अनुभवको आधारमा कामको निर्क्यौल गरिन्छ । कसलाई सामुदायिक सेवामा पठाउने भन्ने मूल्याङ्कन र सामुदायिक सेवामा पठाएको व्यक्तिको बारेमा अनुगमन गर्ने व्यवस्था पनि गरिन्छ । कठोर खालका अपराधमा सजाय पाएका व्यक्तिहरूले सामुदायिक सेवाको अवसर पाउँदैनन् । सामुदायिक सेवाको अवसर पाउन मुद्दा अन्तिम भएको हुनुपर्दछ ।

प्रस्तावित फौजदारी कार्यविधि संहिता, २०५९ को दफा १४५ मा एक वर्ष वा सो भन्दा कम कैदको सजाय पाएको व्यक्तिले कारागारमा नबसी श्री ५ को सरकारबाट सञ्चालन भएको सुधार गृह वा त्यस्तै प्रकृतिको कुनै सरकारी वा गैर सरकारी स्तरमा सञ्चालन भएको सामुदायिक सुधार केन्द्रमा बस्न पाउँ भनी मुद्दा फैसला भएपछि निवेदन दिएमा त्यस्तो सुधार गृह वा सामुदायिक केन्द्रको परामर्श लिई अदालतले कसुरदारलाई कारागारमा नराखी त्यस्तो गृह वा केन्द्रमा पठाउन आदेश दिनसक्ने व्यवस्था छ ।

### १४.४.३. सजाय वापत जरिवाना

कैद दण्डको विकल्पमा जरिवाना तिर्न पाउने व्यवस्था मुलुकी ऐनले गरेको छ। मुलुकी ऐन २०२० को दण्ड सजायको ११ क (२) नं. अनुसार तीन वर्ष भन्दा कम कैदको सजाय हुने कसुर गर्ने व्यक्तिलाई कैदको सजाय गरी पहिलो पटक कसुरदार ठहरी अड्डाले कैदमा राख्न मनासिव नठहऱ्याएमा दिनको पच्चिस रूपैयाँको दरले हुन आउने रकम तोकी सो तोकिएको रकम बुझाएमा कसुरदारलाई कैदमा नराख्ने गरी अड्डाले फैसला गर्न सक्नेछ। त्यस्तो कसुरदारले ३ वर्ष भित्र कैदको सजाय हुने अपराध गरेमा पहिलेको कैद समेत थप गरी सजाय गरिनेछ भन्ने व्यवस्था रहेको पाइन्छ। ऐ. को ११ क (४) अनुसार मु.ऐ. विहावारीको महलको १० नं. बमोजिम सजाय हुनेमा माथि २ दफा बमोजिमको व्यवस्था लागू हुने छैन।

प्रस्तावित फौजदारी कार्यविधि संहिता, २०५९ दफा १४६ ले भने १ वर्ष वा सो भन्दा कम कैदको सजाय हुने कसुरमा पहिलो पटक कसुरदार ठहऱ्याएको व्यक्तिले प्रति दिन रु १००/- का दरले कैदको सट्टा जरिवाना बुझाएमा अदालतले कैदमा बस्नु नपर्ने गरी आादेश दिन सक्ने व्यवस्था प्रस्ताव गरेको छ।

**कैद जरिवाना मिनाहा**

मुलुकी ऐन दण्ड सजायको ४१ (क) अनुसार जरिवाना वा कैदको सजाय तोकिएको व्यक्तिले अन्तिम फैसला भएको मितिले ६० दिनभित्र त्यस्तो कैद वा जरिवाना भुक्तान गर्न आफै अदालतमा उपस्थित भएमा, २० प्रतिशतसम्म कैद वा जरिवाना मिनाहा पाउँछ।

**विदेशी अभ्यासहरू**

भारतमा राजस्थान र आन्ध्र प्रदेशमा खुल्ला कारागार सफलतापूर्वक सञ्चालन भएका छन्। भारतको राजस्थान राज्यमा ५ वर्षभन्दा बढी कैदको सजाय भएको व्यक्ति खुल्ला कारागारमा बस्न योग्य मानिन्छ।

जिम्बाबेमा सामुदायिक सेवा सफलतापूर्वक सञ्चालन भएको छ। जिम्बाबेको फौजदारी कार्यविधि ऐनमा भएको सन् १९९७ को संशोधन अनुसार सामुदायिक सेवा भन्नाले त्यस्तो सेवालाई जनाउँछ, जसले समुदायलाई फाइदा गर्दछ र अदालतले दिएको त्यस्तो आदेशलाई कसुरदारले पालना गर्दछ। *(जिम्बाबेको फौजदारी कार्यविधि ऐनको दफा ३३५ ए)*

### १४.४.४. अन्तर्राष्ट्रिय मापदण्ड

- *गैर कैदका उपाय सम्बन्धी संयुक्त राष्ट्रसंघिय न्यूनतम मापदण्डका नियमहरू, १९९० (टोकियो नियमहरू) नियम २(१)*

  यस नियमका सान्दर्भिक व्यवस्थाहरू अभियोग लागेका, पुर्पक्षमा रहेका वा सजाय भोगिरहेका सबै व्यक्तिहरूलाई फौजदारी न्याय प्रशासनको हरेक चरणमा लागू हुनेछन्। *(ऐ., नियम ३)*

  अपराधको प्रकृति र गम्भीरता अपराधीको पृष्ठभूमि र व्यक्तिगत तथा समाजक संरक्षण अनुरूप बढी मात्रामा लचकता प्रदान गर्न फौजदारी न्याय प्रणालीले पुर्पक्ष पूर्वदेखि सजाय पश्चात्का अवस्थाहरूको लागि अनेकौं गैर कैदका उपायहरू दिन सक्नेछन्। गैर कैद सम्बन्धी उपायहरूको संख्या र प्रकार यस्तो किसिमले तय गर्नु पर्छ जसले गर्दा सजाय तोक्ने काममा एकरूपता रहोस्।

- *गैर कैदका उपाय सम्बन्धी राष्ट्रसंघीय न्यूनतम मापदण्डका नियमहरू (टोकियो नियम), १९९० को नियम ९*

  (१) सक्षम पदाधिकारीसँग सजाय तोकिए पश्चात्का थुप्रै विकल्प रहनेछन् जसको प्रयोग संस्था (कारागार) मा पठाउनुपर्ने बाध्यता हटाउन र अपराधीलाई समाजमा पुन : एकीकृत हुनु सहयोग पुर्‍याउनुको लागि गरिनेछ ।

  (२) सजाय तोकिसकेपछिका प्रबन्धहरू अन्तर्गत देहायका उपायहरू पर्न सक्छन्:

  (क) विदा र फिर्तीवास (ख) काम अथवा शैक्षिक रिहाई

  (ग) भिन्न-भिन्न किसिमले (घ) केही कैद माफ

  (ङ) माफी ।

  (३) माफीको सन्दर्भमा बाहेक सजाय तोकीसके पछिका व्यवस्थाहरूबारे कसूरदारले निवेदन दिन्छ भने त्यसमाथि न्यायिक वा अन्य सक्षम स्वतन्त्र पदाधिकारीले पुनरावलोकन गर्नेछ ।

  (४) गैर कैद सम्बन्धी कुनै पनि कार्यक्रमहरूमा कैदीको रिहाईको लागि सम्भव भएसम्म कैदको शुरु अवस्थामा विचार गरिनुपर्ने छ ।

  - स्वतन्त्रताबाट बञ्चित गर्नुलाई अन्तिम अवस्थाको सजाय अथवा कदम ठान्नु पर्दछ र यसलाई त्यस्तो सन्दर्भमा मात्र प्रयोगमा ल्याउनु पर्दछ जहाँकी अन्य कुनै सजाय वा कदम स्पष्टत: अपर्याप्त देखिन्छ ।
  - कारागार क्षेत्रलाई विस्तार गर्ने कार्य अपवादको कदम मान्नु पर्दछ किनकी यसले कारागार भित्र भिडभाडको स्थिति विरुद्ध दिगो निदान दिने सम्भावना कम नै रहन्छ । त्यस्ता देशहरूले जहाँ कारागारहरूको क्षमता समष्टिगत रूपमा पर्याप्त हुन सक्छ तर स्थानीय आवश्यकता अनुसार ढालिएको हुँदैन । कारागार क्षमताको उचित रूपमा वितरण गर्नुपर्छ ।

## १४.५. वकिलको भूमिका

- *तपाइको पक्षले सामुदायिक सेवा, खुल्ला कारागार वा कैदको सट्टामा जरिवानाको सुविधा वा कैद /जरिवाना मिनाहाको सुविधा पाउने स्थिति छ छैन ध्यान दिनुहोस् ।*
- *तपाइको पक्षले सामुदायिक सेवाको अवसर पाउने स्थिति छ र उनी त्यसका लागि इच्छुक छन् भने र यो विकल्प नै प्रभावकारी देखिन्छ भने तपाइको पक्षलाई सामुदायिक सेवाका लागि आवेदन दिन सल्लाह दिनुहोस् ।*
- *तपाइले पूर्व तयारी गर्नु पर्दछ जस्तो कि तपाइले प्रमाणित गर्नु पर्ने हुन सक्दछ कि:*
  - *कसुरदार पहिलो पटक कसुर गर्दैछ, पेसेवार होइन ।*
  - *कसुरदारको उमेर कलिलो छ ।*
  - *कसुरदारको आचरण सुध्रिएको छ ।*
  - *कसुर परिबन्दमा /परिस्थितिवस गरेको हो ।*
  - *उसको आर्थिक /पारिवारिक /सामाजिक अवस्था इत्यादि ।*

खण्ड ग

# कानुनी सहायताका लागि आवश्यक सीप


१. **वकालत सम्बन्धी व्यावसायिक सीप** .......... १३१

१.१. कानुनी अनुसन्धान .......... १३१

१.२. पक्षसँगको अन्तरवार्ता .......... १३२

१.३. मस्यौदा कला .......... १३३

१.४. बहस कला .......... १३४

१.५. साक्षीप्रमाणको विन्यास परीक्षण .......... १३९

१.६. व्यवस्थापन .......... १४०

२ **कानुनी सहायताकर्मी वकिलका लागि आवश्यक सीप र क्षमता** .......... १४२

२.१. विषयगत विषेश ज्ञाता .......... १४२

२.२. अधिकारवादी दृष्टिकोण .......... १४३

२.३. अन्तर्राष्ट्रिय मापदण्डको ज्ञान .......... १४३

२.४. कानुनी सहायताको विधिशास्त्रबारे स्पष्टता .......... १४३

२.५. समन्वयको क्षमता .......... १४३

२.६. पीडितप्रतिको दृष्टिकोणमा स्पष्टता .......... १४४

२.७. आधुनिक प्रविधि र सीपहरू .......... १४४

३. **कानुनव्यवसायीको आचारसंहिता** .......... १४४

४. **असल अभ्यासहरू** .......... १४८

खण्ड 'ग' वकालत सम्बन्धी सीपका विषयमा केन्द्रित हुनेछ । जस अन्तर्गत खण्ड '१' मा कानुन व्यवसायसम्बन्धी सीपहरू बारेमा हुनेछ भने खण्ड '२' मा कानुनी सहायताकर्मी वकिलका लागि चाहिने सीप र क्षमताबारे हुनेछ । यसै खण्डले कानुनव्यवसायीको आचार संहिता र कानुनी सहायताका असल अभ्यासहरूको चर्चा गर्नेछ ।

# १. वकालत सम्बन्धी व्यावसायिक सीप

कानुनी सहायताकर्मी कानुनव्यवसायी व्यावसायिक सीपहरूको ज्ञाता हुन्छन् भन्ने सामान्य अनुमान रहेको छ। यसर्थ सहायताकर्मी कानुनव्यावसायीका लागि आवश्यक व्यावसायिक सीपहरूबारे यहाँ छोटोमा मात्र चर्चा गरिएको छ। वकालतमा स्थापित भै सकेका व्यक्तिहरूका लागि यो खण्ड केवल सन्दर्भ सामग्री मात्र हुन सक्नेछ। वकालतको शुरुवात नै कानुनी सहायता मार्फत गर्न चाहने वा भर्खर पेसामा लाग्दै गरेका कानुनव्यवसायीहरूका लागि यो खण्ड मार्गदर्शन पनि बन्न सक्दछ। कानुनी साहित्यमा वकालत सम्बन्धी सीपहरूबारे कम सामग्री रहेको समेत परिप्रेक्ष्यमा यहाँ सान्दर्भिक सीपहरूलाई संक्षेपमा उल्लेख गरिएको छ।

क) कानुनी अनुसन्धान

ख) पक्षसँग अन्तरवार्ता

ग) मस्यौदाकला

घ) बहसकला

ङ) साक्षीप्रमाणको परीक्षण

च) केही मुद्दाहरूको चिनारी

छ) व्यवस्थापन

## १.१. कानुनी अनुसन्धान

कुनै पनि ऐन कानुनलाई प्रयोग गर्दा तथा व्यवहारमा उतार्दा होस्, त्यसको सही अर्थ लगाई प्रयोग गर्नको लागि अध्ययन तथा अनुसन्धानको अवश्यकता पर्दछ। नियमित रूपमा अध्ययन, अनुसन्धान, छलफल इत्यादि नगरी कानुनको बारेमा अध्यावधिक ज्ञान लिन सकिदैन। त्यसकारण कानुनी सहायताको क्षेत्रमा कार्यरत वकिलले पनि अनुसन्धानमा दक्षता बृद्धि गर्नुपर्ने हुन्छ। कानुनव्यवसायीले नियमित रूपमा अनुसन्धान गरेको खण्डमा मात्र कानुनको प्रयोग सही र ठीक ढंगले गर्न सक्दछ। कानुन आफैमा जटिल विषय भएकोले पनि वकिलले अनुसन्धान क्षमता बृद्धि गर्नु जरुरी छ।

संविधान, ऐन, कानुन, नियम, आदेश, घोषणा, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, नजिर, विद्वानका लेख इत्यादिको नियमित रूपमा तुलनात्मक अध्ययन गर्ने तथा त्यसरी अध्ययन गर्दा अनुसन्धान पद्धतिको प्रयोग गरी आफ्नो समेत नयाँ विचार उत्पन्न गर्ने वानी बसालेमा कानुनव्यवसायीले मुद्दाका पक्षलाई सजिलै न्याय दिलाउन मद्धत गर्दछ। यसर्थ कुनै पनि कानुनव्यवसायीमा अनुसन्धानको दक्षता हुनु पर्दछ। यस सन्दर्भमा कानुनको विश्लेष्ण गर्ने सीप, पुस्तकालय र स्रोत पुस्तक उपयोग गर्ने सीप, परिणामको प्रयोग गर्ने सीप, विद्युतिय पुस्तकालय तथा सामग्री प्रयोगको सीप, मुद्दाको फाइल अध्ययन गर्ने सीप आदि महत्वपूर्ण छन्।

कानुनी अनुसन्धानबाट कानुनव्यवसायीले निम्न लाभ प्राप्त गर्न सक्नेछन् :

- संविधान र कानुनको आधारभूत ज्ञान।
- मुद्दाको तथ्यहरूको संकलन र सान्दर्भिक तथ्य छनौटको ज्ञान।

- विवादित तथ्यमा कुन कानुनको कुन दफा, कसरी प्रयोग गर्ने भन्ने ज्ञान ।
- कानुनको उदार व्याख्या कसरी गर्ने वा गराउने भन्ने ज्ञान ।
- कानुनका कमजोर पक्षहरू र सुधारका क्षेत्रहरूबारे ज्ञान ।
- अन्तर्राष्ट्रिय मापदण्डहरूलाई नेपाली परिप्रेक्ष्यमा कसरी प्रयोग गर्ने ।
- नजिरको ज्ञान र प्रयोग गर्ने तरिका ।



## १.२. पक्षसँगको अन्तरवार्ता

वकिलले पक्षलाई कानुनी सेवा उपलब्ध गराउने भएकोले पक्षसँगको व्यवहार महत्वपूर्ण पक्ष हो । यस अन्तरगत पक्षले फर्ममा प्रवेश गरेको अवस्थादेखिका शिष्टाचार, अनुशासन, सम्मान, ढाढस, गोपनियता जस्ता कुरालाई ख्याल राख्न आवश्यक छ । यस मध्य प्रमुख पक्षसँग भएका सूचनाहरू लिने कार्य, जसलाई सामान्यतया कुराकानीबाट लिन सकिन्छ । बन्दी पक्षको हकमा निजको आत्मसम्मान र गोपनियताका पक्षहरूलाई ध्यान दिन आवश्यक छ ।

यस चरणमा तपाईंले आफ्नो पक्षलाई परामर्श दिनुपर्ने, कानुनी र व्यवहारिक विषयमा सुझावहरू दिनुपर्ने हुन्छ ।

- ***पक्षसंग भएका सबै जानकारी लिने (तथ्य) :*** यस अन्तरगत पक्षलाई अन्याय परेका, चित्त नबुझेका, उपचार खोजेका कुराहरू के-के हुन् बताउन लगाउने । कसले कुन मितिमा, के कति, कसरी क्षति पुर्‍यायो ? सो अन्यायको विषयमा यस अघि उजुरी गरिएको छ/छैन ? आदि कुरा समग्रमा टिप्ने । बन्दी पक्षको हकमा निज कहिलेबाट, कुन अभियोगमा पक्राउ परेको हो । निजको म्याद थप, बयान, अनुसन्धान, पुर्पक्ष र मुद्दाको अवस्था के कस्तो छ भन्ने विषयमा सोध्ने ।

- ***तथ्यहरू मध्ये आवश्यक सूचना छुट्याउने :*** मुद्दा र कानुनको बारेमा जानकारी नराख्ने पक्षहरूले भनेका धेरै कुराबाट मुद्दाका लागि आवश्यक तथ्यहरू छुट्याउने ।

- ***तत् विषयमा यस अघि उजुरी गरेको छ वा छैन ?*** सो विवादसँग सम्बन्धित कुनै साक्षी प्रमाण र लिखतहरू छन्/छैनन् पक्षसँग सोधी सोही अनुरूप लिखतहरूको अध्ययन गरेर मात्र कानुनव्यवसायी निश्कर्षमा पुग्नु पर्दछ । साथै यस विषयमा यस भन्दा पहिले अदालत वा अन्य निकायहरूमा उजुरी गरे नगरेको बुझ्ने ।

- ***कानुनी उपचार बारे जानकारी :*** पक्षबाट समग्र तथ्यहरू प्राप्त गरिसके पछि सो तथ्यमा कानुनले के कस्ता उपचार प्रदान गरेको छ र एक भन्दा बढी कानुनी उपचार भएमा कुन विकल्प प्रभावकारी रहन सक्दछ, सो बारे पक्षलाई जानकारी गराउनु पर्दछ । त्यस्तै गरी मुद्दामा लाग्न सक्ने समयावधि, खर्च, वारेस जस्ता कुरा पनि पक्षलाई जानकारी गराउनु पर्दछ । *(पक्षसँगको अन्तरवार्ताको नमूनाहरू अनुसूचि पाँचमा हेर्नुहोस् ।)*

## १.३. मस्यौदा कला

मस्यौदा प्रविधिगत विषय हो । कानुनी मस्यौदा त झन जटील विषय हो । यस कारण पनि भनिन्छ कि यसलाई सर्व स्वीकृत ढाँचामा प्रस्तुत गर्न सकिदैन । मुद्दाको स्वरूपले मस्यौदा विधि निर्क्योल हुन्छ । तापनि यसलाई सामान्यतया निम्न नमुनामा अभिव्यक्त गर्न सकिन्छ ।

२.१. तथ्यगत खण्ड
२.२. कानुनी खण्ड
२.३. प्रमाण खण्ड
२.४. ढाँचा
२.५. कानुनी मस्यौदासँग सम्बन्धित अन्य पक्षहरू

- ***तथ्यगत खण्ड:*** मुद्दाको अवस्था अनुसार तथ्य छोटो लामो हुन सक्दछ । त्यही अनुसार पक्षलाई मर्का परेको व्यहोरा विभिन्न प्रकरणहरूमा छुट्याएर लेख्नु पर्दछ । यस खण्डमा विषय वस्तुको परिचय, चारकिल्ला, ठेगाना, पक्षलाई को कसले कसरी अन्याय गरेको हो सबै विवेचना गर्नु पर्दछ । सरकारवादी फौजदारी मुद्दामा अनुसन्धानबाट प्राप्त प्रमाण, बयान तथा अदालतबाट संकलित प्रमाण आदिको विवेचना गर्नु पर्दछ ।

- ***कानुनी खण्ड :*** पक्षलाई कुन कानुनले प्रदान गरेको हकमा आघात पुर्‍याएको हो ? सो सम्बन्धमा के कस्ता कानुनी उपचार रहेका छन् ? हदम्याद, अधिकारक्षेत्र, हकदैयाजस्ता कानुनी व्यवस्थाको चर्चा वा खण्डन गर्नुपर्ने छ वा छैन ? ऐनको कुन दफाले पक्षलाई उपचार दिलाउँछ सो उल्लेख गर्नुपर्दछ । यही खण्डको अन्त्यमा कानुनका दफा समेत कोड गरेर स्पष्ट माग दावी वा खण्डन जिकिर प्रस्तुत गर्नुपर्दछ ।

- ***प्रमाण खण्ड:*** सामान्यतया विषय वस्तुको परिचय, मुद्दा गर्नुपर्ने कारण, कानुनी उपचार, मागदावी जस्ता कुराहरू माथिल्ला प्रकरणहरूमा चर्चा भइसकेको छन् । यस खण्डमा माग दावीलाई पुष्टी गर्ने

साक्षी तथा प्रमाणहरू, लिखतहरू यस पछिको खण्डमा उल्लेख गर्नु पर्दछ ।

- ***ढाँचा :*** कतिपय लिखतको ढाँचा कानुनले नै तोकेको छ । कतिपय ढाँचा अदालती व्यावहारबाट विकसित भइआएका छन् । जस्तै जि.अ. नियमावली, २०५२ ले फिरादको ढाँचा तोकेकाले सोही ढाँचामा फिराद तयार गर्नु पर्दछ । ढाँचा नतोकिएका विषयमा पनि तत् सम्बन्धी कानुनको अधीनमा रही सबै व्यहोरा खोलेर मस्यौदा तयार गर्नु पर्दछ ।
- ***कानुनी मस्यौदासंग सम्बन्धित अन्य पक्षहरू :*** कानुनी मस्यौदाको भाषा सरल र स्पष्ट हुनुपर्दछ ।
  - सरल वाक्यको प्रयोग गर्नु पर्दछ ।
  - साहित्यमा झै लाक्षणिक अर्थ लाग्ने, द्वैद्ध अर्थ लाग्ने, प्रतिक, उपमाहरूलाई कानुनी मस्यौदामा प्रयोग गर्नु हुँदैन ।
  - कानुनी भाषा, कानुनी शब्दको प्रयोग यथासम्भव गर्नुपर्दछ ।
  - अदालत, कानुनव्यवसायी तथा विपक्ष प्रति शिष्ट र सम्मानजनक भाषा प्रयोग गर्नु पर्दछ ।
  - वाक्यको शुरुवात कर्ता बाट गर्नु राम्रो हुन्छ ।
  - कुनै भनाइको उद्धरण गर्दा संक्षेपमा गर्नु पर्दछ ।
  - विषय वस्तुलाई संक्षेपमा प्रभावकारी रूपमा प्रस्तुत गर्नुपर्दछ ।
  - विषयवस्तु अनुसार विभिन्न शीर्षक, उपशीर्षक, अनुच्छेद र नम्बर छुट्याएर विषयलाई क्रमबद्ध रूपमा प्रस्तुत गर्नुपर्दछ ।
  - कानुनी मस्यौदाले तथ्य र कानुनको संयोजन, तर्क र वास्तविकताको संयोजन, हक र उपचारको संयोजन स्थापित गर्न सक्नु पर्दछ ।
  - नजिर र कानुनको प्रयोग गर्दा ऐन, दफा, पुस्तक, नि.न., वर्ष, अंक, पृष्ठ जस्ता सजिलै पहिचान हुने ढंगले गर्नुपर्दछ ।
  - कानुनी मस्यौदा जहिले पनि अरुको लागि गरिन्छ भन्ने कुरा मस्यौदाकारले विर्सन हुदैन ।

## १.४. बहस कला

अदालतमा वकिलको प्रभावकारीता जाँच हुने कसी नै वहस हो । हुन त मुद्दामा मुद्दाको डिजाइन, मस्यौदा र तयारी नै प्रमुख पक्षहरू हुन । तर वहस सार्वजनिक अभिव्यक्तिको माध्यम भएको र त्यसपछि न्यायाधीशले निर्णय दिने भएकाले यो बढी महत्वपूर्ण ठानिन्छ । बहस गर्दा कानुनव्यवसायीले एउटा निश्चित क्रमबद्धतामा मुद्दाको तथ्य र त्यस सँग सम्बन्धित कानुन र तर्कहरूबाट आफ्नो पक्षलाई न्याय दिलाउने प्रयास गर्दछन् । वहसको बारेमा चर्चा गर्नु अघि सामान्यतया यहाँ अदालती कार्यविधिको चर्चा गरिन्छ ।

***फिराद वा अभियोगपत्र दर्ता :*** अभियोग पत्र दर्ता हुन अघि जाहेरी दरखास्त दर्ता भै आवश्यक अनुसन्धान अभियुक्तको बयान, घटनाका मुचुल्का, साक्षी सरजमिनको बयान, चीज वस्तु जचाउँने जस्ता अनुसन्धानका कार्यविधि पुरा भएका हुन्छन् । फिराद सोझै अदालतमा दर्ता गरिन्छ ।

***प्रतिउत्तर वा बयान :*** बयान अभियोगको विषयमा प्रतिवाद गर्ने मौका हो। अभियुक्तले आरोपित कसुरको विषयमा हो वा होइन भन्ने वा चुप लाग्न सक्दछ। प्रतिउत्तर प्रस्तुत गर्नका लागि दिइएको म्यादभित्र पेस गर्नु पर्दछ।

***प्रमाणमुकरर पेसी :*** यस पेसीमा मुद्दाका लागि कुन कुन प्रमाण बुझ्न आवश्यक छ छलफल हुन्छ। सरकारवादी फौजदारी मुद्दामा बयान भए पछि थुनछेकको आदेश हुन्छ। पहिलो पेसी (प्रमाण मुकरर पेसी) मा सामान्यतया वादी प्रतिवादीका साक्षी झिकाउने, मिसिल झिकाउने, विशेषज्ञ झिकाउने, लेखा, रेखा तथा चिजवस्तु जाँच्न पठाउने, नक्सा गर्ने, अ.वं. ७८ नं. को बयान गर्ने जस्ता आदेशहरू हुन्छन्। उक्त पेसीमा कानुनव्यवसायीको उपस्थिति आवश्यक हुन्छ।

प्रमाण मुकरर पेसी मुद्दामा एक भन्दा बढी समय पनि यस कारण हुन सक्दछ कि पहिलो प्रमाण पेसीमा बुझ्नुपर्ने सबै कुराको आदेश नभएको होस् वा मुद्दा अघि बढ्दै जाँदा केही नयाँ कुरा बुझ्न परोस्। जस्तैः अ.वं. ११५ नं. का मान्छेहरू बुझ्ने, पेटवोलीका मान्छिहरू बुझ्ने आदि अवस्था पनि आउँछन्।

***साक्षीप्रमाणको परीक्षण :*** अदालतबाट प्रमाण पेसीमा आदेश भएपछि साक्षीको बकपत्र, अ.वं. ७८ को बयान, विशेषज्ञको वकपत्र, लिखतहरू झिकाउने, नक्सा गर्ने, परीक्षण प्रतिवेदन प्राप्त गर्ने कार्यहरू सम्पन्न हुन्छन्।

***बहस :*** मुद्दामा बुझ्नु पर्ने सबै प्रमाणहरू बुझीसकेपछि निर्णयार्थ इजलासमा पेस हुन्छ। आ-आफ्नो पक्षका कानुन व्यवासायीले आफ्नो पक्षलाई जिताउन सोही बखत बहस गर्दछन्।

***फैसला :*** फैसलाबाट विवादित विषयमा निर्णय दिने कार्य हुन्छ।

***पुनरावेदन :*** फैसलामा चित्त नबुझ्ने पक्षले तोकिएको म्यादभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न पाउँदछ।

***पक्ष/विपक्ष झिकाउने पेसी वा कारण देखाउ (सो कज) को पेसी :*** रिट निवेदन दर्ता भए पछि पहिलो पटक पेसी हुन्छ जसमा सो मुद्दामा विपक्षीलाई झिकाउन (कारण देखाउन आदेश जारी गर्न) आवश्यक छ वा छैन छलफल हुन्छ। निवेदकको हकदैया भएको भए र निजको हकमा प्रतिकुल असर परेको देखिए कारण देखाउ आदेश जारी भई मुद्दा अगाडि बढ्दछ।

देवानी मुद्दा तथा फौजदारी मुद्दामा पुनरावेदन दर्ता भए पछि पक्ष/विपक्ष झिकाउने पेसीमा विशेष गरी शुरुको फैसला त्रुटिपूर्ण छ वा छैन भन्ने हेरिन्छ। यी दुवै खाले मुद्दाको पहिलो पेसीमा मुद्दाको प्रमुख बुँदालाई जोड दिएर छोटो तयारी गर्नु पर्दछ।

***मिसिल प्रमाण झिकाउने :*** रिटमा र पुनरावेदन तहमा सामान्यतया साक्षी प्रमाण बुझिदैन। यसमा सम्बन्धित मिसिल प्रमाण झिकाउने कार्य हुन्छ।

***बहस :*** बहसको यो चरण पनि सुरु तहमा गरेको बहस झै हुन्छ।

***फैसला :*** पुनरावेदन तहमा भएको फैसलाले शुरुको फैसला मिलेको छ वा छैन जाँच गर्दछ। फैसला नमिलेको भए उल्टी हुन्छ। मिलेको भए सदर हुन्छ।

## ■ बहस कसरी गर्ने

बहस गर्ने कला व्यक्ति अनुसार अलग हुन सक्दछ। यहाँ आधारभूत कलाबारे चर्चा गरिन्छ। सामान्यतया बहसलाई २ भागमा छुट्याएर हेर्न सकिन्छ।

### (क) प्रमाणपेसीको बहस

यो पेसीमा मुद्दाको मेरिट (विषय वस्तु) मा प्रवेश नगरी के प्रमाण बुझ्ने भन्ने विषयमा छलफल गरिन्छ। तापनि यो पेसीमा मुद्दाको मिसिल भने राम्ररी अध्ययन गर्न आवश्यक छ। तपाइले आफ्नो पक्षका के के प्रमाणहरूको मुद्दामा बुझिन आवश्यक छ भन्ने कुरा इजलासमा बताउनु पर्दछ।

### (ख) अन्तिम बहस

मुद्दामा आवश्यक सबै प्रमाणहरू बुझिसकिए पश्चात अर्थात मुद्दाको अङ्ग पुगे पछि अन्तिम बहस गर्नुपर्ने हुन्छ। यति बेलासम्ममा मुद्दामा लिखत मस्यौदा, साक्षी प्रमाणको परिक्षण र मुद्दाको मूल रणनीति निश्चित भै सकेको हुन्छ। बहसको शैली आ-आफ्नो हुन्छ तापनि यहाँ आधारभूत संरचना उल्लेख गरिएको छ।

**१. सम्बोधन:**

जस्तै: श्रीमान वादी ..........................प्रतिवादी ................भएको प्रस्तुत ................मुद्दामा वादी/प्रतिवादीका तर्फबाट म अधिवक्ता ..................बहस गर्न उपस्थित भएको छु।

**२. मुद्दाको जरिया (मुद्दा उठान कसरी भयो संक्षेपमा)**

जस्तै

ख लाई खुकुरीको चोट लागि निजको घटनास्थलमा नै मृत्यु भएको छ। ख लाई क ले खुकुरी प्रहार गरेको भनि अभियोग लगाइएको छ। (मुलकी ऐन, २०२०, ज्यान सम्बन्धीको १३(३)

**3. संक्षिप्त तथ्य:**

इजलास समक्ष मुद्दाको तथ्य संक्षेपमा राख्नुहोस्। तथ्यलाई बताउँदा आफ्नो फाइदा वा बेफाइदा नहेरी जे तथ्य छ त्यही स्पष्ट गरी राख्ने।

......भन्ने वादी (सरकारवादी भए जाहेरी, घटनास्थल, बरामदी रिपोर्ट, बयान आदि संक्षेपमा)

.......भन्ने प्रतिवादी (एक भन्दा बढीको व्यहोरा भए सो पनि)

....................भन्ने वादी/प्रतिवादीका साक्षी, मिसिल कागजात

जस्तै : क को खुकुरी प्रहारबाट ख को मृत्यु भएको भन्ने अभियोग पत्र

मैले ख लाई खुकुरी प्रहार गरी मारेको होइन। खुकुरी प्रहार गरी मारेको भनेको मितिमा

म डेनमार्कमा थिए भन्ने क को बयान

....................भन्ने साक्षी फलना ...............को वकपत्र

..................भन्ने विशेषज्ञको प्रतिवेदन ।

४. ***निर्णय गर्नुपर्ने प्रश्न :***

इजलासले सो मुद्दामा के विषयमा निर्णय दिनु परेको छ (ठहर गर्नु परेको छ) सो बताउने ।

जस्तैः श्रीमान प्रस्तुत मुद्दामा ख को मृत्यु खुकुरी प्रहारबाट भएको हो वा होइन ? प्रतिवादी क को खुकुरी प्रहारबाट ख को मृत्यु भएको हो वा होइन भनि आज यस इजलासबाट निरोपण गर्नु परेको छ ।

५. ***तर्कहरू :***

यस खण्डमा मुद्दामा आफ्नो पक्षलाई जिताउनका लागि क्रमश तर्कहरू राख्नु पर्दछ । एक वाक्यमा बृहत खालको तर्क शिर्षक राख्नुस् र त्यसलाई पुष्टि गर्न मिसिलका प्रमाणहरू विवेचना गर्नुहोस् फेरि अर्को ।

शीर्षक + तर्क + लिखत + कानुन + नजिर

जस्तै :

१. ख को मृत्यु भएको भन्ने कुरा निर्विवाद छ
   घटनास्थल र लासजाँच रिर्पोट
   पोष्टमार्टम रिर्पोट
   विशेषज्ञको वकपत्र

२. ख को मृत्यु क को खुकुरी प्रहारबाट भएको हो
   खुकुरी बरामद भएको वरामदी मुचुल्का
   चस्मदिद गवाह फलानाको वकपत्र
   प्रतिवादीको एलीवी प्रमाणीत नभएको
   नजिर

६ ***मागदावी***

वहसको अन्तिममा आफ्ना तर्कहरूको संक्षेपीकरण गरी माग दावी राख्नु पर्दछ ।

जस्तै श्रीमान् मिसिल संलग्न माथि विवेचना गरिएका प्रमाणहरूद्वारा ख को मृत्यु क को खुकुरी प्रहारबाट भएको देखिएकाले निजलाई मु.ऐ. ज्यान सम्बन्धि महलको १३ (३) बमोजिम सजाय गरिपाऊँ । *(यस सम्बन्धी विस्तृत विवरणका लागि अनुसूची ७ हेर्नुहोस् ।)*

## बहससँग सम्बन्धित केही कुराहरू

- बहस गर्दा आफ्नो पक्षको फाइदाका लागि तथ्य ढाट्नु हुँदैन ।
- बहस पूर्व मिसिलको पूर्ण अध्ययन गरी टिपोट गर्ने वानी गर्नु पर्दछ ।
- बहस गर्दा न्यायधीश, विपक्षी कानुनव्यवसायी र विपक्षप्रति सम्मानजनक भाषाको प्रयोग गर्नु पर्दछ ।
- बहस गर्दा खण्डनका लागि खण्डन, आरोप प्रत्यारोप भन्दा शिष्टता प्रदर्शन गरेर न्यायधीशको मन जित्नु पर्दछ ।
- एक भन्दा बढीले बहस गर्ने भए विषय (Issue) विभाजन गरेर गर्नु पर्दछ ।
- बहसका लागि अदालतमा मर्यादित वातावरण बनाउन प्रयत्न गर्नुपर्दछ ।
- बहस गर्नु पूर्व अन्य पक्षका वकिल/वरिष्ठसँग/सिनियरहरूसँग छलफल गर्दा राम्रो हुन्छ ।
- आफूले भनेका तर्कहरू दृढनिश्चय र आत्मविश्वासका साथ भन्नु पर्दछ ।
- बहस गर्नु पूर्व कोठामा एक्लै, ऐना समक्ष, क्यासेट प्लेयर भरेर, साथीहरू समक्ष २-४ पटक तयारी गर्नु पर्दछ ।
- बहसका लागि कला र आत्म विश्वास दुवैको राम्रो विकास हुनु पर्दछ ।

## बहसको तयारी

१. राम्रो व्यक्तित्व झल्कने पोशाक लगाउनु होस् ।

२. विपक्षी प्रति अति मित्रवत् व्यवहार नदेखाउनुहोस् ।

३. न्यायाधीशलाई आदरपूर्वक श्रीमान भनी सम्बोधन गर्नुहोस् ।

४. विना प्रसङ्ग हास्ने, ठट्टा गर्ने नगर्नुहोस् ।

५. बहसमा सबैभन्दा बलियो तर्क वा प्रमाण सबैभन्दा अघि राख्नुहोस् ।

६. बहस गर्दा न्यायधीश वा विपक्षी वकिलसँग आँखा मिलाएर आत्मविश्वासका साथ शुरु गर्नुहोस् ।

७. बहसको वीचमा न्यायधीशले प्रश्न सोध्न सक्नेछन् । न्यायाधीशको प्रश्नमा उपयुक्त उत्तर दिएर मात्र बाँकी बहस थाल्नुहोस् ।

८. बहसमा समयको ख्याल गर्नुहोस् । तपाइले बहसमा उठाउन खोजेको केन्द्रिय विषयमा केन्द्रित हुनुहोस् ।

९ तथ्य नढाँट्नुहोस् । उपलब्ध तथ्यहरूबाट आफ्नो पक्षलाई कसरी मद्दत मुग्दछ त्यसमा जोड दिनुहोस् ।

१०. भनिसकेको कुरालाई वा न्यायधीश सन्तुष्ट भइसकेको विषय वा न्यायाधीशले कम महत्व दिएको विषय नदोहोऱ्याउनुहोस्।

११. भावुक नबन्नुहोस् । बहसमा तपाइको निजी भोगाईको वा तपाइको निजी विचारको व्याख्या नगर्नुहोस् ।

१२. बहसको वीचमा उखान, टुक्का, उदाहरणको प्रासंगिक प्रयोग गर्न सकिने छ ।

१३. आफूलाई हरदम नियन्त्रणमा राख्नुहोस् । विपक्षी वकिलको तर्क वा विपक्षको व्यावहारबाट

उत्तेजित नबन्नुहोस् ।

१४. आफ्नो तर्कहरू संक्षेपमा राख्नुहोस् ।

१५. तपाइको कमजोरी प्रति सजग हुनुहोस् ।

१६. अदालत समयमा पुग्नुहोस् । समयमा आफ्नो कुरा राख्नुहोस् ।

१७. विपक्षीका तर्कहरू ध्यानपूर्वक सुन्नुहोस् र नोट गर्नुहोस् ।

१८. विपक्षीका महत्वपूर्ण तर्कहरूको आफ्नो पालोमा खण्डन गर्नुहोस् ।


*(विस्तृत अध्ययनको लागि हेर्नुहोस् - दी गोल्डेन रुल्स् अफ एडभोकेसी, एण्ड इमनिस यूनिभर्सल ल पब्लीसिङ्ग कम्पनी प्रा.लि., तेस्रो भारतीय संस्करण, १९९९ ।)*

## १.५. साक्षीप्रमाणको विन्यास परीक्षण

वकिलको प्रभावकारीताको पहिचान साक्षी प्रमाणको परिक्षणबाट पनि हुन्छ । फौजदारी मुद्दामा साक्षी नै निर्णायक प्रमाण पनि बन्न सक्दछ । प्रमाण ऐनले नै साक्षी परीक्षण सम्बन्धी विभिन्न कानुनी व्यवस्था गरेको छ । जस अनुसार आफ्नो साक्षीलाई सोधपुछ र पुन सोधपुछ तथा विपक्षको साक्षीलाई जिरह गर्न सकिन्छ । जिरह नै साक्षी परिक्षणको केन्द्रिय भाग हो जहाँबाट झुटो साक्षीको वकपत्रलाई प्रमाणशुन्य अवस्थामा पुऱ्याउन सकिन्छ । सामान्यतया वादीको साक्षीको पहिले र प्रतिवादीको साक्षीको पछि वकपत्र हुन्छ । सरकार वादी फौजदारी मुद्दामा जाहेरवाला, प्रतिवेदक वा पीडित व्यक्तिको वकपत्र महत्वपूर्ण हुन्छ । साक्षी वकाउने, तारेख थामिदैन । जुन दिन तोकिएको हो सोही दिन बकाउनु पर्दछ ।

*जिरह गर्दा ख्याल पुऱ्याउनु पर्ने आधारभूत कुराहरु :*

- मिसिल र प्रमाण ऐनको राम्रो अध्ययन गर्नुहोस् ।
- विपक्षको दावी वा जिकिर तथा साक्षीको बकपत्र वीचमा अन्तरविरोध सृजना गर्ने प्रयास गर्नुहोस् ।
- साक्षीको भनाइ शंङ्का उठे, पक्ष वा घटनासँग अन्तर परे त्यसलाई त्यही छाडी अर्को विषयमा प्रवेश गर्नुहोस् ।
- समय, स्थान, मितिको बारेमा क्रमबद्ध प्रश्न होइन क्रम तोडेर प्रश्न सोध्नुहोस् ।
- मुद्दामा ठहर गर्नुपर्ने कुरालाई केन्द्र बनाएर प्रश्न सोध्नुहोस् ।
- सामान्यतया थाहा छैन, सुनेको थिए, कुनै आधार विना शङ्का लाग्छ भन्ने कुरालाई आधार बनाई साक्षीलाई बढी प्रश्न नसोध्नुहोस् ।
- विपक्षबाट तपाईको प्रश्नमा आपत्ति हुन सक्छ भन्ने कुरा ख्याल राख्नुहोस् ।
- विशेषज्ञको वकपत्रमा, त्यो विषयमा राम्रो ज्ञान छैन भने व्याख्यात्मक उत्तर आउने प्रश्न सोध्नुहोस् ।
- असम्बद्ध प्रश्न सोधेर साक्षीलाई झन्झटमा पार्ने नगर्नुहोस् ।
- मिसिलको तथ्य, साक्षीको पूर्व भनाई, अर्को साक्षीको वकपत्रसँग साक्षीको भनाइको तादम्यता छ/छैन विचार पुऱ्याउनुहोस् ।
- जिरह गर्दा आफ्नो व्यक्तित्वलाई प्रभावकारी बनाउनुहोस् ता कि साक्षीलाई म यो वकिललाई ढाट्न सक्दिन भन्ने परोस ।



## १.६. व्यवस्थापन

फर्म वा वकिलको कार्यालय व्यवस्थापनको अवधारणा हाम्रो लागि नयाँ हो। फर्ममा मिसिल, कागजात, फाइल व्यवस्थित ढंगले राख्ने, आम्दानी खर्चको रेकर्ड राख्ने, कानुन पत्रिका, ऐन नियम, कानुनका पुस्तकहरू र राजपत्र जस्ता कुरा व्यवस्थित गर्ने कुरा जानकारी राख्न आवश्यक छ। यसका साथै फर्ममा साझेदार कनिष्ठ (जुनियर) कर्मचारी वीचमा विशेषज्ञता र कार्य अनुभवका आधारमा काम विभाजन गर्ने पक्ष महत्वपूर्ण हुन्छ। कानुनी सहायताकर्मी कानुनव्यवसायीले कानुनी सहायता क्लिनिक व्यवस्थापनको ज्ञान आवश्यक हुन्छ। निजलाई कार्यालय व्यवस्थापनको राम्रो जानकारी हुनु आवश्यक छ। क्लिनिक वा परियोजना सञ्चालनमा परियोजना प्रमुखको समन्वयकारी भूमिका हुनुपर्दछ। परियोजना अन्तरगत काम गर्ने कानुनव्यवसायीले आफ्नो भूमिका बारेमा स्पष्ट हदै परियोजना र पक्षप्रति बफादार रहेर काम गर्नु पर्दछ। जेलमा वा प्रहरी कार्यालयमा अस्थाई प्रकृतिका कानुनी सहायता शिविर कसरी सञ्चालन गर्ने भन्ने विषयमा कानुनी सहायताकर्मी कानुनव्यवसायीलाई जानकारी हुनु पर्दछ।

### (क) मिसिल अध्ययन

प्राय वकालतको प्रारम्भ नै मिसिल अध्ययनबाट हुन्छ भन्न सकिन्छ। मिसिल अध्ययन गर्दा समग्र

मिसिलका तथ्य र कानुन याद गर्नु भन्दा निम्न कुरालाई ध्यान पुऱ्याउनु पर्दछ ।

### १. *तथ्यको प्रस्तुति :*

मुद्दाको तथ्यलाई के कसरी प्रस्तुत गरिएको छ ? लिखतको बनौट र भाषा के कस्तो प्रयोग भएको छ ? मिसिलमा कस्ता कस्ता लिखत रहँदारहेछन् ? मुद्दाको प्रक्रिया के कसरी अगाडि बढेको छ ? आदि ।

### २ *कानुनको संयोजन :*

के कस्तो तथ्य भएको मुद्दामा कुन कानुनको कुन दफालाई कोड गरिएको छ ? तथ्य र कानुन विचमा कसरी तादत्म्यता प्रदान गरिएको छ ? कानुनका वैकल्पिक उपचार मध्य कुन उपचारलाई रोजिएको छ र किन ? आदि ।

### 3 *अदालती कार्यविधि:*

मिसिलमा कुन कुन लिखत के कस्तो क्रममा राखिएका छन ? सो सँग सम्बन्धित कार्यविधि के कस्तो रहेको छ ? यो पक्ष सैद्धान्तिक अध्ययन र वरिष्ठ कानुनव्यवसायीबाट बुझ्न सकिन्छ ।

### ४ *साक्षी / प्रमाणको प्रस्तुति :*

मुद्दामा साक्षी/प्रमाण के कसरी प्रस्तुत भएका छन् । कस्तो विषयमा कस्तो प्रमाण प्रस्तुत गरिएको छ आदि ।

### ५ *मुद्दाको मुख्य तथ्य* (Issue / Way)

मुद्दाको तर्काधार (Core Theory) के-कसरी डिजाइन गरिएको छ । के कसरी मुद्दा फ्रेम गर्नु पर्ने रहेछ आदि ।

### ६ *मिसिलको अध्ययन गर्दा ख्याल राख्नुपर्ने कुराहरु :*

(क) सबैभन्दा पहिले सम्बन्धित मुद्दाको फाइल र प्रमाण फाइल छुट्याउनुहोस् ।

(ख) फाइलमा लिखत तलदेखि माथिको क्रममा रहन्छन भन्ने कुरा बुझ्नुहोस् ।

(ग) मुद्दाको फाइल र प्रमाण फाइल अलग गरेपछि सम्बन्धित मुद्दाको फिराद र प्रतिउत्तर अभियोगपत्र र बयान पढनुहोस् ।

(घ) त्यस मध्यबाट विवादको विषय (ठहर गर्नु पर्ने कुरा) पत्ता लगाउनुहोस् ।

(ङ) विवादित विषयमा कानुनको कुन उपचार खोजेको छ वा छैन हेर्नुहोस् ।

(च) तथ्य र कानुन बीचमा संयोजन छ वा छैन हेर्नुहोस् ।

(ज) विशेषगरी हकदैया, हदम्याद, प्राङ्न्याय, अधिकारक्षेत्र, अनुसन्धानको प्रक्रिया, साविती, पोल, बरामदी र वस्तुस्थिति मुचुल्का जस्ता पक्षलाई गम्भिरताको साथ हेर्नुहोस् ।

(झ) मुद्दाको दावी वा प्रतिवादीलाई समर्थन गर्ने (प्रमाण मिसिल) प्रमाणहरूको महत्वका आधारमा (प्रमाणको विन्यास मात्र बुझे पुग्छ) जानकारी लिनुहोस् ।

(ञ) दावीलाई वा प्रतिवादलाई मिसिल संलग्न प्रमाणले मद्धत गरेको छ वा छैन हेर्नुहोस् ।

(ट) कानुनले तोकेको कार्यविधि पूरा भएको छ छैन हेर्नुहोस् ।

(ठ) साक्षी परिक्षणमा विशेष गरी जिरह र विशेषज्ञको राय हेर्नुहोस् ।

(ढ) फैसलाको बनौट र निर्णयाधार हेर्नुहोस् ।

(ण) मिसिलमा भएका फिराद, प्रतिउत्तर वारेसनामा, बयान, बहसनोट, फैसला, पनुरावेदनका ढाँचा याद गर्नुहोस् ।

(त) मिसिलका पत्र, सिफारिस, प्रतिवेदन, सूचना म्याद जस्ता कुराको बारेमा प्रक्रिया मात्र बुझ्नुहोस् र बढी समय महत्वपूर्ण लिखतलाई दिनुहोस् ।

(थ) मिसिल पढ्नु पूर्व मुलुकी ऐन अदालती बन्दोवस्त, प्रमाण ऐन र अदालतसम्बन्धी नियमावलीहरूका केही प्रावधानहरू बुझ्नु आवश्यक छ ।

### (ख) कानुन तथा नजिरको अध्ययन

फर्ममा मुद्दालाई आधार बनाएर विभिन्न कानुन र अदालतबाट प्रतिपादित नजिरको अध्ययन गर्नु पर्दछ । नजिर अध्ययन गर्दा, हकदैया, हदम्याद, अधिकारक्षेत्र तथा कानुनी व्यवस्थालाई परिवर्तन गरेको नजिरहरू विशेष रूपमा अध्ययन गर्नुपर्दछ । कानुनी सहायताकर्मी वकिलले आफ्नो परियोजना वा शिविरका पक्षको प्रभावकारी प्रतिनिधित्वका लागि तत् विषयका अन्तर्राष्ट्रिय सन्धिहरू र विदेशी अदालतका फैसलाहरू बारेमा जानकारी राख्न आवश्यक छ ।

*यस खण्ड मुख्य अंश (खण्ड ग को १) कानुनी मस्यौदा, अधिवक्ता सोम लुइटेल, आठराई प्रकाशन, २०५५ काठमाडौं, नेपालबाट साभार गरिएको हो ।*

## २ कानुनी सहायताकर्मी वकिलका लागि आवश्यक सीप र क्षमता

माथिल्लो अनुच्छेदमा व्यवसायिक सीपहरूबारे चर्चा गरिएको छ । व्यवसायीक सीपहरू अध्ययन गरेर मात्र जानिदैन । तिनीहरूलाई व्यावहारमा अभ्यास गर्नु पर्दछ । कानुनी सहायता सार्वजनिक प्रतिरक्षाको कार्य भएकाले कानुनव्यवसायीमा हुनुपर्ने सामान्य व्यावसायिक सीपहरूका अतिरिक्त केही विशेष सीप र क्षमताहरू पनि आवश्यक पर्दछ ।

### २.१. विषयगत विषेश ज्ञाता

कानुनी सहायताकर्मी कानुनव्यवसायी कानुनका आधारभूत पक्षहरू, विधिशास्त्र, व्यावसायिक ज्ञान तथा प्रचलनमा रहेका मुद्दाहरूको उठानदेखि अन्त्यसम्मको कार्यविधिगत ज्ञानबारे दक्ष हुनु आवश्यक छ । उसले जुन मुद्दामा प्रतिनिधित्व गर्ने हो ऊ त्यसता क्षेत्रको विशेषज्ञ हुनुपर्दछ । विशेषज्ञता अध्ययन र अनुभवको समीश्रणबाट प्राप्त हुने गर्दछ । जस्तो कि कर्तव्य ज्यान मुद्दाको अभियुक्तको प्रतिरक्षा गर्ने कानुनकर्मी फौजदारी कानुनको विशेषज्ञ हुनुपर्दछ । तत् विषयमा नेपालका अदालतहरूले प्रतिपादन गरेको नजिर तथा कानुनी सिद्धान्तहरूको ज्ञान उतिकै महत्वपूर्ण छ ।

## २.२. अधिकारवादी दृष्टिकोण

कानुनी सहायताकर्मी कानुनकर्मीको कार्य अभियुक्तको मानव अधिकारको रक्षा गर्नु हो । प्रतिनिधित्वले न्यायमा पहुँचलाई सुनिश्चित गर्दछ । न्यायमा पहुँचको अधिकार महत्वपूर्ण मानव अधिकार हो ।

कानुनी सहायता प्रदान गर्नु भनेको दयामाया गर्नु होइन । यो त अभियुक्तको अधिकारको विषय हो । कानुनी सहायताको कार्यमा संलग्न भएर सहायताकर्मीले कानुनी शासनको स्थापनार्थ योगदान पुर्‍याइरहेको हुन्छ । यसर्थ कानुनी सहायताको विषयलाई अधिकारवादी ढङ्गले बुझ्नु आवश्यक छ ।

## २.३. अन्तर्राष्ट्रिय मापदण्डको ज्ञान

कानुनी सहायताकर्मी कानुनव्यवसायी सान्दर्भिक अन्तर्राष्ट्रिय कानुनको ज्ञाता हुनु पर्दछ । कानुनी सहायताका कतिपय चरणहरूमा राष्ट्रिय कानुन मौन, अपुरो वा गलत हुन सक्दछ । त्यस्तो अवस्थामा अन्तर्राष्ट्रिय मानवअधिकारवादी सन्धीहरूको ज्ञानले तपाईको कार्यलाई सहयोग पुर्‍याउँदछ । यो पनि महत्वपूर्ण छ कि अनुमोदन गरेका सन्धीहरूको हैसियत नेपालमा कानुन सरह हुन्छ । यसर्थ कानुनी सहायताकर्मी कानुनव्यवसायीले फौजदारी न्यायसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरूको राम्रो ज्ञान हासिल गर्नु पर्दछ । (*अनुसूची 3 हेर्नुहोस्*)

- आजको साघुरिएको विश्वमा अन्तर्राष्ट्रिय न्यायालय, अन्तर्राष्ट्रिय फौजदारी अदालत, संयुक्त राष्ट्रसंघिय मानवअधिकार आयोग, युरोपेली र अमेरिकन आयोगका निर्णय र फैसलाहरूको पनि कानुनी जगतमा ठूलो महत्व रहेका छन् । तिनीहरूको सन्दर्भ सामग्री दिएर तपाइले नेपालको अदालतबाट राम्रो फैसला गराई आफ्नो पक्षको हित गर्न सक्नुहुन्छ ।
- विकसित राष्ट्रका अदालतका फैसलाहरू, हाम्रै छिमेकी अदालतका फैसलाहरूलाई हाम्रा न्यायधीशहरूले गम्भीरतापूर्वक लिन सक्दछन् । यसर्थ यस्ता फैसलाहरूको ज्ञानले तपाइको न्याय प्राप्तिको कार्यलाई सहयोग पुर्‍याउँन सक्दछन् ।

## २.४. कानुनी सहायताको विधिशास्त्रबारे स्पष्टता

कानुनी सहायता वकिलको सामाजिक कार्य हो । कानुनी सहायताको माध्यमबाट वकिलले आफूलाई कानुनको परिपालक, सार्वजनिक प्रतिरक्षा कार्यकर्ताको रूपमा आफ्नो भूमिकालाई उजागर गर्दछन् । यसर्थ कानुनी सहायता कसैलाई दया गर्ने विषय होइन । न त यो जागिरको विषय नै हो । यो त निमुखालाई न्याय प्रदान गर्ने सशक्त प्रक्रिया हो । यस विषयमा विकसित विधिशास्त्रीय ज्ञान र अन्तर्राष्ट्रिय मापदण्ड बारे जानकार हुनु आवश्यक छ ।

## २.५. समन्वयको क्षमता

एकजना कानुनव्यवसायीको सरोकार अदालत र आफ्नो पक्षसँग मात्र रहन सक्दछ । कानुनी सहायताकर्मी कानुनव्यवसायीले आफ्नो पक्ष, प्रहरी, कारागार र अदालतसँग प्रत्यक्ष सम्पर्कमा काम गर्नु पर्दछ । ती निकायहरूसँग समन्वय राख्ने क्षमताको अभावमा पक्षको उचित हित नहनु सक्दछ । ती कानुन कार्यान्वयन निकायहरूसँग समन्वयबाहेक सेवा प्रदान गर्ने संस्था र व्यक्तिसँग, आफ्नै कार्य समूहको समन्वयको क्षमता महत्वपूर्ण रहने गर्दछ ।

## २.६. पीडितप्रतिको दृष्टिकोणमा स्पष्टता

कानुन व्यवसायीले आफ्नो पेसागत मर्यादाको सम्मानार्थ मुद्दासँग सम्बन्धित पीडितको अधिकारबारेमा स्पष्ट हुनुपर्दछ। प्रस्तुत निर्देशिकाको प्रयोजनार्थ पीडित भन्नाले आरोपित कसुरको सिकार भएका मुद्दासँग सरोकार राख्ने पीडितको परिवार तथा सम्बन्धित व्यक्तिसमेतलाई जनाउन खोजिएको हो। न्याय र स्वच्छ व्यवहारको पहुँचका लागि न्यायिक प्रक्रियाका सम्पूर्ण चरणहरूमा जाहेरवाला, साक्षी वा अन्य कुनै प्रक्रियाका लागि उपस्थित गराइएका व्यक्तिउपर संवेदनशिल व्यवहार गर्नु आवश्यक हुन्छ।

पीडित व्यक्तिको राहतका लागि विभिन्न अन्तर्राष्ट्रिय मापदण्डहरू अंगिकार गरिएको पाइन्छ। जसमध्ये अपराधको शिकार र शक्तिको दुरुपयोगबाट पीडित भएका व्यक्तिहरूका लागि न्यायका आधारभूत सिद्धान्तहरूसम्बन्धी घोषणापत्र, १९८५ (UN Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power, 29th November 1985) महत्वपूर्ण छ।

**प्रतिपादित सिद्धान्त** (Case Law)

फौजदारी न्यायको महत्वपूर्ण संयन्त्रको रुपमा रहेको स्वच्छ तथा निष्पक्ष न्यायिक प्रक्रियाको प्रवर्द्धनका लागि मुद्दासँग सम्बन्धित पीडित पक्षको जीवनको अधिकार, स्वतन्त्रता र सुरक्षाको संरक्षण गर्नुपनि उत्तिकै आवश्यक हुन्छ। स्वच्छ पुर्पक्षको सिद्धान्तले अभियुक्त (प्रतिवादी) को अधिकार र पीडितको अधिकारको बीचमा सन्तुलनता कायम रहनुपर्ने कुरामा जोड दिन्छ।

*(Doorson v. The Netherlands, European Court of Human Rights, 26 March 1996, 2 Ser.A 470, Para 70)*

## २.७. आधुनिक प्रविधि र सीपहरू

कम्प्यूटर, इमेल र इन्टरनेटको ज्ञानले तपाइको कार्यलाई मद्धत पुग्ने छ। यसका अतिरिक्त तपाईमा निम्न सीपहरू आवश्यक हुन सक्नेछन्।

- स्थानीय भाषाहरू र सम्पर्क भाषाका वा क्षेत्रीय भाषिकाको ज्ञान।
- गोष्ठी/तालिम/सेमिनारको आयोजना/संयोजन।
- कानुनी अनुसन्धानको ज्ञान।
- परियोजना प्रस्ताव मस्यौदा।
- प्रतिवेदन मस्यौदा।
- कार्यक्रमको अनुगमन।
- कार्यक्रमको संयोजन।
- अङ्ग्रेजी भाषाको ज्ञान।

यसका अतिरिक्त मुद्दालाई कसरी छिटोछरितो ढङ्गले टुङ्ग्याउने भन्ने रणनीतिक सीप पनि तपाईंका लागि महत्वपूर्ण हुनेछ।

माथि उल्लेखन गरिएका खण्डहरूको ज्ञान र सीप नेपाली परिप्रक्ष्यमा प्रस्तुत गरिएका न्यूनतम् मापदण्डहरू हुन्। तपाइका लागि ज्ञान आर्जनका यी महत्वपूर्ण ढोकाहरू पनि हुन् सक्दछन्। कमसेकम तपाई यी

आधारहरूमा उभिनु भयो भने तपाइले कानुनी सहायताको उद्देश्यलाई महत्वपूर्ण सहयोग पुऱ्याउन सक्नु हुनेछ । तपाइ अघि बढ्न चाहानु हुन्छ भने ज्ञानको क्षितिज जति पर गयो उती टाढा हुनेछ ।

## ३. कानुनव्यवसायीको आचारसंहिता

आचार संहिताले व्यवसायलाई मर्यादित बनाउने उद्देश्य राखेको हुन्छ । निष्ठावान तथा इमान्दार व्यक्तिहरूलाई आफ्नो व्यावसायमा आचारसंहिताले बल प्रदान गर्दछ । तर अनैतिक ढंगले काम गर्ने व्यवसायीलाई भने आचर संहिताले हतोत्साहित गर्दछ । आचार संहिता मूलत २ खालका हुन्छन :

(क) नैतिक मूल्यका रूपमा

(ख) कानुनका रूपमा

पहिलो खाले आचार संहिता पालना नभएमा दण्डको व्यवस्था हुँदैन । यो केवल नैतिकताका नियमका रूपमा पालना गरिन्छ । तर दोस्रोमा आचार संहिताको उल्लङ्घनमा दण्डको व्यवस्था हुन्छ । कानुनव्यवसायी आचारसंहिता दोस्रो खालको आचार संहिता हो ।

### कानुनव्यवसायी आचारसंहिता

१. कानुनव्यवसायीले देहायका पेसागत आचार अनिवार्य रूपले पालना गर्नुपर्नेछ ।

(क) कानुन व्यावसायले नैतिकताका आधारभूत सिद्धान्तको प्रतिकूल हुनेगरी कुनै कार्य गर्नुहुँदैन ।

(ख) झुट्टा मुद्दा चलाउन पक्षलाई प्रेरणा दिन हुँदैन ।

(ग) कसैलाई दुःख दिने वा प्रतिशोध लिने उद्देश्यले मुद्दा सृजना गर्न हुँदैन ।

(घ) मुद्दा टुंग्याउने प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले अदालतलाई असहयोग गर्न हुँदैन ।

(ङ) न्यायिक प्रक्रियालाई दुरूपयोग गर्न वा गराउन हुँदैन ।

(च) सत्य कुराको बयान वा बकपत्र गर्न गराउनबाट पक्षलाई रोक्न हुँदैन ।

(छ) न्यायप्रशासनसँग सम्बन्धित काम कारबाहीका सिलसिलामा अदालत वा न्यायाधीश वा कानुनव्यवसायी प्रति अनास्था पैदा हुने किसिमका झूट्टा प्रचार प्रसार गर्न हुँदैन ।

(ज) आफूले गर्न नभ्याउने वा नसक्ने अवस्था परी मुद्दा फिर्ता गर्नु पर्दा सामान्यत अर्को कानुन व्यवासायी मुकरर गर्न नभ्याउने किसिमबाट फिर्ता गर्न हुँदैन ।

(झ) संघसंस्थाको रकम मास्न खान हुँदैन ।

(ञ) अदालतमा यथा समयमा उपस्थित हुने, कालो कोट सहितको पूर्ण पोशाकमा उपस्थित हुने, इजलास तथा विपक्षीका कानुनव्यवसायी प्रति सम्मान जनक व्यवहार गर्ने, एक अर्को प्रति लाञ्छना नलगाउने, रिस राग द्वेष नराख्ने, अदालतका कर्मचारी प्रति सौहार्द्रपूर्ण व्यवहार गर्ने, शिष्टतापूर्वक बोल्ने र आफ्नो पालोमा उचित ढंगले बोल्ने जस्ता अनुशासनका नियम तोड्न हुँदैन ।

(ट) आफ्नो पक्षलाई फाइदा पुऱ्याउन जानी जानी कायम नरहेको नजिर र मुद्दामा लागू नहुने खारेज भएको वा संशोधन पूर्वको कानुनको अदालतमा जिकिर लिनु हुँदैन ।

(ठ) मिसिलमा नभएको तथ्य जानी जानी बहसमा प्रस्तुत गर्नु हुँदैन ।

(ड) आफू साक्षी रहेको लिखतसूग सम्बन्धित मुद्दामा कानुनव्यवसायीका रूपमा संलग्न हुनु हुँदैन ।

(ढ) पक्षले मुद्दामा उपलब्ध गराएको जानकारीको गोपनीयता भंग गर्नु हुँदैन ।

(ण) व्यवसायिक प्रचारका उद्देश्यबाट कुनै पनि किसिमको नारा, परिपत्र, समाचार प्रकाशन, विज्ञापन र पत्राचार जस्ता काम गर्नु हुँदैन ।

(त) व्यावसायिक प्रचारका उद्देश्यले ठूलो नाम पेटिका (साइनबोर्ड) राख्ने, नामपेटिका वा परिचयपत्र (भिजिटिङ कार्ड) वा फाइल वा पत्राचार ठेली (लेटरप्याड) मा पूर्व हैसियत वा कानुन व्यवसायसँग असम्बन्धित पद वा हैसियत लेख्न छाप्न हुँदैन ।

तर यस बन्देजले विशेष अध्ययन र अनुभवका कारणबाट आफू खास प्रकृतिका मुद्दा लिने भनी ती लिखतहरूमा आफ्नो कार्यक्षेत्र छाप्न बाधा पुऱ्याएको मानिने छैन ।

(थ) पक्षसँग प्रतिशतमा पारिश्रमिक लिने वा ठेक्का पट्टा बोल कबोल गरी मुद्दा लिनु हुँदैन ।

(द) अदालतको समयमा मादक वा लागू पदार्थ सेवन गरी अदालतमा उपस्थित हुनु हुँदैन ।

(ध) मुद्दाको हारजितको आधारमा आफ्नो पारिश्रमिक तय गर्नु हुँदैन ।

(न) परिषद्ले मागेको विवरण दिंदा झुट्टो विवरण दिनु हुँदैन ।

(प) आफूले वा आफ्नो प्रत्यक्ष निर्देशन र निगरानीमा आफ्नो फर्म वा चेम्बरको कानुनव्यवसायी वा आफूसूगै काम गर्ने लेखन्दास बाहेक अन्य व्यक्तिले तयार गरेको मस्यौदा प्रमाणित गरिदिने उद्देश्यले सही गर्नु हुँदैन ।

(फ) मुद्दा प्राप्त गर्न दलाल नियुक्त गर्न वा मुद्दा उपलब्ध गराइदिए वापत कसैलाई दलाली दस्तुर (कमिसन) दिनु हुँदैन ।

(ब) चल अचल सम्पत्ति हस्तान्तरण सम्बन्धी काममा दलाली गर्नु हुँदैन ।

(भ) एकै मुद्दामा पक्ष वा विपक्ष दुवैका तर्फबाट स्वयं मस्यौदा गर्न वा बहसमा प्रतिनिधित्व गर्नु हुँदैन तथा आफूसूगै काम गर्ने कानुन व्यवासायी वा लेखन्दास वा अन्य व्यक्तिद्वारा जानी जानी मस्यौदा वा बहस वा पैरवी गर्न गराउन हुँदैन ।

(म) पक्षले दिएको लिफामा तमसुक, करारनामा खडा गरी आफूलाई फाइदा वा पक्षलई बेफाइदा हुने काम गर्न हुँदैन ।

(य) पक्षले दिएको सद्धे लिखत विपक्षीसँग मिली बिगारी प्रमाण नलाग्ने वा काम नलाग्ने तुल्याइदिन हुँदैन ।

(र) पक्षले दिएको लिखत समेत अन्य प्रमाण विपक्षलाई फाइदा पुऱ्याउने उद्देश्यले उपलब्ध गराउन हुँदैन ।

(ल) भ्रष्टाचार गर्न गराउन हुँदैन ।

(व) नैतिक पतन देखिने फौजदारी अपराध गर्नु हुँदैन ।

२. वरिष्ठ अधिवक्तले उपनियम (१) मा उल्लिखित आचारका अतिरिक्त देहायका आचारसमेत पालना गर्नुपर्ने छ ।

(क) कुनै पनि मुद्दामा इजलासमा बहस गर्दा कम्तिमा एकजना अधिवक्तालाई व्यावसायिक रूपमा संलग्न नगराई उपस्थित हुनु हुँदैन ।

(ख) सामान्यतया प्रशासकीय अड्डामा बहस पैरवीका लागि उपस्थित हुनु हुँदैन ।

*नोट : विस्तृत विवरणका लागि अनुसूचिमा हेर्नुहोस् ।*

## अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूले के भन्दछ ?

यस सम्बन्धमा कानुनव्यवसायीको भूमिकासम्बन्धी आधारभूत सिद्धान्त, १९९० मा विभिन्न व्यवस्था गरिएका छन् । जसका प्रमुख व्यवस्थाहरू निम्न बमोजिम रहेका छनः

**कानुनव्यवसायीको योग्यता र तालिम**

- सरकार, कानुनव्यवसायीहरूको पेसागत संगठन र शैक्षिक संस्थाहरूले कानुनव्यवसायीहरूलाई उचित शिक्षा प्राप्त र कानुनव्यवसायीको नैतिक मर्यादा तथा आचारगत कर्तव्य र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनद्वारा मान्यताप्राप्त मानवअधिकार तथा आधारभूत स्वतन्त्रताका बारेमा सचेत पारिएको कुरा सुनिश्चित पार्नेछन ।
- सरकार, कानुनव्यवसायीहरूको पेसागत संगठन र शैक्षिक संस्थानहरूले कानुन व्यवसायमा प्रवेश गर्ने र अभ्यास निरन्तर राख्ने कुरामा कानुनव्यवसायी सम्बन्धित देशकै नागरिक हुनुपर्ने कुरा भेदभावकारी नहुने अपवादबाहेक जाति, वर्ण, लिङ्ग, जातीय उत्पत्ति, धर्म, राजनीतिक वा अन्य अभिमत, राष्ट्रिय वा सामाजिक उत्पत्ति, ,सम्पत्ति, जन्म आर्थिक वा अन्य हैसियतका आधारमा कुनै व्यक्तिलाई पनि भेदभाव नगरिने कुरा सुनिश्चय गर्नेछन ।
- कानुनी सेवाको आवश्यकता परिपूर्ति हुन नसकेका खास गरी भिन्न संस्कृति, परम्परा वा भाषाहरू वा विगतको भेदभावको सिकार भएका समूह, समुदाय वा क्षेत्रहरू रहे भएका मुलुकमा सरकार, कानुनव्यवसायीहरूको पेसागत संगठन र शैक्षिक संस्थाहरूले यस्ता समूहहरूबाट कानुनव्यवसायीमा प्रवेश गर्न उम्मेदवारहरूलाई अवसर दिन विशेष उपायहरू अपनाउनु पर्छ र उनीहरूका समूहहरूको खाँचोलाई उचित हुने गरी उनीहरूले तालिम पाउने कुराको सुनिश्चित पार्नुपर्छ ।

**कर्तव्य र जिम्मेवारी**

- कानुनव्यवसायीहरूले न्याय प्रशासनको अत्यावश्यक प्रतिनिधिका रूपमा सबै समयमा आफ्नो पेसाको सम्मान र मर्यादा कायम राख्नेछन ।
- कानुनव्यवसायीहरूको सेवाग्राहक (पक्ष) प्रतिको कर्तव्यमा निम्न कुराहरू समेट्नेछन् :

  (क) सेवाग्रहकका कानुनी अधिकार र दायित्वका बारेमा उनीहरूलाई सल्लाह दिने, र सेवाग्राहकको अधिकार र दायित्वको सन्दर्भसापेक्ष कानुनी प्रणालीमा काम गर्ने ;

  (ख) सेवाग्रहकलाई हर उचित तरिकाले मद्दत गर्ने र उनीहरूको हितको संरक्षणको लागि कानुनी कारवाही अगाडि बढाउने ;

  (ग) उचित भएसम्म सेवाग्राहकलाई अदालत, न्यायाधीकरण वा प्रशासनिक

अधिकरणहरूमा मद्दत गर्ने ।

- सेवाग्राहकको हितको रक्षा गर्दा र न्यायको हेतु प्रवर्द्धन गर्दा कानुनव्यवसायीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले मान्यता दिएका मानवअधिकार तथा आधारभूत स्वतन्त्रा कायम गर्ने प्रयत्न गर्नेछन र सबे समयमा कानुन अनुरूप र कानुनी पेसाको सर्वमान्य स्तर तथा आचरणको अनुकूल स्वतन्त्रता तथा परिश्रमपूर्वक काम गर्नेछन ।
- कानुनव्यवसायीहरू सदा उनीहरूका सेवाग्राहकको हितको सम्मानप्रति बफादार रहनेछन् ।

**अनुशासनात्मक कारवाही**

- राष्ट्रिय कानुन तथा प्रचलन एवं सर्वमान्य अन्तर्राष्ट्रिय स्तर र मान्यताअनुसार कानुन व्यवसायको उपयुक्त निकाय वा विधायनद्वारा कानुनव्यवसायीहरूका लागि आचार संहिता जारी हुनेछ ।
- पेसागत क्षमताको विषयमा कानुनव्यवसायी विरुद्ध गरिएका उजुर वा दोषारोपणहरूमा उचित कार्यविधिद्वारा दतारुकतासाथ एवं स्वच्तापूर्व कारवाही हुनेछ । कानुनव्यवसायीलाई आफूले रोजेको कानुनव्यवसायीबाट सहयोग लिन पाउने लगायत स्वच्छ सुनुवाईको अधिकार रहनेछ ।
- कानुनव्यवसायी विरुद्धको अनुशासनात्मक कारवाही कानुन व्यवसायद्वारा स्थापित निष्पक्ष अनुशासन समितिसमक्ष, स्वतन्त्र विधायिकी कानुनद्वारा निर्मित अधिकरणसमक्ष, वा अदालत समक्ष चलाइनेछ र स्वतन्त्र न्यायिक पुनरवलोकनको विषय हुनेछ ।
- सबै अनुशासनात्मक कारवाही पेसागत आचारण संहिता र कानुन व्यवसायका अन्य सर्वमान्य मापदण्ड र आचरणअनुसार एवं यी सिद्धान्तहरूका आलोकमा निर्धारण गरिनेछ ।

*नोट : विस्तृत विवरणका लागि अनुसूचीमा हेर्नुहोस् ।*

## ४. असल अभ्यासहरू

कानुनी सहायताका विविध पक्षहरू रहेका छन । सीमित अर्थमा असमर्थ पक्षको मुद्दामा दिइने सहयोगलाई कानुनी सहायता मानिन्छ । तर व्यापक अर्थमा भन्ने हो भने सार्वजनिक हक तथा सरोकारका विवादमा "अदालतको मित्र" को हैसियतले कानुनी सहयोग गर्नु पनि कानुनी सहायताकै एक स्वरूप हो । त्यस्तै गरी संविधान र न्यायका मान्य अन्तर्राष्ट्रिय मापदण्डसँग बाझ्ने कानुनहरूको सुधारका लागि "सार्वजनिक सरोकारका" मुद्दा दायर गर्ने वा त्यस्ता मुद्दामा उपस्थित भै बहस पैरवी गर्ने समेत कानुनी सहायता भित्र समेटिने विषयहरू हुन ।

## नेपाली अभ्यास

नेपालमा संयौं कानुनव्यवसायीहरूले "सार्वजनिक सरोकारका विवादमा" सर्वोच्च अदालतमा रिट दायर गरी कानुन परिवर्तनमा योगदान पुऱ्याएका छन । यस्ता विषयहरू संवैधानिक र कानुनी हकको प्रचलन, गैर कानुनी थुनाबाट मुक्ति, भेदभावमूलक कानुनको खारेजी तथा कानुनी सहायतासँग सम्बन्धित छन । यो अभ्यासबाट नेपाली कानुनव्यवसायीहरू अन्तर्राष्ट्रिय मापदण्डको नेपाली अदालतमा समुचित प्रयोग गराउन सफल भएका छन ।

**कारागारका कैदीहरू समान हुने**

*अधिवक्ता चन्द्रकान्त ज्ञवाली वि. मन्त्रीपरिषद सचिवालय, ने.का.प. २०५५, नि.नं. ६६१४, अंक ६-७ पेज ५०२*

कैदीहरूलाई शिक्षा वा औकातका आधारमा वर्गिकरण गर्ने गरी शिक्षा वा रहनसहनले ठूलो औकातमा बस्न वानी परेकालाई "क" र बाँकी अरुलाई "ख" क्षेत्रीमा राखिने भन्ने कारागार नियमावली, २०२० को नियम २१ को उपनियम (१) को व्यवस्था संविधान प्रतिकूल भएकोले खारेज हुने ।

**सवै मुद्दाका वन्दीहरूलाई कानुनी सहायता दिनुपर्ने**

*अधिवक्ता लिलामणि पौडेल वि. श्री ५ को सरकार म.प.स.* को मुद्दामा सर्वोच्च अदालतले कानुनी सहायताको सन्दर्भमा सिद्धान्त प्रतिपादन गरेको छ । प्रत्यायोजित अधिकारको सीमाभित्र रही ऐनको उद्देश्य पूर्ति हुन सक्ने किसिमको नियम बनाउनु पर्नेमा ऐनको उद्देश्य विपरित कानुनी सहायता सम्बन्धी नियमावली, २०५५ को नियम ६ को उपनियम (२) ले केही मुद्दाहरूमा कानुनीसहायता दिन नमिल्ने व्यवस्था संविधानको धारा ११ (१) ले प्रत्याभूत गरेको मौलिक हकलाई असर पार्ने भै कानुनी सहायता सम्बन्धी ऐन, २०५४ को उद्देश्य विपरित अप्रत्यायोजित बढी अधिकार जिल्ला कानुनी सहायता समितिलाई प्रदान गर्ने गरी (Doctrine of delegates non protest delegate) कानुनी सहायता सम्बन्धी नियमावली, २०५५ को नियम ६ को उपनियम (२) को निर्माण भएको देखिँदा निवेदकको जिकिर बमोजिम संविधानको धारा ११(१) सित बाझिएको नदेखिए पनि नियम ६ को उपनियम (२) ले मौलिक हकमा असर पार्ने र कानुनी सहायता सम्बन्धी ऐन, २०५४ ले प्रत्यायोजित गरे भन्दा बढी अधिकार ग्रहण गरी ऐनको उद्देश्य र भावना विपरित व्यवस्था गरेको देखिन आएको हुँदा संविधानको धारा ८८ (१) अनुसार कानुनी सहायता सम्बन्धी नियमावली, २०५५ को नियम ६ को उपनियम (२) अमान्य र बदर घोषित हुने भनी सर्वोच्च अदालतको विशेष इजलाशले २०५९ साल चैत्र १३ गतेका दिन फैसला गरेको थियो । [*हेर्नुहोस्, सम्वैधानिक विवादमा सर्वोच्च अदालतको फैसला, भाग २, संकलक एवं सम्पादक नरेन्द्र प्रसाद पाठक समेत, पृ. २०-२५, काठमाडौं (२०६०)*]

**पीडितको गोपनियताको अधिकारको संरक्षणका लागि वन्द इजलासमा सनुवाई**

नावालिका उपर भएको जवर्जस्ती करणीको एउटा मुद्दामा काठमाडौं जिल्ला अदालतले पीडितको संरक्षणको लागि वन्द इजलासको व्यवस्था गरी सुनुवाई गरिएको थियो र सोही मुद्दामा वाल विज्याईंसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव निर्मुलनसम्बन्धी महासन्धीका साथै क्षऋतृऋएच को धारा १४ समेतको प्रगतिशिल व्याख्या गरिएको पाइन्छ। (काठमाडौं जिल्ला अदालतका न्यायाधीश डा. आनन्द मोहन भट्टराईबाठ समसत २०५९/२/४ मा भएको फैसला २०५८/०५९ सालको स.वा.फें ३७६/७५५, पृष्ठ १४)

## विदेशी अभ्यासहरू

**कानुनी सहायता स्वच्छ पुर्पक्षको मुख्य आधार हो**

Argersinger Vs. Hanlin को मुद्दामा अमेरिकाको सर्वोच्च अदालतले कानुनी सहायताको सम्बन्धमा सिद्धान्त प्रतिपादन गरेको छ।

स्वच्छ पुर्पक्षको विद्यमानताको लागि कानुनी सहायता अपरिहार्य कुरा हो।

***Pett Vs. Grey hound Association, 1968 2 All ER 545, Lord Denning's Opinion***

प्रत्येक व्यक्तिसँग आफ्नो प्रतिरक्षा गर्ने क्षमता हुँदैन। ऊ कुनै न कुनै रूपमा कमजोर हुन्छ वा यसले आफ्नो पक्षमा तथ्यहरू प्रकट गर्न सक्दैन। उसको जिव्रो लरबराएर, डराएर दोधारमा परेर वा बढी इमान्दार भएर पनि हुन सक्दछ। उसले साक्षी परीक्षण वा जिरह गर्न पनि सक्दैन। यदि उसलाई न्याय प्रदान गर्ने हो भने उसको लागि कोही बोलिदिने व्यक्ति हुनु पर्दछ र त्यस्तो व्यक्ति हुनुपर्छ, जो कानुनव्यवसायी भन्दा बोल्नमा निपूर्ण होस्।

**कानुनी सहायता अधिकार हो**

Powell Vs. Albnia, 1032 U.S.

अमेरिकाको सर्वोच्च अदालतले कानुनी सहायताको सम्बन्धमा महत्वपूर्ण सिद्धान्त प्रतिपादन गरेको छ।

- कानुनी सहायता कानुन परिपालनको सिद्धान्तको अभिन्न भाग हो। जसको मूल्य र मान्यता स्वीकार नगर्नु, स्वतन्त्र र स्वच्छ पुर्पक्षको सिद्धान्तको अतिक्रमण गर्नु हो।
- कानुनी सहायताबाट वञ्चित गर्नु भनेको स्वतन्त्रताबाट वञ्चित गर्नु हो।
- कानुनी सहायताको अधिकार कसुरको प्रकारको आधारमा नभई विना प्रतिबन्ध प्रयोग गर्न पाउनु पर्छ। कानुनद्वारा कानुनी सहायतालाई निषेध गर्न सकिदैन।

## D.K. Basu Vs. State of West Bangal

यो मुद्दामा निम्न लिखित सिद्धान्त प्रतिपादन गरिएको छ। *(Judgement dated December 18, 1996, in W.P. (Crl) no. 539 of 1986 W.P (Crl) 592 of 1987 Ashok K. Johri Vs. State of U.P)*

उल्लेखित कुराहरुलाई सबै अवस्थामा कसैलाई पनि थुनामा राख्दा वा पक्राउ गर्दा कानून नबनुञ्जेलसम्म पालना गर्नु पर्दछ।

१. प्रहरीले कसैलाई पक्राउ गर्दा वा बयान लिँदा त्यस्तो व्यक्तिलाई ठीक ठाउँमा देख्ने किसिमले पूरा परिचय सहित आफ्नो ओहदाको चिन्ह भएको परिचय पत्र सहित बयान गराउनु पर्दछ। त्यस्तो थुनामा परेको व्यक्तिको बयान लिने अधिकारको नाम समेत दर्ता कितावमा दर्ता गरी अभिलेख राख्नु पर्दछ।

२. पक्राउ गर्ने प्रहरी अधिकृतले पक्राउ पर्ने व्यक्तिको स्मरण पत्र, पक्राउ परेको समय उल्लेख गरी पत्र तयार गर्नुपर्छ। त्यस्तो पत्रमा कम्तिमा एकजना साक्षी राख्नु पर्दछ। जो पक्राउ परेको व्यक्तिको परिवारको सदस्य, स्थानीय भलाद्मी हुनु पर्दछ। जहाँ पक्राउ गरिएको हो पक्राउ हुने व्यक्ति समेत सो पत्रमा समय र मिति उल्लेख हुने गरी हस्ताक्षण गराउनु पर्दछ।

३. पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई थुनामा रहेको अवस्थामा प्रहरी कार्यालयमा बयान गराउँदा वा बयान गराउने ठाउँमा आफ्नो साथी वा नाता सम्बन्धी व्यक्ति वा चिनेजानेको व्यक्ति वा सामाजिक संघ संस्थाका प्रतिनिधिलाई छिटोभन्दा छिटो उपलब्ध गराउनु पर्दछ। कुनै पनि उल्लेखित नियम प्रतिकुल हुने गरी थुनामा राखिनु हुँदेन।

४. पक्राउ गरेको ठाउँ, मिति, अवस्थाका बारेमा प्रहरीले पक्राउ परेको व्यक्तिलाई जानकारी गराउनु पर्दछ र जहाँ साथी वा नाताको व्यक्ति अर्को जिल्ला वा शहरमा रहेका छन् भने सो अवस्थामा छिटोभन्दा छिटो कानुनी सहायता सम्बन्धी संस्थाहरुलाई त्यस्तो जिल्लाको प्रहरी कार्यालयमा ८ देखि १२ घण्टाभित्र टेलिग्राफको मद्दतद्वारा जानकारी गराइनु पर्दछ।

५. पक्राउ परेको व्यक्तिको अधिकारको बारेमा सचेत गराउँदै पक्राउ गर्दा एक जना व्यक्ति रहनु पर्छ र पक्राउ पूँर्जी तयार गरीनु पर्छ भन्ने कुरा बताउनु पर्दछ।

६. थुनुवा रहेको ठाउँमा थुनुवालाई प्रवेश गराउँदा उसको नाम उल्लेख गरी कुन समयमा पक्राउ गरेको हो के को कसुरमा पक्राउ गरिएका हो र कसको मातहतमा पक्राउ गरी राखिएको छ भन्ने कुरा खुल्ने अभिलेख तयार पारीनु पर्दछ।

७. पक्राउ परेको व्यक्तिलाई उसले अनुरोध गरेमा स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाइनु पर्दछ, पक्राउ गर्दा यदि त्यस्ता घाउँ चोट छ भने सो कुरा खुलाई त्यसको एक प्रति विस्तृत जानकारी सहित पक्राउ परेको व्यक्तिलाई दिनु पर्दछ।

क्रमशः....

८. पक्राउ परेको व्यक्तिलाई प्रत्येक ४८ घण्टा भित्रमा थुनामा थुनामा रहुन्जेल योग्य डाक्टरद्वारा परीक्षण गराउनु पर्दछ ।

९. माथि उल्लेखित कुराहरुलाई इलाका अदालतमा समेत पेश गर्नु पर्दछ ।

१०. पक्राउ परेको व्यक्तिलाई उसको वकिल सँग भेट गर्न बयान भइरहेको अवस्था वा अन्य अवस्थामा अनुमति दिनु पर्दछ ।

११. कुनै पनि व्यक्तिलाई पक्राउ गर्दा पक्राउ गरेको मितिले १२ घण्टाभित्रमा पक्राउको प्रकृति, स्थान सहित पक्राउ गर्ने व्यक्तिलाई प्रहरी नियन्त्रण कक्षलाई जानकारी गराई सूचना पार्टीमा टाँस्न लगाउनु पर्दछ ।

## खण्ड घ

# बन्दीका अधिकारहरू


१. बन्दीहरूको वर्गीकरण १५६

२. यातना विरुद्धको अधिकार ........ १५९

३. स्वास्थ्य सेवाको अधिकार ........ १६०

४. खाना र लुगाकपडाको अधिकार ........ १६४

५. धर्मको हक ........ १६७

६. सम्पर्कको अधिकार ........ १७०

७. कानुनी प्रतिनिधित्वको अधिकार ........ १७५

८. श्रमसम्बन्धी व्यवस्था ........ १७५

९. शिक्षाको अधिकार ........ १७९

१०. भेदभाव विरुद्धको अधिकार ........ १८२

११. थप अधिकार तथा सुविधाहरू ........ १८४

१२. वकिलको भूमिका ........ १८६

खण्ड 'घ' ले वन्दीहरूका अधिकारका बारेमा परिचर्चा गरिएको छ । जस अन्तर्गत नेपालको संविधान, कारागार ऐन र नियमावली तथा अन्तर्राष्ट्रिय कानुनले प्रदान गरेका अधिकारहरू समेटिएका छन् ।

बन्दीहरू पनि अरु मानिस सरह हुन। उनीहरूले गरेको वा अभियोग लागेको कसुरको सन्दर्भमा उनीहरूको स्वतन्त्रताको हनन बाहेकका कुरामा उनीहरू अरु मानिस सरह मानव अधिकार उपभोग गर्न पाउँछन। बन्दीहरू मानव भएको हुनाले उनीहरूसँग मानवताको व्यवहार गरिनु पर्दछ। पुर्पक्षका चरणमा बन्दीहरूको अधिकारबारे अन्य शीर्षकहरूमा विस्तृत व्याख्या गरिएकोले यहाँ बन्दी हुँदाको अवस्थामा पाउने अधिकार र सुविधा बारे मात्र व्यवस्था गरिएको छ। ती अधिकारहरू मध्यमा मानविय मर्यादा र आत्मसम्मानको संरक्षण महत्वपूर्ण अधिकार हो। यस सन्दर्भमा नेपाल कानुनमा खास व्यवस्था नभए पनि अन्तर्राष्ट्रिय मापदण्डहरूले बृहत व्यवस्था गरेका छन्।

## बन्दीहरूका अधिकारहरू

निजलाई कारागार वा थुनामा लगेको दिनबाट छुटकारा नहुँदा सम्मका सबै चक्रहरूमा बन्दीहरूका निश्चित अधिकारहरू रहेका हुन्छन। बन्दीलाई थुनामा राख्दा निजको परिचयको र मुद्दा सम्बन्धि विवरण सहितको दर्ता कितावमा दर्ता गरेर राख्नु पर्दछ। बन्दीलाई निश्चित आयतन भएको ठाउँ बस्नका लागि उपलब्ध गराउनु पर्दछ। बन्दीलाई बस्न, सुत्न पर्याप्त र मानवोचित ठाउँ प्रदान गर्नु पर्दछ। बन्दीको बस्ने सुत्ने र काम गर्ने ठाउँ प्राकृतिक प्रकाश आउन सक्ने, मौसम अनुकूल र कृतिम प्रकाश उपलब्ध हुने हुनु पर्दछ। बन्दीलाई हावापानी सुहाउँदो कपडा लगाउन दिने र दाह्री काट्ने तथा कपाल कोर्ने जस्ता साधनहरू उपलब्ध गराउनु पर्दछ। बन्दी बस्ने स्थान, चर्पी तथा वरिपरिको वातावरण सफा हुनु पर्दछ। बन्दीलाई प्रत्येक दिन कम्तीमा १ घण्टा खुल्ला हावामा व्यायाम गर्न दिनु पर्दछ र खेलकुदका सामाग्रीहरू उपलब्ध गराउनु पर्दछ। वन्दीलाई अलग अलग ओड्ने ओछ्याउने उपलब्ध गराइने छ। कारागारमा शिशु स्यहारका लागि कर्मचारी व्यवस्था गरिने छ। बन्दीलाई हतकडी, नेल, सिक्री जस्ता बन्धनकारी साधनको प्रयोग गरिने छैन। बन्दीले कारागारमा पालना गर्ने सर्तहरू बारे र उजुरीको प्रक्रियाबारे लिखित जानकारी उपलब्ध गराइने छ। बन्दीको स्थानान्तरण, विरामी, छाडेको वा मृत्यु भएको कुराको जानकारी निजका परिवारका सदस्यहरूलाई प्रदादन गरिने छ। कारागारका कर्मचारीहरू पेसागत क्षमताका, मानवीय भावनाका र समाजसेवी हुनु पर्छ।

अन्तराष्ट्रिय कानुनले प्रदान गरेको यि कतिपय संरक्षणहरूबारे नेपाल कानुन मौन रहेका छन्। विशेषत नेपालका कारागारमा बन्दीहरूलाई बस्नका लागि पर्याप्त ठाउँ नहुने र विशेष प्रकारका बन्दीलाई दिइने विशेष संरक्षणको अभाव देखिन्छ। कारागारका कर्मचारीको योग्यता र क्षमता बारेमा नेपाल कानुनले विशेष व्यवस्था गरेको छैन।

### *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६, धारा १०:*

  स्वतन्त्रताबाट बंचित सबै व्यक्तिहरूलाई मानवीयता सहित र मानिसको अन्तर्निहित मर्यादाप्रति सम्मान गर्ने किसिमले व्यवहार गरिनेछ।
- *बन्दीप्रतिको गर्नुपर्ने व्यवहारका आधारभूत सिद्धान्त, १९९०, सिद्धान्त १*

  सबै बन्दीहरूलाई तिनीहरूमा अन्तर्निहित प्रतिष्ठा र मानव भएको नाताले त्यसको

मर्यादालाई ध्यानमा राखी समान रूपले व्यवहार गर्नुपर्दछ ।

- *जुनसुकै स्वरूपको थुनछेक वा कैद सजाय अन्तरगतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्त संग्रह, १९८८ सिद्धान्त १*

  कुनै पनि किसिमको थुनछेक अथवा कारावासमा परेका मानिसहरूलाई मानवीय तिनीहरूमा अन्तर्निहित मानवीय प्रतिष्ठालाई ध्यानमा राखी व्यवहार गर्नुपर्दछ ।

- *मानव र नागरिकका अधिकारसम्बन्धी अफ्रिकी चार्टर, १९८१, धारा ५*

  प्रत्येक व्यक्तिलाई मानवमा अन्तर्निहित प्रतिष्ठाप्रति सम्मान पाउने अधिकार र आफ्नो कानुनी हैसियतको मान्यता पाउने अधिकार रहनेछ ।

- *मानवअधिकारसम्बन्धी अमेरिकी महासन्धि, १९७८, धारा ५ (२)*

  स्वतन्त्रताबाट बंचित सबै व्यक्तिहरूलाई एउटा मानवमा अन्तर्निहित प्रतिष्ठालाई ध्यानमा राखी आदरपूर्वक व्यवहार गरिनु पर्दछ ।

## १. बन्दीहरूको वर्गीकरण

बन्दीहरूलाई उनीहरूको उमेर, लिङ्ग, अपराध आदिको आधारमा छुट्टाछुट्टै राख्नुपर्दछ । जसको उद्देश्य बन्दीहरूको पुन:स्थापनामा बल पुऱ्याउनु र कारागारलाई अपराध अभ्यास थलो बन्नबाट जोगाउनु हो । यस्तो विभाजनले मानविय मर्यादाको संरक्षण, लिङ्गका आधारमा हुने फरक खाले संरक्षण, स्वास्थ तथा बन्दीको पुन:स्थापना जस्ता विषयलाई सम्बोधन गर्ने उद्देश्य राखेका हुन्छन । नेपालको कानुनले यी व्यवस्थाहरू अंगीकार गरेको भएपनि व्यवहारमा जुनसुकै उमेरका, थुनवा र कैदी तथा सरुवा रोग लागेका र नलागेका बन्दीहरू एकै ठाउँमा राखिएका छन् । पुर्पक्ष नभईसकेका थुनुवाहरूलाई निर्दोष मानी व्यवहार गर्नुपर्दछ । जस्को बारेमा यसै निर्देशिकाको खण्ड “ङ” मा बृहत्तर चर्चा भएकाले यहाँ दोहऱ्याइएको छैन ।

### कानुनी व्यवस्था

*कारागार ऐन, २०१९ को दफा ६. थुनुवा वा कैदीलाई राख्ने व्यवस्था*

(१) थुनुवा वा कैदीलाई थुन्दा वा कैद गर्दा देहाय बमोजिम राखिनेछ ।

(क) लोग्नेमानिस र स्वास्नीमानिस छुट्याई पाएसम्म छुट्टाछुट्टै घरमा र सो नभै एउटै घरमा राख्नु पर्ने भएमा परस्पर भेटघाट वा कुराकानी गर्न नपाउने गरी सो घरको भिन्दा भिन्दै भागमा,

(ख) थुनुवा वा कैदी एउटै कारागारमा राख्ने व्यवस्था भएकोमा खण्ड (क) का अधिनमा रही थुनुवा र कैदी छुट्याई यथासम्भव छुट्टाछुट्टै भागमा ।

(ग) खण्ड (क) र (ख) का अधिनमा रही एक्काइस वर्ष मुनिको र

एक्काईस वर्ष माथिको कैदी वा थुनुवालाई छुट्याई यथासम्भव भिन्दा भिन्दै भागमा ।

(घ) खण्ड (क) र (ख) को अधिनमा रही देवानी मुद्दा र फौजदारी मुद्दाका कैदीलाई छुट्याई यथासम्भव भिन्दा भिन्दै भागमा ।

(ङ) पागल र अर्ध पागल थुनुवा वा कैदीलाई छुट्याई यथासम्भव भिन्दै भागमा ।

(२) फौजदारी मुद्दामा सजाय पाएका कैदीलाई आवश्यकतानुसार एक्लै भिन्दै कोठामा राख्नु हुन्छ ।

## *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *नागरिक र राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ धारा १०*

  २ (क) अपवादको अवस्थामा वाहेक अभियोग लागेको व्यक्तिलाई सजाय सुनाइसकिएका व्यक्तिहरू भन्दा पृथक ठाउँमा राखिनु पर्दछ र अपराधी व्यक्ति नभएको ठानी तिनीहरूको हैसियत अनुसार उपयुक्त व्यवहार गरिनु पर्दछ ।

  (ख) वाल अभियुक्तहरूलाई वयस्क हरूबाट पृथक ठाउँमा राखीनुपर्छ र छिटोभन्दा छिटो तिनीहरूको मुद्दा छिन्नुपर्छ ।

- *बन्दीहरु प्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५, नियम ८४*

  १) गिरफ्तार गरिएका व्यक्तिहरू जसलाई प्रहरी हिरासतमा वा कारागारमा राखिएको छ र जसलाई फौजदारी अभियोग लगाइएको छ तर मुद्दा चलाइएको छैन त्यस्ता व्यक्तिहरूलाई मुद्दा नचलाइएका" व्यक्तिहरू भनी यस नियमावलीमा उल्लेख गरिनेछ ।

  २) सजाय नसुनाइएका वन्दीहरूलाई निर्दोष मानिने छ र उनीहरूसँग सोही अनुरूप व्यवहार गरिनेछ ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्युनतम मापदण्ड नियमावली, १९५५ को नियम ६७–६८*

  **वर्गीकरणको उद्देश्य यस्तो हुनेछ :**

  क) आफ्नो आपराधिक विवरण वा खराव चरित्रको कारण नराम्रो प्रभाव पार्ने सम्भावना भएका वन्दीहरूलाई अन्य वन्दीहरूबाट अलग्याउनु;

ख) वन्दीहरूलाई उनीहरूसंगको व्यवहारलाई सुगम बनाउने प्रयोजनको लागि तिनीहरूको सामाजिक पुर्नस्थापनाको दृष्टिकोणले श्रेणीहरूमा विभाजित गर्नु;

६८ सम्भव भएसम्म भिन्न संस्था अथवा एउटा संस्थाको भिन्न खण्डहरूलाई विभिन्न श्रेणीका वन्दीहरूको कारवाहीको लागि प्रयोग गरिनेछ।

६९ प्रवेश पश्चात र उचित अवधिको सजाय तोकिएको हरेक वन्दीको व्यक्तित्वको अध्ययन पश्चात उसको व्यक्तिगत आवश्यकता, सक्षमता र प्रवृति बारे प्राप्त हुने ज्ञानको आधारमा उसंग गरिने व्यवहारको कार्यक्रम यथा सम्भव छिटो तयार गरिनेछ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्युनतम मापदण्ड नियमावली, १९५५ को नियम ९ देखि २१*

९(१) जहाँ सुत्ने व्यवस्था एउटै कोठामा अथवा एउटै सेलमा हुन्छ त्यस्तो अवस्थामा प्रत्येक वन्दीहरूलाई रातको समयमा सिूगै कोठा अथवा तहखाना उपलब्ध हुनु पर्दछ।

९(२) जहाँ शयनागारको प्रयोग हुन्छ त्यहाँ त्यस्तो हालतमा एक अर्कासँग घुलमिल हुने योग्य वन्दीहरूलाई सावधानीपूर्वक छनौट गरी बस्नको लागि दिनुपर्छ। संस्थाको नियमानुसार रातको समयमा नियमित सुपरीवेक्षण हुनु पर्दछ।

- *जुनसुकै स्वरुपको थुनछेक वा कैद सजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्त संग्रह, १९८८, सिद्धान्त ८*

थुनिएका व्यक्तिहरूलाई सजाय नपाइएका व्यक्तिको हैसियत अनुरूप उपयुक्त व्यवहार गर्नुपर्छ। तदनुसार सम्भव भएसम्म तिनीहरूलाई कैद भएका व्यक्तिहरूभन्दा पृथक राख्नुपर्दछ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ नियम ८५*

(१) पुर्पच्छे नगरिएका बन्दीलाई अपराध प्रमाणित भएका बन्दीबाट अलग्गै राखिनेछ।

(२) पुर्पच्छे नगरिएका तरुण बन्दीलाई वयस्क बन्दीबाट छुट्टै राखिनेछ र सिद्धान्ततः उनीहरूलाई छुट्टै कारागारमा राखिनेछ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्युनतम मापदण्डको नियमावली, १९५५ को नियम ८६*

८६. मौसमको सम्बन्धमा भिन्न स्थानीय रितीरिवाज अवस्था दृष्टिगत गर्दै मुद्दा नचलाइएका वन्दीहरूलाई भिन्दा भिन्दै कोठाहरूमा एक्लै सुत्न दिइने छ।



## २. यातना विरुद्धको अधिकार

बन्दी अवस्थामा कुनैपनि व्यक्तिलाई यातना दिइने छैन । शारीरिक र मानसिक यातना दिने कुरालई नेपालको अन्तरिम संविधान, २०६३, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५४ र नेपाल पक्ष भएमा अन्तर्राष्ट्रिय सन्धिहरूले वर्जित गरेका छन । थुनामा यातना दिइएको अवस्थामा त्यस्तो व्यक्तिलाई क्षेतिपूर्तिको हक हुनेछ । [*यस सम्बन्धमा विस्तृत जानकारीका लागि यसै निर्देशिकाको खण्ड ख को २.७ हेर्नुहोस्*]



## ३. स्वास्थ्य सेवाको अधिकार

बन्दीहरू तिनीहरूको अपराधको प्रकृति जस्तोसुकै भएपनि तिनीहरू मानिस भएको कारणले मूलभूत मानवअधिकार माथि अधिकार राख्दछन् र यस सन्दर्भमा तिनीहरू शारीरिक तथा मानसिक स्वास्थ्यका लागि उच्चतम सेवाका हकदार रहन्छन्। नेपालको कानुन र अन्तर्राष्ट्रिय संयत्रहरूले स्वास्थ्य सेवा सम्बन्धी कुरामा ध्यान पुऱ्याउनु पर्छ भन्ने कुराहरू स्पष्ट शब्दमा उल्लेख गरेका छन्। नेपाल कानुनमा भएका व्यवस्था अन्तर्राष्ट्रिय कानुनको तुलनामा अपुरा छन्। ति अपुरा व्यवस्थाहरू पनि व्यावहारमा प्रायः कार्यान्वयन भएका छैनन्।

**चिकित्सा सेवा**

(१) मानसिक वा शारीरिक बिरामी परेका अरु कुनै चिकित्सकबाट उपचार गराउन चाहेमा तोकिए बमोजिम त्यस्तो उपचार गराउन अनुमति दिइनेछ।

(२) कुनै थुनुवा वा कैदी असाध्य विरामी परी निजको राम्रो उपचारका लागि निजलाई अस्पतालमै राख्न आवश्यक छ भन्ने सरकारी चिकित्सकले ठहराई कारण सहित आफ्नो लिखित राय व्यक्त गरेमा त्यस्तो थुनुवा वा कैदीलाई नेल वा हतकडी परेकोमा सो समेत काटी तोकिए बमोजिम अस्पतालमा राखी औषधि गराउनु पर्छ।

(३) विरामी परी सिकिस्त भएको कुनै थुनुवा वा कैदी बाँच्ने नबाँच्ने दोसाँधमा रहेको कुराको कारण सहितको राय सरकारी चिकित्सकले दिएमा त्यस्तो थुनुवा वा कैदीको हकवालाले निजलाई घाट लैजान चाहेमा निजको रोग निको भएमा पुनः कारागारमा फिर्ता ल्याउने व्यहोराको हाजिर जमानी कागज गराई त्यसरी थुनिएको ठाउँको नजिकको घाटमा लैजान दिइनेछ। थुनुवा वा कैदी जिम्मा लिई घाट लैजाने हकवालाले सम्बन्धित थुनुवा वा कैदीको स्वास्थ्य सम्बन्धी प्रतिवेदन लेखी प्रत्येक हप्ता सम्बन्धित कारागारलाई दिनु पर्नेछ।

(४) उपदफा (२) वा (३) अन्तर्गत अस्पताल वा घाट लगिएको थुनुवा वा कैदी कारागार भित्रै रहेको सम्झिनेछ र सो अवधि निजलाई हुने कैदको अवधिमा कट्टा गरिनेछ।

(५) उपदफा (२) वा (३) मा उल्लेख भएको थुनुवा वा कैदीलाई निको भएमा निजलाई थुन्नु नपर्ने भएकोमा वा निजको कैद म्याद भुक्तान भै सकेकोमा बाहेक निजलाई फेरी कारागार भित्र राखिने छ।

*कारागार ऐन, २०१९ को दफा ११*

**स्वास्थ्यको हेरविचार गर्ने**

(१) जेलरले कारागारका कैदी वा थुनुवाहरूको स्वास्थ्यको लागि अन्नपानीको राम्रो प्रबन्ध गर्नुपर्छ।

(२) कारागारभित्र कैदी वा थुनुवा रहेका ठाउँ ठाउँमा पाइखाना, पिसाब खानाहरूमा समेत दरबन्दी भैरहेको मेहत्तर, च्यामे भङ्गीहरूद्वारा रोज रोजै सुग्घर सफा गराई चून, फिनेल, पोटास इत्यादि छर्ने गराउनु पर्छ।

(३) कारागारका कैदी वा थुनुवाहरूको स्वास्थ्य निमित्त कुनै किसिमका बाजी राखी लिन दिन नपाउने गरी कारागार सुहाउँदो विभिन्न किसिमको मनोरञ्जन खेलकूदको प्रबन्ध हुन सक्नेछ।

*कारागार नियमावली, २०२० को नियम ३८*

**डाक्टर जँचाउने**

(१) जेलरले कारागारका कैदी थुनुवाहरू विरामी भएमा कारागारको भए कारागारको डाक्टर चिकित्सक र कारागारको नभए नेपाल अधिराज्यभित्र नजिक इलाकामा पाएसम्म सरकारी अस्पताल, डिस्पेन्सरीको डाक्टर वा अन्य योग्य चिकित्क कहाँ लगी वा आवश्यक भए बोलाई निजबाट जँचाई समयमा औषधि उपचार गराउनु पर्छ।

(२) कडा रोग लागेको कुनै कैदी थुनुवालाई त्यसरी उप-नियम (१) बमोजिम जचाउँदा डाक्टर चिकित्सकले कारागार बाहिर नजिक इलाकाको वा नेपाल अधिराज्यभित्र कहाँको अस्पताल स्वास्थ्य गृहमा राखी वा विशेषज्ञबाट जँचाई उपचार गराउनु अत्यावश्यक छ भनी प्रमाणित गरिदिएमा जेलरले सो बमोजिम समयमा जँचाउने, इलाज गराउने वा भर्ना गर्न उचित प्रबन्ध मिलाउनु पर्छ।

(३) उप-नियम (१) र (२) बमोजिम कारागार बाहिर जँचाउनु वा अस्पताल, स्वास्थ्य गृहमा भर्ना गर्न लैजाँदा, ल्याउँदा वा भर्ना गरी राख्दा कैदी/थुनुवा भाग्न, भगाउन नपाउने गरी पालोपहराको राम्रो प्रबन्ध मिलाउनु पर्छ।

तर नजिक इलाकाको बाहेक बाहिर बेइलाकाको विशेषज्ञ जँचाइएका अस्पताल, स्वास्थ्य गृहमा भर्ना गरी औषधि उपचार गराउन आवश्यक भए त्यस्तो विरामी कैदी थनुवालाई इलाका पर्ने कारागारमा सरुवा गर्नुपर्छ।

(४) विरामी बाहेक अरु कैदी थुनुवालाई पनि रोगबाट बचावट गर्न बराबर डाक्टर चिकित्सकबाट जँचाई डाक्टर चिकित्सकको राय बमोजिम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्छ।

*कारागार नियमावली, २०२० को नियम ३८.*

**डिस्पेन्सरी खुला राख्नु पर्ने**


४०० भन्दा बढी कैदी वा थुनुवा रहने सेन्ट्रल कारागारहरूमा डिस्पेन्सरी वा अस्पतालको दरबन्दी भैसककोमा र दरबन्दी हुनेमा समेत आकस्मिक रोगबाट मौकैमा बचाउनका लागि दरबन्दी बमोजिमको डाक्टर, कम्पाउण्डरले आलोपालो मिलाई चौबीसै घण्टा अस्पताल वा डिस्पेन्सरी खुला राख्नुपर्छ।

*कारागार नियमावली, २०२० को नियम ४०*

**कडा रोग लागेको विरामीलाई अस्पतालमा राख्ने**

कडा रोग लागि विरामी परेको कैदी वा थुनुवालाई अस्पतालमा राखी उपचार गराउनु पर्दा कारागारको तर्फबाट पूरा पालोपहराको साथ राखिने छ। यसरी अस्पतालमा राखिएकोमा कुनै खास प्रकारको अपराधी वा अभियुक्त व्यक्तिलाई अरुसंग कुरा गर्न नदिनु भनी जेलरले अर्डर दिएमा त्यस्तासँग कुरा गर्न दिइने छैन।

*कारागार नियमावली, २०२० को नियम ६०*



## *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *जुनसुकै स्वरुपको थुनछेक वा कैद सजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्त संग्रह, १९८० को सिद्धान्त २४*

  कुनै पनि वन्दीलाई कारागार अथवा थुनछेक गर्ने स्थानमा प्रवेश गराई सके पश्चात उचित स्वास्थ्य परिक्षण गर्न पाउने व्यवस्था मिलाउनु पर्नेछ र त्यस पश्चात स्वास्थ्य सेवा र उपचार आवश्यक परेको अवस्थामा उपलब्ध गराउनु पर्नेछ। यो उपचार र स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराइनेछ।

- *बन्दीहरुको उपचार सम्बन्धी न्यूनतम मापदण्डका नियमहरु, १९८० को नियम २५*

  १. चिकित्सा अधिकारीले वन्दीहरूको शारीरिक र मानसिक स्वास्थ्यको सधैं लेखाजोखा राख्नुपर्नेछ र साथै सबै विरामी वन्दीहरूलाई बिरामीको शिकायत गर्ने सबैलाई र कुनै वन्दीप्रति विशेष रूपमा ध्यान आकर्षित भएमा निजलाई दैनिक रूपमा हेर्नुपर्नेछ।

- *बन्दीहरुको उपचार सम्बन्धी न्यूनतम मापदण्डका नियमहरु, १९८० को नियम ६२*

  संस्था भित्रको स्वास्थ्य सेवाहरूले मानसिक वा शारीरिक विमारी अथवा दोष पत्ता

लगाउने छन् र उपचार गर्नेछन् जसले वन्दीको पुनर्स्थापनामा अवरोध खडा नगरोस्। सो को लागि चिकित्सा, चिरफार र मनोविज्ञान सम्बन्धि सबै आवश्यक सेवाको व्यवस्था मिलाउनुपर्नेछ।

- *बन्दीहरुको उपचार सम्बन्धी न्यूनतम् मापदण्डका नियमहरु, १९९० का सिद्धान्त ९*

  तिनीहरूको कानुनी अवस्था जस्तो सुकै भएपनि वन्दीहरूलाई विना भेदभाव देशमा उपलब्ध स्वास्थ्य सेवा उपलब्ध हुनेछ।

- *बन्दीहरुको उपचार सम्बन्धी न्यूनतम् मापदण्डका नियमहरु, १९९० को नियम २२*

  १. प्रत्येक संस्थामा कमसे कम एक जना चिकित्सा अधिकारी हुनेछ, जसलाई मनोरोगको चिकित्सा सम्बन्धी केही ज्ञान हुनु आवश्यक हुनेछ। स्वास्थ्य सेवाको संचालन समुदाय तथा देशकै स्वास्थ्य कार्यक्रमसँग नजिकको सम्बन्ध राखी गरिनेछ। ति सेवाहरूमा रोगको निदान गर्ने मनोचिकित्सा सेवा र खास विरामीहरूका सन्दर्भमा मानसिक रोगको उपचारको सुविधा रहनेछ।

  २. विशेषज्ञ उपचार आवश्यक भएमा विरामी वन्दीहरूलाई विशेष उपचार हुने संस्थाहरूमा वा नागरिक अस्पतालमा स्थानान्तरण गरिनेछ। जुन संस्थामा चिकित्सा सेवा उपलब्ध गराइनेछ त्यहाँ उपकरणहरू, सजावटका सामानहरू र औषधिमूलो बिरामी कैदीहरूको चिकित्सा र उपचारका लागि समुचित किसिमको हुनेछ। र त्यहाँ उपयुक्त तरिकाले प्रशिक्षित कर्मचारीहरू रहनेछन्।

  ३. हरेक वन्दीलाई सुयोग्य दंतचिकित्सकको सेवा उपलब्ध गराइनुपर्नेछ।

- *यातना र अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डका विरुद्ध कैदी र थुनुवाहरुको संरक्षणसम्बन्धी स्वास्थ्यकर्मी खास गरेर चिकित्सकहरुको भूमिकासँग सान्दर्भिक संयुक्त राष्ट्र संघीय चिकित्सा आचारसंहिताका सिद्धान्तहरु, १९८२ को नियम १*

  १. स्वास्थ्यकर्मीहरू, खासगरी चिकित्सकहरूले जसलाई कैदीहरू र थुनुवाहरूको स्वास्थ्य हेरचाह सम्बन्धी जिम्मा लगाइएको हुन्छ, निजहरूको शारीरिक तथा मानसिक रोगहरूको उपचार त्यही स्तर अनुसार गर्नुपर्ने छ, जुन स्तरअनुसार कैद वा थुनछेकमा नपरेका मानिसहरूको गरिन्छ।

## ४. खाना र लुगाकपडाको अधिकार

खाना र लत्ता कपडा मानिसहरूको आधारभूत आवश्यकता हो। बन्दीहरू पनि मानव भएकाले उनीहरूलाई यो अधिकारबाट वञ्चित गराइनु हुँदैन। आवश्यक पौष्टिक आहार र शरीरलाई मौसम अनुसार चाहिँदो सम्मानजनक लत्ता कपडा बन्दीहरूको अधिकारको विषय हो। यस सम्बन्धमा नेपाल कानुनमा भएका व्यवस्था भने अपूरा रहेका छन्।

**सिधा सम्बन्धी व्यवस्था**

प्रत्यक बन्दीलाई दैनिक ७०० ग्राम मोटा चामल र ३० रूपैया सिधा सुविधा कारागार प्रशासनले उपलब्ध गराउँदछ। त्यस्तै बन्दीको आश्रित नाबालकलाई पनि उमेर अनुसार दैनिक १०० ग्राम चामल देखि ६०० ग्राम सम्म र रु १०।- देखि रु १५।- सम्म सिधा खर्च उपलब्ध गराउनु पर्दछ।

*कारागार नियमावली, २०२० को नियम २३.*

**दशैं खर्च**

दशैं खर्च वापत प्रत्येक वर्ष एकमुष्ट एक सय रूपैया प्रत्येक बन्दीलाई प्रदान गरिनेछ।

*कारागार ऐन (दशौं संशोधन), २०६२ द्वारा थप अनुसूचि*

गम्भीर प्रकृतिको थुनुवा वा कैदीलाई नियमित औषधि उपचारको अतिरिक्त पौष्टीक खुराक आवश्यक छ भनी चिकित्सकले सिफारिस गरेमा एक पटकमा थुनुवा कैदीको कुल संख्याको एक प्रतिशत सम्म वा एक सय भन्दा थोरै कैदी वा थुनुवा भएको कारागारमा एकजना सम्मलाई प्रतिदिन सय ग्राम खसीको मासु वा सोको मूल्य बराबरको अरु प्रकारको पौष्टीक पदार्थ पौष्टीक खुराक स्वरूप उपलब्ध गराउन सकिनेछ।


*कारागार ऐन (दशौं संशोधन), २०६२ द्वारा थप ३८ (५)*

**लुगासम्बन्धी व्यवस्था**

(१) कारागारका कैदी र थुनुवाहरूलाई निम्न लिखितअनुसार लुगा बाँडिनेछ :
  (क) मर्दानालाई जाडो समयमा कुर्था एक र सुरुवाल एक तथा गर्मी समयमा कट्टु एक र बुशर्ट एक समेत गरी जम्मा वर्षको दुई पटक,
  (ख) जनानालाई दश हाते धोती र चोलो एक दरले वर्षको दुई पटक ,
  (ग) नाबालक बालबालिकालाई कमीज २, सुरुवाल १ वा घाँघर १, सुरुवाल १ का दरले वर्षको दुई पटक र सुती कपडाको कोट १, गलबन्दी १ र टोपी १ वर्षको एक पटक।

(२) उप-नियम (१) बमोजिम वर्षको दुई पटक लुगा बाड्दा बैशाख र कार्त्तिक महिनामा बाँड्ने छ। वर्षको एक पटक बाँडिने चाँही कार्त्तिक महिनामा दिइनेछ। सो बमोजिमको कपडा श्री ५ को सरकार वादी भएको फौजदारी मुद्दाका कैदीहरूले लगाउन पर्छ। सो बाहेक अरु कुनै थुनुवा कैदीले आफ्नै तर्फबाट लुगा ल्याएमा सोही लुगा लगाउन दिइनेछ।

*कारागार नियमावली, २०२० को नियम २२*




**लुगा सम्बन्धी व्यवस्था**

प्रत्येक बन्दी वा थुनुवालाई चार हाते काम्लो एक र पाँच हाते पाखी एक वा काम्लो र पाखीको सट्टा सिरक डस्ना लिन चाहने बन्दीलाई तनि किलो कपास बराबरको सिरक एक तथा तीन किलो कपास बरावरको डस्ना एक र चार हाते कोरामे च्यादर वा तन्ना एक हरेक दुईवर्षमा एकपटक।

*काराागार ऐन, २०१९ को (दशौं संशोधन), २०६२*

## *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूले के भन्दछन् ?*

- *बन्दी प्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ नियम २१*

  (१) यदि मौसमले साथ दिएमा श्रम नगर्ने वन्दीले खुला हावामा कमसेकम एक घण्टा व्यायाम गर्न पाउनु पर्दछ।

  (२) युवा वन्दीहरू र अन्य उचित उमेर र कदकाठीका वन्दीहरूले व्यायाम गर्ने समयमा शारीरिक र मनोरञ्जनात्मक तालिम प्राप्त गर्न सक्नेछन्। यसका लागि ठाउँ र सरसामान उपलब्ध गराईनु पर्नेछ।

- *बन्दी प्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ नियम ८७*

  कारागारको सुव्यवस्थासँग मेल खाने कुराको सीमाभित्र रही पुर्पच्छे अर्थात न्यायिक छानविन नगरिएका बन्दीले चाहेमा प्रशासनमार्फत वा परिवार वा मित्र मार्फत आफ्नै पैसाले बाहिरबाट खानेकुरा झिकाउन सक्छन् ।

- *बन्दी प्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ नियम ८८*

  (१) पुर्पच्छे नगरिएका बन्दीलाई सफा र उपयुक्त भए उसको आफ्नै लुगा लगाउन दिइनेछ ।

  (२) उसले कारागारको बन्दीपोशाक लगाएमा यस्तो कपडा अपराध प्रमाणित भएका कैदीलाई उपलब्ध गराइने पोशाकभन्दा फरक हुनेछ ।

- *बन्दी प्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ को नियम २० र २१*

  २०.(१) कारागार प्रशासनले नियमित समयमा प्रत्येक वन्दीलाई राम्रोसूग पकाएको स्वास्थकर पौष्टिक खाना पस्किनु पर्दछ ।

  (२) प्रत्येक वन्दीलाई चाहिएको बेला पिउने पानी दिनु पर्नेछ ।

## ५. धर्मको हक

आफ्नो धार्मिक विश्वासको स्वतन्त्रता सम्बन्धी अधिकार र त्यसको पालनाका लागि गर्नु पर्ने कर्महरू गर्ने अधिकार एउटा विश्वव्यापी मानव अधिकार हो र सबै बन्दीहरू र स्वतन्त्र मानिसहरूलाई लागू हुन्छ । कारागारका नियमहरूले कुनै पनि योग्य धार्मिक प्रतिनिधिहरूले कारागारका वन्दीहरूलाई नियमित रूपले भेट्नको लागि कारागारको भ्रमण गर्न पाउने कुरालाई समेत समेट्नु पर्दछ । आफ्नो धर्म सम्बन्धी कर्तव्य पालन गर्न चाहने सबै बन्दीहरूलाई चाहिने सुविधा प्रदान गर्नुपर्दछ । यो सुविधा अर्न्तगत रात अथवा दिनको तोकिएको समयमा एकान्तमा प्रार्थना गर्ने, नुहाउने अथवा कुनै खास प्रकारको लुगा लगाउने प्रथा समावेश भएको हुनसक्छ ।

### कानुनी व्यवस्था

**कुलाचार धर्म गर्न पाउने**

प्रचलित नेपाल कानुनको अधीनमा रही थुनुवा वा कैदीले आफ्नो कुलाचार धर्म गर्न पाउने छ ।

*कारागार नियमावली, २०२० को नियम ४१*

**काजकृया गर्न दिने**

कारागारमा रहेका कैदी वा थुनुवामध्ये राजकाज, गाथदाथीसम्बन्धी मुद्दामा परेको बाहेक अरु कैदी वा थुनुवाहरूले आफूले काज क्रिया गर्नुपर्ने आमा, बाबु, स्वास्नी, छोरा, छोरीको कोही मरेमा मुर्दा उठाउने हकदार कोही रहेनछ भने तीन कोसभित्र सम्म मुर्दा उठाउन र जहाँ सुकै मरेमा पनि क्रिया गर्नलाई समेत जेलरले पत्याएको जमानी लिई मुर्दा उठाउनु पर्नेमा सिपाहीसाथ लगाई पठाइ मुर्दा उठाउन लगाउने र क्रिया गर्नुपर्नेमा भाग्न नपाउने पूरा बन्दोबस्त गरी कारागार नजिकैको घाट सत्तलमा राखी १३ दिन सम्मलाई क्रिया गर्न दिनुपर्छ ।

*कारागार नियमावली, २०२० को नियम ५०*

## *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, धारा १८ (१)*

  हरेक व्यक्तिलाई विचार, विवेक र धर्मको स्वतन्त्रता हुनेछ । यस अर्न्तगत आफ्नो इच्छा अनुसारको धर्म वा विश्वासको पालना गर्ने वा अङ्गाल्ने स्वतन्त्रता र एक्लै अथवा समाजका अन्य मानिसहरूसूग मिलेर निजी रूपमा वा गोप्य तरिकाले आफ्नो धर्म वा विश्वास पूजा, पालना, अभ्यास र अध्यापनको माध्यमद्वारा प्रदर्शित गर्ने स्वतन्त्रता समावेश हुन्छ ।

- *मानवअधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा १८*

  प्रत्येक मानिसलाई विचारको, आस्थाको र धर्मको स्वतन्त्रताको अधिकार रहन्छ र यस अधिकार अन्तर्गत जोकसैले पनि आफ्नो धर्म वा विश्वास बदल्ने स्वतन्त्रता र एक्लै अथवा आफ्नो समुदायका अरु व्यक्तिहरूसँग मिलेर निजी रूपमा अथवा गोप्य तरिकाले आफ्नो धर्म वा विश्वास अध्ययन, अभ्यास, पूजा वा पालना प्रदर्शित गर्ने स्वतन्त्रता समावेश हुन्छ ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डका नियमावली, १९५५ को नियम ४१ र ४२*

  ४१(१) यदि कारागारमा एउटै धर्मका पर्याप्त संख्यामा वन्दीहरू भएमा कारागारका अधिकारीहरूले त्यस धर्म सम्बन्धी एउटा योग्य प्रतिनिधिको नियुक्ति गर्नु पर्नेछ अथवा स्वीकृति दिनु पर्दछ । यदि वन्दीहरूको संख्याले सो कुराको औचित्य सावित गरेमा र परिस्थितिले अनुमति बनाएको खण्डमा त्यस्तो व्यवस्था पूर्णकालीन रूपमा गरिनु पर्दछ ।

  (२) उप खण्ड (१) अर्न्तगत नियुक्त गरिएको अथवा स्वीकृत गरिएको योग्य प्रतिनिधिलाई नियमित धार्मिक कामहरू गर्न अनुमति दिइनेछ र आफ्नो

धर्मप्रति निष्ठा राख्ने वन्दीहरूलाई उचित समयमा धार्मिक भेट गर्न सक्नेछ ।

(३) योग्य धार्मिक प्रतिनिधिसूग भेट्नबाट कुनै पनि कैदीलाई रोक लगाईने छैन । अर्कातर्फ कुनै वन्दीले कुनै धर्मको प्रतिनिधिलाई भेट्न आपत्ति गर्छ भने निजको धारणालाई पूर्णतया कदर गरिनेछ ।

४२ संभव भएसम्म प्रत्येक वन्दीलाई आफ्नो धर्मका आवश्यकताहरू कारागारमा उपलब्ध गराइएको धार्मिक पूजामा उपस्थित भएर र सो धर्मलाई पालना गर्न चाहिने पुस्तकहरू र आफ्नो सम्प्रदायका निर्देशनहरू पनि आफूसँग राखेर परिपूर्ति गर्न दिईनेछ ।



## ६. सम्पर्कको अधिकार

थुनामा रहेका व्यक्तिको पनि सामाजिक र पारिवारिक जीवन हुन्छ। समाज र परिवारको सम्पर्कले बन्दीलाई पुनःस्थापना गर्ने कार्यलाई मद्धत गर्दछ। यसर्थ बन्दीलाई आफ्नो परिवारका सदस्य, कानुनी सल्लाहकारसँग भेटघाट र सञ्चार माध्यमहरूमा पहुँचको अधिकार हुन्छ। यस अन्तरगत प्रत्यक्ष भेटघाट, पत्र व्यवहार, टेलिफोन सम्पर्क आदि पर्दछन्। यसैगरी बन्दीको बन्दी अवस्थाबारे, स्थानान्तरण बारे, मृत्यु बारेमा बन्दीका नजिकका आफन्तहरूलाई खवर गर्नु कारागार प्रशासनको कर्तव्य हुन्छ।

**असल अभ्यासहरू**

*कारागारमा थुनिएका व्यक्तिहरुले स्वतन्त्रताको हक गुमाउछन् तर मानवका हैसियतले उनका अन्य हकहरु यथावत हुन्छन् । यी हकहरुमध्ये एउटा महत्वपूर्ण हक हो, आफ्नो परिवारसँग सम्पर्क । यो हक थुनुवाको पनि हो र जेलखाना बाहिर बसेका उसका परिवारका सदस्यहरुको पनि हक हो । उनीहरुले थुनामा परेका बखत आफ्ना बुवा या आमा, छोरा या छोरी अथवा दाजु-भाई, दिदी-बहिनीसँग भेट गर्नु उनीहरुको हक हो। यस्तो सम्बन्धलाई सुनिश्चित रुपमा कायम राख्नु र विकसित गर्नु कारागार प्रशासनको जिम्मेवारी हो । यही सिद्धान्तहरुको आधारमा परिवारका निकट् सदस्यहरुसँग प्रत्येक स्तरको सञ्चार व्यवस्था मिलाउनु पर्दछ । त्यसर्थ कुनै हालतमा पनि थुनुवालाई दण्ड स्वरुप परिवारका सदस्यहरुसँग भेटघाटमाथि प्रतिबन्ध लगाउनु हुँदैन । १९७८ मा मानव अधिकारको यूरोपेली अदालतले कारागारमा हुँदा पनि विवाह गर्न पाउनु थुनुवाको हक हो भनी निर्णय गरेको थियो ।*

*कारागारमा रहेका बन्दीहरुलाई पत्र व्यवहार र भेटघाटको हक रहन्छ । कारागारमा पुस्तक, रेडियो र टेलिभिजनको पहुँचले बन्दीको बाहिरी संसारसँगको पहुँचलाई जीवन्त राख्दछ । धेरै देशहरुमा प्रायः परिवार द्वारा भेटघाट अथवा लामो अवधिको भेटघाटका लागि व्यवस्था गरिएको छ । यसका विभिन्न रुप हुन सक्छन् । पूर्वीयूरोप र मध्य एसियाका धेरै कारागार र बस्तीहरुमा कारागारको क्षेत्रभित्रनै साना घरहरुको व्यवस्था गरिएका छन् , जहाँ भेटघाट गर्न आउने व्यक्तिहरु ७२ घण्टासम्म आफ्ना परिवारका सदस्य वन्दीसँग बस्न सक्छन् । खास व्यवस्थाको रुपमा ६ वटा परिवारहरु सम्मका लागि त्यसमा एउटा सामुहिक भान्सा, सामाजिक क्षेत्र र शौचालय ,स्नानघरका सुविधाहरु र छुटा-छुट्टै परिवारहरुको लागि एउटा वा दुईटा सुत्नेकोठाहरु भएको साना एकाईहरुको व्यवस्था मिलाइएको हुन्छ । ती वन्दीहरु जसले यो सुविधाको हक पाएको छ, वर्षमा ३ अथवा ४ पटक आफ्ना परिवारसँग यस व्यवस्थाको उपयोग गर्न सक्छन् । एकैपटक परिवारका ३ अथवा ४ सदस्यहरु, जसमा श्रीमान्/श्रीमति अथवा साथी, आमा वुवा, हजुरआमा, वुवा बच्चा, समावेश हुन सक्छन्, आउन सक्छन् ।*

क्यानडा र अमेरिकाका कुनै-कुनै कारागार प्रणालीमा यस्ता सुविधाहरु उपलब्ध छन् । जहाँ कारागारको हाता भित्र प्राय: एक प्रकारको चलायमान घर हुन्छ जसको वरिपरि एकान्त र गोपनियता प्रदान गर्नलाई काठको एउटा पर्खाल हुन्छ । सम्बद्ध वन्दीहरुले सुरक्षा-निरिक्षणका लागि प्रतिदिन तोकेको समयमा कारागार भित्र उपस्थित हुनु पर्छ । यस्तो भेटघाटलाई स्वभाविक पारिवारिक जीवन मान्न सकिँदैन तर यसबाट एउटा माहौल उत्पन्न हुन्छ, जसमा परिवारका सदस्यहरुले कारागारमा रहेको आफ्नो परिवारको सदस्यसंग आफ्नो सम्पर्कलाई थप रुपमा सशक्त बनाउंछन् ।

दिर्घकालीन कैदीहरु जसले आ-आफ्ना सजायका केही अवधि काटेका छन् र कुनै प्रकारका खतरा सावित भएका छैनन् , त्यस्ता कैदीहरुका लागि भारतका राजस्थान र अन्य केही राज्यहरुमा खुला गाउँ जस्ता कारागारहरु स्थापित गरिएका छन् । कैदीहरु आ-आफ्ना परिवारसँग ती कारागारहरुमा बसोबास गर्न सक्छन् र उनीहरु कृषि अथवा अरू कुनै काम कारागार नजिकै गर्छन् । उनीहरुका बच्चाहरुका लागि त्यहाँ स्कूल र अन्य सुविधाहरुको लागि व्यवस्था गरिएको हुन्छ ।

दाम्पत्य भेटघाटको अनुमति डेनमार्क, स्वीडेन, नेदरलैण्ड र स्पेन सहित कुनै-कुनै पश्चिमी यूरोपेली मुलुकहरुमा दिइन्छ । यस्तो व्यवस्थाले वन्दीहरुसंग एउटा व्यक्ति, सामान्यतया पति वा पत्नी अथवा दिर्घकालीन साथी भेटन र 3 घण्टासम्म बस्न अनुमति दिन्छ । ती दुईजना को जोडा एक्लै एकान्त कोठामा बस्छन् जहाँ एउटा ओछ्यान र नुहाउने सहितको सरसफाईको अन्य सुविधाहरु रहन्छन् । यसभन्दा थोरै औपचारिक रुपका भेटघाटको व्यवस्था ल्याटीन अमेरिकाका कारागारहरुमा पाइन्छ, जहाँ सामान्यतया साताको अन्तमा पुरुष वन्दीहरुलाई भेट्न उनका परिवारहरु आउँछन् । सबै ठाउँमा नभएपनि कुनै-कुनै ठाउँमा महिला वन्दीहरुले पनि यो सुविधा पाएका छन् । यी भेटघाटहरु प्राय: कारागारकै कक्षमा हुन्छ, जहाँ एकान्त र गोपनियताको लागि प्राय: डोरीहरुमा तन्नाहरु र कम्बलहरु झुन्ड्याइएको हुन्छ ।

कुनै-कुनै देशमा वन्दीसँग उसका परिवारलाई एउटा ठूलो कोठामा भेटाइन्छ, जुन कोठा त्यही कार्यका लागि तयार पारिएको हुन्छ । त्यस्ता कोठाहरुका व्यवस्था मिलाउँदा खेरी के विचार गर्नुपर्छ भने कानुनसम्मत सुरक्षाका आवश्यकताहरु र परिवारसँग सम्पर्क राख्ने वन्दीको आवश्यकता बीच एउटा सन्तुलन होस् । वन्दी र भेटघाट गर्न आउने व्यक्तिको बिच सोझै कुनै रोकावट विना नै कुराकानी होस् भन्ने नीति हुनुपर्छ । कुनै टेबुल वा डेस्कको वरीपरि बसे हुन्छ । कुनै विशेष कारण नभए वन्दीलाई भेट्न आएका व्यक्तिलाई एकअर्कालि छुँदा कुनै प्रतिरोध गर्न हुँदैन । भेट्न आउँने व्यक्ति वन्दीको आफ्नो छोरा या छोरी छ भने यो कुरा ज्यादै महत्वपूर्ण छ ।

*केही देशहरुमा वन्दीहरुलाई उनका परिवारहरुसँग भीडियो मार्फत कुराकानी गर्ने व्यवस्था गरिएको छ । जुन यन्त्रमार्फत उनीहरु एक आपसमा कुराकानी गर्नसक्छन् । थप उपलब्धिको रुपमा यो तरिका ती वन्दीहरुका लागि ज्यादै महत्वपूर्ण छ, जसको कारागार घरबाट निकै टाढा छ र जसका परिवारका सदस्यहरु उसलाई भेट्न कारागार सम्म सजिलोसँग आउन सक्दैनन् ।*

*क्वीन्सलैण्ड (अष्ट्रेलिया)का सुधार सेवा आयोगले भीडियो मार्फत कुराकानी गर्ने सुविधा आफ्ना केही कारागारहरु र टाढाका आदिवासी गृह समुदायहरुबीच स्थापित गरेको छ । यसबाट वन्दीहरुले आफ्ना आफन्तहरुको मुहार अवलोकन गर्दै कुराकानी गर्न सक्छन् ,खास गरेर गृह समुदायमा परेको भावनात्मक आपतका बेलामा ।*

*सिंगापुरको कारागार विभागले आफ्नो पहिलो टेलिविजीटिङ्ग युनिटको शुरूवात गरेको छ । यो तरिका आफै कारागार परिसरमा नआउने अथवा कारागारबाट निकै टाढा बस्ने नातेदारहरुलाई मद्दत गर्न तयार पारिएको हो ।*

*कैयौं कारणवश धेरै वन्दीहरु यस्ता पनि हुन सक्छन् जसलाई भेट्न कोही आफन्त वा इष्ट-मित्र आउँदैनन् । कैदभन्दा पहिला उनीहरु बसेको परिस्थितिको कारणले अथवा उसका अपराधको प्रकृतिले गर्दा उसका इष्ट-मित्र र नातेदारहरुले उसलाई त्यागेको हुनाले यस्तो हुन सक्छ । यस्तो अवस्थामा उनीहरुलाई बाहिरी संसारसित सम्पर्कमा राख्नलाई कारागारका पदाधिकारीहरुले स्थानीय समुदायबाट स्वयंसेवकहरुका व्यवस्था अपनाउने वारे विचार गर्नुपर्छ ताकि ती स्वयं-सेवकहरु त्यस्ता वन्दीहरुसँग भेटघाट गर्नलाई नियमित रुपमा आउने छन् ।*

*श्रोतः कारागार व्यवस्थापनको मानवअधिकारवादी दृष्टिकोण एन्ड्रो कोयल, अनुवाद कारागार व्यवस्थापन विभाग परियोजना, २०६२ ।*

**पुस्तकालय र रेडियो केन्द्र राख्ने**

थुनुवा वा कैदीहरूको समय सदुपयोग गर्नलाई श्री ५ को सरकारले तोकिदिएको कारागारमा पुस्तकालय र रेडियो श्रवण केन्द्र समेत राखिनेछ।

*कारागार नियमावली, २०२० को नियम ३३*

**टेलिफोन**

जेलर वा निजले तोकेको कर्मचारी वा सुरक्षाकर्मीको रेखदेखमा आफ्नो परिवारसंग टेलिफोन वा अन्य सञ्चार सम्पर्क गर्न सुविधा पाउन सक्नेछ।

*कारागार ऐन (दशौं संशोधन), २०६२ द्वारा थप भएको २६ (घ)*

**भेटघाट र पत्रव्यवहारको सुविधा**

(१) कारागारमा रहेका सबै थुनुवा वा कैदीहरूलाई देहायको सुविधा दिइनेछः

(क) कार्यालयको समयमा जेलरको रेखदेखमा हप्ताको दुइपटक आफ्ना नातेदार र मित्रहरूसँग भेटघाट गर्न पाउनेछ। त्यसरी भेटघाट गर्दा कैदी वा थुनुवा कारागारको ढोकाभित्र र भेट गर्न आउने व्यक्ति ढोका बाहिर रही कुरा गर्न पाउँनेछ।

(ख) जेलरले सेन्सर गरी पास गरेको प्रत्येक चिठ्ठी लिन र एक हप्तामा दुईवटासम्म चिठ्ठी जेलरद्वारा सेन्सर गराई पठाउन सक्नेछ।

(ग) श्री ५ को सरकारबाट इजाजत प्राप्त वा अनुमति दिएका अखवार, म्याग्जिन तथा किताबहरू लिन पाउनेछ।

(२) कारागार कैदी वा थुनुवालाई आए गएको चिठ्ठीपत्र जेलरले सेन्सर गर्दा देश र नरेशलाई हानिकारक प्रत्यक्ष वा अप्रत्यक्ष कुनै किसिमको संकेत चिन्ह र सार्वजनिक हित बाहेक कुनै संगठन गर्ने विचार दर्शाएको चिठ्ठी पत्रपत्रिका जफत गरी कारवाहीको निमित्त सम्बन्धित प्रमुख जिल्ला अधिकारी छेउ पेस गर्नुपर्छ।

*कारागार नियमावली, २०२० को नियम २६*

## *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ धारा २3*

  परिवार समाजको एउटा प्राकृतिक र आधारभूत समूहगत एकाई हो र समाज तथा राज्यबाट संरक्षण पाउनु उसको अधिकार हो।

- *नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १०*

  स्वतन्त्रताबाट वन्चित गरिएको प्रत्येक व्यक्तिलाई मानवीयता मानिसमा अन्तर्निहित मर्यादा प्रति आदरका साथ व्यवहार गरिनेछ। परिवारसँग उच्चतम सम्भावित सम्पर्क सुनिश्चित गर्नु कैदीहरूलाई मानवीयतापूर्वक व्यवहार गर्ने प्रणालीको एउटा अङ्ग हो।

- *मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १२*

  कुनै पनि व्यक्तिको गोप्यता, परिवार, घर अथवा पत्राचार......मा मनपरी हस्तक्षेप गरिने छैन।

- *नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १७*

१. कसैको पनि निजी गोपनीयता, परिवार घर वा पत्राचार उपर जथाभावी वा गैर कानुनी हस्तक्षेप गरिनेछैन साथै प्रतिष्ठा र ख्यातिमा गैर कानुनी आघार पुऱ्याइनेछैन ।

२. हरेकव्यक्तिलाई यस्ता हस्तक्षेप वा आघातविरुद्ध कानुनी संरक्षणको अधिकार छ ।

- *जुनसुकै स्वरूपको थुनछेक वा कैद सजाय अन्तर्गतका सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी सिद्धान्त, १९८८ को सिद्धान्त १८*

हिरासत अथवा कैदमा परेको व्यक्ति र उसको कानुनी सल्लाहकार बीचको वार्तालाप कानुन लागू गर्ने अधिकारीले हेर्न सक्ने तर सुन्न नसक्ने गरी गर्नु पर्दछ ।

*ऐं . को सिद्धान्त १९*

हिरासत अथवा कैदमा रहेको व्यक्तिको हक छ की विशेषगरी उसका घर परिवारका सदस्यहरू उसलाई भेट्न आउन सक्छन् र उनीहरूसंग उसले पत्र व्यवहार गर्न सक्छ । साथै बाँकी संसारसँग पत्राचार गर्ने उसलाई पर्याप्त मौका प्रदान गरिनेछ । यद्यपी नियम कानुनले तोकेका अवस्था र बन्देजहरू पनि यसमा लागु हुन सक्छन् ।

*ऐ . को सिद्धान्त २०*

यदि हिरासत वा थुनामा रहेको व्यक्तिले अनुरोध गर्छ भने सम्भव भएमा उसलाई उसकै घरको नजिक नै हिरासत वा थुनामा राख्नुपर्छ ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ को नियम ३७*

आवश्यक रेखदेखअन्तर्गत वन्दीहरू नियमित अन्तरालमा घर-परिवारका सदस्यहरू र इज्जतदार मित्रहरूसँग पत्रहरू मार्फत र भेटघाट मार्फत कुराकानी गर्नसक्छन् ।

*ऐ .को नियम ७९*

वन्दी र उसका परिवार दुवैको सर्वोत्तम हितको लागि आवश्यक पर्ने उनीहरूको वीचको यस्तो सम्बन्धहरूको स्थायित्व र विकासको लागि विशेष ध्यान दिइने छ ।

*ऐ. को नियम ३९*

वन्दीहरूलाई नियमित रूपमा समाचारपत्रहरू, पत्र पत्रिकाहरू वा कारागारका विशेष प्रकाशनहरूलाई पढेर, रेडियो प्रशारण सुनेर, प्रवचनद्वारा वा प्रशासनले अनुमति दिएको वा नियन्त्रण गरेको अन्य कुनै पनि उस्तै माध्यमद्वारा मुख्य मुख्य समाचारहरू वारे सुचित गरिनेछ ।



## ७. कानुनी प्रतिनिधित्वको अधिकार

बन्दी अवस्थामा रहेको प्रत्येक व्यक्तिलाई आफ्नो कानुनी सल्लाहकारसँग भेट्ने, तथा सल्लाह र सहयोग लिने अधिकार हुन्छ । यस्तो कानुनी सल्लाह गोप्य वातावरणमा गर्न पाउनु पर्दछ । *यस सम्बन्धमा यसै निर्देशिकाको खण्ड "ख" को 3 मा* बृहत चर्चा भएकोले यहाँ पुनरावबृत्ति गरिएको छैन ।

## ८. श्रमसम्बन्धी व्यवस्था

बन्दीहरूको अधिकांश समय त्यसै खेर गइरहेको हुन्छ । जस्तो अवस्थामा बन्दीलाई सीप विकास सम्बन्धी काममा लगाउन उसको समयको सदुपयोग हुने, उसलाई आर्थिक फाइदा हुने र ऊ छुटेर जाँदा समाजमा पुनःस्थापित हुन मद्धत पुग्दछ । तर यस्तो श्रम बन्दीको स्वेच्छाविपरित र अनिवार्य हुनुहुँदैन ।

### कानुनी व्यवस्था

**थुनुवा वा कैदीहरूलाई काममा लगाउने**

प्रचलित नेपाल कानुनमा अन्यथा लेखिएकोमा बाहेक कुनै थुनुवा वा कैदीलाई निजको इच्छा विरुद्ध कुनै काममा लगाइने छैन । तर श्री ५ को सरकारले थुनुवा वा कैदीहरूको स्वास्थ्य, आर्थिक उन्नति वा सुधारको निमित्त आवश्यक ठानेमा कुनै थुनुवा वा कैदीलाई कुनै काममा लगाउने व्यवस्था गर्न सक्नेछ ।

*कारागार ऐन, २०१९ को दफा १०*

**कारखानामा काम लगाउने**

(१) राजकाजसम्बन्धी मुद्दाको कैदी वा थुनुवाबाहेक अरु कैदी वा कैदिनीहरूलाई कारागारको कारखानामा काम लगाउन सकिनेछ ।

तर राजकाज सम्बन्धी मुद्दाको कैदी वा थुनुवाले चाहेमा कारखानामा काम गर्नलाई यस नियमले बाधा दिने छैन ।


(२) काममा लगाउने कैदी वा थुनुवा झिक्दा काम लगाउने कर्मचारी र कारागार कार्यालयको कर्मचारीको समेत दुवै थरी बसी एक एक एक गिन्ती गरी लिने दिने गर्नुपर्छ । सो काममा गएका कैदी वा थुनुवा चिन्ने रेखदेख गर्ने नाइके १ जवानसमेत पठाउने गर्नुपर्छ ।

*कारागार नियमावली, २०२० को नियम ३६*

**घरेलु इलम केन्द्र समेत खोल्ने**

कारागारभित्र रहेको कैदीहरूको समयको सदुपयोग गराउन र स्वाबलम्बी बनाउनको लागि श्री ५ को सरकारले घरेलु इलमसम्बन्धी कारखाना खोल्न सक्नेछ ।

*कारागार नियमावली, २०२० को नियम ३४*



## *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय अनुबन्ध, १९६६ को धारा ८*

३ (क) कसैलाई पनि जबरजस्ती वा अनिवार्य श्रम गर्न लगाइने छैन।

(ख) कुनै अपराधको दण्ड सजायको रूपमा कडा श्रम सहितको कैद लागू गर्न सकिने देशहरूमा सक्षम अदालतले निर्णय गरेको दण्ड कार्यान्वयन गर्ने क्रममा कडा श्रम गराउन प्रकरण ३ (क) ले रोक लगाएको मानिने छैन।

(ग) यस अनुच्छेदको प्रयोजनको लागि "बलजफ्ति र अनिवार्यश्रम" भन्ने शब्दले निम्न कुराहरू जनाउने छैन :

(१) उप-अनुच्छेद (ख) मा उल्लेख नभएको अदालतको कानुनी आदेशको परिणामस्वरूप थुनामा रहेको कुनै व्यक्तिले गर्नु पर्ने वा यस्तो थुनाबाट सशर्त छुटेको व्यक्तिले सो अवधि भर साधारणत : गर्नु पर्ने कुनै काम वा सेवा।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहार सम्बन्धी आधारभूत सिद्धान्तहरु, १९९० को सिद्धान्त ८*

वन्दीहरूलाई उनीहरूको देशको श्रम बजारमा पुनर्स्थापन हुन सुगम गर्ने र उनीहरूको आफ्नो तथा परिवारको आर्थिक सहायताको लागि योगदान पुऱ्याउन सक्षम वनाउने अर्थपूर्ण पारिश्रमिक भएको रोजगार अपनाउने अवस्थाको श्रृजना गरिनेछ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहार सम्बन्धी न्यूनतम मापदण्डको नियमावली, १९५५ को नियम ७१*

(१) कारागार श्रम कष्टदायी प्रकृतिको हुनुहुँदैन।

(२) सजाय भोगी रहेका सबै बन्दीहरूले स्वास्थ्य अधिकृतले उनीहरूको शारीरिक र मानसिक सक्षमता अनुरूप काम गर्न आवश्यक पर्नेछ।

(३) बन्दीहरूलाई सामान्य काम गर्ने दिनको लागि सक्रीय रूपमा काममा लगाउन उनीहरूलाई उपयोगी प्रकृतिको पर्याप्त काम प्रदान गरिनेछ।

(४) यथासम्भव कारागार मुक्त भएपछि इमान्दारीपूर्वक जीविकोपार्जन गर्न बन्दीहरूको योग्यता बृद्धि गर्ने खालको काम प्रदान गरिनुपर्दछ।

(५) यसबाट फाईदा लिन सक्ने बन्दीहरूलाई र खास गरेर युवा बन्दीहरूलाई उपयोगी व्यवसायको व्यावसायिक तालिम प्रदान गरिनेछ।

(६) बन्दीहरूले उचित व्यवसायिक छनौटको सीमा अनुकुल र संस्थागत प्रशासन र अनुशासनको आवश्यकता अनुरूप उनीहरूले गर्न रुचाउने कामको प्रकार छनौट गर्न समर्थ हुने छन्।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहार सम्बन्धी न्यूनतम मापदण्डको नियमावली, १९५५ को नियम ७२*

  (१) सामान्य पेसेवर जीवनको अवस्थाको लागि बन्दीहरूलाई तयार गर्न संस्थाहरू भित्रको कामको कार्य पद्धति र तरिका संस्था भन्दा बाहिर गरिने त्यस्तै कामसँग यथासम्भव मिल्दो जुल्दो हुनेछ ।

  (२) बन्दीहरूको हित र उनीहरूको व्यावसायिक तालिम कसै गरेर पनि संस्थामा रहेको कुनै उद्योगबाट आर्थिक आम्दानी गर्ने उद्देश्य भन्दा गौण गर्नु हुदैन ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहार सम्बन्धी न्यूनतम मापदण्डको नियमावली, १९५५ को नियम ७३*

  (१) संस्थागत उद्योगहरू र खेतीहरू अपेक्षाकृत निजी ठेकेदारहरूद्वाराभन्दा प्रशासनद्वारा संचालन गरिएको हुनुपर्दछ ।

  (२) प्रशासनद्वारा नियन्त्रण नभएका काममा बन्दीहरूलाई लगाउँदा तिनीहरूलाई सधैं नै संस्थाका कर्मचारीहरूको निरिक्षण अन्तर्गत लगाईनु पर्छ । यदि अरु सरकारी विभागहरूको लागि सो काम होईन रहेछ भने बन्दीहरूले गरेको कामको हिसाब गरेर उनीहरूको कामको प्रयोग गर्ने व्यक्तिद्वारा त्यस्ता कामको सामान्य पूरा ज्याला प्रशासनलाई बुझाएको हुनुपर्दछ ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहार सम्बन्धी न्यूनतम मापदण्डको नियमावली, १९५५ को नियम ७४*

  (१) स्वतन्त्र कामदारहरूको स्वास्थ्य र सुरक्षाको संरक्षणको लागि निर्धारित गरिएका सावधानीहरू संस्थाहरू भित्र पनि समान रूपमा अपनाइनेछ ।

  (२) वन्दीहरूलाई पनि पेसागत रोग समेत औद्योगिक चोटपटक विरुद्ध स्वतन्त्र कामदारहरूलाई दिइने क्षतिपूर्ति कम नहुने गरी क्षतिपूर्ति दिने व्यवस्था गरिनेछ ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहार सम्बन्धी न्यूनतम मापदण्डको नियमावली, १९५५ को नियम ७५*

  (१) वन्दीहरूको अधिकतम दैनिक र साप्ताहिक काम गर्ने अवधि कानुनद्वारा अथवा प्रशासनिक नियमद्वारा स्वतन्त्र कामदारहरूको रोजगारी सम्बन्धी स्थानीय नियम अथवा चलनलाई ध्यानमा राखेर निर्धारित गरिनेछ ।

  (२) वन्दीहरूको पुर्नस्थापना र उनीहरूप्रति गरिने व्यवहारको लागि आवश्यक पर्ने शिक्षा र अरु क्रियाकलापहरूको लागि पर्याप्त समय र हप्तामा एक दिन आरामको लागि छुटी दिने गरी यस्तो कामको अवधि निर्धारित गरिएको हुनुपर्दछ ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहार सम्बन्धी न्यूनतम मापदण्डको नियमावली, १९५५ को नियम ७६*

  (१) वन्दीहरूको कामको न्यायपूर्ण परिश्रमिक दिने प्रणाली हुनुपर्दछ ।

  (२) यस प्रणाली अर्न्तगत वन्दीहरूलाई आफ्नो कमाईको केही अंश उनीहरूको व्यक्तिगत प्रयोजनको लागि स्वीकृत भएको वस्तुमा खर्च गर्न तथा आफ्नो कमाईको केही अंश उनीहरूको परिवारलाई पठाउने अनुमति दिइनेछ ।

  (३) यस प्रणालीमा वन्दीको कमाईको केही अंश प्रशासनद्वारा बचत कोष स्थापना गर्न छुट्याएर राखिदिने व्यवस्था पनि गरिनुपर्छ जसवाट ऊ कारावास मुक्त भई जाने बेलामा केही रकम उसलाई दिन सकियोस् ।

## ९. शिक्षाको अधिकार

शिक्षा मानिसको व्यक्तित्व विकासको आधार हो । बन्दी अवस्थामा रहेको व्यक्ति विशेषत कम उमेरको पढ्दै गरेको व्यक्तिलाई दिइने शिक्षाको अवसरले उसलाई समाजमा असल नागरिकको रूपमा पुनःस्थापित हुन मद्धत गर्दछ, जुन फौजदारी न्यायको उद्देश्य पनि हो ।

औपचारिक शिक्षा सँगसँगै साँस्कृतिक क्रियाकलापको लागि अवसर प्रदान गर्नु पनि महत्वपूर्ण हुन्छ, किनकि यसले वन्दीहरूलाई अझ अग्रसर हुने सन्दर्भ प्रदान गर्नेछ । जसमा उनीहरूमा आत्मसम्मानको र चेतनाको विकास हुन सक्नेछ ।

### कानुनी व्यवस्था

**पढ्नलाई स्कुलकोप्रबन्ध गर्ने**

(१) कारागारमा थुनिएका केटाकेटीहरू र प्रौढ व्यक्तिहरूको आवश्यकतानुसार प्राथमिक, माध्यामिक (मिडिल) र प्रौढ स्कुलको व्यवस्था र सो स्कुललाई चाहिने आवश्यकीय सहायताको प्रबन्ध गरिनेछ ।

(२) उप-नियम (१) बमोजिम व्यवस्था गरिएको स्कुलमा यथाशक्य कारागारमा परेका शिक्षित व्यक्तिहरू मध्येबाट जेलरले योग्य छानी शिक्षकको रूपमा नियुक्ति गर्नेछ । शिक्षकको काम गरे वापत निजहरूलाई पारिश्रमिक दिइनेछ ।

*कारागार नियमावली, २०२० को नियम ३१*

## अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूले के भन्दछन् ?

- *मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ धारा २६ र २७*

  २६ (१) प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार हुन्छ ।

  २६ (२) शिक्षा मानव व्यक्तित्वको पूर्ण विकास गर्नको लागि र मानव अधिकार र मौलिक स्वतन्त्रताको सम्मानको सुदृढीकरण गर्न निर्देशित हुनुपर्दछ ।

  २७ (१) हरेक व्यक्तिलाई समुदायको सांस्कृतिक जीवनमा भाग लिन, कलाको आनन्द लिन र वैज्ञानिक प्रगति र यसको फाईदा मा साझेदारी गर्ने अधिकार हुनेछ ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहार सम्बन्धी अधारभूत सिद्धान्तहरू, १९९० को सिद्धान्त ६*

  १) सबै वन्दीहरूलाई मानव व्यक्तित्वको पूर्ण विकास गर्न लक्षित गरिएको साँस्कृतिक क्रिया-कलाप र शिक्षामा भाग लिने अधिकार हुनेछ ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहार सम्बन्धी न्यूनतम मापदण्डको नियमावली, १९५५ को नियम ४०*

  सबै वर्गको वन्दीहरूको प्रयोगको लागि प्रत्येक संस्थामा मनोरञ्जनात्मक र प्रशिक्षणात्मक दुवै प्रकारको पुस्तकहरू पर्याप्त मात्रामा भरिपूर्ण भएको पुस्तकालय हुनुपर्दछ र वन्दीहरूलाई यसको पूर्ण प्रयोग गर्न प्रोत्साहित गर्नुपर्दछ ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहार सम्बन्धी न्यूनतम मापदण्डको नियमावली, १९५५ को नियम ७७*

  १) लाभान्वित हुन सक्ने सबै वन्दीहरूका लागि सम्भव हुने देशहरूमा धार्मिक प्रशिक्षण लगायत अतिरिक्त शिक्षाको लागि व्यवस्था गरिनेछ । निरक्षर र युवा वन्दीहरूको लागि शिक्षा अनिवार्य हुनुपर्दछ र प्रशासनद्वारा यसको लागि विशेष ध्यान दिइएको हुनुपर्दछ ।

  २) व्यवहारिक बनाउन सकेसम्म वन्दीहरूको शिक्षालाई देशको शैक्षिक प्रणालीसँग आवश्यकता अनुसार जोडिएको हुनुपर्दछ जसको कारणले काराबास मुक्त भएपछि तिनीहरूले आफ्नो शिक्षालाई कठिनाई बिना निरन्तरता दिन सक्नेछन् ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहार सम्बन्धी न्यूनतम मापदण्डको नियमावली, १९५५ को नियम ७८*

  वन्दीहरूको शारीरिक र मानसिक स्वास्थ्य लाभको लागि सबै संस्थाहरूमा मनोरञ्जनात्मक र साँस्कृतिक क्रिया-कलापहरू प्रदान गरिएको हुनुपर्दछ ।

- *संयुक्त राष्ट्रसंघको आर्थिक तथा समाजिक परिषद्को निर्णय, १९९०/२० ले कारागारहरुमा शिक्षाको सम्बन्धमा निम्न वमोजिम उल्लेख गरेको छ :*

क) कारागारहरूमा दिइने शिक्षा वन्दीको सामाजिक, आर्थिक र साँस्कृतिक पृष्ठभूमिलाई ध्यानमा राखेर व्यक्तिको सम्पूर्ण विकास गर्ने लक्ष्य लिएको हुनुपर्दछ ।

ख) सबै वन्दीहरूलाई साक्षरता कार्यक्रमहरू, प्राथमिक शिक्षा, व्यवसायिक तालिम, श्रृजनात्मक, धार्मिक र साँस्कृतिक क्रियाकलापहरू, शारीरिक शिक्षा र खेलकूद, सामाजिक शिक्षा, उच्चतर शिक्षा र पुस्तकालय सुविधाहरू समेत शिक्षामा पहुँच प्राप्त भएको हुनुपर्दछ ।

ग) शिक्षाको सबै क्षेत्रहरूमा वन्दीहरूलाई सकृय तवरले भाग लिन लगाउन प्रोत्साहित गर्न हर सम्भव प्रयत्न गरिएको हुनुपर्दछ ।

घ) कारागार प्रशासन र व्यवस्थापनमा संलग्न भएका सबैले हरसम्भव शिक्षालाई समर्थन गर्नुपर्छ र सहज बनाउनु पर्दछ ।

ङ) कारागार शासन पद्दतिमा शिक्षा एउटा अति आवश्यक तत्व हुनुपर्दछ; स्वीकृत औपचारिक शैक्षिक कार्यक्रमहरूमा भाग लिने वन्दीहरूलाई हतोत्साही गर्ने कार्य बन्द गर्नु पर्दछ ।

च) व्यवसायिक शिक्षा व्यक्ति विशेषको वृहत विकासमा लक्षित र श्रम बजारको झुकाव प्रति संवेदनशील हुनुपर्दछ ।

छ) श्रृजनात्मक र साँस्कृतिक क्रिया-कलापहरूलाई उल्लेखनीय भूमिका दिइनुपर्दछ किनकी यस्ता कार्यक्रमहरूसँग वन्दीहरूलाई तिनीहरूको विकास र अभिव्यक्ति प्रस्तुत गर्न सक्षम बनाउने विशेष सम्भाव्यता रहेको हुन्छ ।

ज) जहाँसम्म सम्भव हुन्छ, वन्दीहरूलाई कारागार बाहिरको शिक्षामा संलग्न हुन अनुमति दिइनु पर्दछ ।

झ) जहाँ कारागारभित्र शिक्षा प्रदान गरिन्छ त्यहाँ सम्भव भएसम्म पूर्ण तवरले बाह्य समुदायलाई संलग्न गरिएको हुनुपर्दछ ।

ञ) आवश्यक कोष, सामग्री र शिक्षण कर्मचारीहरू वन्दीहरूलाई उपयुक्त शिक्षा प्राप्त गर्न सक्षम बनाउनको लागि उपलब्ध गराइएको हुनुपर्दछ ।

*श्रोत: कारागार व्यवस्थापनमा मानव अधिकारवादी दृष्टिकोण, एन्ड्रो कोएल, अनुवाद- कारागार व्यवस्थापन विभाग परियोजना, २०६२।*

## १०. भेदभाव विरुद्धको अधिकार

समग्र फौजदारी न्यायका प्रक्रियामा समानताको हकको ठूलो महत्व हुन्छ भनेर चर्चा गरिसकिएको छ। बन्दी जीवनको अवस्थामा समानताको हकको अझ ठूलो महत्व हुन्छ। किनकि उसको स्वतन्त्रताको हक त छिनिएको नै हुन्छ। यहाँ समानता भन्नाले बन्दीहरू विचमा सरकारी व्यवहारको समानता हो। त्यस्तो .व्यवहार लिङ्गग, धर्म, जाति सम्पत्ति, विचार, जन्म आदिमा आधारित हुनुहुदैन। बन्दीका हिसावले सबै बन्दीहरू समान हुन्छन्।

**समानताको हक**

(१) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन।

(२) सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।

(३) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन। तर महिला, दलित, आदिबासी, जनजाति, मधेशी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पीछडिएको वर्ग वा बालक, वृद्ध तथा अपांग वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन।

(४) समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन।

*नेपालको अन्तरिम संविधान २०६३ को धारा १३*

**नजिर**

कारागार नियमावली, २०२० को नियम २१ (१) ले कारागारका वन्दीलाई "क" र "ख" गरी दुई श्रेणीमा विभाजन गर्ने र शिक्षा वा रहन सहनले ठूलो औकातमा बस्ने बानी परेकालाई क श्रेणीमा तथा बाँकीलाई ख श्रेणीमा राख्ने व्यवस्था र सोही अनुसार सिधा सुविधा दिने व्यवस्था संविधानको धारा ११ समेतसँग बाझिएकाले बदर घोषित गरिएको छ भनि सर्वोच्च अदालतले कारागारका कैदी बीचमा गरिएको भेदभावलाई अस्विकार गरेको छ। *(चन्द्रकान्त ज्ञवाली विरुद्ध म.प.स. समेत, नेकाप २०५७, अंक ६, ७, पृष्ठ ५०२, नि.नं. ६८१४)*

## *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *नागरिक र राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा २७*

  जातीय, धार्मिक वा भाषिक अल्पसंख्यक रहने राज्यहरूमा यस्ता अल्पसंख्यक व्यक्तिहरूलाई समुदायका अरु सदस्यहरूसँग उनीहरूको आफ्नो संस्कृतिको आनन्द लिने, उनीहरूको आफ्नो धर्मको अभ्यास र अनुसरण गर्ने वा आफ्नो भाषाको प्रयोग गर्ने अधिकार लाई इन्कार गरिने छैन।

- *सबै स्वरुपको जातीय भेदभाव उन्मुलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ धारा ५*

  यस महासन्धिको धारा २ मा उल्लेखित मौलिक दायित्व अनुरूप जात, रंग वा राष्ट्रिय वा जातीय उद्गम जस्ता कुराको विभेद बिना सबै स्वरूपको जातीय भेदभाव मनाही गर्ने र निषेध गर्ने तथा मुख्य रूपमा देहायका अधिकारहरूको उपभोगमा कानुनको अगाडि समानताको हकलाई राज्यपक्षहरूले प्रत्याभूति दिने वचन दिएका छन्

  क) ट्रिव्युनल र न्याय निष्पादन गर्ने अरु सबै अङ्गहरूको सामु समान व्यवहार गर्ने अधिकार ;

  ख) सरकारी अधिकारी, वर्ग वा कुनै व्यक्ति विशेष, समूह अथवा संस्थाद्वारा गरिने शारीरिक क्षति वा हिंसा विरुद्ध व्यक्तिको सुरक्षा र राज्यद्वारा प्रदान गरिने संरक्षणको अधिकार।

- *मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २*

  जात, रंग, लिंग, भाषा, धर्म, राजनैतिक तथा अन्य विचार राष्ट्रिय वा सामाजिक उद्गम, सम्पत्ति, जन्म वा अन्य हैसियत जस्ता कुराहरूको आधारमा कुनै विभेद बिना यस घोषणा पत्रमा निर्दिष्ट गरिएका सबै अधिकार र स्वतन्त्रता माथि हरेक व्यक्ति दावेदार हुन्छ।

- *जुनसुकै स्वरुपको थुनछेक वा कैद सजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्त संग्रह, १९८० को सिद्धान्त ५ (१)*

  जात, रंग, लिंग, भाषा, धर्म वा धार्मिक आस्था, राजनैतिक वा अन्य विचार राष्ट्रिय, जातीय वा सामाजिक उद्गम, सम्पत्ति, जन्म वा अन्य हैसियतहरू जस्ता कुराहरूमा कुनै विभेद बिना कुनै पनि राज्यको क्षेत्रभित्रका सबै व्यक्तिहरूलाई यी सिद्धान्तहरू लागू हुने छन्।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ को नियम ४१*

  ३) कुनै पनि वन्दीलाई कुनै पनि धर्मको योग्य प्रतिनिधिसम्मको पँहुच इन्कार गरिने छैन।

## ११. थप अधिकार तथा सुविधाहरू

अन्तर्राष्ट्रिय कानुनले बन्दीको पुनःस्थापना, कारागारका कर्मचारी, स्वास्थ्य सेवा, आवास र पुनःएकीकरणका विषयमा बृहद व्यवस्था गरेका छन । नेपाल कानुनमा यस सम्बन्धी व्यवस्थालाई समेटिएको छैन । नेपाल कानुनले बन्दीहरूलाई प्रदान गरेको थप अधिकार र सुविधाहरू:

### कानुनी व्यवस्था

**म्याद भन्दा बढी थुन्न वा कैद गर्न नहुने**

(१) म्याद तोकिइ थुनिए वा कैद परेका थुनुवा वा कैदीलाई सो म्याद पुगेपछि र प्रचलित नेपाल कानुन बमोजिम अधिकार प्राप्त अधिकारीबाट छाड्न आदेश भै आएका थुनुवा वा कैदीलाई सो आदेश बमोजिम चौबीस घण्टाभित्र जेलरले थुना वा कैदबाट मुक्त गरी दिनु पर्छ ।

(२) पुर्पक्षलाई थुनिएको थुनुवाका सम्बन्धमा निज कारागार भित्र थुनिएको ६ महिनासम्ममा पनि कैद म्याद ठेकिएको रहेनछ वा निजलाई थुनाबाट मुक्त गर्ने आदेश आएको रहेनछ भने सो ६ महिना नाघेका तीन दिन भित्र जेलरले सो सम्बन्धी सबैकुरा खोली त्यस्तो थुनुवालाई थुन्न आदेश दिने अदालतको पुनरावेदन सुन्ने अदालतमा प्रतिवेदन पेस गर्नुपर्छ ।

(३) कुनै थुनुवा वा कैदीलाई छाड्नु पर्ने गरी फैसला वा आदेश भएकोमा त्यसको सूचना अविलम्ब सम्बन्धित कारागारलाई पठाई दिनुपर्छ ।

(४) पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशले पुनरावेदन अदालतको प्रादेशिक अधिकार क्षेत्र भित्रको कारागारको वर्षमा कम्तिमा एक पटक निरीक्षण गर्नु पर्नेछ र त्यसरी निरीक्षण गर्दा कुनै व्यक्ति ठेकिएको कैद भन्दा बढी अवधि कैदमा रहेको वा प्रचलित कानुनले थुन्न पाउने भन्दा बढी अवधि थुनामा परेको देखेमा त्यस्तो कैदी वा थुनुवालाई तुरुन्त छाडी दिने आदेश दिन सक्नेछ र त्यस्तोआदेश भएकोमा त्यसको पालना गर्नु सम्बन्धित जेलरको कर्तव्य हुनेछ । पुनरावेदन अदालतको मुख्य न्यायाधीशले कुनै कैदी वा थुनुवालाई तुरुन्त छाडी दिने आदेश दिएकोमा र कारागार निरीक्षण गर्दा यस ऐन बमोजिम नभएको वा गरेको अन्य कुरा देखेमा सो कुरा समेत खोली सर्वोच्च अदालत र श्री ५ को सरकार, गृह मन्त्रालयमा प्रतिवेदन पठाउनु पर्नेछ ।

(५) कुनै कर्मचारीको हेलचेक्र्याइबाट कुनै थुनुवा वा कैदी प्रचलित कानुन बमोजिम भन्दा बढी समयसम्म थुना वा कैदमा रहेको देखिएमा वा यस ऐन बमोजिम नभएको वा नगरेको अन्य कुनै कुरा देखिएमा त्यस्तो कर्मचारी उपर विभागीय कारवाही भई सजाय हुनेछ ।

*कारागार ऐन २०१९ को दफा १८*

**छुट्कारा दिंदा साक्षी राख्ने**

(१) कारागारमा रहेका कैदीलाई छुटकारा दिँदा नजिकको नातेदार वा साथी भए निजहरू, नभए ३/४ भलाद्मी वा नजिक अड्डा साक्षी राखी छुट्कारा पाएको प्रमाणित गरी सोही दिनमा छुट्वा पूर्जीसमेत दिई छाडीदिनुपर्छ।

(२) थुनुवालाई छाड्नुपर्दा यथाशक्य थुन्ने कार्यालयमा पठाइदिनुपर्छ सो कार्यालय टाढा भई समभव नभएमा मात्र उप नियम (१) बमोजिम गरी छाडीदिनुपर्छ।

*कारागार नियमावली, २०२० को नियम १२*

**बाटो खर्च दिने**

छुटकारा पाएका कैदी वा थुनुवाहरू मध्ये धेरै टाढाको घरसम्म पुग्न खर्च नहुने व्यक्तिलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट निकासा भए बमोजिम आवश्यक बाटो खर्च दिइनेछ।

*कारागार नियमावली, २०२० को नियम १४*

*सीप विकास तथा स्वास्थ्य र शिक्षा सम्बन्धी तालीम सञ्चालन*

कुनै संघ संस्थाले बन्दीको सीप विकास एवं स्वास्थ्य र शिक्षा सम्बन्धी ज्ञानको निमित्त कारागार भित्र त्यस्तो सिप विकास एवं स्वास्थ्य र शिक्षा सम्बन्धी तालीम सञ्चालन गर्न निवेदन दिएमा र त्यस्तो तालीम बन्दीको निम्ति उपयोगी देखिएमा कारागार व्यवस्थापन विभागले त्यस्तो तालीम सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

*कारागार ऐन (दशौं संशोधन), २०६२ द्वारा थप ३४ क*

मुद्दाको कारवाहीका सिलसिलामा अन्य अधिकारहरू, जसको बारेमा अघिल्ला खण्डहरूमा बृहत चर्चा भएकोले यहाँ बुँदा मात्र उल्लेख गरिएको छ।

- पक्राउ पूर्जी र थुनुवापूर्जी प्राप्त गर्ने अधिकार।
- गैर कानुनी थुनामा उपचार (वेरितको आदेश विरुद्ध निवेदन दिने अधिकार)
- बयान सम्बन्धी अधिकार।
- पेसीको सूचना प्राप्त गर्ने तथा अदालतमा उपस्थित हुन पाउने अधिकार।
- मुद्दा सुनुवाइमा प्राथमिकताको अधिकार।
- साक्षी परिक्षण सम्बन्धी अधिकार।
- पुनरावेदन गर्ने अधिकार।
- फैसलाको जानकारी पाउने अधिकार।
- यातना विरुद्धको अधिकार।
- नेल हतकडी विरुद्धको अधिकार (कारागार ऐन, २०१९, को दफा ७)
- अनुसन्धान प्रक्रियामा उपस्थित हुन पाउने अधिकार।
- कैद वा थुनाबाट मुक्ती पाउने अधिकार (कारागार ऐन, २०१९ को दफा १८, मु.ऐ. अ.वं. ११९)
- सजायबाट छुट पाउने अधिकार (कैद माफी मिनाहा पाउने, जरिवाना तिर्ने, खुल्ला कारागार र सामुदायिक सेवा)

# १२. वकिलको भूमिका

*बन्दीहरू मानव अधिकारका हिसावले सवैभन्दा जोखिममा रहेका समुदाय हुन । बाहिरी संसारमा रहेका मानिसहरूको व्यापक मानव अधिकारको उल्लंघनको परिप्रेक्ष्यमा तपाइले बन्दीका समस्याहरूलाई हेर्नुपर्दछ । नेपालमा बन्दीहरूमा अनगन्ति समस्याहरू छन् । जसमा कानुनी समस्या पनि महत्वपूर्ण रहेको छ ।*

*बन्दीहरूलाई बस्नका लागि पर्याप्त ठाउँ छैन । वर्गीकरण अनुसार बन्दीहरू राखिएका छैनन् । राज्यले अदालत वा अस्पताल लैजाँदा समेत यातायात खर्च बन्दीलाई व्यहोर्न लगाएको छ । थुनामा मानवोचित व्यवहारको अभाव छ । २ वर्षमा एकपटक ओड्ने ओछ्याउने बाड्ने र वर्षमा २ पटक लुगा बाड्ने जस्ता प्रावधानले बन्दीहरू शोषणमा परेका छन । उनीहरू माथि मानवोचित व्यवहार भइरहेको छैन । कारागारहरूमा बन्दीहरूलाई काम/सीप सिक्ने, काम गर्ने र खेल तथा मनोरञ्जनका व्यवस्थाहरू छैनन् । बन्दीको पुन:स्थापना सम्बन्धी व्यवस्था छैन । यस्तो अवस्थामा तपाइको भूमिका महत्वपूर्ण हुन सक्ने छ ।*

*केही समस्या कानुन र नियमसँग सम्बन्धित छन् । अन्तर्राष्ट्रिय मापदण्ड विपरितका कानुनहरू परिवर्तन गराउनमा पनि तपाइको भूमिका हुन सक्दछ ।*

*व्यक्तिगत तहमा तपाइको भूमिका हुन्छ कि:*

- *बन्दीलाई छुट्दा बाटो खर्च दिने कानुनी प्रावधान कार्यान्वयन गराउनुहोस् ।*
- *वर्गीकरण अनुसारका बन्दीहरूलाई अलग राख्ने कुरामा पहल गर्नुहोस् । हुनसक्दछ प्रशासनिक उपाय वा रिट ।*
- *बन्दीसँग गोप्य भेटघाटका लागि माग गर्नुहोस् । यो बन्दीका साथै तपाइको पनि अधिकार हो ।*
- *खाना, लुगा कपडाको वितरणमा भएका अव्यवहारिक कुराहरू हटाउन नियमहरू परिवर्तनको वातावरण बनाउनुहोस् ।*
- *बन्दीहरूलाई अदालत लैजाने खर्च राज्यले व्यहोर्नु पर्दछ त्यसका लागि सम्बन्धित अधिकारीको ध्यानाकर्षण गराउनुहोस् ।*
- *जेलरसँग समन्वय राखी काम गर्नुहोस् । उनीलाई कर्तव्यको स्मरण गराउनुहोस् ।*
- *जेलरबाट समाधान नभए प्र.जि.अ. वा कारागार व्यवस्थापन विभागमा सम्पर्क गर्नुहोस् ।*
- *अदालतमा मुख्य न्यायाधीश वर्षमा कम्तीमा एकपटक कारागार भ्रमण गर्नुपर्ने, कानुनी व्यवस्था कार्यान्वयन गराउन पहल गर्नुहोस् ।*
- *कानुनमा उपचार नभएका विषयहरूमा रिट गर्नेबारे सोच्नुहोस् ।*

खण्ड ङ

# कानुनी सहायताका दृष्टीले विशेष वर्गहरु


१. जोखिममा पर्न सक्ने थुनुवा ........ १९०
२. बालबालिका ........ १९६
३. महिला ........ २०८
४ विदेशी ........ २१३
५. वकिलको भूमिका ........ २१५

## खण्ड 'ङ' कानुनी सहायताका लागि विशेष वर्गहरू जस्तैः महिला, बालबालिका र थुनुवाहरूको बारेमा हुनेछ ।

## कानुनी सहायताका दृष्टिले विशेष वर्गहरू

असहाय, असमर्थ, कमजोर, गरिव, पिछडिएको, अशक्त, विपन्न, अभावग्रस्त जस्ता शब्दहरू नै कानुनी सहायतासँग जोडिएर आउने गरेको पाइन्छ। आर्थिक र सामाजिक रूपमा कमजोर वर्ग नै वास्तवमा कानुनी सहायताका दृष्टिले विशेष वर्गमा पर्दछन्।

नेपाल कानुनले कस्तो वर्गलाई विशेष वर्ग भन्ने परिभाषा नगरे पनि संविधानको धारा ११ (३) अन्तर्गत महिला, बालक, बृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने को प्रतिवन्धात्मक बाक्यांश) भन्नेसम्म व्यवस्था गरिएको पाइन्छ।

*कानुनी सहायता सम्बन्धी ऐन, २०५४ र नियमावली २०५५ वार्षिक आम्दानी ४०,००० भन्दा कम हुने व्यक्तिहरुलाई कानुनी सहायताको लागि लक्षित वर्ग मानेको छ ।*

कानुनी सहायता दया नभएर अधिकार हो भन्ने मान्यता स्थापित भइसकेकै छ। कानुनको आँखामा समानता, कानुनको समान संरक्षण तथा कानुनको शासन जस्ता मूल्य र मान्यतालाई स्वीकार्ने जोसुकैले “सबैको लागि न्याय” भन्ने कुरालाई पनि स्वीकार्न सक्नु पर्दछ। आर्थिक, सामाजिक र सांस्कृतिक रूपले पछि परेका वर्गका जनताहरू जो आफै वकिलको व्यवस्था गर्न सक्दैनन्, उनीहरूलाई कानुनी सहायताले लक्षित गर्न सक्नुपर्दछ। यसरी हेर्दा सीमान्तकृत जनजाति, दलित, महिला तथा बालबालिकालाई फौजदारी न्याय प्रशासनले विशेष व्यवस्था गरेको हुन्छ।



नेपाल बार एशोसियसन कानुनी सहायता परियोजनाले सन् १९८८ देखि गरिब, पिछडिएका र विशेष गरी महिलालाई उनीहरूको कानुनी अधिकारको रूपमा सचेत गराउने र निःशुल्क कानुनी सहायता उपलब्ध गराउने उद्देश्यका साथ विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।

नेपालमा पुरुषको तुलनामा महिला विविध कारणले पीडित हुने अवस्था छ । अशिक्षा, वेरोजगारी र शोषण जस्ता समस्याले महिला वर्ग पीडित छन् र जसको प्रत्यक्ष असर बालबालिकामा पर्न गइरहेको छ । महिला विरुद्धको हिंसा, कुटपीट, बेचविखन, दाइजो प्रथा, कुरिति, यातना, अभद्र व्यवहारबाट प्रत्यक्ष रूपमा महिला वर्ग नै पीडित भएको पाइन्छ र त्यसको परिणाम बालबालिकाले पनि व्यहोर्नु परिरहेको छ। यस अवस्थामा कानुनले नै महिलालाई विशेष वर्गमा राखी कानुनी सहायताको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु जरुरी छ।

यस बाहेक सार्वजनिक सुरक्षा ऐन अन्तर्गत बन्दी बनाइएका व्यक्तिहरू र पुर्पक्षका लागि थुनामा रहेका तर कैद नठेकिएका बन्दीहरूलाई विशेष ढंगले संबोधन गर्नु पर्दछ । विदेशी बन्दीहरूको जोखिम बारेमा पनि स्पष्ट हुन जरुरी छ । मुलुकी ऐनले वृद्धवृद्धालाई फौजदारी न्याय सम्पादनमा प्राथमिकता दिएको छ ।

हाम्रो देशको सामाजिक परिवेश हेर्ने हो भने दलितहरू विभिन्न प्रकारको शोषण, अन्याय र भेदभावको शिकार बनेका छन् । यो उनीहरूको अवस्थाले उनीहरूलाई न्यायको पहुँचबाट विमुख बनाएको छ । कानुनी सहायतामा दलितहरूलाई पनि लक्षित वर्ग मानिनु पर्दछ ।

महिला, बालबालिका तथा विदेशी जस्ता वर्गहरूलाई उनीहरूको जोखिमको पक्षलाई ध्यान राखी फौजदारी न्याय प्रणालीले विशेष व्यवस्थाहरू गरेका हुन्छन । न्याय प्रणालीमा उनीहरूको पहुँचलाई सुनिश्चित गर्नका लागि उनीहरूलाई थप सहुलियत र संरक्षण प्रदान गरिएका हुन्छन । यस्ता वर्गहरूको फौजदारी न्यायप्रणालीमा अवस्थित विशेष व्यवस्थाहरू बारे यो खण्डमा व्यवस्था गरिएको छ । यसको ज्ञानले कानुनी सहायताकर्मी वकिललाई फौजदारी न्यायका प्रक्रियामा यी वर्गहरूमा के कस्ता विशेषाधिकार रहेका छन बुझ्नलाई मद्दत गर्नेछन । यसका साथै यस्ता वर्गका पक्षहरूको तर्फबाट कानुनी सहायता दिलाउँदा के कसरी अघि बढ्नु पर्दछ र के कस्तो विशेष ध्यान पुऱ्याउनु पर्दछ भन्ने विषयमा यो खण्डमा चर्चा गरिने छ ।

## १. जोखिममा पर्न सक्ने थुनुवा

धेरै देशहरूमा कारागारमा बसेका मानिसहरू, जसको संख्या कुनै समयमा अधिकतम हुन सक्छ, र जसलाई सजाय सुनाईएको हुँदैन । त्यस्ता व्यक्तिहरू अनुसन्धान चलिरहेको अवस्था हुन सक्छ, तथा मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा निर्णय भैनसकेको अवस्था हुन सक्छ अथवा तिनीहरू मुद्दाको सुनुवाई पर्खि रहेका हुन सक्छन् ।

विभिन्न न्यायपद्धति भएका देशहरूमा त्यस्तो व्यक्तिहरूलाई भिन्न भिन्न कानुनी शब्दले जनाई रहेका हुन्छन् । कुनै कुनै क्षेत्राधिकार अन्तर्गत कैदी भन्ने शब्द सजाय सुनाई सकिएका व्यक्तिहरूको लागि मात्र प्रयोग गरिन्छ । जसलाई अझै सजाय सुनाई सकिएको छैन वा जो अन्य कारणले कारागारमा छन् ती व्यक्तिहरूलाई थुनुवा भनेर उल्लेख गरिन्छ । सजाय नसुनाईएका व्यक्तिहरू निर्दोष छन भन्ने सदैव अनुमान गर्नुपर्ने सबभन्दा महत्वपूर्ण सिद्धान्त हो । सजाय सुनाइएका व्यक्तिहरू सरह ती व्यक्तिहरूलाई बन्दीगृहमा दण्डको रूपमा राखिएको हुँदैन ।

**विशेष ध्यान दिनुपर्ने अवस्था**

फौजदारी मुद्दामा सुनुवाई पर्खिरहेका थुनुवाहरूलाई फौजदारी न्याय प्रणालीमा विशेष ध्यान दिनुपर्ने एक प्रचलित मान्यता हो। अदालतबाट दोषी प्रमाणीत नभए सम्म उनीहरूलाई निर्दोषको झै र सम्मानपूर्ण व्यवहार गर्नु पर्दछ। उनीहरूका थुनामा रहँदाका आधारभूत अधिकारको जगेर्नामा सचेत रहनुपर्दछ।

कुनै मुद्दामा अभियोग लाग्नु पूर्व अनुसन्धानका लागि अनुसन्धान अधिकारीले (प्रहरी) शंकित व्यक्तिलाई थुनामा राखी अनुसन्धान जारी राख्ने व्यवस्था कानुनले गरेको हुन्छ। यो अवस्था भनेको व्यक्तिलाई अभियोग सम्म नलागेको अवस्था हो। अनुसन्धानबाट ऊ निर्दोष देखिन सक्दछ र उसलाई अभियोग नै लगाउनु नपर्ने अवस्था पनि आउँन सक्दछ। यसर्थ प्रहरी हिरासतमा अनुसन्धानका लागि थुनामा राखिएको व्यक्तिहरूको अधिकार संरक्षणमा वकिल चनाखो रहनु पर्दछ।

न्यायिक हिरासतमा रहेको अवस्थामा भन्दा प्रहरी हिरासतमा रहँदा व्यक्तिका आधारभूत अधिकारहरू उल्लंघन हुने खतरा हुन्छ। जस्तो कि यातना दिएर सावित गराउने, दुव्यवहार गर्ने, खाना खान नदिने, अपमानजनक र प्रतिकुल बस्ने/सुत्ने/दिशा पीसाव गर्ने ठाउँमा राख्ने, वकिल र परिवारसँग भेटघाट गर्न नदिने आदि। यसर्थ प्रहरीले अनुसन्धानका लागि हिरासतमा (सामान्यतया २५ दिनसम्म) राख्ने अवधिका व्यक्तिहरू प्रति विशेष ध्यान दिनुपर्दछ।



मुद्दाको प्रकृति र पक्षकारहरूको विश्लेषण गर्दा खास गरी राजनीतिक आस्थाका बन्दीहरू जसलाई राज्यले सार्वजनिक सुरक्षासम्बन्धी कानुन, विध्वंसात्मक कार्यलाई निशेष गर्ने कानुन तथा निवारक नजरवन्दलगायतका कानुनी व्यवस्थाहरूका नाममा पक्राउ गरी थुनामा राखी कारबाई चलाएको देखिन्छ। यस्ता मुद्दाका थुनुवाहरू प्रायः जोखिममा पर्न सक्ने अवस्थाका हुन्छन्। निम्नलिखित प्रतिपादित सिद्धान्तहरूले यस तथ्यलाई प्रमाणित गर्दछ।

**प्रतिपादित सिद्धान्त**

- ध्वंसात्मक कार्यमा संलग्न भएको आशंकामा भनि पक्राउ गर्दा त्यस्तो कार्यको परिभाषा र क्षेत्र (Meaning and Scope) पनि खुल्नुपर्दछ र कुन कानुनले त्यस्तो कार्यलाई कसरी कुन सजायँ तोकेको छ भनि प्रष्ट हुनुपर्दछ। अन्यथा उक्त थुना वैचारिक आस्थाका आधारमा व्यक्तिले प्रयोग गर्न पाउने ICCPR को धारा १९ को विचारको स्वतन्त्रता प्रतिकुल हुन्छ। *(Communicatin No. R.8/33, L. B. Carballal v. Uruguay (Views adopted on 27 March 1981), in UN doc. GAOR, A/36/40, pp. 128-129, para. 12-13)*
- प्रजातान्त्रिक मुल्य मान्यताका लागि बहुदलीय प्रजातन्त्रको वकालत गर्ने व्यक्तिलाई वैचारिक स्वतन्त्रता कुण्ठित तुल्याउने गरी विनाआधार पक्राउ गरी थुनामा राख्ने कार्यबाट ICCPR को धारा ९(१) को उल्लंघन हुन जान्छ। *(Communicatin No. 458/1991, A. W. Mukong v. Cameroon (Views adopted on 21 July 1994), in UN doc. GAOR, A/49/40, (vol. II), p. 181, Para 9.8.)*
- सम्पर्कबिहीन थुना (Incommunicado Detention) बाट व्यक्तिको विभिन्न प्रकारका मानवअधिकार उल्लंघन हुन जान्छ। खास गरेर बन्दीको प्रतिरक्षाको हकमा प्रत्यक्षतः आघात पुग्छ। तसर्थ, यसका विरुद्ध थुनुवालाई प्रभावकारी कानुनी उपचारको व्यवस्था हुनुपर्दछ भनि मानवअधिकार समिति (HRC) ले ठहर गरेको छ। *(Communicatin No. 84/1981, H.G. Dermit on behalf of G. I. and H. H. Dermit Barbato (Views adopted on 21 October 1982), in UN doc. GAOR, A/38/40, Para 10 at p. 133.)*
- सार्वजनिक सुरक्षाका नाममा राखिएको 'निवारक नजरवन्द' स्वेच्छाचारी (Arbitrary) भएमा, आधार र प्रक्रिया नपुगेमा, कारणसहितको लिखित सूचना नदिएमा र त्यसमाथि अदालतको नियन्त्रण (Judicial Control) नभएमा ICCPR को धारा ९ को उल्लंघन हुन जान्छ भनि संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति (HRC) ले व्याख्या गरी सिद्धान्त समेत प्रतिपादित गरेको पाइन्छ। *(UNHRC, General Comment No. 8, para. 4 र (Communicatin No. 66/1980, D. A. Campora Schweizer v. Uruguay (Views adopted on 12 October July 1982), in UN doc. A/38/40, p. 122, Para 18.1.)*
- शान्तिमा खलल पुऱ्याउन सक्ने सम्भावनालाई देखाई राखिएको थुनामा उक्त सम्भाव्यताको उल्लेख गरेर मात्र पुग्दैन, के, कसरी, कस्तो कार्यबाट शान्तिमा खलल पुऱ्याउन खोजिएको हो भन्ने आधार, कारण पनि प्रष्ट हुनुपर्दछ। पक्राउ एवं थुनाको उद्देश्य एवं औचित्यता प्रमाणित नभएको अवस्थामा त्यस्तो थुना स्वेच्छाचारी हुन्छ। (Eur. Court HR, Case of Steel and Others v. the United Kingdom, judgement of 23 September 1998, Reports 1998-VII, p. 2735, para 29, 30)

## संवैधानिक व्यवस्था

| | |
|---|---|
| १) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिनेछैन ।<br>२) उपधारा (१) वमोजिमको कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे वमोजिमको क्षतिपूर्ति दिइनेछ । | *नेपालको अन्तरिम संविधान २०६३ को धारा २६* |

## कानुनी व्यवस्था

| | |
|---|---|
| थुनुवा भन्नाले अपराधको तहकिकात जाँचबुझ वा पुर्पक्षका लागि अदालत, प्रहरी वा अन्य अधिकारीको हिरासतमा रहेको वा सार्वजनिक सुरक्षा ऐन, २०४६ अन्तर्गत थुनामा रहेको व्यक्तिलाई जनाउँदछ । | *कारागार ऐन, २०१९ को दफा २ (ग)* |

| | |
|---|---|
| कुनै व्यक्तिलाई कुनै अपराधको तहकिकात जाँचबुझ वा पुर्पक्षका लागि थुनामा राख्नु पर्ने भएमा निजलाई प्रचलित नेपाल कानुन बमोजिमको थुनुवा पूर्जी दिई राख्नु पर्दछ । | *कारागार ऐन, २०१९ को दफा ३* |

### क) थुनुवाको मुद्दामा प्राथमिकता

**मुद्दा हेर्ने क्रम**

१. अघिल्लो दिन हेर्दाहेर्दै बाँकी रहेको मुद्दा,
२. थुनुवा भएको मुद्दा,
३. सामान्य कार्यविधि प्रयोग हुने मुद्दाको लगाउ बाहेकका संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको कार्यविधि प्रयोग हुने मुद्दा,
४. बेवारिसे बालबालिकाको मुद्दा,
५. ७५ वर्ष माथिको बुढाबुढी वा शारीरिक अशक्तता भएको व्यक्ति तारेखमा रहेको मुद्दा,
६. स्वास्नी मानिस वादी भएको न्वारान गराई पाउँ वा नाताकायम गराई पाउँ भन्ने मुद्दा,
७. पूर्व आदेश अनुसार पेसीको निश्चित मिति तोकिएको मुद्दा र
८. मुद्दाको दर्ताको क्रम अनुसार अन्य मुद्दाहरू

(*फौजदारी कार्यविधि दिग्दर्शन, २०५८, पृ. ११६, सेलर्ड*)

### ख) थुनुवा र कैदीलाई अलग्ग राख्ने

थुनुवाहरूलाई कैदीहरूसँगै राख्नाले उनीहरूको मर्यादामा असर पर्दछ भन्ने कुरालाई यसले मनन गर्दछ । थुनामा भएका व्यक्तिहरू अदालतबाट दोषी प्रमाणित नभएसम्म निर्दोष मानिन्छन् । उनीहरूलाई

निर्दोषको परिणाम वन्दीबाट अलग राख्नु पनि हो। (*यस सम्बन्धमा विस्तृत रुपमा यसै निर्देशिकाको खण्ड "घ" मा हेर्नुहोला।*)

### ग) निर्दोषिताको व्यवहार पाउने अधिकार

मुद्दा समाप्त भएर अदालतबाट दोषी नठहऱ्यून्जेल हरेकलाई निर्दोष मानिनु पर्दछ। यो व्यावहारमा प्रकट हुनु पर्दछ कि उसलाई निर्दोष सरह व्यावहार गरिएको छ। नेपाल कानुनमा यस सम्बन्धमा खासै व्यवस्था नभए पनि अन्तर्राष्ट्रियकानुनले यस सन्दर्भमा मार्गदर्शन गरेका छन्।

**कुनै अभियोग नलागेका बन्दी**

कुनै अभियोग नलागी थुनिएका (नेपालको हकमा सार्वजनिक सुरक्षा ऐन अन्तरगत) बन्दीहरूलाई थुनुवालाई उपलब्ध हुने सबै अधिकार उपलब्ध हुन्छन। नेपालमा प्रायजसो राजनैतिक बन्दीहरूलाई सार्वजनिक सुरक्षा ऐन अन्तरगत थुनिएको पाइन्छ। यिनीहरू उपर कुनै मुद्दा हुँदैन तर उनीहरू थुनिएका हुन्छन। उनीहरूलाई पक्राउ पूर्जी प्राप्त गर्ने, , न्यायाधिशबाट पुर्पक्ष हुने, थुनछेकककको कानुन संगताबारे अदालतबाट उपचार पाउने, कानुन असंगत थुना भएमा थुनाबाट छुटकारा पाउने र गैर कानुनी थुनामा क्षतिपूर्ति पाउने हक अन्तराष्ट्रिय कानुनले प्रदान गरिएको छ। उनीहरूलाई निर्दोषको सरह व्यवहार पाउने हक छ। उनीहरूलाई कैद ठेकिएमा व्यक्तिहरू भन्दा अलग्गै राख्नु पर्दछ। उनीहरूले आफ्नै खाना खाने, आफ्नै लुगा लगाउने, पुस्तक पत्रिका र लेखन सामाग्री प्राप्त गर्ने, आफ्नै डाक्टरबाट जचाउँने जस्ता अधिकारहरू प्राप्त गर्दछन। उनीहरूलाई आफ्नो परिवारका सदस्य वा साथीभाईसँग भेटघाट गर्न दिइने छ। यस्ता बन्दीलाई काम गर्न बाध्य गरिने छैन। स्वेच्छाले काम गरेमा ज्याला दिइने छ।

**अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?**

- *नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ (२)*

  फौजदारी कसुरको अभियोग लागेको हरेक व्यक्तिलाई कानुन अनुसार दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार रहनेछ।

- *बन्दी प्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ नियम ८४*

  (१) फौजदारी अभियोगको कारणबाट पक्राउ परी वा थुनाई प्रहरी हिरासत वा कारागार हिरासतमा बन्दी बनाइएका तर पुर्पच्छे भैनसकी कैद नतोकिएका व्यक्तिहरूलाई यसपछिका नियमहरू "पुर्पच्छे नगरिएका बन्दी" भनी उल्लेख गरिनेछ।

  (२) अपराध प्रमाणित नभएको बन्दीलाई निर्दोष मानिनेछ र यसै अनुसार व्यवहार गरिनेछ।

- *बन्दी प्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ नियम ८७*

  कारागारको सुव्यवस्थासँग मेल खाने कुराको सीमाभित्र रही पुर्पच्छे अर्थात न्यायिक छानविन नगरिएका बन्दीले चाहेमा प्रशासनमार्फत वा परिवार वा मित्र मार्फत आफ्नै पैसाले बाहिरबाट खानेकुरा झिकाउन सक्छन् ।

- *बन्दी प्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ नियम ८८*

  (१) पुर्पच्छे नगरिएका बन्दीलाई सफा र उपयुक्त भए उसको आफ्नै लुगा लगाउन दिइनेछ ।

  (२) उसले कारागारको बन्दीपोशाक लगाएमा यस्तो कपडा अपराध प्रमाणित भएका बन्दीलाई उपलब्ध गराइने पोशाकभन्दा फरक हुनेछ ।

- *बन्दी प्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ नियम ८९*

  पुर्पच्छे नभएको बन्दीलाई सधै काम गर्ने अवसर प्रदान गरिनेछ, ,तर काम गर्न बाध्य गराइनेछैन । उसले काम गर्न चाहेमा उसलाई त्यस कामको ज्याला दिइनेछ ।

- *बन्दी प्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ नियम ९०*

  पुर्पच्छे नभएको कुनै पनि बन्दीलाई न्याय प्रशासनको हित र कारागारको सुरक्षा तथा सुव्यवस्थाको भावनासँग मेल खाने खालका पुस्तक, पत्रपत्रिका, लेखनसामग्री तथा व्यवसायसम्बन्धी अन्य साधनहरू आफ्नै खर्चमा वा अन्य कुनै पक्षको खर्चमा खरिद गर्न पाउने छुट हुन्छ ।

- *बन्दी प्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ नियम ९१*

  पुर्पच्छे नगरिएको बन्दीको निवेदनमा न्यायोचित आधार छ र लाग्ने खर्च उसले तिर्न सक्छ भने उसलाई उसको आफ्नै डाक्टर वा दन्त चिकित्सक कहाँ जान र उपचार गराउन दिइनेछ ।

- *बन्दी प्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ नियम ९२*

  पुर्पच्छे नगरिएको बन्दीलाई न्यायप्रशासन र कारागारको सुरक्षा तथा सुव्यवस्थाको हितको निमित्त आवश्यक बन्देज र सुपरिवेक्षणको अधिनमा रही, आफ्नो परिवारलाई आफ्नो थुनछेकको अवस्थाबारे जानकारी गराउन दिइनेछ र बन्दीका परिवारका सदस्य र साथी भाईसँग सम्वाद गर्न र उनीहरूलाई बन्दी भेट्न आउने दिनका लागि सबै न्यायोचित सुविधा दिइनेछ ।

- *बन्दी प्रति गर्नुपर्ने व्यवहारको आधारभूत सिद्धान्त, १९९० को सिद्धान्त ३६ (१)*

  फौजदारी कसुर गरेको आशंका गरिएको वा अभियोग लगाई थुनिएको व्यक्तिलाई

निर्दोष मानिनेछ र निजको प्रतिरक्षाका आवश्यक सबै प्रत्याभूति भएको कानुन अनुसारको सार्वजनिक पुर्पच्छेद्वारा दोष प्रमाणित नभएसम्म निजलाई त्यसै अनुरूप व्यवहार गरिनेछ ।

- *जुनसुकै स्वरुपको थुनछेक वा कैद सजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्त संग्रह, १९८८ को सिद्धान्त ८*

  थुनछेकमा रहेका व्यक्तिहरूलाई तिनको कसुर निरुपित नभएको हैसियतसँग उपयुक्त हुने किसिमको व्यवहार गरिनेछ । यसै गरी सम्भव भएसम्म उनीहरूलाई कैद ठेकिएका व्यक्तिहरूबाट अलग्गै राखिनेछ ।

## २. बालबालिका

अपराधिक दायित्व सम्बन्धी उमेर भन्नाले बालबालिकाले गरेको कार्यको लागि फौजदारी कानुन अन्तर्गत कारवाही गर्न सकिने उमेर बुझिन्छ। यो उमेर देशहरू अनुसार फरक-फरक हुन्छ। त्यसै गरी बालबालिकालाई थुनामा  राख्न सकिने उमेरसम्बन्धमा कानुनमा फरक फरक परिभाषाहरू छन् । अन्तर्राष्ट्रिय कानुनले १८ वर्ष मुनीका व्यक्तिलाई बालबालिका भनी परिभाषा गरेको छ भने नेपाल कानुनमा सो उमेर १६ वर्ष मानिएको छ । बालबालिकाको जोखिम पर्नसक्ने सम्भाव्यतालाई हेरेर फौजदारी न्याय प्रणालीले विशेष संरक्षणको व्यवस्था गरेको हुन्छ ।

### बाल दुराचार सम्बन्धी अनुसन्धान, अभियोजन तथा न्यायिक निर्णयमा कानुनी व्यवस्थाहरू

#### (क) बालबालिकाको मुद्दामा प्राथमिकता

मुद्दा हेर्दा देहायको प्राथमिकताले कारवाही गर्दै जाँदा जुन मुद्दा पहिले छिन्न अङ्ग पुग्छ सोही मुद्दा पहिला किनारा गर्नुपर्छ ।

- थुनुवा कैदीको थुना वा कैद परेको मुद्दा,
- वेवारिसी सोह्र वर्ष मुनिको नाबालकको मुद्दा,
- तारिखमा रहेको पचहत्तर वर्षमाथिको बुढाबढीको र शारीरिक अशक्तता भएको व्यक्तिको मुद्दा र
- स्वास्नीमानिस वादी वा पुनरावेदक भएको न्वारान गराई पाउँ वा नाता कायम गराई पाउँ भन्ने मुद्दा ।

माथि लेखिएको र त्यसपछि अरु मुद्दाका हकमा पुरानोको क्रमले ।

*मुलुकी ऐन, २०२०, अदालती बन्दोवस्तको ११ नं*

यस ऐन अन्तरर्गत कुनै बालक वादी वा प्रतिवादी भएको मुद्दालाई प्राथमिकता दिई कारबाही र किनारा गर्नुपर्दछ ।

*बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५७*

(ख) **बालकको तर्फबाट मुद्दा गर्न पाउने**

१. बालकको हक पुग्ने जुनसुकै कुरामा नालिस उजुर र प्रतिरक्षा गर्नु पर्दा निजको बाबु, आमा वा संरक्षकले नालिस, उजुर गर्न वा प्रतिरक्षा गर्न सक्नेछन् । बाबु, आमा वा संरक्षक नभएको बालकको सम्बन्धमा निजको हकवालालाई सो अधिकार प्राप्त हुनेछ ।

२. यस ऐन बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दा जुनसुकै व्यक्ति वा श्री ५ को सरकारको उजूरीबाट चल्न सक्नेछ ।

*बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५१*

(ग) **बालक र आपराधिक दायित्व**

१. कानुन बमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा दश वर्ष मुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय हुन सक्दैन ।

२. बालकको उमेर दश वर्ष वा सो भन्दा माथि र चौध वर्ष भन्दा कम रहेछ भने निजलाई कानुन बमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाई बुझाई र कैद हुने अपराध गरेकोमा कसुर हेरी ६ महिनासम्म कैद हुन्छ ।

३. चौध वर्ष वा सो भन्दा माथि र सोह्र वर्ष भन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानुन बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ ।

४. बालकलाई सिकाई कसैले कुनै अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरे सरह कानुन बमोजिम पूरा सजाय हुन्छ ।

*बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११*

(घ) **अयोग्यता वा पटक कायम नहुने**

१. कुनै अपराध गरेको कारणबाट कानुन बमोजिम कुनै पद वा सुविधा प्राप्त गर्न कुनै व्यक्ति अयोग्यता हुने रहेछ भने पनि बाल्यावस्थामा गरेको त्यस्तो अपराधबाट त्यस किसिमको अयोग्यता निजको हकमा सिर्जना भएको मानिने छैन ।

२. सजाय गर्ने प्रयोजनको निमित्त पटक कायम गर्दा बाल्यावस्थामा गरेको अपराधको गणना गरिने छैन ।

३. बालकले एउटै अपराध एक पटक भन्दा बढी गरेको भए पनि पटकको आधारमा निजलाई थप सजाय गरिने छैन ।

*बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा १२*

### (ङ) बालक सम्बन्धी तथ्यांक र त्यसको प्रयोगमा बन्देज

१. प्रहरी कार्यालयले कुनै कसुरको अभियोगमा पक्राउ परेको बालकको नाम, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, निजले गरेको कसुर तथा त्यस सम्बन्धमा कुनै कारवाही चलाइएको भए सो सम्बन्धी विवरण खुलाई गोप्य रूपमा तथ्यांक राख्नु पर्छ र त्यस्तो तथ्यांकको उतार ६/६ महिनामा प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्छ ।

२. उपदफा (१) बमोजिम राखिएको तथ्यांक कुनै अध्ययन वा शोध कार्यको निमित्त प्रकाशित गर्नु परेमा बालकको नाम, थर वा ठेगाना उल्लेख नगरी उमेर वा लिङ्गको आधारसम्म प्रकाशित गर्न सकिनेछ ।

*बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५२*

### (च) कठोर सजाय दिन तथा हतकडी लगाउन नहुने

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालकलाई नेल, हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरे वापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्न हुँदैन ।

*बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा १५*

### (छ) बाल इजलास

श्री ५ को सरकारले आवश्यकता अनुसार बाल अदालतको गठन गर्ने छ । बाल अदालतको गठन नभएसम्मको लागि बालबालिकाको मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ र सो प्रयोजनको निमित्त प्रत्येक जिल्लाहरूमा एक बाल इजलाश हुनेछ ।

*बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५*

### (ज) बन्द इजलास सम्बन्धी व्यवस्था

(१) बालबालिका, जबर्जस्ती करणी, जीउ मास्नेबेच्ने, नाताकायम, सम्बन्ध विच्छेदसम्बधी मुद्दा वा खुला इजलासबाट सुनवाइ गर्न मनासिब नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेका अन्य मुद्दाको सुनवाइ बन्द इजलासमा हुनेछ ।

२) उपनियम (१) अन्तर्गत बन्द इजलासमा मुद्दाको कारबाई चल्दा सम्बन्धित कानुनव्यवसायी, सरकारी वकिल, विशेषज्ञ, अभियुक्त, पीडित व्यक्ति, निजको संरक्षक तथा अदालतले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र उपस्थित हुन सक्नेछन् ।

३) बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी र पीडित बाहेक अरुलाई दिन हुँदैन ।

*जि.अ. नियमावली, २०५२ को नियम ४६ (ख)*

४) बन्द इजलासबाट हेरिएका मुद्दाको तथ्य खुलाई कुनै पत्रपत्रिकामा समाचार सम्प्रेषण गर्नु हुँदैन । तर, अदालतले अनुमति दिएमा पीडितको परिचय नहुने गरी समाचार सम्प्रेषण गर्न सकिनेछ ।

*नोट : बन्द इजला सम्बन्धी व्यवस्था बालबालिका सम्बन्धी ऐन, २०४८, पुनरावेदन अदालत नियमावली, २०४८ र स.अ. नियमावली, २०४९ मा पनि गरिएको छ ।*

(झ) हदम्याद

बालबालिका सम्बन्धी ऐन, २०४८ अन्तर्गत सजाय हुने कसरको सम्बन्धमा सो भए गरेको मितिले एक वर्षभित्र मुद्दा दायर गर्नुपर्छ। तर बदनियतपूर्वक बालकको सम्पत्ति बेचविखन गरेकोमा जहिलेसुकै पनि र बालकलाई अनैतिक काममा लगाएकोमा सो काम भए गरेको मितिले तीन वर्षसम्म नालिस लाग्न सक्नेछ।

*बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५४*

(ञ) **बालबालिकालाई कारागारमा राख्न नहुने**

**बालसुधार गृहमा देहायका बालकहरू राखिने छ :**

(क) कुनै कसुरको अभियोग लागि मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानुन बमोजिम थुनामा बस्नु पर्ने बालक,

(ख) प्रचलित कानुन बमोजिम कैदको सजाय पाएकोमा सो बमोजिम कैदमा जानु पर्ने बालक,

*बालबालिका सम्बन्धी ऐन, २०४८, दफा ४२ (२) (क) र (ख)*

## नजिर

*बब्लु गोडियाका हकमा अधिवक्ता आशिष अधिकारी विरुद्ध श्री ५ को सरकार गृह मन्त्रालयसमेत २०५७ सालको रिट नं. ३३९०, श्री सर्वोच्च अदालत आदेश मिति ०५७/१२/२*

बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२ (२) अनुसार कुनै कसुरको अभियोग लागि मुद्दाको तहकिकात वा पुर्पक्षका निमित्त प्रचलित कानुन बमोजिम थुनामा राख्नु पर्ने भए बालकलाई बाल सुधार गृहमा राख्नु पर्ने भन्ने स्पष्ट व्यवस्था भएको देखीएकाले मुलुकी ऐन अ.वं. ११८ (२) बमोजिम पुर्पक्षका लागि कारागारमा राखेको कानुन संगत देखिन आएन।

दुर्गा देवी लिम्बुको जाहेरीले श्री ५ को सरकार वादी र प्रतिवादी यि रिट निवेदक केशव खड्का समेत भएको नकवजनी चोरी मुद्दामा प्रतिवादी केशव खड्काले चोरी गरेकोमा २२ दिन कैद र जरिवाना रु २९३७९।- सजाय हुने ठहरेको फैसलाको तपसिल खण्डमा सो कैद र नतिरे जरिवाना समेत वापत कैद गर्न कारागार शाखा धनकुटामा लेखी पठाउन लगत राख्नु उल्लेख भएको रहेछ।

नेपाल पक्ष वनिसकेको संयुक्त राष्ट्रसंघद्वारा पारित नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अभिबन्धी १९६६ को धारा १० (३) मा Juvenile Offenders shall be segregated from adults and be accorded treatment appropriate to their age and legal status भन्ने उल्लेख भई वयस्कबाट अपराधी घोषित बालबालिकालाई अलग राखिने समेतका व्यवस्था गरेको देखिन आउँदछ। यस्तै सन् १९८९ नोभेम्वर २० मा संयुक्तराष्ट्र महासभाद्वारा पारित भएको बाल अधिकार सम्बन्धी महासन्धीको धारा ३७ को देहाय (क) मा कुनै पनि बालकालिकालाई यातना वा अन्य कुनै क्रुरता अमानवीय वा होच्याउने खालको व्यवहार वा सजाय दिइने छैन भनी राज्यले निश्चित गर्नेछ भन्ने उल्लेख गर्दै ऐ. देहाय (ग) मा .......खास गरेर स्वतन्त्रताबाट वञ्चित बालबालिकालाई निजको सर्वोपरि हितको दृष्टिबाट अन्यथा आवश्यक भएमा बाहेक वयस्क व्यक्तिहरूबाट छुट्टै राखिने छ भन्ने उल्लेख भै रहेको देखिन आउँछ। बालकालिका सम्बन्धी ऐन, २०४८ को दफा १५ ले बालबालिकाले कुनै अपराध गरे वापत कैदको सजाय पाएको उमेर पुगेको कैदीको साथमा राख्न नहुने उल्लेख गरी ऐ. दफा ४२ (२) (ख) ले कानुन बमोजिम कैदको सजाय पाएको बालबालिकालाई बाल सुधार गृहमा राखिनु पर्ने व्यवस्था गरेको देखिन आउँछ। यस्तै सम्बन्धको २०५७ सालको रिट नं. ३३९० को निवेदक वव्लु गोडीयाको हकमा आशिष अधिकारी विपक्षी श्री ५ को सरकार गहृक मन्त्रालय समेत भएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा मुद्दाको पुर्पक्षको निम्ति नाबालकलाई कारागार शाखामा थुनामा राखेको त्रुटिपूर्ण भई बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा निवेदक थुना मुक्त हुने र पुर्पक्षका लागि थुनामा राख्नु पर्ने अवस्थामा पनि बाल सुधार गृहमा राख्न लगाउने व्यवस्था गर्नु भनी प्रत्यर्थी गृह मन्त्रालय समेतका नाउँमा परमादेश जारी हुने ठहरी यसै अदालतबाट मिति २०५७।१२।२ मा आदेश भै रहेको देखिन्छ। उपरोक्त अन्तराष्ट्रिय अभिसन्धी बालबालिका सम्बन्धी ऐन तथा प्रतिपादित नजीर समेतले अरु वयस्क साथमा कारागारमा बालबालिकालाई थुना वा कैदमा राख्न मिल्ने देखिएन। यसरी बालबीलिका सम्बन्धी ऐनको दफा ४२ (१) अनुसार श्री ५ को सरकारले आवश्यकता अनुसार बाल सुधार गृहको स्थापना गर्ने र उक्त दफा ४२ को उपदफा (३) बमोजिम बाल सुधार गृह स्थापना नभएको अवस्थामा अन्य व्यक्ति वा निकायद्वारा सञ्चालन गरेको बाल कल्याण गृह, अनाथालय वा केन्द्रलाई श्री ५ को सरकारले त्यस्तो व्यक्ति वा निकायको स्वीकृति लिई अस्थायी रूपमा बाल सुधार गृहको रूपमा उपयोग गर्न सक्ने अवस्थामा निवेदक केशव खड्कालाई सो अनुरूप थुनामा राखेको देखिन नआएबाट उक्त ऐनका प्रावधानहरू अनुरूप भएका भन्न मिलेन।

अत: बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२(१) बमोजिम बाल सुधार गृह स्थापना गरी ऐ. उपदफा (२) बमोजिम गर्नुपर्ने र सो अनुरूप नभएमा ऐ. दफा ४२(३) बमोजिम गर्नुपर्नेमा सो अनुरूप नगरी कारगारमा कैदको सजाय भोग्नु पर्ने गरी गरेको धनकुटा जिल्ला अदालतको २०५७।३।६ को फैसलाको तपसिल खण्ड अकानन संग नदेखिँदा निवेदकलाई कारागारबाट मुक्त गरी भैरहेको कानुनी व्यवस्था अनुसार

गर्नु गराउनु पर्ने दायित्व श्री ५ को सरकारको भएकोले निवेदक केशव खड्काको हकमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२(१) अनुरूप र सो नभएमा ऐ. को दफा ४२(३) बमोजिम गर्नु गराउनु भनी विपक्षी श्री ५ को सरकार गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय, कारागार शाखा धनकुटा समेतका नाउँमा परमाादेश जारी हुने। *(केशव खड्काको हकका अधिवक्ता आशिष अधिकारी वि. धनकुटा जिल्ला अदालत, धनकुटा समेत, सर्वोच्च अदालत बुलेटिन, वर्ष १०, अंक ६, पूर्णांक २१६, २०५८)*

बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२ (२) ले उपदफा (१) बमोजिम स्थापना भएको बाल सुधार गृहमा देहायका बालबालिकाहरूलाई राखिने छ भन्ने व्यवस्था गरेको र दफा ४२(२) (क) ले कुनै कसुरको अभियोग लागि मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानुन बमोजिम थुनामा राख्नु पर्ने बालक भनि तोकिएको स्थितिमा निवेदक पोडे तामाङ १५ वर्षको भनी भनाइ अभियोग पत्रमा नै भए पछि निवेदकलाई ऐनले व्यवस्था गरे बमोजिम कारागारमा नराखि ऐनले तोके बमोजिमको बाल सुधार गृहमा नै राख्नु पर्ने देखिन आयो। बाल सुधार गृहमा राख्नु पर्ने बालकलाई कारागारमा राख्नु एकातर्फ कानुनसंग देखिदैन भने अर्को तर्फ बालबालिका सम्बन्धी ऐन, ०४८ को उद्देश्य पुरा हुने समेत देखिदैन। निवेदन छलफलको क्रममा निवेदक केशव खड्काको हकमा आशिष अधिकारी विपक्षी श्री ५ को सरकार गृह मन्त्रालय समेत भएको बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भन्ने निवेदनमा सर्वोच्च अदालत संयुक्त इजलासबाट मिति २०५८।१।२८ मा केशव खड्काको हकमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२ (१) र (३) बमोजिम गर्नु भनि श्री ५ को सरकार गृह मन्त्रलायका नाउँमा परमादेश समेत जारी भएकोमा सरकारी वकिलको भनाई बमोजिम ऐनको दफा ४२(१) बमोजिम स्थापना हुनु पर्ने बाल सुधार गृह सर्वोच्च अदालतले परमादेश जारी गरे पछि पनि अझै स्थापना भएको देखिन आएन। निवेदक पोडे तामाङ १५ वर्षको बालक देखिएकोले निजलाई पुर्पक्षको निमित्त कारागार शाखा सिन्धुपाल्चोकमा राख्ने गरेको आदेश बालबालिका सम्बन्धी ऐन, ०४८ को दफा ४२(२) (क) र बाल हक र हित विपरित देखिँदा बन्दी प्रत्यक्षीकरणको आदेश जारी भै निवेदक पोडे तामाङ कारागारबाट मुक्त हुने।

बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२(१) को व्यवस्था बमोजिम बाल सुधारगृहको स्थापना गरी पोडे तामाङलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२(२) (क) को व्यवस्था बमोजिम मुद्दाको पुर्पक्षको लागि बाल सुधार गृहमा राखि यस अदालतलाई जानकारी दिनु भनि श्री ५ को सरकार गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक र जिल्ला कारागार शाखा सिन्धुपाल्चोकको नाउँमा परमादेशको आदेश समेत जारी हुने। *(पोडे तामाङको हकमा अधिवक्ता आशिष अधिकारी विरुद्ध सिन्धुपाल्चोक जिल्ला अदालत चौतारा समेत, सर्वोच्च अदालत बुलेटिन, वर्ष १०, अंक ८, पूर्णांक २१८, २०५८)*

*(विस्तृत जानकारीको लागि हेर्नुहोस् Juvenile Justice System in Nepal, Kathmandu School of Law, 2003, pp. 74-90)*

**(ट) थुनामा नराखे पनि हुने**

पुर्पक्षका लागि थुनामा राख्नु पर्ने मुद्दाको अभियुक्त नाबालक वा शारीरिक वा मानसिक रोग लागेको कारणबाट थुनामा राख्नु अनुपयुक्त हुने भनी अड्डाले ठहऱ्याएको व्यक्ति रहेछ भने अड्डाले धरौट वा जमानत लिई निजलाई थुनामा नराखे पनि हुन्छ । अपराध हुँदको परिस्थिति, अभियुक्तको उमेर निजको शारीरिक वा मानसिक अवस्था र पहिलेको आचरण विचार गर्दा कुनै अभियुक्तलाई थुनामा राख्न उपयुक्त नदेखिएमा जन्म कैदको सजाय हुन सक्ने अपराध गरेको वा सो अपराधको उद्योग, दुरुत्साहन वा आपराधिक षड्यन्त्र गरेको वा त्यस्तो अपराधमा मतियार भएको अभियोग लागेको अभियुक्त बाहेक त्यस्तो अभियुक्त सँग अदालतले धरौट वा जमानत लिई निजलाई थुनामा नराखे पनि हुन्छ ।

*मुलुकी ऐन, २०२०, अ.वं. ११८ (४)*

**(ठ) मुद्दाको तहकिकात तथा सजायको स्थगन**

(१) प्रचलित कानुन बमोजिम थुनामा राखी मुद्दाको तहकिकात गर्नु पर्ने कुनै कसुरको अभियोग लागेको बालकको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति र थुनामा बस्नु पर्ने ठाउँलाई ध्यानमा राख्दा निजलाई थुनामा राख्न उपयुक्त हुँदैन भन्ने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा चाहिएको बखत उपस्थित गराउने शर्तमा निजको बाबु, आमा, नातेदार वा संरक्षकको जिम्मा लगाई वा बालकको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्था र बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको तहकिकात वा पुर्पक्ष गर्ने आदेश दिन सक्नेछ ।

(२) कसुरदार ठहरी कैदको सजाय पाएको बालकलाई निजको शारीरिक अवस्था, उमेर, कसुर गर्दाको परिस्थिति, कसुर गरेको पटक, आदिको विचार गर्दा कारागारमा राख्न उपयुक्त नहुने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा त्यसरी तोकिएको सजाय तत्काल भोग्नु नपर्ने गरी स्थगित राख्न वा त्यसरी तोकिएको सजायको अवधि कुनै बाल सुधार गृहमा बसी वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतित गर्नु पर्ने गरी तोक्न सक्नेछ । यसरी सजाय स्थगित गरिएकोमा सोही बालकले त्यसको एक वर्षभित्र त्यही वा अन्य कुनै कसुर गरे वापत दोषी ठहरी कैदको सजाय पाएमा सो समेत खापी एकै पटक दुवै कैदको सजाय कार्यान्वित गर्ने गरी मुद्दा हेर्न अधिकारीले आदेश दिन सक्नेछ ।

*बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०*

### (ड) बालसुधार गृहमा रहने अवधि बढाउन सक्ने

प्रचलित कानुन बमाजिम बाल सुधार गृहमा पठाएका बालबालिकाको उमेर १६ वर्ष पुगेको भए तर पनि सम्बन्धित बालसुधार गृहले निजको चालचलनमा सुधार आएको र निजलाई थप अवधि सम्म बालसुधार गृहमा राख्न उपयुक्त छ भनि सिफारिस गरेमा जेलरले त्यस्ता बालबालिकाको हकमा बालसुधार गृहमा बस्ने अवधि बढाउन सक्ने छ ।

*कारागार नियमवली (दशौं संशोधन), २०६२ को नियम १६ (ङ)*

### (ढ) वकिल विना मुद्दाको सुनुवाई नहुने

१. कुनै नाबालकको सिरुद्ध लगाइएको फौजदरी अभियोगमा निजको प्रतिरक्षागर्ने कानुन व्यावसायी नभएमा अदालतले मुद्दाको कारवाही वा किनारा गर्ने छैन ।

२. उपदफा (१) मा उल्लेखित अवस्थामा सम्बन्धित अदालतले नै श्री ५ को सरकारका तर्फबाट नियुक्त भएको वैतनिक कानुन व्यावसायी वा अन्य कुनै इच्छुक कानुन व्यवसायिको सेवा उपलब्ध गराई दिनु पर्दछ ।

*बालबालिका सम्बन्धी ऐन, २०४८, दफा १८*

## *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *बाल अधिकार महासन्धि, १९८९ धारा ३७ (१)*
  *राज्यको पक्षहरुले यो कुरा सुनिश्चित गर्नेछन् कि ?*
  (क) कुनै पनि बाल बालिकालाई गैरकानुनी वा स्वेच्छाचारी तवरले उसको स्वतन्त्रताबाट वञ्चित गराईने छैन । कुनै बालबालिकाको गिरफ्तारी वा थुनछेक वा कैद कानुन मुताविक नै हुनुपर्नेछ र सो पनि अन्तिम उपायको रूपमा छोटो भन्दा छोटो उपयुक्त अवधिको लागि मात्र प्रयोग गरिनेछ ।
  (ग) स्वतन्त्रताबाट बञ्चित प्रत्येक बालबालिकालाई मानवीयता साथ र मानिसको अन्तरर्निहित मर्यादाको आदर गरी तथा निजका उमेरको व्यक्तिहरूको आवश्यकतालाई ध्यानमा राख्ने तवरले व्यवहार गर्नुपर्छ । खासगरी प्रत्येक वालक जसको स्वतन्त्रता हनन भएको हुन्छ त्यसलाई निजको सर्वोपरि हितको दृष्टिबाट अन्यथा आवश्यक भएमा बाहेक वयस्कहरूबाट अलग राखिनु पर्दछ । साथै उसले आफ्नो परिवारसँग पत्राचार वा भेटघाटद्वारा सम्पर्क राख्ने स्वतन्त्रता अपवादको रूपमा वाहेक हनन हुनु हुँदैन् ।
  (ग) प्रत्येक वालबालिका जसको स्वतन्त्रता हनन भएको हुन्छ उसलाई तुरुन्त कानुनी र अन्य उपयुक्त सहयोग प्राप्त गर्ने हक हुनेछ र साथै आफुलाई लगाइएको आरोपलाई साथै आफ्नो स्वतन्त्रता अपहरणको वैधता बारे अदालत अथवा अन्य सक्षम स्वतन्त्र र निष्पक्ष अधिकारी सम्मुख चुनौति दिन सक्नेछ र छिटो छरितो निर्णयको हक राख्नेछ ।
- *बाल अधिकार महासन्धि, १९८९ को धारा ४०*
  १. राज्यपक्षहरूले आरोपित, अभियुक्त वा फौजदारी कानुनको उल्लंघन गरेको

भनी मानिएका बालबालिकालाई निजको मर्यादा र महत्वको भावनालाई सम्बर्द्धन गर्ने किसिमबाट, तिनीहरूको मनमा अरुहरूको मानव अधिकार मौलिक स्वतन्त्रताहरू प्रतिको आदर जागृत हुने एवं तिनीहरूको उमेर एवं पुनर्स्थापना तथा समाजमा तिनको सिर्जनात्मक भूमिकाको सम्बर्द्धन हुने वाञ्छनीयतालाई ध्यानमा राखी व्यवहार गर्नुपर्नेछ।

२. यसको लागि एवं अन्तर्राष्ट्रिय लिखतहरूमा भएका प्रासंगिक प्रावधानहरूलाई मध्यनजर राख्दै, राज्य पक्षहरूले विशेषतः देहायका कुरा मिलाउने छन् :

(क) कुनै पनि बालबालिकालाई त्यस्ता कार्यहरू गरे वापत वा नगरेको कारणबाट त्यस्तो कार्य हुन गएको समयमा ती कार्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनद्वारा निषेध गरिएको रहनेछ भने निजलाई त्यस्तो फौजदारी कानुन सम्बन्धमा आरोप लगाउने वा अभियुक्त बनाउने वा उल्लंघन गरेको मानिने छैन।

(ख) फौजदारी कानुनको उल्लंघन गरेको आरोप लागेको वा अभियुक्त बनाइएको कुनै पनि बालबालिकाले कम्तिमा निम्न कुराको प्रत्याभूति पाउनेछन् :

(१) कानुनद्वारा दोषी सावित नहुन्जेल निर्दोष अनुमान गरिने,

(२) निजको विरुद्ध लगाइएका अभियोगको सम्बन्धमा तुरुन्त र प्रत्यक्ष रूपमा निजलाई र उचित भएमा निजका बाबु आमा वा वैधानिक अभिभावक मार्फत जानकारी गराइने र आफनो प्रतिरक्षाको तयारी र प्रस्तुतिमा कानुनी र अन्य उचित सहयोग पाउने,

(३) कानुनी वा अन्य उचित सहायता दिने व्यक्तिको उपस्थितिमा सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक संस्थाबाट कानुन बमोजिम यथेष्ट सुनवाई पश्चात सो कुराको निष्कर्ष हुने तथा यस्तो सुनवाई बालबालिकाको उच्चतम् हितको विपरित नहुने भएमा निजको उमेर र अवस्थाको समेत विचार गरी निजको बाबु आमा वा वैधानिक अभिभावकको उपस्थितिमा हुनु पर्ने।

(४) बयान गर्न कर नलगाइनेः सावित हुन कर नलगाइने, विपरितमा बक्ने साक्षीहरूको जिरह गर्ने वा गर्न लगाउनेः र आफ्नो पक्षका साक्षीहरूलाई विपक्षी सरहको समान स्थितिमा सम्मिलित गराउने र बयान गराउने अवसर दिने।

(५) फौजदारी कानुनको उल्लंघन गरेको भन्ने ठहरिएमा सो कुराको फैसला र त्यसको परिणाम स्वरूप तोकिएको कुनै पनि कार्यको सम्बन्धमा कानुन बमोजिमको उच्च, सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक संस्थाबाट पुनरावलोकन हुने।

(६) प्रयोग गरिएको भाषा सो बालबालिकाले बुझ्न नसक्ने वा बोल्न नसक्ने रहेछ भने भाषा रूपान्तरण गर्ने व्यक्तिको निःशुल्क सहयोग पाउने।

(७) कारवाहीको सम्पूर्ण अवस्थामा निजको निजीपनाको पूर्ण आदर हुने।

३. राज्यपक्षहरूले फौजदारी कानुन उल्लंघन गरेको भनी दोष लगाइएका, अभियुक्त बनाइएका वा उल्लंघन गरेको मानिएका बालबालिकाहरूका लागि उपयुक्त हुने खालका कानुनहरू, कार्यविधिहरू, अधिकारीहरू र निकायहरूको स्थापनालाई प्रवर्द्धन गर्ने कार्य गर्नेछन् र विशेषतः निम्न कुराहरूको व्यवस्था गर्ने छन् :

(क) न्यूनतम उमेरको हद तोक्ने, यसभन्दा मुनिका बालबालिकाहरू फौजदारी कानुन उल्लंघन गर्न सक्ने क्षमता नभएका भनी अनुमान गरिने छन् ।

(ख) उचित र मनासिव भएको खण्डमा यस्ता बालबालिकाहरूका सम्बन्धमा न्यायिक कारवाही नगरी अन्य उपायहरू अवलम्बन गरिनेछ । तर ती उपायहरू मानव अधिकार र कानुनी संरक्षणको अनुकूल हुनु पर्नेछ ।

४. बालबालिकाहरूको हितको अनुकूल हुने गरी तथा निजहरू परिस्थिति र अपराधमा समानुपातिक हुनेगरी निजहरूसँग व्यवहार गर्न विभिन्न प्रकारका उपायहरू जस्तैः स्याहार, मार्गदर्शन र निरीक्षण सम्बन्धी आदेशहरू, सरसल्लाह सेवा, दण्ड निलम्बन, पालन, पोषण, शिक्षा तथा व्यवस्था, व्यवसायीक तालीम कार्यक्रमहरू तथा संस्थागत पालन पोषणका अन्य विकल्पहरू अपनाइने छन ।

- *स्वतन्त्रताबाट बञ्चित बालकहरुको सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघीय नियमावली, १९९० नियम ११*

*यी नियमहरुका सम्बन्धमा निम्न लिखित परिभाषाहरु लागू हुने छन् :*

(क) १८ वर्ष मुनीका सबै मानिसहरू बालबालिका भनिने छन् । कति वर्ष मुनिका बालकहरूलाई स्वतन्त्रता बाट बञ्चित गरिनु हुँदैन भन्ने कुरा कानुनबाट निर्धारित भएको हुनु पर्दछ ।

(ख) स्वतन्त्रताबाट बञ्चित हुनुको अर्थ कुनै पनि व्यक्तिलाई हिरासतमा अथवा कैदमा राख्नु अथवा कुनै सार्वजनिक अथवा निजी नियन्त्रणमा राख्नु हो । जहाँबाट कानुनी, प्रशासकीय अथवा सार्वजनिक अधिकारीको आज्ञाविना सो मानिस आफूखुशी बाहिर निस्कन पाउँदैन ।

- *बाल न्याय सम्पादन सम्बन्धी संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डका नियमहरु, १९८५, नियम १३*

(१) मुकदमा पूर्वको हिरासतलाई अन्तिम उपायको रूपमा मात्र प्रयोग गरिनेछ र त्यो पनि छोटो भन्दा छोटो अवधिको लागि मात्र हुनेछ ।

(२) संभव भएसम्म मुकदमा अघिको नजरबन्द अन्य उपायहरू जस्तै नजिकबाट गरिने सुपरिवेक्षण, अति गहन रेखदेख अथवा परिवारसँग पदस्थापना र शैक्षिक परिवेश वा घरमा पदस्थापनद्वारा प्रतिस्थापित गरिनेछ ।

(३) नजरबन्दमा परेका मुकदमा पूर्वका बालबालिका बन्दीहरूप्रति गरिने न्यूनतम व्यवहार सम्बन्धी संयुक्त राष्ट्र संघीय न्यूनतम मापदण्डका नियमहरूमा उल्लेख गरिएका सुविधाहरू पाउनेछन् ।

(४) नजरबन्दमा परेका र मुकदमा कुरी रहेका बालबालिकाहरूलाई वयस्क कैदीहरूबाट अलग राखिनु पर्नेछ र निजहरूलाई पृथक संस्थामा अथवा

वयस्कहरू रहेको संस्थाको पृथक भागमा राखिनु पर्नेछ।

(५) नजरबन्दमा रहेको अवस्थामा बालबालिकाहरूले रेखदेख, सुरक्षा र अन्य आवश्यक व्यक्तिगत सहयोग जस्तै सामाजिक, शैक्षिक, व्यावसायिक, मनोवैज्ञानिक, चिकित्सकीय र शारीरिक, आफ्नो उमेर, लिंग र व्यक्तित्वको आवश्यकता अनुसार प्राप्त गर्न सक्नेछन्।

- *बाल न्याय सम्पादन सम्बन्धी संयुक्त राष्ट्रसंघको न्यूनतम मापदण्डका नियमहरू, १९८५, नियम १९*

(१) कुनै बालबालिकालाई कारागार संस्थामा राख्ने काम अन्तिम उपायको रूपमा मात्रै प्रयोग हुनेछ र त्यो पनि यथासंभव आवश्यक थोरै समयका लागि मात्रै हुनेछ।

- *बाल न्याय सम्पादन सम्बन्धी संयुक्त राष्ट्रसंघको न्यूनतम मापदण्डका नियमहरू, १९८५, नियम २१*

(१) बालबालिकाहरू सम्बन्धी अभिलेख अति गोप्यताका साथ राखिने छ। अभिलेखहरू त्यस्ता व्यक्तिहरूलाई मात्र देखाइने छ जुन व्यक्ति मुद्दाको फछ्र्यौटसँग सोझो सम्बन्धित छन् वा उचित तरिकाले अधिकार प्राप्त अन्य व्यक्तिहरूलाई।

- *बाल न्याय सम्पादन सम्बन्धी संयुक्त राष्ट्रसंघको न्यूनतम मापदण्डका नियमहरू, १९८५, नियम २६*

(१) संस्थाहरूमा राखिएका बालबालिकाहरूलाई सुरक्षा प्रदान गर्नु, स्याहार गर्नु, शिक्षा तथा व्यावसायिक शीप प्रदान गर्नु हो जसले गर्दा तिनीहरू समाजमा उपयोगी तथा रचनात्मक भूमिका खेल्न सकुन्।

(२) संस्थाहरूमा राखिएका बालबालिकाहरूलाई स्याहार, सुरक्षा र अन्य सबै आवश्यक सामाजिक, शैक्षिक व्यावसायिक, मनोवैज्ञानिक, चिकित्सकीय तथा शारीरिक सहयोग निजहरूको उमेर, लिंग र सम्पूर्ण विकासका लागि प्रदान गरिनु पर्दछ।

(३) बालबालिकाहरूलाई संस्थाहरूमा वयस्कहरू भन्दा पृथक राख्नुपर्छ र फरक संस्थामा राख्नु पर्छ वा वयस्कहरू रहेको संस्थाको अलग्गै भागमा राख्नुपर्छ।

(४) संस्थामा राखिएका युवा महिला अपराधीहरूका निजी आवश्यकताहरू र समस्याहरूप्रति विशेष ध्यान पुऱ्याउनु पर्दछ। तिनीहरूले युवा पुरुष अपराधीहरूको तुलनामा कुनै पनि परिस्थितिमा कम स्याहार, सुरक्षा, सहायता, व्यवहार र तालिम प्राप्त गर्नु हुँदैन्। तिनीहरू प्रति उचित व्यवहार सुनिश्चित हुनुपर्दछ।

(५) पर्याप्त शैक्षिक अथवा उचित सीपमुलक तालिम संस्थागत रूपले प्रदान गर्ने उद्देश्यले अन्तर मन्त्रालय अथवा अन्तर विभागीय सहयोग वृद्धि गरिनु पर्दछ जसले गर्दा संस्थाहरूमा बस्ने बालबालिकाहरू संस्थाबाट बाहिर निस्कँदा शैक्षिक रूपमा पिछडिएका नहोऊन्।

- *बाल न्याय सम्पादन सम्बन्धी संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डका नियमहरू, १९८५, नियम २७*

(१) वन्दीहरू प्रतिको व्यवहार सम्बन्धी न्यूनतम मापदण्डका नियमहरू तथा सम्बन्धित सुझावहरू सान्दर्भिक भएसम्म संस्थाहरूमा रहेका अपराधी बालबालिकाहरूका सम्बन्धमा पनि लागू हुनेछन् र यसमा मुद्दाको फैसला

कुरीरहेकाहरू पनि पर्नेछन् ।

(२) वन्दीहरूप्रति गरिने व्यवहार सम्बन्धी न्यूनतम मापदण्डका नियमहरूमा अन्तर्निहित सान्दर्भिक सिद्धान्तहरू सम्भव भएसम्म बढी मात्रामा लागू गर्ने प्रयासहरू गरिनेछ । जसले गर्दा बालबालिकाहरूको उमेर लिंग र व्यक्तित्वको लागि चाहिने विभिन्न प्रकारका आवश्यकताहरू पूरा हुन सकोस् ।

- *बाल न्याय सम्पादन संबन्धी संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डका नियमहरू, १९८५ नियम २९ :*

(१) संस्थागत व्यवस्था जस्तै घरहरू, शैक्षिक संस्थाहरू, दिउँसो तालीम प्रदान गर्ने केन्द्रहरू तथा अन्य उपयुक्त व्यवस्था मिलाउनु पर्दछ जसले गर्दा बालबालिकाहरूलाई समाजमा पुर्नएकीकरण गर्न मद्दत गर्न सकोस् ।



# ३. महिला

वास्तवमा महिलाहरूको अवस्था पुरुषहरूको अवस्थाभन्दा भिन्दै हुन्छ। फौजदारी न्याय प्रणालीले महिलाहरूको अवस्था प्रति विशेष ध्यान दिनुपर्दछ । सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक कारणले महिलाहरू समाजमा पछाडि परेका हुन्छन् । पछि परेको वर्ग भएको नाताले फौजदारी न्याय सम्पादनमा उनीहरूको लागि विशेष व्यवस्था गरिएको हुन्छ । सो व्यवस्था तीन चरणमा लागू हुन्छन् ।

(क) पुर्पक्षपूर्वको चरणमा
(ख) पुर्पक्षको चरणमा
(ग) सजाय निरूपण पछिको चरणमा

'न्यायमा समान पहुँच (Access to Justice) का लागि सवैप्रथमतः आवश्यक न्यायिक प्रक्रिया (Judicial Procedings) मा समान पहुँच हुनुपर्दछ ।' फौजदारी न्याय सम्पादनका लागि अनुसन्धान अधिकारी, अभियोजनकर्ता र कानुनव्यवसायीका बीचमा संस्थागत समन्वय आवश्यक हुन्छ । लैंगिक न्याय सम्पादनका लागि यस्तो संस्थागत समन्वयको अझ बढी महत्व रहन्छ । लैंगिक न्यायको अवधारणालाई आत्मसात् गरी सबै पक्षले संवेदनशिल भई आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्दछ । *(विस्तृत जानकारीको लागि हेर्नुहोस् जिल्ला अदालत सन्दर्भ पुस्तिका, कानुनअन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) २०६०, पृ. ४३-५७)*

यही मान्यता अनुसार फौजदारी न्याय प्रणालीमा पनि महिलाहरूको संरक्षणका लागि विशेष व्यवस्थाहरू छन ।

## संवैधानिक व्यवस्था

| | |
|---|---|
| राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन । तर महिला, दलित, आदिबासी, जनजाति, मधेशी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पीछडिएको वर्ग वा बालक, वृद्ध तथा अपांग वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । | *नेपालको अन्तरिम संविधान २०६३ को धारा १३(३)* |

## कानुनी व्यवस्था

### क) महिला प्रहरीले तलासी लिनुपर्ने

| | |
|---|---|
| श्री ५ को सरकार वादी हुने फौजदारी मुद्दामा तहकिकात गर्दा जुन अपराधका सम्बन्धमा सो तहकिकात गर्न लागको हो सो अपराध सँग सम्बन्धित घर वा ठाउँको तलासी गर्दा तलासी गरिएको बस्तु वा धनमालका सम्बन्धमा कुनै मानिसको आङ तलासी लिनु परेमा सो समेत लिनुहुन्छ र सो बमोजिम स्वास्नी मानिसको आङको तलासी लिनु परेमा सो स्वास्नी मानिसको बेइज्जती नहुने गरी पत्यारकी अर्की स्वास्नी मानिसबाट लिन लगाउनु पर्छ । | *मुलुकी ऐन, २०२०, अ.वं. १७२ (५)* |

### (ख) पक्राउ गर्दा महिला प्रहरी नै चाहिने

स्वास्नीमानिसलाई पक्रन पठाउनु पर्दा स्वास्नीमानिस सिपाही भएका अड्डाले स्वास्नीमानिस सिपाही र नभएको अड्डाले दुई जना सिपाही पठाई डाकी ल्याउनुपर्छ। लोग्ने मानिसले हात हाली पक्रन हुँदैन। नआई अडिई भने मात्र नाडीमा समाई ल्याउनु पर्छ।

*मुलुकी ऐन, २०२० अ.वं. ११७*



### (ग) महिलाको मुद्दा सुनुवाइमा प्राथमिकता

मुद्दा हेर्दा देहायको प्राथमिकताले कारवाही गर्दै जाँदा जुन मुद्दा पहिले छिन्न अङ्ग पुग्छ सोही मुद्दा पहिला किनारा गर्नुपर्छ।

- थुनुवा कैदीको थुना वा कैद परेको मुद्दा,
- वेवारिसी सोह्र वर्ष मुनिको नाबालकको मुद्दा,
- तारिखमा रहेको पचहत्तर वर्षमाथिको बुढाबढीको र शारीरिक अशक्तता भएको व्यक्तिको मुद्दा,
- स्वास्नीमानिस वादी वा पुनरावेदक भएको न्वारान गराई पाउँ वा नाता कायम गराई पाउँ भन्ने मुद्दा।

माथि लेखिएको र त्यसपछि अरु मुद्दाका हकमा पुरानोको क्रमले।

*मुलुकी ऐन, २०२०, अदालती बन्दोवस्तको ११ नं.*

### (घ) महिलाका लागि बन्द इजलासको सुविधा

(१) बालबालिका, जबर्जस्ती करणी, जीउ मास्नेबेच्ने, नाताकायम, सम्बन्ध विच्छेदसम्बधी मुद्दा वा खुला इजलासबाट सुनवाइ गर्न मनासिब नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेका अन्य मुद्दाको सुनवाइ बन्द इजलासमा हुनेछ ।

२) उपनियम (१) अन्तर्गत बन्द इजलासमा मुद्दाको कारबाई चल्दा सम्बन्धित कानुनव्यवसायी, सरकारी वकिल, विशेषज्ञ, अभियुक्त, पीडित व्यक्ति, निजको संरक्षक तथा अदालतले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र उपस्थित हुन सक्नेछन् ।

३) बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी र पीडितबाहेक अरुलाई दिन हुँदैन ।

४) बन्द इजलासबाट हेरिएका मुद्दाको तथ्य खुलाई कुनै पत्रपत्रिकामा समाचार सम्प्रेषण गर्नु हुँदैन । तर, अदालतले अनुमति दिएमा पीडितको परिचय नहुने गरी समाचार सम्प्रेषण गर्न सकिनेछ ।

*जि.अ. नियमावली, २०५२ को नियम ४६ (ख)*

### अदालती कार्यविधि र लैङ्गिक न्यायको निमित्त विशेष व्यवस्था

- महिला पक्ष भएको न्वारान वा नाता कायम गराई पाउँ भन्ने मुद्दाले पेसीमा प्राथमिकता पाउने ।
- सर्वोच्च अदालतले पुनरावेदन नलाग्ने तर महिलाको उचित प्रतिनिधित्व हुन नसकि न्यायमा असर परेको मुद्दाहरू दोहर्‍याएर हेर्न सक्ने ।
- गा.वि.स. र न.पा. हरूले कारवाही र किनारा गर्ने मुद्दाहरूको लागि मध्यस्थको सूचि बनाउँदा यथासम्भव महिलालाई समावेश गर्नुपर्ने ।
- फौजदारी अनुसन्धानको सिलसिलामा महिलाको शरीरको खानतलासी महिलाबाटै लिनुपर्ने ।
- कुनै पनि महिलालाई पक्राउ गर्दा सकभर महिला प्रहरीले नै पक्राउ गर्नुपर्ने ।

*(लैङ्गिक समानता तथा महिलाको लागि विशेष कानुनी व्यवस्थाहरु, महिला, कानुन र विकास मञ्च, २०५९)*

### कारागारमा नाबालकको हेरचाह

(१) थुनिएको वा कैद परेकी स्वास्नीमानिसको कारागारभित्र छोरा छोरी जन्मेछ वा दुई वर्ष नपुगेको नाबालक छोरा छोरी रहेछ भने बाहिर हेरविचार गर्ने वारिसवाला भए पनि निजलाई आमाले आफैसित राखी हेरविचार गर्न चाहेमा कारागार भित्रै राख्न हुन्छ । त्यस्ता नाबालक दुई वर्ष पुगेपछि, आवश्यक भएमा बाहेक, निजलाई वारिसवालाको जिम्मा लगाई दिनुपर्छ ।

(२) कुनै थुनुवा वा कैदीको निजले लालन पालन गर्नु पर्ने नाबालक रहेछ र त्यस्तो नाबालकको लालन पालन गर्ने अरु कोही रहेनछ भने निज थुना वा कैदमा रहुन्जेल त्यस्तो नाबालकको सम्पूर्ण हेर विचार, शिक्षा दीक्षा र लालन पालन तोकिए बमोजिम श्री ५ को सरकारको खर्चमा गरिनेछ ।

(३) बाह्र वर्ष ननाघेको कुनै नाबालक थुनिए वा कैद परेमा निजको हेरविचार गर्न निजको आमा, बाबु वा अरु नातादार कारागार भित्र बस्न चाहेमा पनि बस्न दिइने छैन ।

*कारागार ऐन, २०१९, दफा ८*

**थुनुवा वा कैदी स्वास्नीमानिस गर्भवती भएमा**

(१) कुनै थुनुवा वा कैदी स्वास्नीमानिस गर्भवती रहिछ भने राजगद्दी, राजपरिवारको गाथ वा राजकाज सम्बन्धी मुद्दाको वा दामल वा जन्म कैदको सजाय भएकी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेकी थुनुवा वा ज्यानमारा बाहेक अरुको हकमा ६ महिनाको गर्भ पुगेपछि जमानी लिई छाडी दिनुपर्छ र त्यसरी जमानीमा छुटेकीलाई निजको बालक जन्मेको दुई महिना भएपछि थुन्नु नपर्ने भएकोमा वा कैद म्याद भुक्तान भै सकेकोमा बाहेक फेरी कारागार भित्र राखिनेछ।

(२) उपदफा (१) बमोजिम कुनै गर्भवती स्वास्नीमानिस कारागार बाहिर रहेकोमा निज कारागार भित्रै रहेको सरह गरी निज बाहिर रहेको अवधि जति निजलाई हुने कैदको अवधिमा कट्टा गरिनेछ।

*कारागार ऐन, २०१९ को दफा १२*

**सुत्केरीलाई थप सुविधा**

- महिलाबन्दी कारागारभित्र सुत्केरी भएमा निजले पाउने नियमित सिधा तथा लुगा सुविधाबाहेक सुत्केरी हुनु ३० दिन अघि देखिको मितिबाट सुत्केरी भएको ६० दिनसम्म थप सुविधा दिनुपर्ने व्यवस्था छ।

*कारागार ऐन, २०१९ को दफा १२, कारागार नियमावली, २०२० को नियम २४*

## *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरुले के भन्दछन् ?*

- *नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा 3*

  यस महासन्धिका पक्ष राष्ट्रहरूले यस महासन्धिमा उल्लेखित सवै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको उपभोग माथि महिला तथा पुरुषहरूको समान रूपमा अधिकार रहने कुरा सुनिश्चित गर्नेछन्।

- *महिला विरुद्ध सबै किसिमका विभेदहरु अन्त्य गर्ने सम्बन्धी महासन्धि, १९७९, धारा २*

  राज्य पक्षहरूले महिलाहरू विरुद्ध सबै किसिमको विभेद गरिने कुराको विरोध गर्दछन्। महिलाहरू प्रति विभेद अन्त गर्ने नीति विना विलम्ब सवै उपयुक्त माध्यमद्धारा अवलम्वन गर्न सहमति जनाउदै यसका लागि निम्नलिखित कुराहरू गर्नेछन् :

  (क) यदि महिला र पुरुष बीच समानताको सिद्धान्त आफ्नो संविधान अथवा अन्य कानुनहरूमा समाहित नगरेको भए सो कुरा गर्नेछन् र कानुन तथा उपयुक्त माध्यमद्धारा यस सिद्धान्तको व्यवहारिक कार्यान्वयन सुनिश्चित गर्नेछन्।

  (ख) महिलाहरू विरुद्ध सबै प्रकारका विभेद अन्त्य गर्न आवश्यक उपयुक्त प्रतिबन्ध लगायत उपयुक्त कानुनी र अन्य उपायहरू अपनाउने छन्।

  (ग) महिला अधिकार पुरुष सरह संरक्षण गर्न उपयुक्त कानुनी सुरक्षा व्यवस्थित गर्ने छन् र सक्षम राष्ट्रिय ट्रिब्युनल र अन्य सार्वजनिक संस्थाहरूद्वारा महिलाहरूलाई यस्तो विभेदबाट बचाउने कुरा सुनिश्चित गर्ने छन्।

  (घ) महिलाहरूप्रतिको कुनै पनि किसिमको विभेद गर्ने काम बाट टाढा रहनेछन्

र सार्वजनिक संस्थाहरू र अधिकारीहरू यस दायित्व अनुरूप काम गर्नु पर्ने कुरा सुनिश्चित गर्ने छन् ।

(ङ) कुनै संस्थाहरू, व्यक्तिहरू र उद्योगहरूबाट सोको उल्लंघन नहोस् भन्ने हेतुले उपयुक्त कदमहरू उठाउने ।

(च) महिलाहरू प्रति विभेद गर्ने विद्यमान कानुन, नियमहरू, प्रथा र अभ्यासहरूलाई परिवर्तन गर्न वा अन्त्य गर्न विधायन लगायत सबै उपयुक्त उपायहरू गर्नेछन् ।

(छ) महिलाहरूप्रति विभेद गर्ने राष्ट्रिय दण्डात्मक व्यवस्थाहरूलाई खारेज गर्ने छन् ।

- *मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २*

जात, रंग, लिंग, भाषा, धर्म, राजनैतिक वा अन्य विचार, राष्ट्रिय अथवा सामाजिक उत्पति सम्पत्ति, जन्म अथवा अन्य हैसियतका आधारमा कुनै पनि किसिमको भेदभाव नगरी यस घोषणापत्रमा लेखिएका सवै अधिकार र स्वतन्त्रताहरू माथि सबैको अधिकार रहनेछ ।

- *महिलाहरू विरूद्धका हिंसा अन्त्य गर्ने सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र, १९९3, धारा ४*

१. महिलाहरू विरुद्ध हुने हिंसालाई रोक्ने अनुसन्धान गर्ने र सजाय दिने सम्बन्धी नीतिहरू लागु गर्ने सार्वजनिक अथवा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूलाई तालिम दिएर महिलाहरूको आवश्यकता वारे चेतनशिल बनाउने कुरा सुनिश्चित गर्ने ।

- *जुनसुकै स्वरूपको थुनछेक वा कैद सजाय अन्तर्गतका सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी सिद्धान्त सग्रह, सिद्धान्त, १९८८ को ५ (२)*

कानुन अन्तर्गत लिइएका कदमहरू र खासगरी महिलाहरूको स्तर र अधिकारको रक्षा र त्यसमा पनि गर्भवती महिला नाबालक र तरुण, वृद्ध, बिरामी र अपाहिज व्यक्तिहरूको प्रतिरक्षाका निम्ति बनेको कानुनहरू विभेदात्मक हुनु हुँदैन् ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ को नियम ८*

लिंग, उमेर अपराध सम्बन्धी पूर्व इतिहास, निजहरूको थुनछेकको पछाडिका कानुनी आधारहरू र निजहरू प्रति गरिनुपर्ने व्यवहारका आधारमा विभिन्न समुहमा पर्ने बन्दीहरूलाई भिन्दाभिन्दै ठाउँमा अथवा सोही संस्थाको भिन्दाभिन्दै भागमा राखिनु पर्दछ । यस अनुसार सम्भव भएसम्म पुरुष र महिलाहरूलाई भिन्दाभिन्दै कारागारमा राखिनु पर्दछ । तर जहां सो कुरा संभव हुदैन र महिला र पुरुषलाई एउटै ठाउँमा राखिन्छ त्यस्ता ठाउँहरूमा पुरुष र महिलाहरूको परिसर भिन्दाभिन्दै हुनु पर्नेछ ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ को नियम २3*

(१) महिलाहरूको कारागारमा सुत्केरी पूर्वको लागि र सुत्केरी पश्चातको प्रयोजनको लागि र उपचारका लागि विशेष कोठाहरू हुनुपर्नेछ । व्यवहारिक भएसम्म बच्चाहरूको जन्म कारागार बाहिरका अस्पतालमा गराउने व्यवस्था गरिनु पर्दछ । यदि शिशु कारागारमा जन्मिन्छ भने सो कुरा जन्म दर्ता प्रमाणपत्रमा उल्लेख गरिनु हुँदैन ।

(२) जहाँ नवजात शिशुहरू लाई कारागारमा आमासंगै राख्नदिने अनुमति प्रदान

गरिन्छ त्यहाँ नवजात शिशु आमासंग नभएको अवस्थामा शिशुलाई हेर्ने योग्य रूपमा तालिम प्राप्त कर्मचारी भएको शिशु स्याहार गृहको व्यवस्था हुनु पर्दछ ।

- *बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ को नियम ५३*
  (१) त्यस्तो संस्था जसमा पुरुष र महिला एउटै भवनमा राखिन्छन् महिलाहरूलाई छुट्याइएको अंश एउटा महिला अधिकारीको मातहतमा रहनेछ र त्यस भेगको कोठाका साँचोहरू निजसंग रहनेछन् ।
  (२) कुनै पनि पुरुष कर्मचारी महिला अधिकारीको अनुपस्थितिमा महिलाहरूको लागि छुट्याएको कारागारको भाग भित्र प्रवेश पाउने छैन ।
  (३) महिला कैदीहरूलाई केवल महिला अधिकारीहरूले हेरचाह गर्ने र ध्यान दिने छन् । तर यसको अर्थ यो होइन कि पुरुष कर्मचारीहरू जस्तै चिकित्सक र अध्यापकहरूले महिलाहरूको लागि छुट्याइएको कारागारको त्यस भागमा आफ्नो पेसागत काम गर्न पाउँदैनन् ।

**प्रतिपादित सिद्धान्त**

- न्यायिक प्रक्रियामा महिलाको समान पहुँचका सम्बन्धमा संयुक्त राष्ट्र संघको मानवअधिकार समितिले केही महत्वपूर्ण सिद्धान्तहरू प्रतिपादन गरेको पाइन्छ । जस अनुसार, लैंगिक रुपमा असमान हुने गरी निर्माण भएका कानुनी प्रावधान र सोको प्रयोगबाट ICCPR को धारा ३, १४(१) तथा २६ समेतको प्रतिकुल हुन्छ भनि व्याख्या गरिएको पाइन्छ । *(Communication No. 202/1986, G. Ato. del Avellanal v. Peru (Views adopted on 28 October 1988), UN doc. GAOR A/44/40, pp. 198-199, para. 10.1-12.)*

## ४ विदेशी

आफ्नो देश बाहिर रहँदा मानिसलाई सामाजिक र मनोवैज्ञानिक समस्याहरू पर्न सक्दछन । त्यस्तो व्यक्तिलाई सम्बन्धित देशको फौजदारी न्याय प्रणालीको बारेमा जानकारी नहुन सक्दछ । त्यहाँ बोल्ने भाषा निजले बुझ्न नसक्ने पनि हुन सक्दछ । यस्तो अवस्थामा फौजदारी न्याय प्रणालीले विदेशीलाई खास गरी दोभाषेको सुविधा सम्बन्धमा विशेष संरक्षण गरेको हुन्छ । प्रचलित नेपाली फौजदारी कार्यविधि कानुनमा विदेशीहरू बारे खासै व्यवस्था छैनन । भएका व्यावस्थाहरू पनि अपुरा छन् ।

कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन ।

*नेपालको अन्तरिम संविधान २०६३ को धारा २४(१)*

यो संरक्षणको ग्यारेन्टी व्यक्तिलाई भएकाले यस अन्तर्गत विदेशी पनि संरक्षकका हकदार छन ।

| | |
|---|---|
| नेपाल अधिराज्यमा बसोबास नभएको कुनै अभियुक्त तत्काल प्राप्त प्रमाणबाट ६ महिना वा सो भन्दा बढी कैदको सजाय हुनसक्ने अपराधको कसुरदार हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा अड्डाले निजलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्दछ। | *मुलुकी ऐन, २०२०, अ.वं. ११८ (३)* |

## *अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरू के भन्दछन् ?*

- *नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ (३) (च)*

  अदालतमा प्रयुक्त भाषा निजले बुझ्न वा बोल्न नसक्ने भएमा दोभाषेको निशुल्क सहयोग पाउने।

- *जुनसुकै स्वरूपको थुनछेक वा कैद सजाय अन्तर्गतका सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी सिद्धान्त संग्रह, १९८८ को सिद्धान्त १६ (२)*

  थुनिएको वा कैद ठेकिएको व्यक्ति विदेशी भए निजको राज्यको महावाणिज्यदूत वा कुटनीतिक नियोग र अन्य अन्तर्राष्ट्रिय कानुनअनुसार सम्पर्कको हक राख्ने सक्षम अर्न्तराष्ट्रिय संगठनको प्रतिनिधिसँग, ऊ शरणार्थी वा अन्यथा भए अन्तरसरकारी संगठनको संरक्षणमा उपयुक्त माध्यमद्वारा सम्पर्क गर्ने अधिकारीको बारेमा अविलम्ब जानकारी गराइनेछ।

- *कुटनीतिक सुरक्षासम्बन्धी भियना सम्झौता, १९६३ को धारा ३६ (१) (ख)*

  ख. यदि कुनै देशको नागरिक कुनै अर्कै देशमा गिरफ्तार भएको छ, कारागारमा वा हिरासतमा कैद गरिएको छ र मुद्दाको सुनुवाईका प्रतिक्षामा छ अथवा अन्य कुनै तवरले थुनामा परेको छ र निजसँग सम्बन्धित कुनै आग्रह आएको खण्डमा प्राप्त गर्ने राज्यको अधिकारवाला अधिकारीले विना कुनै किसिमको ढिलाइ पठाउने देशको भिसा सम्बन्धी अधिकारीलाई सो सम्बन्धी जानकारी दिनेछन्। गिरफ्तारीमा, कैदमा अथवा अन्य कुनै रूपमा थुनिएको व्यक्तिले भिसा सम्बन्धी अधिकारीहरूलाई पठाएको पत्र अन्य सम्वद्ध अधिकारीहरूलाई पनि बिना विलम्ब पठाइनेछ। उक्त अधिकारीले सम्बन्धीत व्यक्तिलाई उप-प्रकरणमा उल्लेख गरिएको निजको अधिकारका बारेमा तुरुन्त जानकारी गराउनेछ।

  ग. भिसा सम्बन्धी अधिकारीहरूलाई कारागारमा थुनिएका पठाउने राज्यका व्यक्तिहरूलाई निजहरूको कानुनी प्रतिनिधित्व सम्बन्धी व्यवस्था गर्न र निजहरूलाई भेट्ने, कुरा गर्ने र पत्राचार गर्ने हक हुनेछ। तिनीहरूलाई कुनै मुद्दा सम्बन्धी फैसलाको सिलसिलामा निजहरूको क्षेत्रभित्रको कारागारमा वा हिरासतमा वा थुनामा रहेका व्यक्तिले आपत्ति गरे पनि नागरिकलाई भेट गर्ने अधिकार पनि हुनेछ। तर यसरी कैद वा थुनामा रहेको खण्डमा भिसा अधिकारीहरू कैदीका तर्फबाट कुनै पनि कार्यवाही गर्न पाउने छैनन्।

गैर नागरिक व्यक्तिहरुको मानवअधिकारसम्बन्धी घोषणापत्र, १९८५ (Declaration on the Human Rights of Individuals Who are not Nationals of the Coumty in which they Live) को धारा ५(१)(ग) ले गैहृ नागरिक व्यक्तिहरूको न्यायमाथि समान पहुँच, फौजदारी न्यायको प्रक्रियामा निःशुल्क रुपमा दोभासे उपलब्ध गराउनुपर्ने जस्ता कानुनी प्रावधान एवं प्रभावकारी कार्यान्वयन समेतको व्यवस्था गरेको छ ।

फौजदारी मुद्दामा गिरफ्तार गरी कारबाई चलाइएका विदेशी व्यक्तिहरूको न्यायिक प्रक्रियागत (Judicial Procedings) हक अधिकारका सम्बन्धमा विशेष कानुन नभए तापनि मानवअधिकारको विश्वव्यापी मान्यताले अघि सारेको कानुनको अगाडि सबै समान हुने, कानुनको समान संरक्षण प्राप्त गर्ने जस्ता समानताको सिद्धान्तलाई माध्यम बनाई कानुनी सहायताकर्मी कानुन व्यवसायीहरूले विशेष संवेदनशिल हुनुपर्दछ ।

**प्रतिपादित सिद्धान्त**


- विदेशी भएकै कारणबाट मात्र निजलाई थुनामा राख्नुपर्छ भन्नुबाट ICCPR को धारा ९(३) को उल्लंघन हुन जान्छ । *(HRC, Communication No. 526/1993, M. and B. Hill v. Spain (Views adopted on 2 April 1997), in UN doc. GAOR, A/52/40 (vol. II), p. 17, para. 12.3.)*

## ५. वकिलको भूमिका

*कानुनी सहायताका दृष्टिकोणले विशेषवर्गहरु जस्तैः महिला, बालबालिकाको हित रक्षामा तपाइको महत्वपूर्ण भूमिका हुनेछ । तपाइले ध्यान राख्नुहोस् कि न्याय प्रशासनका अधिकांश हिस्सा महिला प्रति पूर्वाग्रही हुन सक्नेछन् र विशेष संरक्षणको कार्यान्वयनमा ढिलाई/अस्वीकार गर्न सक्नेछन् । तपाइ आफैमा पनि अवधारणागत अस्पष्टता रहन सक्नेछन् । विशेषतः ध्यान दिनुहोस् कि :*

- *फौजदारी मुद्दाको कारवाहीका सिलसिलामा यी विशेष संरक्षणको कार्यान्वियन भएका छन् छैनन् ? छैनन् भने तपाइले कस्तो कानुनी उपचार दिलाउन सक्नु हुन्छ ?*
- *बन्दी अवस्थाका मापदण्डहरु कार्यान्वियन भएका छन् वा छैनन् ? छैनन् भने के गर्ने ।*

# कानुन व्यवसायी न्यायका वाहक हुन्



# खण्ड च

# विविध


१. फौजदारी न्याय प्रशासनका केही चुनौतीहरू ........................................ २१९

२. कानुनी सहायता सहयोगी कार्यनीतिहरू ............................................... २२१

खण्ड 'च' ले कानुनी सहायतासम्बन्धी अन्य विविध पक्षहरूका बारेमा जानकारी दिनेछ ।

## १. फौजदारी न्याय प्रशासनका केही चुनौतीहरू

### क. साबिती

हालसम्म नेपालका अदालतहरूले वस्तुनिष्ट प्रमाणहरूमा आधारित भएर फैसला गर्ने परिपाटी स्थापित भएको छैन। सरकारवादी फौजदारी मुद्दामा अभियुक्तलाई सजाय दिलाउन वा सफाइ दिलाउन सावीतिलाई महत्वपूर्ण प्रमाण मानी आएको छ। यस्तो सावीति कुटपिट, धम्की वा छलछामद्वार लिइने गरिएका घटनाहरू सार्वजनिक भएका छन्। मुद्दा फैसला गर्दा न्यायकर्ताले वस्तुनिष्ट प्रमाण, दशी, वैज्ञानिक प्रमाणमा भर पर्ने परिपाटीको विकास हुनु पर्दछ।

### ख. अर्धन्यायिक निकायमा बहस

नेपालमा कानुनको ज्ञान नभएका थुप्रै अर्धन्यायिक निकायका पदाधिकारीहरूले कैददण्ड समेत गर्ने गरी मुद्दा फैसला गर्ने अधिकार पाएका छन। यी व्यवस्थाहरू स्वच्छ पुर्पक्षको मापदण्डसँग मेल खादैनन्। यस्ता अर्धन्यायिक निकायहरूले विना सुनुवाई फाँटवालाको टिप्पणीका आधारमा मुद्दा फैसला गर्ने गरेको अध्ययनहरूले देखाएका छन्। अर्धन्यायिक निकायको मुद्दा हेर्ने अधिकारीले गर्ने कार्य अरुले गर्दा आवश्यक प्रशासनिक/कार्यविधिगत संरक्षण समेत नहुने स्थिति विद्यमान छ। अर्धन्यायिक निकायमा पक्ष/विपक्षका कानुनव्यवसायीहरूद्वारा बहस गराएर निर्णयमा पुग्ने परिपाटीको प्रचलन हुन जरुरी छ। व्यक्तिले फौजदारी मुद्दा लागेपछि आफ्नो प्रतिरक्षाका लागि वकिलको सहयोग जुनसुकै निकायमा लिन पाउने मौलिक अधिकारको विषय हो।

### ग. सुनुवाइमा बन्दीको उपस्थिति

आफ्नो सामुन्यमा पुर्पक्ष गर्न पाउने हक अभियुक्तको विशिष्ट हक हो। जसले न्यायलाई पारदर्शि बनाई स्वच्छ पुर्पक्षको मर्मलाई सुढृद गराउँछ। नेपालको कारागार ऐनमा बन्दीलाई मुद्दा सुनुवाइका बेला उपस्थित गराउनु पर्ने व्यवस्था भए पनि कतिपय ठाउँमा यसको पालना भएको छैन। बन्दीको उपस्थिति विना मुद्दाको सुनुवाई प्रारम्भ नगर्ने परिपाटीको विकासका लागि सबै क्षेत्रबाट पहल हुनु जरुरी छ।

### घ. ढिला न्याय

भनिन्छ ढिला न्याय दिनु न्याय नदिनु सरह हो। मुलुकी ऐन र अन्य कार्यविधि कानुनले मुद्दाको फैसला गर्नुपर्ने समयपनि निर्धारण गरेको छन्। तर यसको पालना भएको छैन। यति सम्मकी जम्मै कैद हुन सक्ने अवधि भन्दा बढी व्यक्ति पुर्पक्षका लागि थुनामा बसेका उदाहरणहरू पनि छन्। कानुनले तोकेको म्याद भित्र मुद्दा फैसला गराउन अदालतले पहल गर्न आवश्यक छ। हाल सो नभइरहेको पृष्ठभूमिका कानुनी सहायताकर्मी कानुनव्यवसायीले रिट निवेदन दिने, अ.वं. १७ नं. बमोजिम थुनछेकको आदेशमा पुर्नःविचारका लागि निवेदन दिने जस्ता सक्रियताको आवश्यकता छ।

### ङ. सूचनामा बन्दीको पहुँच

फौजदारी न्याय प्रणालीले अभियुक्तको आफूलाई लागेको आरोपको विषयमा सूचना/कागजात पाउने हकलाई सुनिश्चित गरेको हुन्छ। बन्दी अवस्थामा रहेको व्यक्तिको अज्ञानता, निजलाई

लिखतहरू उपलब्ध गराउने व्यवस्थाको अभाव आदि कारणले ऊसँग मुद्दाको मिसिल वा कागजात नहुन सक्दछ। यस्तो पृष्ठभूमिमा हाल नमुना जिल्ला अदालतमा लागू भएको काउण्टर प्रणालीले बन्दीको तर्फबाट मिसिल पत्ता लगाउन, नक्कल लिन कठिनाई भएको छ। किनकी कतिपय बन्दीहरूसँग थुनुवा पूर्जी, मुद्दाका पक्ष विपक्षका नाम, मुद्दाको नम्बर जस्ता आधारभूत सूचना पनि हुने गर्दैनन्।

थुनामा परेको व्यक्तिको आफन्त नजिक नहुँदा निजका साक्षीहरू अदालतमा उपस्थित गराउन समस्या भएको छ। सरकारवादी फौजादरी मुद्दामा वादीका साक्षी अ.वं. ११५ नं. बमोजिम पटक पटक बुझ्ने प्रावधान भए पनि प्रतिवादीको हकमा तोकिएको दिन साक्षी ल्याउन नसके फेरी साक्षी ल्याउन पाउने व्यवस्था कानुनमा छैन। यसरी पुर्पक्षका लागि समानताको अवधारणाको अवज्ञा भएको छ।

हालसम्म बन्दीलाई मुद्दाको फैसलाको नक्कल दिने प्रचलन छैन। सरकारी वकिललाई फैसलाको नक्कल पठाएकै बेला बन्दीलाई पनि फैसलाको नक्कल उपलब्ध गराउने प्रचलन थाल्न आवश्यक छ।

## च. सक्षम अधिकारी समक्ष बयान

अभियुक्तको बयान सक्षम अधिकारी समक्ष हुनु पर्दछ। त्यस्तो अधिरकी अनुसन्धान र अभियोजनमा विशेषज्ञ हुन्छन। सक्षम अधिकारीकै उपस्थितीमा बयान गर्ने कुराले अभियुक्तलाई निश्चित कार्यविधगत संरक्षण प्रदान गरेको हुन्छ। अप्रत्यक्ष रूपमा यहाँ अभियुक्तको केही अधिकारको संरक्षण पनि समावेश हुन्छ।

सरकारी मुद्दा सम्बन्धि ऐनमा प्रहरीले सरकारी वकिल समक्ष अभियुक्तको बयान गराउनु पर्ने कानुनी व्यवस्थाको पालना भएको छैन। अनुसन्धानहरूले देखाउँदछ कि प्रहरीले आफै बयान गर्ने र सरकारी वकिललाई सहि गराउने प्रचलन छ।

अदाालतमा समेत न्यायाधिश नभएका बेलामा वा न्यायधिश अन्य काममा व्यस्त भएका बेला अभियुक्तको बयान गर्ने प्रचलन रहेको छ।

अभियुक्त वा साक्षीको बयान वकपत्रमा मानव अधिकारको पक्षलाई नजरअन्दाज गरिएको छ। विरामी अवस्थाका, सुत्केरी अवस्थाका व्यक्तिलाई सम्म घण्टौ घण्टा उभ्याएर अपमानजनक तवरले बयान गर्ने प्रचलन कायम छ। अभियुक्त वा साक्षीलाई इज्जतपूर्वक, कुर्सीमा बसाएर बयान गर्ने प्रचलन विकसित देशहरूमा पाइन्छ। बयान वकपत्रका यि प्रचलनमा सुधार ल्याउन अवाश्यक छ।

## छ. क्षतिपूर्ति

हालसम्म नेपाली कानुनले पुर्पक्षका लागि थुनामा रहेको व्यक्तिले पछि सफाई पाएमा क्षतिपूर्ति पाउने व्यवस्था गरेको छैन। अभियुक्त बर्षौंसम्म थुनिएको हुनसक्दछ, यस्तो बेलामा उसले उमेर, कमाई, इज्जत सबै कुरा गुमाउन सक्दछ। अन्तराष्ट्रिय कानुनले पछि सफाई पाएका यस्ता अवस्थाहरूमा क्षतिपूर्तिको व्यवस्था गरेको छ। नेपाली कानुनमा पनि यस्ता विषयहरू समावेश गर्न आवश्यक छ।

### ज. नविनतम अभ्यासहरूको अनुसरण

विकसित राष्ट्रहरूमा नियमति पुर्पक्षको धारणा लागु भएको हुन्छ। अभियोग साथ साथै व्यक्तिको पुर्पक्षलाई नियमित गरी अन्तिम रूप दिइन्छ। जस्तै अभियोग, वादी प्रतिवादीमा साक्षी प्रमाण बुझ्ने र निर्णय दिने काम लगातार गरिन्छ। यि प्रक्रियाका विचमा समय अन्तर रहदैन। विकसित देशहरूमा दोषी/निर्दोष छुट्याउने र सजाय तोक्ने अलग अलग सुनुवाई गर्ने प्रचलन रहेको छ। नेपालमा भने यि दुवै सुनुवाई एकै हुनाले अभियुक्तको सजाय कम गराउने अवस्थाहरूमा खास ध्यान पुगेको छैन।

नेपालमा प्ली वार्गेनिङका (सजायमा मोलतोल) को अवधारणा पनि कार्यान्वयनमा छैन। यस्तो कानुनी प्रावधान भएमा व्यक्तिलाई आफूले गरेको दोष स्वीकार गर्ने अवसर मिल्दछ जसले फौजदारी न्याय प्रशासनको बोझलाई कम गराउनेछ।

### झ. बन्दीको वकिल सम्मको पहुँच

पक्राउ हुनासाथ वकिलको सहयोग लिन पाउने व्यक्तिको नैसर्गिक अधिकार हो। वकिल र बन्दी विचको वार्तालाप गोप्य वातावरणमा हुनुपर्दछ। जेलमा वा प्रहरी हिरासतमा रहेको बन्दीलाई भेट्न पाउने अधिकार वकिलको पनि अधिकारको विषय हो। यसर्थ थुनामा रहेको बन्दीलाई भेट्ने अधिकारको प्रयोगमा कानुनी सहयताकर्मी वकिल सदैव चनाखो रहनु पर्दछ।

## २. कानुनी सहायता सहयोगी कार्यनीतिहरू

सबै अवस्थाहरूमा कानुनी उपचार पर्याप्त नहुन सक्दछ। राष्ट्रिय कानुनका अतिरिक्त अन्तराष्ट्रिय निकायहरूलाई पक्षको हितका लागि गुहार्नु पर्ने हुन सक्दछ। कतिपय अवस्थामा तपाइले अपनाएको कानुनी उपचारका सहयोगीका रूपमा अन्य उपचारहरू पनि महत्वपूर्ण हुन सक्नेछन। यहाँ त्यस्ता केही उपायहरूबारेमा चर्चा गरिएको छ।

### क. अन्तराष्ट्रिय मानव अधिकार संयन्त्र

नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्धको इच्छाधीन उपलेखलाई नेपालले अनुमोदन गरेकाले यो नेपालमा लागू हुन्छ। उक्त उपलेखले नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अनुबन्धमा उल्लेखित अधिकारहरूका सम्बन्धमा व्यक्तिलाई मानव अधिकार समितिमा उजुरी दिने हक प्रदान गर्दछ। निम्न अवस्थामा तपाइले आफ्नो पक्षको मानव अधिकार संरक्षणका लागि मानव अधिकार समितिमा उजुरी गर्न सक्नु हुनेछ।

- तपाइको पक्षले राष्ट्रिय तहमा उपलब्ध सबै उपचार प्रयोग गरिसकेको हुनु पर्दछ।
- अन्य अन्तराष्ट्रिय अनुसन्धान वा उपाय अन्तरगत त्यो विषय विचाराधिन हुनु हुँदैन।

नोट : उजुरी लिखीत रूपमा दिनु पर्दछ। त्यसको ढाँचा अनुसूचि १२.मा हेर्नुहोस।

## ख. राष्ट्रिय मानवअधिकार संयन्त्रहरू

नेपालमा मानव अधिकारको अवस्थाको अनुगमन गर्न मानव अधिकार उच्चायुक्तको कार्यलय स्थापना भएको छ। तपाइले आफ्नो पक्षको मानव अधिकारका उल्लंघनका घटनाहरू बारेमा उच्चायुक्तको कार्यलयमा उजुरी गर्नसक्नु हुनेछ।

मानव अधिकारका प्रतिरक्षका लागि राष्ट्रिय मानव अधिकार आयोग क्रियासील छ। तपाइको पक्षको मानव अधिकारको उल्लंघनमा तपाइको पक्षले वा निजको तर्फबाट कसैले पनि आयोग समक्ष उजुरी दिन सक्नेछ। यस्तो उजुरीमा मानव अधिकारको उल्लंघन भएको व्यक्तिलाई आयोगले क्षतिपूर्ति भराईदिने र मानव अधिकार उल्लंघन गर्ने व्यक्तिलाई कारवाहीका लागि सिफारिस गर्ने काम आयोगले गर्न सक्दछ। आयोगमा दिने उजुरीको नमुना अनुसूचि १३ मा समावेश छ।

## ग. मेटालिगल (Metalegal tactics) कार्यनीति

कहिले काँकी तपाइको पक्षलाई न्याय दिलाउन अदालती (कानुनी) उपचारका अतिरिक्त अन्य कार्यनीतिहरू पनि अपनाउनु पर्ने हुन सक्दछ। यस्ता कार्यनीतिहरूमा पीडित पक्षको पनि सहभागिता हुन्छ र विचार र अभिव्यक्तिको स्वतन्त्रता कानुनी आधार हुन्छ। यिनीहरू अदालत बाहिर पनि सम्पन्न हुन सक्दछन। तर पनि यि कार्यनीतिहरू गैर कानुनी भने हुँदैनन्। तिनीहरू हुन सक्दछन:

- तपाइको पक्षको अधिकारका लागि हस्ताक्षर अभियान
- भोक हडताल
- राष्ट्रिय र अन्तराष्ट्रिय प्रेसमा निवेदन/ध्यानाकर्षण
- शोक र्‍याली
- प्राथना सभा
- सडक प्रदर्शन
- वकिलहरूले कालोपट्टी वा कुनै ट्याग लगाएर प्रदर्शन गर्ने
- वकिलद्वारा बेन्च बहिष्कार
- वकिलहरूद्वारा अदालतमा शान्तिपूर्ण घेराउ वा धर्ना

यसका अतिरिक्त तपाइको मुद्दामा संलग्न मानवीय, सांस्कृतिक र सामाजिक पक्षहरूको चित्रण इजलासमा प्रभावकारी रूपले गराउन तपाइले पक्षका स-साना नानीहरू, उनीहरूको समाजका अगुवा व्यक्तिहरू वा राष्ट्रिय ख्याती प्राप्त व्यक्तिहरूलाई इजलासमा आमन्त्रण र पर्यवक्षण गराउन सक्नु हुनेछ। फौजदारी मुद्दाका जोखिममा परेका सम्भावित पक्षहरू जस्तै लागू औषध दुर्व्यसनी, कोठीमा काम गर्ने, (नेपालको हकमा वादी जाती जस्ता रहने) समुदायमा कानुनी कार्यविधि र फौजदारी न्याय प्रणालीमा उनीहरूका अधिकारबारे बताएर पनि तपाइले उनीहरूको अधिकार जर्गेना गर्न सक्नु हुनेछ।

खण्ड छ

# अनुसूचीहरू


१. कानुनव्यवसायी आचारसंहिता, २०५१ ........ २२४

२. कानुनव्यवसायीको भूमिका सम्बन्धी आधारभूत सिद्धान्त, १९९० ........ २२५

३. नेपालले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी दस्तावेजहरूको सूची .. २३१

४. संविधान तथा अन्तर्राष्ट्रिय अनुबन्धका फौजदारी न्यायसम्बन्धी सान्दर्भिक प्रावधानहरू ........ २३३

५. पक्षसँग अन्तरवार्ताको नमुना ........ २३६

६. कानुनी सहायताकर्मी वकिलका लागि प्रस्तावित आचार संहिता, २०६२ ..... २३८

७. बहसनोटको रूपरेखा ........ २४०

८. नगरकोट घोषणापत्र ........ २४६

९. अन्य उपयोगी पुस्तकहरू ........ २४७

१०. मुद्दासम्बन्धी संक्षिप्त टिपोट ........ २४८

११. कानुनी सहायतामा सेलर्डको भूमिका ........ २५३

## अनूसूची - १

# कानुनव्यवसायी आचारसंहिता, २०५१

१. कानुनव्यवसायीले देहायका पेसागत आचार अनिवार्य रूपले पालना गर्नुपर्नेछ ।

(क) कानुन व्यवासीले नैतिकताका आधारभूत सिद्धान्तको प्रतिकूल हुनेगरी कुनै कार्य गर्नुहुदैन ।

(ख) झुट्टा मुद्दा चलाउन पक्षलाई प्रेरणा दिन हुदैन ।

(ग) कसैलाई दुःख दिने वा प्रतिशोध लिने उद्देश्यले मुद्दा सृजना गर्न हुदैन ।

(घ) मुद्दा टुंग्याउने प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले अदालतलाई असहयोग गर्न हुदैन ।

(ङ) न्यायिक प्रक्रियालाई दुरूपयोग गर्न वा गराउन हुदैन ।

(च) सत्य कुराको बयान वा बकपत्र गर्न गराउनबाट पक्षलाई रोक्न हुदैन ।

(छ) न्याय प्रशासनसँग सम्बन्धित काम कारवाहीका सिलसिलामा अदालत वा न्यायाधीश वा कानुनव्यवसायी प्रति अनास्था पैदा हुने किसिमका झुट्टा प्रचार प्रसार गर्न हुदैन ।

(ज) आफूले गर्न नभ्याउने वा नसक्ने अवस्था परी मुद्दा फिर्ता गर्नु पर्दा सामान्यतःअर्को कानुन व्यवासायी मुकरर गर्न नभ्याउने किसिमबाट फिर्ता गर्न हुदैन ।

(झ) संघसंस्थाको रकम मास्न खान हुदैन ।

(ञ) अदालतमा यथा समयमा उपस्थित हुने, कालो कोट सहितको पूर्ण पोशाकमा उपस्थित हुने, इजलास तथा विपक्षीका कानुनव्यवसायी प्रति सम्मान जनक व्यवहार गर्ने, एक अर्को प्रति लाञ्छना नलगाउने, रिस राग द्वेष नराख्ने, अदालतका कर्मचारी प्रति सौहार्द्रपूर्ण व्यवहार गर्ने, शिष्टतापूर्वक बोल्ने र आफ्नो पालोमा उचित ढंगले बोल्ने जस्ता अनुशासनका नियम तोड्न हुदैन ।

(ट) आफ्नो पक्षलाई फाइदा पुर्‍याउन जानी जानी कायम नरहेको नजिर र मुद्दामा लागू नहुने खारेज भएको वा संशोधन पूर्वको कानुनको अदालतमा जिकिर लिन हुदैन ।

(ठ) मिसिलमा नभएको तथ्य जानी जानी बहसमा प्रस्तुत गर्नु हुदैन ।

(ड) आफू साक्षी रहेको लिखतसँग सम्बन्धित मुद्दामा कानुनव्यवसायीका रूपमा संलग्न हुनु हुदैन ।

(ढ) पक्षले मुद्दामा उपलब्ध गराएको जानकारीको गोपनीयता भंग गर्नु हुदैन ।

(ण) व्यवसायिक प्रचारका उद्देश्यबाट कुनै पनि किसिमको नारा, परिपत्र, समाचार प्रकाशन, विज्ञापन र पत्राचार जस्ता काम गर्नु हुदैन ।

(त) व्यावसायिक प्रचारका उद्देश्यले ठूलो नाम पेटिका (साइनबोर्ड) राख्ने, नामपेटिका वा परिचयपट्टा (भिजिटिङ कार्ड) वा फाइल वा पत्राचार ठेली (लेटरप्याड) मा पूर्व हैसियत वा कानुन व्यवसायसँग असम्बन्धित पद वा हैसियत लेख्न छाप्न हुँदन ।

तर यस बन्देजले विशेष अध्ययन र अनुभवका कारणबाट आफू खास प्रकृतिका मुद्दा लिने भनी ती लिखतहरूमा आफ्नो कार्यक्षेत्र छाप्न बाधा पुऱ्याएको मानिने छैन ।

(थ) पक्षसँग प्रतिशतमा पारिश्रमिक लिने वा ठेक्का पट्टा बोल कबोल गरी मुद्दा लिनु हुदैन ।

(द) अदालतको समयमा मादक वा लागू पदार्थ सेवन गरी अदालतमा उपस्थित हुनु हुदैन ।

(ध) मुद्दाको हारजितको आधारमा आफ्नो पारिश्रमिक तय गर्नु हुदैन ।

(न) परिषद्ले मागेको विवरण दिंदा झुट्टो विवरण दिनु हुदैन ।

(प) आफूले वा आफ्नो प्रत्यक्ष निर्देशन र निगरानीमा आफ्नो फर्म वा चेम्बरको कानुनव्यवसायी वा आफूसूगै काम गर्ने लेखन्दास बाहेक अन्य व्यक्तिले तयार गरेको मस्यौदा प्रमाणित गरिदिने उद्देश्यले सही गर्नु हुदैन ।

(फ) मुद्दा प्राप्त गर्न दलाल नियुक्त गर्न वा मुद्दा उपलब्ध गराइदिए वापत कसैलाई दलाली दस्तु (कमिसन) दिनु हुदैन ।

(ब) चल अचल सम्पत्ति हस्तान्तरण सम्बन्धी काममा दलाली गर्नु हुदैन ।

(भ) एकै मुद्दामा पक्ष वा विपक्ष दुवैका तर्फबाट स्वयं मस्यौदा गर्न वा बहसमा प्रतिनिधित्व गर्नु हुदन तथा आफूसँगै काम गर्ने कानुन व्यवासायी वा लेखन्दास वा अन्य व्यक्तिद्वारा जानी जानी मस्यौदा वा बहस वा पैरवी गर्न गराउन हुदैन ।

(म) पक्षले दिएको लिफामा तमसुक, करारनामा खडा गरी आफूलाई फाइदा वा पक्षलाई बेफाइदा हुने काम गर्न हुदैन ।

(य) पक्षले दिएको सद्धे लिखत विपक्षीसँग मिली बिगरी प्रमाण नलाग्ने वा काम नलाग्ने तुल्याइदिन हुदैन ।

(र) पक्षले दिएको लिखत समेत अन्य प्रमाण विपक्षलाई फाइदा पुऱ्याउने उद्देश्यले उपलब्ध गराउन हुदैन ।

(ल) भ्रष्टाचार गर्न गराउन हुदैन ।

(व) नैतिक पतन देखिने फौजदारी अपराध गर्नु हुदैन ।

२. वरिष्ठ अधिवक्ताले उपनियम (१) मा उल्लिखित आचारका अतिरिक्त देहायका आचारसमेत पालना गर्नुपर्ने छ ।

(क) कुनै पनि मुद्दामा इजलासमा बहस गर्दा कम्तिमा एकजना अधिवक्तालाई व्यावसायिक रूपमा संलग्न नगराई उपस्थित हुनु हुदैन ।

(ख) सामान्यतया प्रशासकीय अड्डामा बहस पैरवीका लागि उपस्थित हुनु हुदैन ।

# अनूसूची - २

## कानुनव्यवसायीको भूमिका सम्बन्धी आधारभूत सिद्धान्त, १९९०

## *Basic Principles on the Role of Lawyers,1990*

क्यवाको हवानामा १९९० अगस्त २७ देखि सेप्टेम्बर ७ सम्म सम्पन्न अपराधको रोकथाम तथा कसुरदारउपरको व्यवहारसम्बन्धी आठौं राष्ट्रसंघीय कांग्रेसद्वारा जारी

संयुक्त राष्ट्रसंघको बडापत्रमा संसारका मानिसहरूले अन्य कुराका अतिरिक्त न्याय कायम हुने अवस्था सिर्जना गर्न दृढसंकल्प गरी जात, लिङ्ग, भाषा वा धर्मजस्ता कुराको भेदभावविना मानवअधिकार र मूलभूत स्वतन्त्रताको सम्मानको प्रवर्द्धन र प्रोत्साहनलाई अन्तर्राष्ट्रिय सहयोगको उपलब्धिको एक प्रमुख परिलक्ष्य घोषित गरेकाले,

मानवअधिकारको विश्वव्यापी घोषणापत्रले कानुनका अगाडी समानता, निर्दोषिताको अनुमान, ,स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणद्वारा स्वच्छ तथा खुला सुनुवाइको अधिकार र दण्डनीय कसुरको अभियोग लागेका हरेकलाई प्रतिरक्षाका लागि आवश्यक सबै प्रत्याभूतिका सिद्धान्तहरूको संरक्षण गरेकाले,

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धले, यस अतिरिक्त, अनुचित ढिलाई विना पुर्पच्छे गरिने अधिकार र कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणद्वारा स्वच्छ र खुला सुनुवाइको अधिकार उद्घोषित गरेकाले,

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धले मानव अधिकार र स्वतन्त्रताको विश्वव्यापी आदर र परिपालनाको प्रवर्द्धन गर्नु राज्यहरूको बडापत्र अन्तर्गतको दायित्व भएको कुरा पुनः संस्मरण गराएकाले,

जुनसुकै स्वरूपको थुनछेक वा कैद सजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्त संग्रहले थुनामा रहेको व्यक्तिको कानुनी परामर्शदाताबाट सहायता लिने, उससँग कुराकानी गर्ने र परामर्श गर्ने हक स्थापित गरेकाले,

बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावलीले विशेषतः पुर्पच्छे भई नसकेका बन्दीका लागि कानुनी सहायता र परामर्शदातासँग गोपनीयतापूर्वक कुराकानी सुनिश्चित गर्नुपर्ने कुरा सुझाएकाले,

मृत्युदण्डको सामना गर्नेहरूको संरक्षणको प्रत्याभूति गर्ने सुरक्षणले ज्यानकै सजाय हुन सक्ने अपराधका हरेक शंकित वा अभियुक्तलाई कारवाहीका सबै चरणमा, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १४ अनुसार, पर्याप्त कानुनी सहायताको अधिकार रहने कुरा सुनिश्चित गरेकाले,

अपराध र अख्तियारको दुरूपयोग पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्रले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा अपराध पीडित उपरको स्वच्छ व्यवहार, प्रतिपूरण, क्षतिपूर्ति र सर सहायता

तथा न्यायको पहुँचमा सुधार ल्याउन सिफरिस गरेकाले,

सबै व्यक्तिको हकाधिकार रहेका आर्थिक, सामाजिक र सांस्कृतिक, वा नागरिक तथा राजनीतिक किसिमका मानव अधिकार र आधारभूत स्वतन्त्रताको पर्याप्त संरक्षणका लागि स्वतन्त्र कानुन व्यवसायद्वारा उपलब्ध हुने कानुनी सेवाहरूमा सबै व्यक्तिको प्रभावकारी पहुँच आवश्यक हुने भएकाले,

व्यावसायिक गुणस्तर तथा आचरण कायम गर्न, ,सदस्यहरूलाई हैरानी, ,अनुचित रोकटोक तथा हननबाट जोगाउँन, सेवाको खाँचो परेका सबैलाई कानुनी सेवा उपलब्ध गराउन र जनचासो र न्यायको साध्यलाई बढाउँदै लैजानका लागि सरकारी तथा अन्य संस्था निकायहरूसँग सहयोग आदान प्रदान गर्न कानुनव्यवसायीहरूको पेसागत संगठनले खेल्नुपर्ने भूमिका महत्वपूर्ण भएकाले,

कानुनव्यवसायीको उचित भूमिकाको सुनिश्चिय तथा प्रवर्द्धन गर्ने कार्यमा सदस्य राष्ट्रहरूलाई मद्दत गर्नका लागि तर्जुमा गरिएको यसपछि प्रस्तुत कानुनव्यवसायीको भूमिका सम्बन्धी आधारभूत सिद्धान्तलाई सरकारहरूले आफ्नो आफ्नो राष्ट्रिय कानुन तथा प्रचलनको ढाँचाभित्र सम्मान र ख्याल गर्नुपर्दछ र कानुनव्यवसायीहरू साथसाथै न्यायाधीश, अभियोजनकर्ता (सरकारी वकिल), कार्यपालिका तथा विधायिकाका सदस्यहरू र सर्वसाधारणजस्ता अन्य व्यक्तिहरूका ध्यानमा पनि ल्याइनु पर्दछ। यी सिद्धान्तहरू, उपयुक्त भएसम्म कानुनव्यवसायीको औपचारिक हैसियत नभए पनि कानुनव्यवसायीले गर्ने काम गर्ने व्यक्तिहरूका हकमा पनि लागू हुनेछन ।

## कानुनव्यवसायी र कानुनी सेवाको सुलभता

- सबै व्यक्तिलाई आफ्ना अधिकारको संरक्षण तथा स्थापना र फौजदारी कारवाहीका हरेक चरणमा प्रतिरक्षाका लागि आफूले रोजेको कानुनव्यवसायीको सहयोग माग्ने हक छ।
- सरकारहरूले आफ्नो भूभाग तथा क्षेत्राधिकारका विषयमा जाति, वर्ण, वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म, आर्थिक वा अन्य हैसियतमा आधारित भेदभावजस्ता कुनै कुराको भिन्नताविना सबै व्यक्तिका लागि कानुनव्यवसायीको प्रभावकारी र समान सर्वसुलभता उपलब्ध गराउन सुव्यवस्थित कार्यविधि तथा उत्तरदायी संयन्त्रहरू सुनिश्चित पार्नेछन ।
- सरकारले निर्धन तथा आवश्यक भएअनुसार अन्य लाभवञ्चित व्यक्तिहरूलाई कानुनी सेवा उपलब्ध गराउन पर्याप्त आर्थिक सहायता तथा अन्य स्रोत साधनको प्रबन्ध सुनिश्चित गर्नेछन्। कानुनव्यवसायीका पेसागत संगठनहरूले सेवा, सर सुविधा तथा स्रोत साधनको प्रबन्धमा सरसहयोग गर्नेछन ।
- सरकार तथा कानुनव्यवसायीको पेसागत संगठनहरूले सर्वसाधारणलाई कानुन अन्तर्गतका तिनका अधिकार तथा कर्तव्य र तिनका मौलिक स्वतन्त्रताको संरक्षणका लागि कानुनव्यवसायीको महत्वपूर्ण भूमिकाका बारेमा सुसूचित गर्ने कार्यक्रमहरू प्रवर्द्धन गर्नेछन। निर्धन तथा अन्य लाभवञ्चित व्यक्तिहरूलाई उनीहरूका अधिकारमा अनुदान लिन र आवश्यक हुँदा कानुनव्यवसायीको मद्दत माग्न सबल बनाउनका लागि गरिने सहयोगका लागि विशेष ध्यान दिइनुपर्छ।

## फौजदारी न्याय सम्बन्धी कुरामा विशेष सुरक्षा

- पक्राउ वा थुनछेक वा फौजदारी कसुरको आरोपित हुँदा आफूले रोजेको कानुनव्यवसायीबाट सहयोग लिने अधिकारका बारेमा सबै व्यक्तिलाई सक्षम अधिकारीद्वारा तुरुन्तै सुसूचित गरिने कुरा सरकारहरूले सुनिश्चित गर्नेछन ।
- आफ्नो कानुनव्यवसायी नभएका व्यक्तिहरूलाई, न्यायको हितमा आवश्यक भएका सबै मामिलामा, ,प्रभावकारी कानुनी सेवा उपलब्ध गराउनका लागि, उनीहरूसित त्यस्ता सेवाको सेवाशुल्क तिर्ने पर्याप्त माध्यमको कमी भए निःशुल्क रूपमै, कसुरको प्रकृतिसित तालमेल हुने गरी सक्षमता र अनुभव भएको कानुनव्यवसायी राख्नपाउने हक हुनेछ ।
- फौजदारी आरोपसाथ वा रहित जे भए पनि पक्राउ गरेको र थुनिएका समयबाट ४८ घण्टाभित्रै शीघ्रतासाथ कानुनव्यवसायीसँगको पहुँच पाउने कुरा सरकारहरूले थप सुनिश्चित गर्नेछन ।
- पक्राउ गरिएका, थुनिएका वा कैद गरिएका सबै व्यक्तिहरू ढिलाई, हस्तक्षेप वा सेन्सरसिप नगरिकन र पूर्ण गोपनीयतासाथ कानुनव्यवसायीसँग भेटघाट, कुराकानी र सरसल्लाह गर्न पर्याप्त अवसर, समय र सरसुविधा उपलब्ध गराइनेछ ।

## योग्यता र तालिम

- सरकार, कानुनव्यवसायीहरूको पेसागत संगठन र शैक्षिक संस्थाहरूले कानुनव्यवसायीहरूलाई उचित शिक्षा प्राप्त र कानुनव्यवसायीको नैतिक मर्यादा तथा आचारगत कर्तव्य र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनद्वारा मान्यताप्राप्त मानवअधिकार तथा आधारभूत स्वतन्त्रताका बारेमा सचेत पारिएको कुरा सुनिश्चित पार्नेछन ।
- सरकार, कानुनव्यवसायीहरूको पेसागत संगठन र शैक्षिक संस्थानहरूले कानुन व्यवसायमा प्रवेश गर्ने र अभ्यास निरन्तर राख्ने कुरामा कानुनव्यवसायी सम्बन्धित देशकै नागरिक हुनुपर्ने कुरा भेदभावकारी नहुने अपवादबाहेक जाति, वर्ण, लिङ्ग, जातीय उत्पत्ति, धर्म, राजनीतिक वा अन्य अभिमत, राष्ट्रिय वा सामाजिक उत्पत्ति, ,सम्पत्ति, जन्म आर्थिक वा अन्य हैसियतका आधारमा कुनै व्यक्तिलाई पनि भेदभाव नगरिने कुरा सुनिश्चय गर्नेछन ।
- कानुनी सेवाको आवश्यकता परिपूर्ति हुन नसकेका खास गरी भिन्न संस्कृति, ,परम्परा वा भाषाहरू वा विगतको भेदभावको सिकार भएका समूह, समुदाय वा क्षेत्रहरू रहे भएका मुलुकमा सरकार, कानुनव्यवसायीहरूको पेसागत संगठन र शैक्षिक संस्थाहरूले यस्ता समूहहरूबाट कानुनव्यवसायीमा प्रवेश गर्न उम्मेदवारहरूलाई अवसर दिन विशेष उपायहरू अपनाउनु पर्छ र उनीहरूका समूहहरूको खाँचोलाई उचित हुने गरी उनीहरूले तालिम पाउने कुराको सुनिश्चित पार्नुपर्छ ।

## कर्तव्य र जिम्मेवारी

- कानुनव्यवसायीहरूले न्याय प्रशासनको अत्यावश्यक प्रतिनिधिका रूपमा सबै समयमा आफ्नो पेसाको सम्मान र मर्यादा कायम राख्नेछन ।

- कानुनव्यवसायीहरूको सेवाग्राहक (पक्ष) प्रतिको कर्तव्यमा निम्न कुराहरू समेट्नेछन् :
  (क) सेवाग्रहकका कानुनी अधिकार र दायित्वका बारेमा उनीहरूलाई सल्लाह दिने, र सेवाग्राहकको अधिकार र दायित्वको सन्दर्भसापेक्ष कानुनी प्रणालीमा काम गर्ने
  (ख) सेवाग्रहकलाई हर उचित तरिकाले मद्दत गर्ने र उनीहरूको हितको संरक्षणका लागि कानुनी कारवाही अगाडी बढाउने ।
  (ग) उचित भएसम्म सेवाग्राहकलाई अदालत, न्यायाधिकरण वा प्रशासनिक अधिकरणहरूमा मद्दत गर्ने ।
- सेवाग्राहकको हितको रक्षा गर्दा र न्यायको हेतु प्रवर्द्धन गर्दा कानुनव्यवसायीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले मान्यता दिएका मानवअधिकार तथा आधारभूत स्वतन्त्रा कायम गर्ने प्रयत्न गर्नेछन र सबै समयमा कानुन अनुरूप र कानुनी पेसाको सर्वमान्य स्तर तथा आचरणको अनुकूल स्वतन्त्रता तथा परिश्रमपूर्वक काम गर्नेछन ।
- कानुनव्यवसायीहरू सदा उनीहरूका सेवाग्राहकको हितको सम्मानप्रति बफादार रहनेछन् ।

## कानुन व्यवसायीका काममा प्रत्याभूति

- कानुनव्यवसायीहरू (क) कुनै डरत्रास, बाधाव्यवधान, हैरानी वा अनुचित हस्तक्षेपविना व्यावसायिक कार्य गर्नमा योग्य हुने : (ख) स्वतनत्रतापूर्वक मुलुकभित्र र बाहिर यात्रा गर्न र तिनका सेवाग्राहकलाई परामर्श दिन योग्य हुने र (ग) सर्वमान्य पेसागत कर्तव्य, स्तर र आचरण अनुसार गरिएको कुनै कामकुरामा अभियोजन, ,प्रशासनिक, आर्थिक वा अन्य दण्डभारबाट सताइने वा त्रस्त पारिनेछैनन् भन्ने कुरा सरकारहरूले निश्चित पार्नेछन ।
- आफ्नो कार्य सम्पादन गरेको नतिजास्वरूप कानुनव्यवसायीहरूको सुरक्षामाथि त्रास सिर्जना भएमा अधिकारीहरूबाट उनीहरूको पर्याप्त संरक्षण गरिनेछ ।
- आफ्नो कार्य सम्पादन गरेको नतिजास्वरूप कानुनव्यवसायीहरूलाई उनीहरूको सेवाग्राहक वा सेवाग्राहकका कार्यसँग गाँसेर पहिचान गरिनेछैन ।
- प्रतिनिधित्वको अधिकारको मान्यताप्रदत्त अदालत वा प्रशासनिक अधिकरणले यी सिद्धान्तहरूसँग मेल खाने गरी राष्ट्रिय कानुन र प्रचलन अनुसार अयोग्य घोषित गरिएको व्यक्तिबाहेक कुनै पनि कानुनव्यवसायीलाई तिनका पक्ष (सेवाग्राहक) का तर्फबाट उपस्थित हुन इन्कार गर्नेछैनन् ।
- कानुनव्यवसायीहरूले असल नियतले लिखित वा मौखिक रूपमा गरेको पैवरीका सान्दर्भीक कथनहरू वा अदालत, न्यायाधिकरण वा अन्य कानुनी वा प्रशासनिक अधिकरणसमक्ष भएको तिनको व्यावसायिक उपस्थितिका लागि देवानी तथा दण्डसजायसम्बन्धी उन्मुक्तिको उपभोग गर्नेछन ।
- आफूसँग वा आफ्नो नियन्त्रणमा रहेका उपयुक्त सूचना, फाइल र लिखत अभिलेखहरू, सेवाग्राहकलाई प्रभावकारी कानुनी सहायता उपलब्ध गराउन सबल हुने गरी पर्याप्त समयसाथ, कानुनव्यवसायीलाई

सुलभ पार्ने कुरा सक्षम अधिकारीहरूको कर्तव्य हुनेछ। यस्तो पहुँच छिटोभन्दा छिटो उपयुक्त समयमा उपलब्ध गराउनु पर्छ।

- कानुनव्यवसायी र तिनका सेवाग्रहकका बीच व्यावसायिक सम्बन्धमा हुने सबै सञ्चार कुराकानी र परामर्श गोपनीयतापूर्ण हुने कुरालाई सरकारहरूले मान्यता दिने र सम्मान गर्नेछन्।

## अभिव्यक्ति र संगठनको स्वतन्त्रता

- अन्य नागरिक सरह कानुनव्यवसायीहरूलाई अभिव्यक्ति, आस्था, संगठन र सभाको हक हुनेछ। विशेष गरी उनीहरूलाई कानुन, न्यायप्रशासन र मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनसँग सम्बन्धित सवालहरूमा खुला छलफलमा भाग लिने र कानुनसम्मत संगठनको सदस्यता लिएको वा कानुन संगत कार्य गरेको कारणले कुनै व्यावसायिक रोकटोकका व्यवधानविना स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संगठनहरू गठन गर्ने वा तिनमा सहभागी हुने, तिनका बैठकहरूमा भाग लिने अधिकार उनीहरूलाई हुनेछ। यस्ता अधिकारको प्रयोग गर्दा कानुनव्यवसायीहरूले कानुन र कानुनव्यवसायीहरूका सर्वमान्य स्तर आचरण अनुसार आफूलाई सञ्चालित गर्नेछन्।
- कानुनव्यवसायीहरूलाई आफ्ना हकहितको प्रतिनिधित्व, शिक्षा र तालिमको निरन्तरता र पेसागत निष्ठाको संरक्षणका लागि स्वायत्त पेसागत संगठनको गठन गर्ने र त्यसमा सहभागी हुने हक हुनेछ। यस्ता पेसागत संगठनको कार्यकारी अंग संगठनका सदस्यहरूबाट निर्वाचित हुनेछ र यसले बाह्य हस्तक्षेपविना आफ्नो काम कारवाही सम्पादन गर्नेछ।
- हरेक व्यक्तिलाई कानुनी सेवाको प्रभावकारी तथा समान पहुँच र कानुन तथा सर्वमान्य पेसागत मापदण्ड र आचरण अनुरूप सेवाग्रहकलाई अनुचित हस्तक्षेपविना सर सल्लाह र सहयोगमा कानुनव्यवसायीलाई योग्य बनाउने कुरा निश्चित पार्न कानुनव्यवसायीका संगठनहरूले सरकारहरूलाई सरसहयोग गर्नेछन्।

## अनुशासनात्मक कारवाही

- राष्ट्रिय कानुन तथा प्रचलन एवं सर्वमान्य अन्तर्राष्ट्रिय स्तर र मान्यताअनुसार कानुन व्यवसायको उपयुक्त निकाय वा विधायनद्वारा कानुनव्यवसायीहरूका लागि आचार संहिता जारी हुनेछ।
- पेसागत क्षमताको विषयमा कानुनव्यवसायी विरुद्ध गरिएका उजुर वा दोषारोपणहरूमा उचित कार्यविधिद्वारा दतारुकतासाथ एवं स्वच्तापूर्व कारवाही हुनेछ। कानुनव्यवसायीलाई आफूले रोजेको कानुनव्यवसायीबाट सहयोग लिन पाउने लगायत स्वच्छ सुनुवाईको अधिकार रहनेछ।
- कानुनव्यवसायी विरुद्धको अनुशासनात्मक कारवाही कानुन व्यवसायद्वारा स्थापित निष्पक्ष अनुशासन समितिसमक्ष, स्वतन्त्र विधायिकी कानुनद्वारा निर्मित अधिकरणसमक्ष, वा अदालत समक्ष चलाइनेछ र स्वतन्त्र न्यायिक पुनरावलोकनको विषय हुनेछ।
- सबै अनुशासनात्मक कारवाही पेसागत आचारण संहिता र कानुन व्यवसायका अन्य सर्वमान्य मापदण्ड र आचरण अनुसार एवं यी सिद्धान्तहरूका आलोकमा निर्धारण गरिनेछ।

# अनूसूची - ३

## नेपालले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी दस्तावेजहरूको सूची

(१) दासत्वसम्बन्धी महासन्धि (२५ सेप्टेम्बर, १९२६)

(२) जातिहत्या अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धि, (९ डिसेम्बर, १९४८)

(३) जीउ मास्ने-बेच्ने तथा अरुको बेश्यावृत्तिको शोषणको दमनसम्बन्धी महासन्धि, (२ डिसेम्बर, १९४९)

(४) महिलाका राजनीतिक अधिकार सम्बन्धी महासन्धि, (२० डिसेम्बर, १९५२)

(५) २५ सेप्टेम्बर, १९२६ मा जेनेभमा हस्ताक्षर गरिएको दासत्व महासन्धिलाई संशोधन गर्ने सन्धिपत्र, (२३ अक्टोबर, १९५३)

(६) दासत्व, दास-व्यापार र दासत्व समान संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि, (७ सेप्टेम्बर, १९५६)

(७) सबै प्रकारका जातीय भेदहरूको उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, (२१ डिसेम्बर, १९६५)

(८) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, (१६ डिसेम्बर, १९६६)

(९) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध, (१६ डिसेम्बर, १९६६)

(१०) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तार्राष्ट्रिय अनुबन्धको प्रथम एच्छिक सन्धिपत्र, ( १६ डिसेम्बर, १९६६)

(११) रंगभेदी अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, (३० नवेम्बर, १९७३)

(१२) महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावहरूको उन्मूलनको महासन्धि, (१८ डिसेम्बर, १९७९)

(१३) यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड सम्बन्धी महासन्धि, (१० डिसेम्बर, १९८४)

(१४) खेलकुदमा रंगभेदविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, (१० डिसेम्बर, १९८५)

(१५) बाल अधिकार सम्बन्धी महासन्धि, (२० नवेम्बर, १९८९)

(१६) मृत्युदण्डको उन्मूलनसँग सम्बन्धित नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको दोस्रो ऐच्छिक सन्धिपत्र, (१५ डिसेम्बर, १९८९)

## अनूसूची - ४

# संविधान तथा अन्तर्राष्ट्रिय अनुबन्धका फौजदारी न्यायसम्बन्धी सान्दर्भिक प्रावधानहरू

**नेपालको अन्तरिम संविधान, २०६३ को**

धारा २४. न्याय सम्बन्धी हक: (१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन ।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयमा नै आफूले रोजेको कानून व्यवसायीसंग सल्लाह लिन पाउने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ र त्यस्तो व्यक्तिलाई आफ्नो कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन ।

स्पष्टीकरण : यस उपधाराको प्रयोजनको लागि "कानून व्यवसायी" भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्तिलाई जनाउँछ ।

(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्याद वाहेक चौवीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन । तर उपधारा (२) र (३) मा लेखिएका कुराहरू निवारक नजरवन्द र शत्रु राज्यको नागरिकको हकमा लागू हुने छैन ।

(४) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेवापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

(५) कुनै अभियोग लगाईएको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन ।

(६) कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन ।

(७) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन ।

(८) प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ ।

(९) कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ ।

(१०) असमर्थ पक्षलाई कानूनमा व्यवस्था भएबमोजिम नि:शुल्क कानूनी सेवा पाउने हक हुनेछ ।

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को**

**धारा ७ :** कसैलाई पनि यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको भागीदार बनाइने छैन। खास गरी कसैलाई पनि निजको स्वतन्त्र मन्जुरीविना चिकित्सा वा वैज्ञानिक प्रयोगपरीक्षण गरिने छैन।

**धार ९:**

१) हरेक व्यक्तिलाई स्वतन्त्रता र व्यक्तिगत जीवनको सुरक्षाको अधिकार छ। कसैलाई पनि जथाभावी गिरफ्तारी र थुनछेकको भागीदार बनाइने छैन। कानुनले स्थापना गरेका आधार तथा कार्यविधिवमोजिम बाहेक कसैलाई पनि निजका स्वतन्त्रताबाट वञ्चित गरिने छैन।

२) पक्राउ गरिएको हरेक व्यक्तिलाई गिरफ्तारीका समयमा निजको गिरफ्तारीको कारणबारे जानकारी दिइनेछ र निजविरुद्धका जुनसुकै आरोपको तुरुन्तै जानकारी दिइनेछ।

३) फौजदारी आरोपमा पक्राउ गरिएको र थुनामा राखिएको जोकसैलाई पनि न्यायाधीश वा न्यायिक अधिकार प्रयोग गर्न कानुनले अख्तियार दिएको अन्य अधिकारीसमक्ष तुरुन्तै ल्याइनेछ र उचित समयभित्र पूर्पच्छे हुने वा छुटकारा पाउने निजको हक हुनेछ। पूर्पक्षेको प्रतिक्षामा रहेका व्यक्तिलाई हिरासतमै राख्ने कुरा सामानय नियम हुने छैन, तर छुटकारा न्यायिक कारबाईका जुनसुकै चरणमा पूर्पक्षका लागि एक निर्णयको कार्यान्वयनको वखत आइपर्दा उपस्थित हुने प्रत्याभूतिको विषय बन्न सक्नेछ।

४) पक्राउ वा थुनछेकबाट स्वतन्त्रता वञ्चित भएको जोसुकै व्यक्तिलाई अदालतद्वारा विलम्ब नगरिकन निजको थुनछेकको कानुनसंगतताबारे निर्णय गर्न र थुनछेक कानुनसंगत नभएमा निजलाई मुक्त गर्ने आदेश दिनका लागि अदालतसमक्ष कारबाई चलाउने हक हुनेछ।

५) कानुनअसंगत गिरफ्तारी वा थुनछेकबाट पीडित जोसुकै व्यक्तिलाई क्षतिपूर्तिको प्रचलनशील अधिकार हुनेछ।

**धारा १०:**

१) स्वतन्त्रताबाट वञ्चित सबै व्यक्तिलाई मानवतासाथ र मानवव्यक्तिको अन्तरर्निहित मर्यादाको आदरसाथ व्यवहार गरिनेछ।

२) (क) अभियोग लागेका व्यक्तिलाई अपवादजनक स्थितिमा बाहेक सजाय ठेकिएका व्यक्तिबाट अलग्ग राखिनेछ र सजाय नठेकिएका व्यक्तिसरहको तिनको हैसियत मिल्दो भिन्न व्यवहार गरिनेछ।

(ख) अभियोग लागेका अल्पवयस्कहरूलाई वयस्कबाट अलग्गै राखिनेछ र यथाशक्य चाँडो मुद्दाको किनारा लगाइनेछ।

३) बन्दीगृहप्रणालीमा तिनीहरूको सुधार र सामाजिक पुनःस्थापनाको अत्यावश्यक लक्ष्य रहेको बन्दीहरूप्रतिको व्यवहार समेटिनेछ। अल्पवयस्क कसुरदारहरूलाई वयस्कहरूबाट अलग्याइनेछ र तिनको उमेर एवं कानुनी हैसियत सुहाउँदो व्यवहार गरिनेछ।

**धारा १४:**

१) अदालत र न्यायाधिकरणहरूका सामुन्ने सबै व्यक्ति समान हुनेछन् हरेक व्यक्तिलाई निजविरुद्ध फौजदारी अभियोग वा कानुनअनुसारको मुद्दामा निजका अधिकार र दायित्वको निर्धारणमा कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट स्वच्छ र खुला सुनवाइ हुने हकाधिकार रहनेछ। प्रजातान्त्रिक समाजमा हुने नैतिकता, सार्वजनिक सुव्यवस्था वा राष्ट्रिय सुरक्षा, वा पक्षहरूको निजी जीवनको हितका लागि आवश्यक भएमा, वा न्यायको हितमा प्रचार वा सार्वजनिकता पूर्वाग्रही हुन सक्ने विशेष परिस्थितिमा अदालतको विचारमा हदै आवश्यक भएका कारणबाट पत्रकारजगत (प्रेस) तथा सर्वसाधारणलाई पुरै पूर्पच्छेभर वा केही अंशमा बाहेक गर्न सकिनेछ, तर, अल्पवयस्क व्यक्तिको हितले अन्यथा आवश्यक भएको वा वैवाहिक सम्बन्धको विवाद वा बालबालिकाको संरक्षकत्वको कुरामा बाहेक, फौजदारी मामिला वा कुनै मुद्दामा गरिएको निर्णय सावैजनिक गरिनेछ।

२) फौजदारी कसुरको अभियोग लागेको हरेक व्यक्तिलाई कानुनअनुसार दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार रहनेछ।

३) हरेक व्यक्तिलाई निजविरुद्धको फौजदारी अभियोगको निर्धारणमा पूर्ण समानतामा आधारित निम्नानुसारका न्युनतम् प्रत्याभूतिको अधिकार हुनेछ :

(क) आफूविरुद्धको अभियोगको प्रकृति तथा कारण निजले बुझ्ने भाषमा तुरुन्त र पूर्ण विवरणसाथ जानकारी पाउने;

(ख) आफ्नो प्रतिरक्षाको तयारीका लागि पर्याप्त समय एवं सरसुविधा पाउने र आफूले रोजेको कानुनी सल्लाहकारसँग कुराकानी गर्न पाउने;

(ग) अनुचित ढिलाइविना पुर्पच्छे गरिने;

(घ) आफ्नो उपस्थितिमा पुर्पच्छे हुने वा आफैं वा रोजेको कानुनी सहायतामार्फत् प्रतिरक्षा गर्न पाउने; कानुनी सहायता नभएमा यो अधिकारको जानकारी पाउने; र न्यायको हितले आवश्यक भएमा जुनसुकै मामिलामा निजका हकमा कानुनी सहायता पाउने, र निजसित पर्याप्त स्रोतसाधन नभएमा यस्तो कुनै पनि मामिलामा कानुनी सहायता निःशुल्क हुने;

(ङ) आफूविरुद्धका साक्षीको परीक्षण गर्ने-गराउने र आफूविरुद्धका साक्षीजस्तो समान अवस्थामा आफ्ना साक्षी उपस्थित तथा परीक्षण गर्ने-गराउने;

(च) अदालतमा प्रयुक्त भाषा निजले बुझ्न वा बोल्न नसक्ने भएमा दोभाषेको निःशुल्क सहयोग पाउने;

(छ) आफ्नै विरुद्धमा प्रमाण दिन वा दोषमा सावित हुन वाध्य हुनु नपर्ने।

४) अल्पवयस्क व्यक्तिका हकमा तिनको उमेर तथा पुनःस्थापनालाई प्रबर्द्धन गर्ने वाञ्छनीयतालाई ध्यान दिने किसिमको कार्यविधि रहनेछ।

५) अपराधमा सजाय ठेकिएका प्रत्येक व्यक्तिलाई कानुनअनुसार उच्चतर न्यायाधिकरणबाट निजको कसुर स्थापना र सजाय पुनरावलोकन गराउन पाउने अधिकार हुनेछ ।

६) अन्तिम निर्णयबाट कुनै व्यक्तिको फौजदारी कसुर स्थापित भइसकेको छ र तत्पश्चात् नयाँ वा नवीनोद्घाटित तथ्यले स्पष्टतः न्याय-अपयोजन (मिस क्यारिज अफ जस्टिस) भएको आधारमा निजको कसुर उल्ट्यो वा निजलाई क्षमादान भएमा, समयमै अज्ञात तथ्यको खुलासा नहुनमा पुरै वा आंशिक तवरले निजकै हात रहेको प्रमाणित नभएमा, सजायबाट सताइएको व्यक्तिलाई कानुनवमोजिम क्षतिपूर्ति दिइनेछ ।

७) हरेक मुलुकको कानुन र दण्डविधिअनुसार अन्तिम रूपले सजाय ठेकिएको वा सफाइ पाइसकेको कसुरमा कसैलाई पनि फेरी पुर्पक्षका लागि दायित्व वहन गराइने वा सजाय गरिनेछैन ।

**धारा १५:**

१) त्यस्तो कार्य गर्दाका समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत सो कार्य वा अकार्य कसुर कायम रहेको थिएन भने त्यसका आधारमा कसैलाई पनि फौजदारी कसुरको दोषी बनाइने छैन । अनि, फौजदारी कसुर भएका समयमा लागू रहेको भन्दा बढी सजाय पनि गरिने छैन । कसुर गरेपश्चात् कानुनद्वारा कम सजाय हुने व्यवस्था भएमा त्यसको सुविधा कसुरदारले पाउनेछ ।

२) राष्ट्रका समुदायले मान्यता दिएका कानुनका सामान्य सिद्धान्तअनुसार, सो भएका समयमा आपराधिक मानिएका कार्य वा अकार्यसम्बन्धी कुनै व्यक्तिउपरको पुर्पच्छे वा सजायलाई यस धाराले असर पुऱ्याउनेछैन ।

# अनूसूची - ५

## पक्षसँग अन्तरवार्ताको नमुना

**नमुना १**

१. बन्दीको नाम, थर........................................

२. उमेर .....................................................

३. ठेगाना ...................................................

४. पेसा .......................................................

५. कारागार .................................................

६. मुद्दा .......................................................

७. मुद्दा दर्ता मिति ........................................

८. जाहेरवालाको नाम .....................................

९. मुद्दा नं....................................................

१०. अन्य प्रतिवादीको नाम.................................

११. थुनामा परेको मिति ...................................

१२. शुरु अदालत ...........................................

१३. विचाराधीन अदालत ..................................

१४. मुद्दाको अवस्था

१४. मुद्दाको अवस्था

क) जिल्ला अदालतबाट फैसला भएको छ छैन ? ☐ छ ☐ छैन ।

ख) फैसला भएको भए पुनरावेदन परेको छ, छैन ? ☐ छ ☐ छैन ।

ग) पुनरावेदन परेको भए फैसला भएको छ छैन ? ☐ छ ☐ छैन ।

घ) गर्नुपर्ने काम

...........................................................................................................

१५. फैसला भएको भए,

(क) फैसलाको परिणाम ........................................................

(ख) फैसलाको मिति ........................................................

१६. कानुनव्यवसायी राखेको छ, छैन ? ☐ छ ☐ छैन

१७. छ भने कसरी राखिएको छ ? ☐ स: शुल्क ☐ नि:शुल्क :

१८. यस भन्दा पहिले कुनै सँस्थाले कुनै मुद्दा हेरिदिएको भए त्यसको नाम

..............................................................................................................

१९. नियुक्त भएको सँस्था वा कानुनव्यवसायीबाट हाल सेवा प्राप्त गर्नुभएको छ वा छैन ?

..............................................................................................................

२०. उक्त सेवाबाट सन्तुष्ट हुनुहुन्छ हुनुहुन्न ?

..............................................................................................................

२१. कानुनव्यवसायी नराखेको भए के कारणले नराख्नु भएको हो ?

☐ आर्थिक ☐ अनभिज्ञता ☐ अन्य............................................

२२. के तपाई काठमाडौं स्कुल अफ ल, बन्दी कानुनी सहायता क्लिनिकबाट नि:शुल्क कानुनी सहायता चाहनुहुन्छ ?

..............................................................................................................

अन्तर्वाता दिनेको हस्ताक्षर अन्तर्वाता लिनेको हस्ताक्षर

मिति ................................

*स्रोत : काठमाडौं स्कुल अफ ल, बन्दी कानुनी सहायता क्लिनिक ।*

# अनूसूची - ६

## कानुनी सहायताकर्मी वकिलका लागि प्रस्तावित आचार संहिता, २०६२

### (क) कानुनव्यवसायीका लागि

१. म कानुनव्यवसायी आचारसंहिताको पूर्ण पालना गर्नेछु ।

२. कारागारमा काम गर्दा कारागार ऐन नियमको पूर्ण पालना गर्नेछु । कारागारभित्रका काम कारवाहीलाई कानुनी सहायतासम्म सीमीत राख्ने छु । कारागारमा कारागार प्रशासन, आन्तरिक प्रशासन र वन्दीहरूसँग समन्वय राखी काम गर्ने छु । कारागारमा काम गर्दा बन्दी र प्रशासन विचमा वैमनस्यता ल्याउने काम गर्ने छैन । उनीहरू वीचको कानुन बाहेकका (Non Legal) विवादमा संलग्न हुने छैन । कारागारको सुरक्षा सम्बन्धि तथ्य संचारमाध्यममा प्रकाशन र प्रशारण गराउने छैन ।

३. प्रहरी कार्यालयमा काम गर्दा प्रहरी कर्मचारीसँग समन्वय राखी काम गर्नेछु ।

४. अदालतमा काम गर्दा न्यायाधीश, कानुनव्यवसायी र अदालतका कर्मचारीप्रति शिष्ट व्यावहार गर्नेछु ।

५. न्यायिक प्रक्रियालाई अवरोध पुऱ्याउने छैन । दुरूपयोग गर्ने छैन ।

६. कानुनी सहायताको मुद्दाको पक्ष/परिवार/नातेदारबाट कुनै लाभ ग्रहण गर्ने छैन ।

७. अभियुक्तको मानव अधिकारको सम्मान गर्ने छु ।

८. पीडितको न्याय प्राप्तिको अधिकारको सम्मान गर्दै उनीहरू प्रति शिष्ट व्यावहार गर्नेछु । उनीहरूलाई न्यायप्राप्तीमा हतोत्साहित गर्ने छैन ।

९. कार्यालय समयमा मादक पदार्थ वा लागू पदार्थ सेवन गरी कार्यालय (अदालत, प्रहरी, कारागार) मा उपस्थित हुने छैन ।

१०. महिला/बालबालिका जस्ता बन्दीसँग काम गर्दा उनीहरूको संवेदनशीलताको कदर गर्ने छु ।

११. कानुनी सहायता प्रदान गरिरहेका अन्य व्यक्तिहरू संस्थाहरूसँग समन्वय राखी काम गर्नेछु ।

१२. कानुनी सहायताको कार्यमा व्यावसायिकतलाई अपनाउने छु । कानुनी सहायताको गतिविधिमा वैचारिक, धार्मिक, जातिय लैङ्गिक आग्रह/पूर्वाग्रहबाट मुक्त भई कार्य गर्नेछु ।

१३. म आफूले आफ्नो निजी प्रयासबाट पनि असमर्थ पक्षलाई कानुनी सहायता दिनु पर्दछ भन्ने मान्यतालाई व्यावहारमा कार्यान्वयन गर्नेछु ।

हस्ताक्षर : ..................................

नाम :..........................................

पद : .........................................

मिति:.........................................

### (ख) संघ संस्थाका लागि

१. हामी आफ्नो कर्मचारीलाई माथिको आचार संहिता पालन गराउने छौं । पालना भए नभएको विषयमा निरन्तर अनुगमन गर्दछौं ।

२. हामी हाम्रो संस्थाले प्रदान गरेको कानुनी सहायताको अभिलेख दुरुस्त राख्ने छौं र एकिकृत तथ्यांक निर्माण गर्नका लागि यस्तो अभिलेख सरोकारवालालाई उपलब्ध गराउने छौं ।

३. हाम्रो संस्था कानुनव्यवसायीहरूको संस्था हो वा हाम्रो संस्थामा कम्तीमा ५ जना पूर्णकालीन तलबी कानुनव्यवसायी नियुक्त नगरी सेवा प्रदान गर्ने छैनौं ।

४. हामी अन्य संस्थाद्वारा कानुनी सहायता प्राप्त नगरेको व्यक्तिलाई मात्र कानुनी सहायता उपलब्ध गराउने छौं । अर्को संस्था छाडी सेवा लिनेको हकमा स्वीकृत प्रक्रिया अपनाउने छौं ।

५. हाम्रो संस्था कानुनी सहायताका गतिविधिको अनुगमन र संयोजनका लागि एक समन्वयकारी निकायको स्थापना गर्ने कार्यमा सहमति व्यक्त गर्दछ ।

६. हाम्रो संस्था कानुनी सेवा प्रदान गरिएका बन्दीहरूलाई उनीहरूको मुद्दाको प्रगति बारेमा सुसुचित गराउने कुराको प्रतिवद्धता व्यक्त गर्दछ ।

हस्ताक्षर : ................................

नाम :.......................................

पद : ......................................

मितिः....................................

संस्थाको छाप

---

### (ग) कानुनी सहायता लिने व्यक्तिका लागि

१. म कानुनी सहायता सेवा दुरूपयोग नहोस् भन्ने कुरामा सचेत छु । आफू कानुनी सहायताको लक्षित वर्गमा पर्ने स्थिति सत्य भएको घोषणा गर्दछु ।

२. म एकपटक एक भन्दा बढी संस्था/व्यक्तिबाट सोही सेवा लिने छैन । उचित कारणहरूबाट अघिल्लो कानुनी सेवा प्रदायक छाडी नयाँ संस्थामा जाँदा स्वीकृत प्रक्रियाको पालना गर्नेछु ।

३. म कानुनी सहायताकर्मी कानुनव्यवसायीलाई आदर, सम्मान र सहयोग गर्नेछु । निजलाई कानुनी सहायता बाहेक अन्य गैह्र कार्यमा संलग्न गराउने छैन ।

४. म प्रचलित कानुनको परिपालना गर्नेछु । दोषी ठहऱ्याएको अवस्थामा पुनः अपराध गर्ने छैन ।

हस्ताक्षर : .................................

नाम :.........................................

कारागार : ..................................

मितिः.........................................

# अनूसूची - ७

## बहसनोटको रूपरेखा

यो रूपरेखा नेपालको सन्दर्भमा अपनाइएको हो र काठमाडौं स्कुल अफ ल द्वारा गरिएको अनुसन्धानको आधारमा तयार गरिएको हो। यस रूपरेखाले कानुनव्यवसायीहरू (सरकारी वकिलहरू र प्रतिपक्ष कानुनव्यवसायीहरू दुवै) ले अनुसन्धान तथा तिनीहरूका बहस नोटको तयारीमा सहयोगी हुने आशा गरिएको छ। यो रूपरेखा सरकारी वकिलहरूले अभियोगपत्र तयार गर्दाको अवस्थामा समेत उपयोगी हुनेछ।

### पक्षहरूको वतन र विवरण:

१. थर

२. राखेको नाम

३. गाउँमा बोलाउने नाम

गाउँमा बोलाउने नामबाट बोलाउने प्रचलन नेपालमा प्रसिद्ध छ। जस्तो हामी प्रायजसो साइला भन्ने रामकृष्ण भनी नाम लिन्छौं। यसको नेपालमा धेरै महत्व छ किनकि केही प्रकारका नामहरू धेरै मानिसहरूको नामसँग मिल्ने बढी सम्भावना हुन्छ।

### मुद्दाको प्रकार र विवरण

१. मुद्दाको प्रकार (जस्तै हत्या, चोरी आदि )

२. जिल्ला

३. अदालतमा मुद्दा दर्ता गरेको मिति

४. अभियुक्त हिरासतमा वा जमानतमा छ

५. यदि हिसारतमा भए कुन जेल हो ?

६. यदि जमानतमा भए, जमानतको किसिम (रकम, धरौटी वा रोहवरमा)

७. यदि रकम धरौटीमा भए, रकम वा सम्पत्तिको विवरण

### अभियुक्तको अवस्था

१. आर्थिक अवस्था

२. शिक्षा

३. अपराधिक पृष्ठभूमि

४. पेसा

५.	अन्य महत्वपूर्ण कुराहरू (यदि छन् भने)

अभियुक्तको पृष्ठभूमि मुद्दाको मुख्य तर्काधार निर्माणमा महत्वपूर्ण हुन्छ। यदि अभियुक्तको विगतमा अपराध गरेको रेकर्ड छ भने, त्यसले सरकारी वकिललाई तर्कहरू निर्माणमा मद्धत पुऱ्याउँदछ। त्यस्तै गरी, यदि अभियुक्तको विगतमा अपराधिक रेकर्ड छैन भने यो प्रतिपक्ष वकिलका लागि थप सहयोगी बुँदा हुन्छ। अदालतद्वारा फैसला गर्दा चारित्रिक सवलताको गणना गरिन्छ। मनोवैज्ञानिक रूपमा, अभियुक्तको विगतमा फौजदारी गतिविधिमा कहिल्यै संलग्नता छैन भन्ने कुराले न्यायाधीशलाई सधै क्षमा गतिसिल बनाउँछ। जवकि अभियुक्तको पृष्ठभूमिको रूपमा यस्ता सूचनाहरू संकलन गर्नु वकिलको कर्तव्य हो। उदाहरणका लागि, यदि अभियुक्त विगतमा असल खेलाडी हो भने, प्रतिपक्षी वकिलले अभियुक्त विगतको राम्रो आचरणको प्रमाणको रूपमा यो पृष्ठभूमिको प्रयोग गर्न सक्दछ। यस्तो विषयहरू शीर्षक ५ मा राम्ररी उल्लेख गरिएका छन्।

## अवधारणागत पृष्ठभूमि

माथि उल्लेख गरिएको अभियुक्तको चरित्रलाई केन्द्रविन्दु बनाएर मुद्दाको अवधारणागत पृष्ठभूमि निर्माण गरिएको हुन्छ। मुद्दाको अवधारणागत पृष्ठभूमि निर्माणमा तलका तत्वहरू प्रयोग गर्न सकिन्छ।

### १. **अभियुक्तको अवस्था**

उसको अवस्थालाई विभिन्न अवधारणाबाट निश्चितता दिन सकिनेछ। उदाहरणको लागि एउटा ऋषिमुनिलाई कुनै अभियोग लगाइयो। सामान्यतया मानिन्छ कि एउटा ऋषिमुनिले अपराधिक पृष्ठभूमि भएको तथा शहरको गुण्डाले जस्तो अपराध गर्दैन। यदि तपाइको पक्ष ऋषिमुनि भएको खण्डमा, तपाइले उसको प्रतिष्ठा अनुसारको चित्रण गर्नुहोस्।

- समयावधि वा समयतालिका अनुसारको पदको विवरण (जव उ/उनीले सो पद प्राप्त गरेका हुन्छन् वा कति समय देखि त्यो पदमा रहेका थिए)
- ऊ/उनी पदमा रहँदाको राम्रो काम (उनको कस्ता सकारात्मक प्राप्तिहरूभएका छन् र ती के के कुराहरू हुन्)
- पारिवारिक पृष्ठिभूमि (कति जना बच्चाबच्ची छन् वा उसको/उनको परिवार हुनु भन्दा पहिलाको पृष्ठभूमि)

### २. **अभियुक्तको नकारात्मक पक्ष (मुद्दाको अवधारणागत पृष्ठभूमि निर्माणमा अभियुक्तको नकारात्मक कुराहरूको बारेमा पनि सजग रहनु आवश्यक हुन्छ।)**

- खराव आचरणको अभिलेख।
- अपराधिक कार्यको अभिलेख।
- रक्सी, जुवा र अन्य समाज विरोधी आचरणहरूको अभिलेख।
- परिवार र सो सम्बन्धित अस्वीकार्य आचरण (जस्तो सम्बन्ध विच्छेद वा श्रीमती सँगको झगडा, बच्चाबच्ची माथिको शोषण इत्यादिको रेकर्ड।

मुद्दाको सुनुवाइ शुरु गर्दाको अवस्थामा सधै यस्ता कुराहरू प्रस्तुत गर्नु पर्दछ। यसले न्यायाधीशलाई

तपाइको अवस्थाबारे बुझ्न मद्दत गर्दछ। यदि अभियुक्तको पृष्ठभूमिका बारेमा स्पष्ट अवस्था प्रस्तुत गर्नुभयो भने तपाई आफ्नो पक्षमा सकारात्मक र धेरै सफलतापूर्वक प्रमाणहरूलाई परिस्थिति अनुसार व्याख्या गरी प्रस्तुत गर्न सक्नु हुनेछ। कानुनव्यवसायीको स्तरियता उसको अवधारणागत पृष्ठभूमि प्रस्तुत गर्ने तरिका र उसको निपूर्णताबाट मूल्यांङ्कन भएको हुन्छ। प्रायजसो भनिन्छ कि अवधारणागत पृष्ठभूमि राम्रो तरिकाले प्रस्तुत गर्नु, एउटा कानुनव्यवसायीले पहिलोचरणको आधा मुद्दा जित्नु हो।

## मुख्य तर्काधार

कुनैपनि कानुनव्यवसायीले एउटा अवधारणा तयार नगरी मुद्दामा तर्क प्रस्तुत गर्न सक्दैन। मुख्य तर्काधार भनेको उ/उसले आफ्नो प्रस्तुतिबाट प्राप्त गर्न खोजेको अपेक्षा हो। कानुनव्यवसायीले तयार गर्ने तर्काधारले मुद्दामा तयार गरिने रणनीति, तर्क, आधिकारिक भनाई तथा अन्य कुराहरूले मुख्य अवधारणालाई प्रभाव पार्दछ। यदि कुनै कानुनव्यवसायीले उसले आफूलाई व्यवसायिक भनेर दावी गर्दछ भने मुद्दाको लागि मुख्य तर्काधार बनाउनु नै पर्दछ। अनुसन्धानको परिणामको रूपमा मुख्य अवधारणाको विकास भएको हुन्छ। जबकी, प्रतिनिधित्वको कार्य अनुसन्धानको विषय हो।

१. मुख्य तर्काधारको वर्णनः साधारण अभिव्यक्तिको रूपमा प्रस्तुत भएको अवधारणाले फैसलाको रूप लिएको हुन्छ। उदाहरणको लागि एउटा व्यक्तिले घाँटीमा समाती मारेको कुरामा साविति भई अपराध स्वीकारेको छ जहाँसम्म त्यहा पोष्टमार्टम रिपोर्टले घाँटीमा डोरीको चिन्ह “निल” डाम देखिन्छ भन्छ। त्यहाँ प्रस्तुत प्रमाणहरू नै विरोधाभाष भएका छन्। घाँटीमा थिचेर मारेको अपराधको अभियोग लागेको हो भन्ने प्रमाणको आधारलाई लास जाँच प्रकृति मुचुल्काको discarded तपाइको मुद्दाको मुख्य अवधारणा हुनेछ “प्रमाणमा”

२. मुख्य अवधारणासँग सम्बन्धित कुनैपनि विवरण जानकारीलाई उद्धृत गरिएको हुनुपर्ने (उदाहरणको लागि यदि तपाई घाँटी थिचिएको परिभाषा उल्लेख गर्नुहुन्छ भने यहाँ त्यो अझ राम्रो हुन्छ)

## प्रमाणसँग सम्बन्धित मुद्दाका तथ्यहरू

### मुद्दा सम्बन्धित प्रमाणजन्य तथ्यहरू

यस खण्डमा मुद्दाका तथ्यहरू छोटकरीमा समेटिएको हुनुपर्नेछ। अभियोजनकर्ताको खुवी राम्रोसँग जाँच हुन्छ। त्यहाँ संख्यौं तथ्यहरू हुन्छन जुन मुद्दासँग सम्बन्धित हुँदैनन्। यहाँ सान्दर्भिक तथ्यहरूबाट असान्दर्भिक तथ्यहरूको छनौट गरी लिनु मुख्य काम हुनेछ।

### सान्दर्भिक तथ्यहरू

कानुनी तथ्यहरूः तथ्यहरू, जुन कानुनी रूपमा सिद्ध छन्, ती कानुनी तथ्यहरू हुन। उदाहरणको लागि तथ्यको वैधता नै कानुनतः तथ्यगत प्रमाण हो। एउटा प्रतिवेदन जुन स्थानीय प्रतिनिधिद्वारा आधिकारिकता प्रदान गरिएका छैन सो कानुनी रूपमा तथ्य हुन्छ।

### कसुरजन्य तथ्य वा कसुरको कारण

१. प्रमुख (प्राथमिक) तथ्य (निर्णय गर्दा यो तथ्य छोडिएमा, अदालत मुद्दामा प्रवेश गर्न सक्दैन )

२. द्वितीय (सहायतक) तथ्य (यो त्यस्तो तथ्य हो, जुन प्रमुख तथ्यसँग अत्यन्तै गाँसिएको हुन्छ, निर्णयमा आवश्यक हुन्छ ।

३. तेस्रो तहको तथ्य (त्यस्तो तथ्य जसले मुद्दा निर्णयमा मद्दत गर्दछ) ।

४. अन्य तथ्य (जुन निश्चित परिस्थितीमा महत्वपूर्ण हुन सक्नेछ) ।

**निर्णायक तथ्य :**

१.

२.

**प्रमाणहरू**

प्रमाणहरू सदैव निर्णय गर्दा लिने तथ्यसँग सम्बन्धित हुन्छन् । प्रमाण र तथ्य आपसमा सम्बन्धित हुन्छन भन्ने कुरामा नेपाली कानुनव्यवसायीहरूले बुझ्न असफल छन् । त्यसैले व्यवस्थित तरिकाबाट विना प्रमाणको प्रयोग गर्नु हानिकारक हुन सक्छन् । तिनीहरूले व्यवस्थित तरिकाको अभावमा प्रयोग गरिएको प्रमाण हानिकारक हुन्छन् ।

तिनीहरूले व्यवस्थित तरिकाले नगरी हानिकारक हुने गरी प्रमाणको प्रयोग गर्दछन् । पहिले देखि नै प्रायजसो प्रमाणलाई यसको सान्दर्भिकता विना नै प्रयोग गरियो । यस्तो तर्कहरूले एक्लो अवस्था र अर्थमा बदल्यो । यहाँ प्रमाणलाई प्राथमिक (मुख्य), ,द्वितीय तथा तेस्रो तरिकाको महत्व बमोजिम निश्चित हुन्छन ।

१.

२.

३.

**तर्कहरू :**

तर्कहरू सदैव मुख्य धारणा वा विचार सँग सम्बन्धित हुन्छन् । तर्कहरू त्यस्ता विचारलाई प्रमाणित गर्नलाई योजना, तरतरिकाले प्रस्तुत गरिएको हुन्छ । केही कुराहरू सदैव विचारणीय हुनेछन् जव तर्कहरू तयार गरिन्छन ।

- तर्कहरू बनेका हुँदैनन् तिनीहरू लेखिएका हुन्छन । तर्कहरू तथ्यभन्दा बाहिरबाट खोजिएको हुनुपर्नेछ । जुन तपाइको लागि महत्वपूर्ण हुन्छ ।
- तर्कहरू सधै सचेततापूर्वक प्रस्तुत गरिएको हुन्छ ।
- तर्कहरू सधै कानुन र न्यायकोसिद्धान्त सँग सम्बन्धित हुनुपर्नेछ ।
- तर्कहरू सँधै राय वा विचारलाई दवाउने गरी गरिनुपर्दछ, जसले न्यायधीशलाई विश्वास दिलाउन

वा कम्तीमा महशुस गराउनु पर्छ।

- तर्कहरू सदैव यथार्थतामा आधारित हुनुपर्छ, अनुमानको आधारमा गरिनु हुँदैन।
- एकदमै महत्वपूर्ण तर्कहरू शुरुमा प्रस्तत गरिनु पर्दछ। तर्कहरू थोरै हुनुपर्दछ। धेरै तर्कहरूले न्यायाधीशलाई द्विविधा उत्पन्न गर्दछ।

१. तर्क नं. २

शीर्षक :

तर्कको पूर्ण विवरण:

कारणहरू :

कारणहरू तर्कका लागि आधारहरू हुन्छन। तथ्यहरू र प्रमाणहरू तर्कका आधारहरू प्रदान गर्दछन। उदाहरणको लागि एउटा वयश्क र शारीरिक रूपमा परिपक्क स्वास्नी मान्छे, एउटा लोग्नेमान्छेबाट हुने बलत्कारबाट सफलतापूर्वक बच्छ सक्छिन। यो एउटा तर्क हो। पीडितको उमेर २२ वर्षको छ, तिनी गाउँले गृहिणी हुन, र कुनै पनि किसिमको रोग नहुनु कारण हुन। यी तथ्यहरू त्यही तथ्यहरूबाट बनाइएका वा तयार गरिएका हुन्छन।

कारण नं १ :

कारणको शीषक :

सहयोगी लिखत (जस्तो पीडितको बयान, डाक्टरको प्रतिवेदन)

श्रोत : (चिकित्सा विधिशास्त्र वा सर्वोच्च अदालतको फैसला)

कारण नं. २ :

कारणको शीर्षक :

सहयोगी लिखत

श्रोत

तर्क न.. २

तर्कको शीर्षक

पूर्णपाठ

कारण नं. १

कारणको शीर्षक

सहयोगी लिखत

श्रोत

कारण नं. २

कारणको शीर्षक

सहयोगी लिखत

श्रोत

निकर्ष :

निष्कर्ष अभिव्यक्तिको अन्त्य हो। यो संक्षेपमा मुख्य विचार वा धारणाको सानो रूप हो।

प्रस्तुतीको तरिका :

निम्न तत्वहरू कहिल्यै विर्सनु हुँदैन :

१. प्रस्तुती कला र दक्षता दुवै हो। अरुको नक्कल गर्ने कोशिस नगर्नु, तपाई आफ्नै बनाउनुहोस्, विकास गर्नुहोस्।

२. हरेक समय सम्झनु, तपाइले तेस्रो पक्ष (न्यायाधीश) तर्फ ध्यान दिइरहनु पर्छ। तपाइको उत्तरदायित्व पछाडि बसेका व्यक्तिहरू तिर प्रस्तुत हुने होइन, तर तपाइको अगाडि तिर विश्वास दिलाउनु होस्।

३. प्रस्तुतीको तीनवटा तह (क्रम) हुन्छन् : परिचय, विश्लेषण र निष्कर्ष। अभिलेख बर्णनको हरेक तहमा पहिला परिचय र त्यसपछि विश्लेषणमा प्रवेश हुन्छ। एकै चोटीमा पूर्ण विवरणका लागि न्यायाधीशलाई आकर्षित गर्ने प्रयास नगर्नुहोस्। तपाइ लामो समयदेखि मुद्दा हेरिरहनु भएकाले तथ्यहरूबाट सुसूचित हुनुहुन्छ। तर न्यायधीशले पहिलो चोटी मुद्दाको सुनुवाई गरिरहेका हुन सक्दछन् त्यसैले उनलाई मुद्दा बुझ्न गाह्रो हुन सक्दछ। न्यायधीश तथ्य र कानुनको बारेमा अनविज्ञ छन् भन्ने धारणा सँगै आफ्नो कुरा शुरु गर्नुहोस्।

४. अरुहरूलाई बुझ्न सजिलो हुने भाषामा बोल्नुहोस्।

५. न्यायाधीशको ध्यान आफूतिर खिच्न प्रयास गर्नुहोस्।

६. न्यायाधीशलाई के मा रुची छ त्यो विषयमा भन्नुहोस, आफूले जानेको कुरा नलाद्नुहोस्।

७. उदाहरणको प्रयोगमा फूर्तिलो हुनुहोस। प्रत्येक हरफहरू नपढ्नुहोस्, के महत्वपूर्ण छ व्याख्या गर्नुहोस्।

# नगरकोट घोषणापत्र

## वन्दी कानूनी सहायताः राष्ट्रिय सञ्जाल निर्माणका लागि कानून व्यवसायीहरुको राष्ट्रिय सम्मेलनको

## घोषणापत्र

२५ जेष्ठ, २०६०

कानून व्यवसायीद्वारा कानूनी प्रतिरक्षा गर्न पाउने हक अधिकार संवैधानिक तथा मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुबाट प्रत्याभूत हक अधिकार हो भन्ने कुरा निर्विवाद छ । साथै कानूनी प्रतिरक्षाको हक अधिकार Due Process of Law को नैसर्गिक तत्व पनि भएको हुँदा सो को उलंघन भएमा स्वच्छ एवं निष्पक्ष न्यायिक कारबाहीको जगमा नै प्रतिकुल असर पर्ने हुन्छ । यी मान्यताहरुलाई आत्मसात गरी वन्दीहरुको नि:शुल्क कानूनी सहायतामा संलग्न कानून व्यवसायीहरुको यो सम्मेलन सम्पूर्ण असहाय वन्दीहरुले कानूनी प्रतिरक्षा पाउनु उनीहरुको स्वच्छ एवं निष्पक्ष न्यायसँग सम्बन्धित मानव अधिकार हो भन्ने कुरालाई स्वीकार गर्दछ । यस पुनित कार्यमा संलग्न हुनु र गरिब एवं असहाय वन्दीहरुको व्यापक मानव अधिकारको संरक्षण समेतलाई सरोकारको विषय बनाई नि:शुल्क कानूनी सहायता उपलब्ध गराउने कार्यलाई हामी यस सम्मेलनका सहभागीहरु कानून व्यवसायको आधारभूत मान्यता एवं कर्तव्यको रुपमा ग्रहण गर्दछौं । यस्तो कर्तव्यको निर्वाह गर्दा नेपाल बार एशोसिएशनले समय-समयमा दिएका निर्देशनहरु एवं नेपाल बार काउन्सिलद्वारा जारी गरिएका कानून व्यवसायीका पेशागत आचरणका नियम एवं नैतिक आचरणलाई पूर्ण रुपमा अवलम्वन गर्दै व्यवहारमा रुपान्तर गर्ने प्रण समेत गर्दछौं । कानून व्यवसायलाई गरिब एवं असहाय व्यक्तिहरुको हक प्रतिरक्षा गर्ने कार्य मार्फत् एक परिस्कृत एवं सम्मानित व्यवसायको रुपमा विकास गर्दै लैजाने प्रण गर्दै सम्मेलनका निम्न निष्कर्षहरुप्रति प्रतिवद्ध भई हामी तपसिलमा उल्लेखित कानून व्यवसायीहरु यो पाँच बुँदे नगरकोट घोषणापत्र जारी गर्दछौं :

१) वन्दीहरुको संवैधानिक हक एवं मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्न, कानूनी सहायताको अवधारणालाई आफ्नो अभिष्ट बनाई यसको संस्थागत विकास तथा स्थायित्वको लागि कानूनी सहायता सम्बन्धी राष्ट्रिय सञ्जाल निर्माण गर्ने सम्बन्धमा हामी सबैको मतैक्यता रहेको छ ।

२) सञ्जालको अवधारणालाई मूर्त रुप दिनका लागि एक संरचनाको आवश्यकता महसुस गरी हाललाई क्षेत्रीयगत रुपमा समानुपातिक सहभागीतासमेतलाई मध्यनजर गरी एक तदर्थ समिति गठन गरी विकेन्द्रिकरणको सिद्धान्त अनुरुप क्षेत्रीय देखि जिल्लास्तरसम्म विस्तारित गर्दै लैजान सहमत छौं ।

३) सञ्जाललाई व्यवस्थित रुपमा परिचालन गर्नका लागि यसको विधान र निर्देशिका निर्माण हुनुपर्ने आवश्यकता महसुस गर्दछौं ।

४) कानूनी सहायताको कार्यक्रमलाई प्रभावकारी तुल्याउन संस्थागत ऐक्यवद्धता (Institutional Solidarity) आवश्यक हुने कुरालाई महसुस गरी यो सञ्जालले नेपाल बार एशोसिएशन, बार काउन्सिल लगायत अन्य सम्बद्ध सरकारी तथा गैर सरकारी संस्थाहरु समेतसँग समन्वय कायम गर्न सहमत छौं ।

५) कानूनी सहायता कार्यक्रमलाई निरन्तरता प्रदान गर्न कानून व्यवसायीको स्वेच्छिक अग्रसरता अति आवश्यक तत्व हो भन्ने कुरालाई आत्मसात गरी आफ्नो मानवीय एवं आर्थिक क्षमता अनुसार नि:शुल्क कानूनी सहायता प्रदान गर्ने पेशागत मर्यादाको दायरामा रही दक्षता अभिवृद्धि गर्दै सामाजिक अभियन्ता समेतको भूमिका निर्वाह गर्न कटिबद्ध छौं ।



## अनूसूची - ९

# अन्य उपयोगी पुस्तकहरू

१. ***न्याय प्रशासनको कार्यमा संलग्न कर्मचारीको लागि मानव अधिकारदिग्दर्शन,*** कानुन अन्वेषण तथा श्रोत विकास केन्द्र (सेलर्ड) काठमाडौं, (२०६०)

यस दिग्दर्शन अदालतका कर्मचारीहरूलाई विशेषत: मानव अधिकारको संरक्षण गर्ने विषयलाई मध्ये नजर गरी तयार गरिएको छ। यस दिग्दर्शनमा मानव अधिकार संरक्षण, स्वच्छ सुनुवाई, मुद्दा दायरी पूर्व अदालतको कर्मचारीको भूमिका, मुद्दा दर्ता भएपछिको कारवाई, प्रमाण बुझ्ने, ,अपराध पीडितको संरक्षण, फैसला कार्यान्वयन तथा उपरोक्त विषयसँग सम्बन्धित अन्तर्राष्ट्रिय मापदण्डको बारेमा जानकारी दिइएको छ।

२. ***फौजदारी कार्यविधि दिग्दर्शन,*** कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड), काठमाडौं (२०५८)

यस दिग्दर्शनमा फौजदारी कार्यविधिको सम्बन्धमा नेपालको कानुन, सर्वोच्च अदालतले प्रतिपादन गरेका सिद्धान्त तथा अन्तर्राष्ट्रिय मापदण्डहरूको बारेमा उल्लेख गरिएको छ। प्रस्तुत निर्देशिकामा फौजदारी न्याय प्रशासनमा संलग्न सबै निकायले गर्नुपर्ने काम कर्तव्य र दायित्वलाई समावेश गरिएको छ।

३. ***स्वच्छ पुर्पक्षका मूलभूत मापदण्ड सम्बन्धी मार्गदर्शन,*** (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रावधानको संक्षिप्त विवेचना), कानुन अन्वेषण तथा श्रोत विकास केन्द्र (सेलर्ड), काठमाडौं, २०६१।

यस पुस्तकमा स्वच्छ पुर्पक्षको अवधारणा, मूल्य मान्यता, सिद्धान्त र अन्तर्राष्ट्रिय मापदण्डहरूलाई नेपाल कानुनसँग तुलना गरी फौजदारी न्याय प्रशासन र सम्बद्ध सबै पक्षहरूको लागि उपयोगी सिद्ध हुने गरी सामग्रीहरू प्रस्तुत गरिएको छ।

४. **Mediation Manual**, Madaripur Legal Aid Association, Bangaladesh, 2004.

मदारीपुर लिग एड एशोसिएशन, बंगलादेशद्वारा प्रकाशित यस म्यानुअलमा मुद्दा मामिलामा मेलमिलाप (Mediation) गराउने, प्रकृया, मेलमेलापको फाइदाहरू, मेलमिलापको लागि सहयोग पुऱ्याउने निकाय, मेलमिलाप गराउँदा आवश्यक पर्ने दक्षता तथा तरिका जस्ता विषयमा विस्तृत व्याख्या गरिएको छ।

## अनूसूची - १०

# मुद्दासम्बन्धी संक्षिप्त टिपोट

पक्षको नाम, थर र ठेगाना : ..........................................................................................

घटना हुदाको उमेर : .................. वारदात स्थान : ...........................................................

वारदात मिति :.....................मृतक/पीडितको नाम,थर, :.....................................................

जाहेरवाला : .............................जाहेरी मिति :................पक्ष थुनामा परेको मिति :...............

अन्य प्रतिवादीहरूको नाम :

........................................................................................................................

शुरु कारागार :............................हाल कारागार :.............................. मुद्दा :................

शुरु अदालत :..................................................मुद्दा विचाराधिन रहेको अदालत :...............

**जाहेरी/प्रतिवेदनको संक्षिप्त व्यहोरा**

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

**घटनास्थल मुचुल्का**

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

**बरामदी वस्तुसम्वन्धी विवरण**

बरामदी बस्तु र परिणाम : ...........................................................................................

बरामदी स्थान :.........................................................................................................

बरामदी मिति र समय :................................................................................................

**बैज्ञानिक परीक्षण** (..................................................)

परिक्षण गर्ने निकाय : ........................................................................ मिति : .........................

**परीक्षण प्रतिवेदन**

.................................................................................................................................

.................................................................................................................................

**प्रतिवादीको वयान**

| अधिकार प्राप्त अधिकारी समक्ष | अदालत समक्ष |
|---|---|
| ........................................................... | ........................................................... |
| ........................................................... | ........................................................... |
| ........................................................... | ........................................................... |
| ........................................................... | ........................................................... |
| ........................................................... | ........................................................... |

| | |
|---|---|
| ........................................................... | ........................................................... |
| ........................................................... | ........................................................... |
| ........................................................... | ........................................................... |
| ........................................................... | ........................................................... |
| ........................................................... | ........................................................... |

**अभियोग-पत्र**

| लागेको अभियोग | अभियोगको आधार |
|---|---|
| .................................................... | ...................................................................... |
| .................................................... | ...................................................................... |
| .................................................... | ...................................................................... |

थुनछेक मिति : ............................. थुनछेकको आदेश : .................................................

थुनछेकमा बहस गर्ने कानुनव्यवसायी : ........................................................................

## साक्षी बकपत्रहरू

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

शुरु अदालतको फैसला मिति :..............................फैसला गर्ने मा. न्यायधीश :......................

फैसलाको परिणाम :.........................................................................................

शुरु जिल्ला अदालतको निर्णयाधारहरू :.....................................................................

.....................................................................

.....................................................................

.....................................................................

अ.बं. १८८ प्रयोग भएको भए राय :...........................................................................

पक्षको तर्फबाट बहस गर्ने कानुनव्यवसायी :...................................................................

**पुनरावेदन अदालतमा भएको कारवाही**

पुनरावेदन परेको/नपरेको : .......................................... पुनरावेदन दर्ता मिति : ..................

पुनरावेदन अदालत : .................................................... पुनरावेदक :................................

झ.झि.आदेश भएको/नभएको : ..................... झ.झी. गर्ने माननीय न्यायाधीशहरू : ............
.............

पु.वे.अ.को फैसला मिति : .......................... फैसला गर्ने मा.न्यायधीशहरू: ........................
.........................

पु.वे.अ.को फैसलाको परिणाम : ...........................................................................................

पु.वे.अ.को निर्णयाधारहरू :..........................................................................................
.............................................................................................

पक्षको तर्फबाट बहस गर्ने कानुनव्यवसायी :........................................................................

**सर्वोच्च अदालतमा भएको कारवाही**

पुनरावेदन परेको/नपरेको :............... पुनरावेदन दर्ता मिति :.................. मुद्दा नं.:.................

पुनरावेदक :..........................................................................................................

झ.झि.आदेश भएको/नभएको : ................ मिति :............... झ.झि.गर्ने मा.न्या.हरू : ...........

झ.झि. आदेश ...........................................................................................................
.............................................................................................................................
.............................................................................................................................
.............................................................................................................................

**निर्णय गर्नुपर्ने प्रश्नहरू (सबै तहको लागि)**

.............................................................................................................................
.............................................................................................................................
.............................................................................................................................
.............................................................................................................................
.............................................................................................................................
.............................................................................................................................

| बहस बुँदा | कानुन, नजिर, प्रमाण |
|---|---|
| ........................................................................ | .......................................... |
| ........................................................................ | .......................................... |
| ........................................................................ | .......................................... |
| ........................................................................ | .......................................... |
| ........................................................................ | .......................................... |
| ........................................................................ | .......................................... |
| ........................................................................ | .......................................... |
| ........................................................................ | .......................................... |
| ........................................................................ | .......................................... |
| ........................................................................ | .......................................... |
| ........................................................................ | .......................................... |
| ........................................................................ | .......................................... |
| ........................................................................ | .......................................... |
| ........................................................................ | .......................................... |
| ........................................................................ | .......................................... |
| ........................................................................ | .......................................... |
| ........................................................................ | .......................................... |
| ........................................................................ | .......................................... |

# अनूसूची - ११

## कानुनी सहायतामा सेलर्डको भूमिका

कानुनी सहायता भन्नाले व्यक्तिको स्वतन्त्रता संरक्षण सम्बन्धमा विश्वव्यापी मान्यता प्राप्त अहरणिय मानवाधिकारको भाग हो । जसलाई नेपाल अधिराज्यको संविधानको धारा १४ अन्तर्गत मौलिक हकको रूपमा मान्यता प्रदान गरिएको छ । धारा २६ राज्यको निर्देशक सिद्धान्त अन्तर्गत आर्थिक सामाजिक तथा शैक्षिक कारणले न्यायको पँहुच भन्दा बाहिर रहेका व्यक्तिहरूले कानुनी सहायता निशुल्क रूपमा प्रदान गरी पूर्ण न्यायको निश्चित गर्ने नीति राज्यले अवलम्बन गर्ने छ भन्ने व्यवस्था गरिएको छ ।

संवैधानिक तथा अन्य व्यवस्थाका अतिरिक्त राज्यले लक्षित समुदायलाई निशुल्क कानुनी सहायता प्रदान गर्ने लक्ष्य अनुरूप कानुनी सहायता ऐन निर्माण गरेको छ तर यसलाई प्रभावकारी रूपले कार्यान्वयन गरी कानुनी सहायता उपलब्ध गराउने संरचना तय गरेको छैन । एकातिर ऐनमै चरणबद्ध किसिमले लागू गर्ने भनिएको छ भने अर्कोतर्फ त्यसरी लागू गर्नको लागि यथोचित बजेट विनियोजन समेत हुन सकेको छैन ।

यस्तो परिप्रेक्ष्यमा गैर सरकारी संस्थाहरूको भूमिका महत्वपूर्ण हुने वास्तविकतालाई ध्यानमा राखी कानुन अन्वेषण तथा श्रोत विकास केन्द्रले नेपाल अधिराज्यभरका ७३ कारागारमा अनुसन्धान गरी सोको प्रतिवेदनको आधारमा बन्दीहरूलाई निशुल्क कानुनी सहायता उपलब्ध गराउनुका अतिरिक्त समय समयमा उक्त सेवा उन्मुख नीति निर्माण गर्ने कार्यमा समेत महत्वपूर्ण भूमिका खेल्दै आएको छ । जस अन्तर्गत श्री सर्वोच्च अदालतबाट लिलामणी पौडेल वि. श्री ५ को सरकार भएको मुद्दामा सर्वोच्च अदालतले कानुनी सहायता नियमावलीमा गरेको संशोधनले स्पष्ट पार्दछ । बन्दीका अधिकार प्रति उनीहरूलाई सक्षम बनाउने उद्देश्यले पटक पटक बन्दीका अधिकार विषयक जानकारी पुस्तिका प्रकाशन गरी नेपाल अधिराज्यका सम्पूर्ण कारागार हरूमा वितरण गरिसकिएको छ भने अनुसन्धान तहमा कार्यविधिगत त्रुटि नहोस बन्दीका अधिकारको संरक्षण सम्वर्दन होस भन्ने अभिप्रायले नेपाल अधिराज्यका सबै प्रहरी तथा अनुसन्धान क्षेत्रमा कार्यरत व्यक्तिहरूलाई प्रशिक्षण दिने, अनुसन्धान तहमा अनुसन्धान कर्ताले पालना गर्नुपर्ने सिद्धान्तहरूको रूपरेखा तयार पारी सवैले देखिने स्थानमा पोष्टर टाँस्ने कार्य पटक पटक सम्पन्न गरिसकिएको छ । त्यसका अतिरिक्त फौजदारी न्याय सम्पादन सम्बन्धमा कानुनी सहायताकर्मीहरूलाई प्रशिक्षण दिने कार्य हुँदै आएका छन । सेलर्डको फौजदारी न्याय प्रणाली सम्बन्धमा यसले गरेका अध्ययन अनुसन्धान तथा प्रकाशनले राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा विशिष्ठ पहिचान बोकेको छ ।

सन् १९९९ देखि प्रारम्भ गरिएको बन्दी कानुनी सहायता कार्यक्रम अन्तर्गत हजारौ बन्दीहरू लाभान्वीत भइ सकेका छन । सन १९९९ देखि २००४ को अन्त सम्म ५७६२ बन्दीका मुद्दाहरूमा संस्थागत रूपले कानुनी सहायता उपलब्ध गराइसकिएको छ । जसमध्ये ४४४६ मुद्दाहरूको अन्तिम निर्णय भइसकेको छ भने सन् २००४ को अन्तसम्म १३१६ मुद्दाहरू नेपाल अधिराज्यका विभिन्न अदालतमा विचाराधिन

रहेका छन ।

प्रारम्भ देखि तयार गरिएका वार्षिक तथा अर्धवार्षिक प्रतिवेदनहरूबाट विस्तृत जानकारी हुने भएतापनि सन् २००३ देखिका प्रतिवेदनहरूमा फौजदारी न्याय सम्बन्धमा रहेका कार्यपालिकिय तथा न्यायिक प्रकृतिको पनि विश्लेषण गरिएको छ । उदाहरणको लागि निम्न बमोजिमका मुद्दाहरूमा भएका फैसलालाई लिन सकिन्छ ।

१) श्री ५ को सरकार वि. लक्ष्मी कुमालको आवेश प्रेरित हत्या मुद्दामा बाँके जिल्ला अदालतले प्रतिवादीलाई रु. ९,०००।- धरौटी माग गरेको थियो । तर निज प्रतिवादी विपन्न वर्गको महिला भएको कारणले उक्त रकम धरौटी राख्न सक्ने अवस्था थिएन । उनीसँग २ वटा नाबालक (२ वर्ष र ४ वर्षका) समेत उनी बन्दी जीवन विताइरहेका थिए । सेलर्डले उक्त धरौटी रकम रु. ९,०००।- प्रदान गरी उक्त धरौटी राखिदिएपश्चात् प्रतिवादी महिलालाई धरौटीमा बसी मुद्दाको पूर्पक्ष गर्ने गरी अदालतले आदेश दियो । साथै सेलर्डले निज प्रतिवादीको लिखित अनुरोधमा कानुनी सहायता प्रदान गरी कानुनव्यवसायी समेत उपलब्ध गराएको थियो । (वार्षिक प्रतिवेदन, सेलर्ड, सन् २००४, पृ. १०१)

२) श्री ५ को सरकार वि. रामबहादुर तामाङ भएको मुद्दामा प्रतिवादीलाई तल्लो तहको अदालतले लागू पदार्थको कारोबार र हत्यामा समेत संलग्न भएको भनी सर्वश्वसहित जन्मकैदको फैसला गरेको थियो तर सेलर्डले उक्त मुद्दा उपर सर्वोच्च अदालतमा पुनरावेदन गरेको थियो र सर्वोच्चले प्रतिवादीलाई हत्याप्रति उत्तरदायि हुने कुनै प्रमाण नभएको तर मुद्दासँग सम्बन्ध तथ्यहरू लुकाएको कारणले न्युनतम् सजाय मात्र हुने भनी फैसला गरेको थियो । (ऐ. पृ १०४)

३) श्री ५ को सरकार वि. राजेश्वर लिम्बु समेत यस मुद्दामा प्रतिवादीहरूमध्ये एकलाई रु. १५,०००।- धरौटीमा छाडी राजेश्वर लिम्बुलाई न्यायिक हिरासतमा नै राखी मुद्दाको पूर्पक्ष गर्ने गरी अदालतबाट आदेश भएकोमा एउटै मुद्दामा कसैलाई धरौटीमा राखी र कसैलाई हिरासतमा राखी मुद्दाको पूर्पक्ष गर्ने गरी भएको निर्णयको विरुद्धमा निजको तर्फबाट बन्दी कानुनी सहायताका कानुनी सहायता वकिलले उक्त निर्णय भेदभावपूर्ण भएकोले समान व्यवहार गरी पाउँ भनी मुद्दा दायर गरेका थिए । उक्त मुद्दामा अदालतले निजलाई समेत धरौटीमा छाडी मुद्दाको पूर्पक्ष गर्नुपर्ने भनी आदेश दिई सिद्धान्त प्रतिवादन गरेको छ । (ऐ. पृ. १०५)

# सन्दर्भ सामग्रीहरू


१. ***नेपाल अधिराज्यको संविधान, २०४७***, कानुन किताव व्यवस्था समिति, काठमाडौं ।

२. ***मुलुकी ऐन, २०२०,*** कानुन किताव व्यवस्था समिति, काठमाडौं ।

३. ***न्याय प्रशासन ऐन, २०४८*** ।

४. ***सर्वोच्च अदालत ऐन, २०४८*** ।

५. ***सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९*** ।

६. ***लागू औषध (नियन्त्रण) ऐन, २०33*** ।

७. ***वन ऐन, २०४९*** ।

८. ***नागरिक अधिकार ऐन, २०१२*** ।

९. ***कानुनी सहायता सम्बन्धी ऐन, २०५४*** ।

१०. ***बालबालिका सम्बन्धी ऐन, २०४८*** ।

११. ***यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५3*** ।

१२. ***प्रहरी ऐन, २०१२*** ।

१३. ***कारागार ऐन, २०१९*** ।

१४. ***केही सार्वजनिक (अपराध नियन्त्रण) ऐन, २०२७*** ।

१५. ***प्रमाण ऐन, २०39*** ।

१६. ***संक्षिप्त कार्यविधि ऐन, २०२८*** ।

१७. ***नेपाल कानुनव्यवसायी परिषद ऐन, २०५०*** ।

१८. ***सर्वोच्च अदालत नियमावली, २०४९*** ।

१९. ***पुनरावेदन अदालत नियमावली, २०४८*** ।

२०. ***जिल्ला अदालत नियमावली, २०५२*** ।

२१ ***सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५*** ।

२२. ***कानुनी सहायता नियमावली, २०५५*** ।

२३. ***कारागार नियमावली, २०२०*** ।

२४. ***बालबालिका सम्बन्धी नियमावली, २०५०*** ।

२५. ***सरकारी वकिल सम्बन्धी नियमावली, २०५५*** ।

२६. ***कानुनव्यवसायीको आचार संहिता, २०५१*** ।

२७. ***मानवअधिकारको विश्वव्यापी घोषाणपत्र, १९४८ (इ.सं.)***

२८. ***नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ (इ.सं.)***

२९. ***नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक प्रोटोकल, १९६६ (इ.सं.)***
३०. ***बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली, १९५५ (इ.सं.)***
३१. ***बन्दीप्रति गर्नुपर्ने व्यवहारका आधारभूत सिद्धान्त, १९९० (इ.सं.)***
३२. ***जुनसुकै स्वरुपको थुनछेक वा कैद सजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्त संग्रह, १९७५ (ई.सं.)***
३३. ***यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी घोषणापत्र, १९७५ (ई.सं.)***
३४. ***यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजक व्यवहार वा सजाय विरुद्धको महासन्धि, १९८४ (इ.सं.)***
३५. ***यातना र अन्य क्रूर, अमानवीय वा अपमानजक व्यवहार वा सजाय विरुद्ध बन्दी तथा थुनुवाको संरक्षणमा स्वास्थ्य-कर्मचारी, खास गरी चिकित्सक (फिजिसियन) को भूमिकासँग सान्दर्भिक चिकित्सा-आचारका सिद्धान्त, १९८२ (इ.सं.)***
३६. ***कानुन कार्यान्वयन गर्ने अधिकारीका लागि आचारसंहिता, १९७९ (इ.सं.)***
३७. ***कानुन कार्यान्वयन गर्ने अधिकारीले गर्ने बल तथा गोलीगठ्ठाको प्रयोग सम्बन्धी आधारभूत सिद्धान्त, १९९० (इ.सं.)***
३८. ***कानुनव्यवसायीको भूमिका सम्बन्धी आधारभूत सिद्धान्त, १९९० (इ.सं.)***
३९. ***अभियोजनकर्ताको भूमिकासम्बन्धी मार्गदर्शन, १९९० (इ.सं.)***
४०. ***गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (टोकियो नियमावली), १९९० (इ.स.)***
४१. ***अपराध र अख्तियारको दुरुपयोगपीडितका लागि न्यायसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र, १९८५ (इ.सं.)***
४२. ***न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी आधारभूत सिद्धान्त, १९८५ (इ.सं.)***
४३. ***फौजदारी न्याय सम्बन्धी मानव अधिकारको मापदण्ड, न्याय प्रकृयामा लागू हुने अन्तर्राष्ट्रिय अध्यायलेख संग्रह***, न्याय तथा अधिकार वकालत मञ्च, काठमाडौं, (२०६१)।
४४. ***नेपाल कानुन पत्रिकाका*** विभिन्न अंकहरू।
४५. ***मानव अधिकार दिग्दर्शन,*** २०६० (वि.स), सेलर्ड, काठमाण्डौं।
४६. ***स्वच्छ पुर्पक्षका मुलभूत मापदण्ड सम्बन्धी मार्गदर्शन,*** २०६१ (वि.स), सेलर्ड, काठमाण्डौ।
४७. ***फौजदारी कार्यविधि दिग्दर्शन,*** २०५८ (वि.स), सेलर्ड, काठमाण्डौं।
४८. ***मध्यस्थता निर्देशिका***, सन् २००४, मदारीपुर लिगल एड एशोसियसन, बंगलादेश
४९. ***पीडित सहयोग निर्देशिका,*** २०५९ (वि.स), प्रहरी प्रधान कार्यालय समेत
५०. ***कारागारमा कार्यरत अर्धदक्ष कानुनकार्मीहरुका लागि निदेशिका,*** सन् २००२, मालवी, अनुवादक कारागार व्यवस्थापन विभाग परियोजना।
५१. ***एड्स परामर्श निर्देशिका,*** सन् २००२, राष्ट्रिय एड्स केन्द्र टेकु र यू.एम.एन., थापाथली,

काठमाठौं ।

५२. **Paralegal and Advance Office**, http://www.paralegaladvice.org.za/docs/15_full.html, Visited, 08 September 2005.

५३. ***फियर ट्रायल म्यानुवल,*** १९९८, एमनेष्टी इन्टरनेसनल ।

५४. ***कारागार व्यवस्थापन प्रति मानव अधिकारवादी दृष्टीकोण,*** एन्ड्रयू कोयल, अनुवादक, कारागार व्यवस्थापन विभाग परियोजना (२०६२) ।

५५. **Making Standard Work,** 2001, Penal Reform International (PRI)

५६. ***कानुनी सहायता***, हेल्प लाइन, ल्याक ।

५७. **Laws of Nepal In Compatible With Fair Trial Standard;** Centre for Legal Research and Resource Development (CeLLRd), Kathmandu, 2005.

५८. ***कानुनी मस्यौदा,*** अधिवक्ता - सोम लुइटेल, आठराई प्रकाशन २०५५, काठमाडौं ।

५९. ***निर्णय सार कोष,*** नरेन्द्र प्रसाद पाठक समेत, पैरवी प्रकाशन (२०६०), काठमाडौं ।

६०. ***कानुनी शब्दकोष,*** शंकर कुमार श्रेष्ठ, पैरवी प्रकाशन, ,(२०५६), काठमाडौं ।

६१. ***ऐन संग्रह एक टिप्पणी, भाग १,*** ज्ञानेन्द्र बहादुर श्रेष्ठ, ,पैरवी प्रकाशन, (२०५९), काठमाडौं ।

६२. ***अपराध सम्बन्धी अनुसन्धान दिग्दर्शन,*** कानुन अन्वेषण तथा श्रोत विकास केन्द्र (सेलर्ड), (२०५९), काठमाडौं ।

६३. ***अभियोजन तथा न्यायिक कारवाही सम्बन्धी दिग्दर्शन,*** कानुन अन्वेषण तथा श्रोत विकास केन्द्र (सेलर्ड), (२०५९), काठमाडौं ।

६४. ***अपराध शास्त्र,*** माधव प्रसाद आचार्य, रत्न पुस्तक भण्डार, (२०५१) काठमाडौं ।

६५. ***जिल्ला अदालत सन्दर्भ पुस्तिका***, कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड), २०६०, भक्तपुर

६६. ***नेपालको अन्तरिम संविधान २०६३***, कानुन किताव व्यवस्था समिति, काठमाडौं ।

६७. **Other Human Rights Instruments**

- The Statute of the International Criminal Court, 1998
- The Body of Principles for the Protection of All Persons under Any Form of Detention or Imprisonment, 1988
- The African Charter on Human and Peoples' Rights, 1981
- The American Convention on Human Rights, 1969
- The European Convention on Human Rights, 1950
- General Comment No. 13 (Article 14 of ICCPR), *Compilation of General Comments and General Recommendations adopted by Human Rights Treaty Bodies* (UN doc. HRI/GEN/1/Rev.5)

६८. **Websites:**

- www.un.org
- www.unhchr.ch.
- www.echr.coe.int